# ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव

**(व्यास नगरपालिका वडा नं १० र ११, तनहुँ)**

**ज्येष्ठ नागरिक सम्बन्धी एक अध्ययन**

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत ग्रामीण विकास विषयको

स्नातकोत्तर उपाधिका आंशिक पत्र पूरा गर्ने प्रयोजनको लागि

कालिका बहुमुखी क्याम्पस, पोखरामा प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

मान बहादुर विश्वकर्मा

क्याम्पस रोल नं : १२

परीक्षा रोल नं. २९८००३५

त्रि.वि. रजिष्ट्रेसन नः ६-१-९९९-२२५७-२०००

त्रिभुवन विश्वविद्यालय

कालिका बहुमुखी क्याम्पस

२०७८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, कालिका बहुमुखी क्याम्पस, ग्रामीण विकास विषयको स्नातकोत्तर तह उपाधीको आंशिक आवश्यकता परिपूर्तिको निम्ति (दशौँ पत्र) शोधार्थी छात्र मान बहादुर विश्वकर्माले **"ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव"** शीर्षकमा ग्रामीण विकास विषयमा मेरो निर्देशन तथा सुपरिवेक्षणमा यो शोधपत्र तयार गर्नु भएको छ र निकै परिश्रम पूर्वक तयार पारिएको यस शोधकार्यवाट म पूर्ण सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याँकनको लागि सिफारिस गर्दछु ।

मितिः २०७८/०४/०३

........................

तिलकराज शर्मा

शोधनिर्देशक

ग्रामिण विकास विभाग

कालिका बहुमुखी क्याम्पस

पोखरा, नेपाल

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, कालिका बहुमुखी क्याम्पस, ग्रामीण विकास विषयको स्नातकोत्तर तह दोश्रो वर्षका विद्यार्थी श्री मान बहादुर विश्वकर्माले ग्रामीण विकास तर्फको दशौ पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव"** शीर्षकमा शोधपत्र मूल्याँकन समितिबाट ग्रामीण विकास विषयको स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति :**

तिलक राज शर्मा ..............................
शोधनिर्देशक

प्रा. डा. विकास कुमार के.सी. ...............................
बाह्य परीक्षक

रबिन्द्रनाथ बास्तोला ...............................
क्याम्पस प्रमुख

मिति : २०७८/०४/१७

# कृतज्ञता ज्ञापन

सर्वप्रथम **"ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव"** शीर्षक मा शोध अध्ययन गर्ने शुभ अवसर र अनुमति दिई मार्ग प्रशस्त गर्ने त्रिभुवन विश्वविद्यालय, कालिका बहुमुखी क्याम्पस, काजीपोखरी, कास्की प्रति आभार व्यक्त गर्दछु । अति व्यस्तताका बावजुत पनि पटक पटक आफ्नो अमूल्य समय दिएर शोधकार्यलाई सफल बनाउन आवश्यक सल्लाह, सुझाव र मार्ग निर्देशन गर्नु हुने मेरा आदरणीय गुरु, शोध सुपरभाईजर श्री तिलकराज शर्मा ज्यू प्रति म हृदयदेखि आभार कृतज्ञता व्यक्त गर्दछु ।

आफ्नो अमूल्य समयको प्रवाह नगरी भरपूर सहयोग र सुझाव तथा मार्ग निर्देशन गर्नु हुने बाह्य परीक्षक प्रा.डा. विकास कुमार के.सी. ज्यू प्रति हृदय देखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । कालिका बहुमुखी क्याम्पसका मेरा आदरणीय गुरुहरू तथा क्याम्पस परिवारप्रति आभार व्यक्त गर्दछु ।

यो स्नातकोत्तर तह अध्ययन तथा मेरो शिक्षाको जग वसाउनका लागि अहोरात्र खटिनु हुने र प्रेरणा दिनु हुने मेरा आदरणीय बुवा कनक बहादुर विश्वकर्मा, आमा विष्णु माया विश्वकर्मा प्रति शोधपत्र लेखनसम्म आई पुग्दा गर्नु भएको अतुलनीय योगदान प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यो तह अध्ययनका सिलसिलामा मलाई अध्ययन गर्न समय व्यवस्थापन देखि हरेक पाईलामा साथ र सहयोग गर्नुहुने मेरी श्रीमति पम्फा बराईली प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यसै गरी अध्ययनका क्रममा मेरो प्यारो छोरा एल्बिन रसाईलीवर्ष ७,सानो भएर पनि देखाएको धैर्य प्रति माया र कृतज्ञता प्रकट गर्दछु । यो तह अध्ययनको सिलसिलामा मार्गदर्शन, सुझाव व्यक्त गर्नु हुने मेरा सम्पूर्ण प्राज्ञिक अभिभावक तथा सहपाठी मित्रहरू प्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

मेरो यो शोधपत्र लेखन कार्यका अत्यन्त महत्वपूर्ण व्यक्तित्व तथा वैयक्तिक अध्ययनमा सहभागी भई उहाँहरूको सम्पूर्ण महत्वपूर्ण जानकारी प्रदान गरी सहयोग गर्नुहुने आदरणीय ज्येष्ठनागरिकहरू प्रति हार्दिक नमन तथा कृतज्ञता व्यक्त गर्दछु ।

.........................

मान बहादुर विश्वकर्मा

२०७८/०४/१७

# शोधसार

यो ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव सम्बन्धी गरिएको एक अध्ययन हो । यस शोधपत्रको मुख्य उद्देश्य ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव, ज्येष्ठ नागरिकहरूलाई गरिने व्यवहारको वारेमा अनुसन्धान गरिएको छ ।

नेपाल सरकारले वि.स. २०५२ साल देखि प्रदान गर्दै आएको ज्येष्ठ नागरिक भत्ता वितरण गर्दै आएको यो भत्ताबाट ज्येष्ठ नागरिकहरूको आर्थिक तथा सामाजिक अवस्थामा कस्तो अवस्था आयो, यो भत्ताले लैङिक रुपमा कस्तो प्रभाव पारेको छ ,ज्येष्ठ नागरिकहरूले सामाजिक व्यवहार कस्तो भोगिरहेका छन जस्ता प्रश्नहरू उठेका छन् । यी सवालहरूलाई प्रष्ट गर्न शोधपत्र अध्ययन गरिएको हो ।

यो शोधपत्र गण्डकी प्रदेश अन्तरगत तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं १० र ११ का २ वटा वडालाई आधार मानी सो वडामा वसोवास गर्ने ज्येष्ठ नागरिकहरूलाई उद्देश्यमुलक नमुना छनौट विधिबाट सहभागी र  अध्ययन क्षेत्र छनौट गरिएको थियो ।  सोही २ वटा वडाका ज्येष्ठ नागरिक भत्ता बुझिरहनु भएका ६० वर्ष भन्दा माथिका २० जना ज्येष्ठ नागरिकहरूसंग चेक लिष्ट बनाई गहिरो अन्तरवार्ता विधिको प्रयोग गरी घटना अध्ययन गरी तथ्याँक संकलन गरिएको थियो । भत्ताका लागि कार्ड बनाउँदाको अनुभव देखि हालको समय सम्मको समग्र आर्थिक तथा सामाजिक अवस्था लाई उहाँहरूको घरमा भेटेर अर्न्तवार्ता लिएर नोट रेकर्डिङ गरी प्राप्त भएका नतिजालाई  विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययनमा लैङ्गिक रुपमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष सहभागी भएका थिए । जातिय रुपमा दलित वर्गका ३० प्रतिशत, जनजाति वर्गका २० प्रतिशत र अन्य वर्गका ५० प्रतिशत रहेका थिए । ८० प्रतिशत ज्येष्ठ नागरिकहरू निरक्षर र २० प्रतिशत साक्षर पाईयो । सामान्य रुपमा ६० वर्ष पुरा भए पछि (दलित) ज्येष्ठ नागरिक र (अन्य) ज्येष्ठ नागरिक ७० वर्ष पूरा भए पछि भत्ताका लागि योग्य र नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो सहित मंसिर मसान्त सम्म निवेदन पेश गरे पछि अर्को आर्थिक वर्षवाट ज्येष्ठ नागरिक भत्ता दिइने प्रावधान रहेको पाईयो । र कर्मचारी तथा परिवारका सदस्यले भत्ता कार्ड बनाउन सहयोग गरेको पाईयो ।

पचासी प्रतिशत ज्येष्ठ नागरिकहरूले रु. १२००० र १५ प्रतिशत ज्येष्ठ नागरिकहरूले रु.८००० चौमासिक रुपमा ज्येष्ठ नागरिक भत्ता बुझेको पाईयो । अध्ययनमा संलग्न ४५ प्रतिशत ज्येष्ठ नागरिकहरूको परिवारमा २ जनाले ज्येष्ठ नागरिक भत्ता र ५५ प्रतिशत ज्येष्ठ नागरिकहरूको

घरमा एक्लैले ज्येष्ठ नागरिक भत्ता बुझि रहेको पाईयो । शत प्रतिशत ज्येष्ठ नागरिकहरूको मुख्य आयश्रोत ज्येष्ठ नागरिक भत्ता भएको पाईयो ।

त्यस्तै गरी ३० प्रतिशत ज्येष्ठ नागरिकहरूलाई मात्र वडा कार्यालय संघसंस्थाले सम्मान गरेको पाईयो र यसवाट उहाँहरू अत्यन्त खुशी भएको पाईयो । त्यस्तै गरी ६० प्रतिशत ज्येष्ठ नागरिकहरू छोराहरू संग वसोवास, २० प्रतिशत छोरीसंग, ५ प्रतिशत भाईसंग र एक्लै ५ प्रतिशत वसोवास गरेको पाईयो । अधिकाँश ज्येष्ठ नागरिकहरूलाई परिवारमा राम्रै व्यवहार गरेको पाईयो ।

त्यस्तै गरी लैङ्गिक रुपमा ज्येष्ठ नागरिक महिला पुरुष दुवैलाई किन्न चाहेको कुरा किन्न पाएको,दानदक्षिणा पकेट खर्च गर्न पाएको, खानाखान पाएको, बृद्धाभत्ता जागिर जस्तै भएको, आफूखुशी सुर्ती चुरोट किनेर खाना पाएको पाईयो, औषधी नियमित खाना पाएको पाईयो, भत्ता आफ्नो छोरा जस्तै छोराले मागेको वेलामा जसरी दिन्छन् त्यस्तै भएको, आफूखुशी चाडवाडमा खर्च गर्न, कपडा किन्न, पैसाको चलन गर्न पाएकै भत्ताले भएको पाईयो । ज्येष्ठ नागरिक भत्ताले भत्ता पाएको वेलामा मनमा ढुक्क, एकदम खुशी र रमाईलो, योजना बनाउन, आशावादी भएको पाईयो । र ज्येष्ठ नागरिक भत्ताले शतप्रतिशत ज्येष्ठ नागरिक सन्तुष्ट भएको पाईएको छ ।

ज्येष्ठ नागरिक भत्ताको प्रभावले ज्येष्ठ नागरिकहरूमा आफै निर्णय गर्ने कुरामा तुलनात्मक रुपमा महत्वपूर्ण  खालका निर्णय दलित ज्येष्ठ नागरिक ८३ प्रतिशतले आफै निर्णय गरेको पाईयो । गैरदलित ज्येष्ठ नागरिकहरू २९ प्रतिशतले मात्र घरमा महत्वपुर्ण निर्णय आफै गरेको पाईयो । नेपाल सरकारले दिँदै आएको भत्तालाई लिन जाँदा शत प्रतिशत पुरुष ज्येष्ठ नागरिकलाई सजिलो भएको पाईयो भने जम्मा महिला ज्येष्ठ नागरिकहरू मध्ये ८३ प्रतिशत ज्येष्ठ नागरिकहरूलाई मात्र सजिलो र वाँकी १७ प्रतिशत महिला ज्येष्ठ नागरिकहरूलाई पुरुषको तुलनामा अप्ठ्यारो भएको पाईयो ।

ज्येष्ठ नागरिक भत्ता ज्येष्ठ नागरिकहरूको मुख्य आम्दानीको श्रोत भएको पाईएको छ । पर्याप्त जमीन र वर्ष भरी आम्दानी नहुने र खाना नपुग्ने ज्येष्ठ नागरिकहरूलाई यो भत्ताले सामाजिक र आर्थिक रुपमा दानदक्षिणा, औषधीउपचार, धानचामल किन्न, ईच्छाएको ठाउँमा घुम्न भेटघाट तथा खाने कुराहरू किनेर दैनिक गुजारा चलाउन जस्ता आर्थिक र सामाजिक क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याई रहेको पाईएको छ । यसर्थ ज्येष्ठ नागरिक भत्ता उहाँहरूको जीवन भर सहाराको रुपमा रहेको पाईएको छ । करीव आधा जति ज्येष्ठ नागरिकहरूको घरका दुई जना समेतले ज्येष्ठ नागरिक भत्ता बुझिरहेको पाईएकोले यसले हरेक सामाजिक तथा आर्थिक समस्या लाई सुल्झाउन मद्दत पुगेको पाईएको छ ।

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| *सिफारिस पत्र* | | i |
| *स्वीकृति पत्र* | | ii |
| *कृतज्ञता ज्ञापन* | | iii |
| *शोधसार* | | iv |
| **अध्याय–एक : परिचय** | | १ |
| १.१ | पृष्ठभूमि : | १ |
| १.२ | सैद्धान्तिक दृष्टिकोण | ४ |
| | १.२.१ असंलग्नताको सिद्धान्त | ४ |
| | १.२.२ सक्रियताको सिद्धान्त (Activity Theory) | ५ |
| | १.२.३ निरन्तरताको सिद्धान्त (Continuity Theory) | ५ |
| १.३ | पूर्व साहित्यको अवलोकन | ६ |
| १.४ | अवधारणात्मक ढाँचा | १७ |
| १.५ | समस्याको कथन | १८ |
| १.६ | अनुसन्धानको उद्देश्यहरू | २१ |
| १.७ | अनुसन्धानको महत्व | २१ |
| १.८ | अध्ययनका सीमाहरू | २२ |
| १.९ | अध्ययनको संगठन | २२ |
| **अध्याय–दुई : अनुसन्धान विधिहरू** | | २४ |
| २.१ | अध्ययन क्षेत्र र अध्ययन क्षेत्रको छनौट : | २४ |
| २.२ | अनुसन्धानको ढाँचा : | २५ |
| २.३ | नमुना छनौट पद्धति : | २५ |
| २.४ | तथ्यांकको प्रकृति तथा श्रोतहरू : | २६ |
| २.५ | तथ्यांक संकलन विधि | २६ |
| २.७ | नैतिक स्पष्टिकरण : | २७ |
| २.८ | बैधता र विश्वासनीयता | २८ |
| **अध्याय–तीन : ज्येष्ठ नागरिकहरूको सामाजिक अवस्था र प्रभाव** | | २९ |
| ३.१ | अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरू | २९ |
| | ३.१.१ व्यक्तिगत उमेर समूह | २९ |
| | ३.१.२ लिङ्ग | २९ |
| | ३.१.३ जातिगत स्थिति | २९ |

३.१.४ ज्येष्ठ नागरिकहरूको बसाईको अवस्था ३०
३.२ ज्येष्ठ नागरिकहरूको छोराछोरीहरूको संख्या ३०
३.२.१ छोराछोरीहरू ३०
३.२.२ छोराछोरी दुवै नहुने ३१
३.३ ज्येष्ठ नागरिकहरूको शैक्षिक अवस्था : ३१
३.४. ज्येष्ठ नागरिकले बृद्धाभत्ता पाउने प्रक्रिया : ३२
३.४.१ ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता कार्ड बनाउँदा आवश्यक कागजपत्र ३२
३.४.२ ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदाको अनुभव : ३२
३.४.३ ज्येष्ठ नागरिकहरूलाई कर्मचारी तथा कार्यालयले गरेको सहयोग वा असहयोग ३३
३.४.४ ज्येष्ठ नागरिकलाई परिचय पत्र बनाउँदा घर परिवारले गरेको सहयोग ३४
३.५ ज्येष्ठ नागरिकहरूको अनुभव : ३४
३.५.१ ज्येष्ठ नागरिकहरूले पहिलो पटक भत्ता बुझ्दाको अनुभव ३४
३.५.२ ज्येष्ठ नागरिकहरूले पहिलो पटक बुझेको भत्ताको रकम ३५
३.५.३ पहिलो पटक भत्ता बुझेर ज्येष्ठ नागरिकले खर्च गरेका क्षेत्रहरू ३६
३.५.४ परिवारमा बृद्धाभत्ता पाउने ज्येष्ठ नागरिकहरू ३७
३.५.५ बृद्धाभत्ता बुझ्न जाँदाको अनुभवहरू ३८
३.५.६ बृद्धाभत्ता बुझेर खर्च गर्ने क्षेत्रहरू ३९
३.५.७ ज्येष्ठ नागरिकहरूको सीप अनुभव ४०
३.६ ज्येष्ठ नागरिकले सार्वजनिक सेवा सुविधाको उपभोग र अवस्था ४३
३.६.१ सार्वजनिक वसमा ज्येष्ठ नागरिक सिट ४३
३.६.२ सार्वजनिक बसमा ज्येष्ठ नागरिक भाडा छुट ४४
३.६.३ निशूल्क उपचार(७० वर्ष भन्दा माथिको) बारे ज्येष्ठ नागरिकलाई जानकारी ४४
३.६.४ अस्पतालमा ज्येष्ठ नागरिक वार्ड वारेको जानकारी ४५
३.६.५ स्वास्थ्य वीमा ४६
३.७ ज्येष्ठ नागरिकहरूले हाल भोगेको जटिल प्रकारको रोग र व्यवहार ४७
३.७.१ एक ज्येष्ठ नागरिक अनेक रोगहरू ४९

३.७.२ ज्येष्ठ नागरिकहरूलाई विरामी वा अशक्त भएको वेलामा हेरचाह गर्ने व्यक्ति ४९
३.७.३ ज्येष्ठ नागरिकलाई हुने हिंसाः कुटपीट, गाली वा दुर्व्यवहारको अवस्था ५२
३.७.४ ज्येष्ठ नागरिकलाई गरिने सामाजिक व्यवहार ५२
३.७.५ विरामी परेको अवस्थामा ५३
३.७.६ खाना खाने वेलामा ज्येष्ठ नागरिकलाई भएको व्यवहार ५४
३.७.७ ज्येष्ठ नागरिकलाई गरिने संस्थागतरुपमा ज्येष्ठ नागरिक सम्मानको अवस्था ५५
३.७.८ स्थानिय समूहमा सदस्य हुने ज्येष्ठ नागरिकहरू ५६
३.७.९ ज्येष्ठ नागरिकको संघसंस्थामा नेतृत्वको अवस्था ५७
३.७.१० मेलमिलापको अवस्था ५७
३.८ ज्येष्ठ नागरिकले हाल गरिरहनु भएका घरायसी कामहरूको अवस्था ५८
३.९ घरमा महत्वपूर्ण निर्णय ५९
३.१० बृद्धाभत्ताले लैंगिक रुपमा ज्येष्ठ नागरिकहरूमा पारेको प्रभाव ६०
३.१०.१ ज्येष्ठ नागरिक महिलामा बृद्धाभत्ताले पारेको प्रभाव ६०
३.१०.२ ज्येष्ठ नागरिक पुरुषहरूमा बृद्धा भत्ताले पारेको लैङ्गिक प्रभाव ६२
३.११ ज्येष्ठ नागरिकहरूसंग भेटघाटको अवस्था ६३
३.११.१ ज्येष्ठ नागरिकहरूलाई भेटघाट गर्न आउने आफन्तहरू : ६३
३.११.२ ज्येष्ठ नागरिकलाई आफन्तले भेटेपछि ज्येष्ठ नागरिकको अनुभव ६४
**अध्याय – चार : ज्येष्ठ नागरिकहरूको आर्थिक अवस्था र प्रभावहरू** ६५
४.१ जग्गाजमिनहरू ६५
४.१.१ खेत ६५
४.१.२ बारी ६५
४.२ जग्गामा आफ्नै स्वामित्व भएका ज्येष्ठ नागरिकहरू ६६
४.३ बेचविखन ६७
४.४ खाद्य उपलब्धता ६८
४.४.१ वर्ष भरी खाना नपुग्ने ६८
४.४.२ वर्ष भरी खाना पुग्ने ६८
४.५ ज्येष्ठ नागरिकहरूको आम्दानीको अवस्था ६९

४.६ ज्येष्ठ नागरिकहरूले हाल बुझिरहेको बृद्धाभत्ताको रकम ७०
४.७ ज्येष्ठ नागरिकलाई भत्ता भएको वेलामा हुने महसुस ७०
४.८ ज्येष्ठ नागरिकको बैंक खाता सञ्चालनको अवस्था ७१
४.९ भत्ता सकिएको वेलामा हुने महसुस ७२
४.१० ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको हिम्मतको अवस्था : ७३
४.११ ज्येष्ठ नागरिकहरूले घरायसी मुख्य काममा बृद्धाभत्ता दिईने व्यक्ति ७५
४.१२ ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता सदुपयोग ७६
४.१३ ज्येष्ठ नागरिकहरूमा भएको सहयोगी भावना ७८
४.१४ ज्येष्ठ नागरिकहरूले दानदक्षिणा गर्दा हुने सन्तुष्टि ७९
४.१५ ज्येष्ठ नागरिकहरूले चिन्ता लिने अवस्था ७९
४.१६ ज्येष्ठ नागरिककहरूमा बृद्धाभत्ताबाट सन्तुष्टिको अवस्था ८०
४.१७ ज्येष्ठ नागरिकहरूले गरेको बचतको अवस्था ८०
४.१८ ज्येष्ठ नागरिक भत्ताले ईच्छाएको खानेकुरा खाना पाएको अवस्था ८१
४.१९ ज्येष्ठ नागरिकहरूको दुख लाग्दो क्षण ८३
४.२० ज्येष्ठ नागरिकहरूलाई सवै भन्दा खुशी लाग्ने क्षणहरू ८५
४.२१ ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रम बारे जानकारीको अवस्था ८६
४.२२ बृद्धाभत्ता सम्बन्धमा नेपाल सरकारप्रति ज्येष्ठनागरिकहरूका भनाईहरू ८७

**अध्याय पाँचः ज्येष्ठ नागरिक भत्ताको प्रभावले ज्येष्ठ नागरिकहरूमा पर्न गएको तुलनात्मक विश्लेषण** **८९**
५.१ दलित र गैरदलित ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रुपमा ज्येष्ठ नागरिक भत्ताले पर्न गएको तुलनात्मक विश्लेषण ८९
५.२ लैङ्गिक रुपमा महिला ज्येष्ठ नागरिक र पुरुष ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रुपमा ज्येष्ठ नागरिक भत्ताले पर्न गएको तुलनात्मक विश्लेषण ९८

**अध्याय छ : सारांश, नतिजा, निष्कर्ष र सुझाव** १०२
६.१ सारांश १०२
६.२ नतिजा प्राप्ति १०३
६.३ निष्कर्ष १०८
६.४ सुझावहरू : १११

सन्दर्भ सामग्रीहरू ११२
अनुसुची क : वैयक्तिक अध्ययनहरू ११५
अनुसुची ख : प्रश्नावली १४३
अनुसुची ग : अध्ययनका क्रममा लिईएका तस्विरहरू १४५

# अध्याय–एक

# परिचय

## १.१ पृष्ठभूमि :

मानिस जन्मदेखि मृत्युसम्म आइपुग्दा शिशू, बाल, युवा, बयस्क र प्रौढ हुदै बृद्धा अथवा ज्येष्ठ नागरिकको अवस्था सम्म पार गर्दछ । प्रत्येक अवस्था मानिसका उत्तिकै महत्वपूर्ण अवस्था हुन् । बृद्धा अवस्थामा मानिसलाई आफ्ना आफन्तका, नजिकका, नातेदारका सरसहयोग महत्वपूर्ण मानिन्छ । मातापिता विनाको कुनै पनि अवस्था कष्टकर हुन्छन् । त्यस्तै गरी छोरा छोरी विना बृद्धा अवस्था कष्टकर हुन्छ, अपूर्ण हुन्छ । बृद्धा अवस्थामा माया ममता हेरचाह, पोषण, सहारा अत्यावश्यक हुन्छ । यी कुराको अनुभूत दिन नसकेमा बृद्धा अवस्था सहारा विहिन, कुपोषित, रोगी, जीर्ण, अत्यासलाग्दो हुन पुग्छ । जीवनको उत्तरार्धको रुपमा, डाँडामाथिको जुनको रुपमा, श्रम शक्ति क्षय भएको अवस्था, पारिवारिक, आर्थिक तथा सामाजिक रुपमा थप हेरचाहको आवश्यकता भएको अवस्था सरसहयोग मायाँ ममताको अपेक्षा बढने अवस्था बृद्धाअवस्था हो ।

नेपाल सरकारले कल्याणकारी अवधारणा अनुसार मिति २०५१।०९।११ मा घोषणा गरी आ.व. २०५२।०५३ देखि ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई बृद्धा भत्ता प्रदान गर्न थालेको थियो । शुरुमा ७५ वर्ष भन्दा माथिका बृद्धबृद्धालाई बृद्धाभत्ता रु.१०० प्रदान गर्ने व्यवस्था गरियो । त्यस पछि आ.व. २०६५।०६६ मा बृद्धाभत्ता दिने उमेरलाइ ७५ वर्षवाट ७० वर्ष पुरा भएका बृद्धबृद्धालाई बृद्धाभत्ताा दिने निर्णय गरियो । दलित वर्गलाई र कर्णाली क्षेत्रका हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पामा बस्ने ६० वर्ष हुने निर्णय गरियो । आ.व. २०६९।०७० मा ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई मासिक रु ५००।- दिने वजेट आयो । आ.व.२०७२। ०७३ को वजेटमा रु.१०००।- प्रदान गर्ने वजेट भाषण भयो । त्यसपछि पछिल्लो पटक आ.व. २०७३। ०७४ को वजेटमा रु.२०००।- बनाइयो । हाल नेपाल सरकारले ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकले मासिक रु.२०००।- तथा उपचार खर्च रु.१०००।- गरी रु.३०००।- र प्रदान गरिदै दलित वर्गलाई र कर्णाली क्षेत्रका हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पामा बस्ने ६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई रु.२०००।- मासिक रुपमा प्रदान गरिदै आएको छ ।

विश्वमा भएका जनसंख्या मध्ये करिव १२ प्रतिशत बृद्धबृद्धा रहेको र यो जनसंख्या सन २०५० सम्म करिव दोव्वर, २२ प्रतिशत हुन सक्ने आंकलन गरिएको छ । नेपालको सन्दर्भमा वि.स. २०६८ को जनगणना अनुसार ज्येष्ठ नागरिक जनसंख्या २४,२२,४९४ पुगेकोमा हाल करीव २६ लाख पुगेको अनुमान गरिएको छ । यतिका संख्यामा रहेका बृद्धबृद्धाको हेरचाह गर्नु राज्य र सरकारको कर्तव्य भएको छ र यसका लागि ठुलो धनराशी खर्च पनि बार्षिक रुपमा गर्दै आईरहेको छ । तसर्थ यसरी ज्येष्ठ नागरिकहरूलाई प्रदान गरिएको ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभाव थाहा पाउन, ज्येष्ठ नागरिकहरूको जनजीवनमा पारेको प्रभाव तथा ज्येष्ठ नागरिकहरूलाई गरिने व्यवहार थाहा पाउन  यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

उपनिषदमा “मातृदेवो भव पितृदेवो भव” भनिए अनुसार माता पिता देवता समान हुन् भन्ने आम मानिसहरूबाट आत्मिकरण गरिएको छ । माता ममत्व र पिता अनुशासनको प्रत्यक्ष देवता हुन्छन् । सानो बालकलाई काँधमा राखेर हिंड्दा बुढेसकालको सहारा भनेर आम मातापिताले मान्दै आएका छन् । र तिनै बालक युवा र वयस्क भए पछि तिनै सानोमा काँधमा राखेर हिंड्ने बाबा आमा बृद्धाभत्ता पाए पछि गरिने वा गरिएको व्यवहार थाहा पाउन यो अध्ययन गरिएको हो ।

नेपालको सविधान २०७२ अनुसार ६० बर्ष भन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक मानिएको छ ।  (Nepalko Sambidhan , 2072) त्यस्तै गरी ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष पूरा भएको नेपाली नागरिक सम्झनु पर्छ (Jyastha Nagarik Ain, 2063 B.S.)।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ परिच्छेद १ प्रारम्भिक ३ को घ मा ज्येष्ठ नागरिक भन्नाले कर्णाली क्षेत्रका हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पामा बस्ने नागरिक तथा सो कार्यविधिको अनुसुचि १ मा उल्लेख भएका दलित नागरिकका हकमा ६० वर्ष उमेर पुरा भएका एवम अन्य नागरिकका हकमा ७० वर्ष  उमेर पुरा भएका नेपाली नागरिकलाई जनाउँछ  (Nepal Sarkar, 2075 BS)।

नेपालको सँविधान २०७२ मा सामाजिक सुरक्षाका हक अनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय, एकल महिला, अपाङ्गता भएका बालबालिका आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख, जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाका हक हुनेछ । (Nepalko Sambidhan, 2072,a) त्यस्तै गरी ज्येष्ठ

नागरिकको हक अनुसार ज्येष्ठ नागरिकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभुत गरिएको छ ।

आफ्ना सीप, श्रम र ज्ञान प्रयोग गरी उर्वर उमेरबाट निवृत्त भई बृद्धा अवस्थामा पुगेका ज्येष्ठ नागरिकको क्षमता, दक्षता सीपलाई मुलुकले उपयोग गर्नुपर्छ । यद्यपि ग्रामीण दुरदराजमा, सुगम स्थानमा रहेका ज्येष्ठ नागरिकहरूको अवस्था नाजुक र सहयोग गर्नु पर्ने कर्तव्य सरकार वा राज्यको हो, यो निर्विबाद छ । यस अनुसार नेपालमा शुरुमा तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वको सरकारका मन्त्रिपरिषद सदस्य अर्थमन्त्री भरतमोहन अधिकारीले २०५१ सालमा आ. व.२०५२। ०५३ (डिसेम्वर २६, १९९४ सन)देखि ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई बृद्धा भत्ता प्रदान गर्न थालेको हो । सो आ. व. मा बृद्धाभत्ता स्वरुप प्रति महिना रु.१०० प्रदान गर्ने व्यवस्था भएको थियो । (Goverment of Nepal, 2052 BS) आ. व. २०६७ । ०६८ देखि भने ७० वर्ष माथिको उमेरलाई ज्येष्ठ नागरिक मानी बृद्धा भत्ता प्रदान गर्न थालिएको हो । प्रति महिना रु.१०० बाट शुरु गरिएको यो बृद्धा भत्ता आ ब. २०६९ । ७० मा मासिक रु.५०० पुऱ्याएको थियो । त्यस पछि आ.ब. २०७२ । ०७३ मा नेपाल सरकारले बृद्धा भत्ता दोब्वर गरी रु.१००० पुऱ्यायो भने पछिल्लो पटक आ.ब. २०७३ । ०७४ मा नेपाल सरकारले पुन बृद्धाभत्ता दोब्वर गरी रु.२००० पुऱ्यायो ।

नेपालमा बृद्धाभत्ता वा ज्येष्ठ नागरिक भत्तालाई सामाजिक सुरक्षाको रुपमा नेपाल सरकारले अंगिकार गरेको छ । हरेक ज्येष्ठ नागरिकले तोकिएको नियम अनुसारका योग्य ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता वा ज्येष्ठ नागरिक भत्ता पाउने अधिकारको रुपमा स्थापित भएको छ । आज नेपालमा सामाजिक सुरक्षाको अवधारणा एक महत्वपूर्ण खम्बाको रुपमा रहेको छ ।

नेपालमा सामाजिक सुरक्षा सम्बन्धी सञ्चालित कार्यक्रमहरूः कामका लागि खाद्यन्न, खाद्य अनुदान, विद्यालय खाजा, कर्णाली उज्यालो, भिटामिन ए रहेका छन् ।

महिला विकास, दलित उत्पीडित आयोग कार्यक्रम, सहकारी कार्यक्रमहरू सामाजिक परिचालन मार्फत सामाजिक सुरक्षाका कार्यक्रमहरू हुन् । युवा स्वोरोजगार कार्यक्रमलाई विशेष कार्यक्रमको रुपमा सञ्चालन गरिएको छ । दुर्गम क्षेत्र विकास कार्यक्रम, युवा विकास कार्यक्रम, एक गाऊँ एक उत्पादन कार्यक्रमलाई लक्षित कार्यक्रमको रुपमा सञ्चालन

गरिएको छ । आरक्षण, सकारात्मक विभेद जस्ता कार्यक्रमलाई समावेशी कार्यक्रमको रुपमा सञ्चालन गरिएको छ ।

अन्य : ज्येष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्ग, लोपोन्मुख जातिलाई भत्ताको व्यवस्था, बाल संरक्षण अनुदान कार्यक्रम, छात्रबृत्तिमा प्रोत्साहन भत्ता, कर्णाली रोजगार कार्यक्रम, उपभोक्ता समितिमा गरीव महिला, दलित, आदिवासीको प्रतिनिधित्वलाई अनिवार्य गरिनुपर्ने, ५ वटा विकास क्षेत्रमा कम्तीमा १।१ बृद्धाश्रम र ज्येष्ठ नागरिक आश्रम स्थापना गर्ने, गरीव घर पहिचान र परिचय पत्र वितरण कार्यक्रम पर्दछन् ।

## १.२ सैद्धान्तिक दृष्टिकोण

सामाजिक सुरक्षाका अवधारणा सन १९३७ मा अमेरिकी पूर्वराष्ट्रपति रुजवेल्टले शुरु गरेका हुन् । कुनै पनि नयाँ कुराको शुरुवात जनमानिसलाई हित हुने गरी राज्यको मुख्यपद वा तहमा रहेका व्यक्तिबाट, नीतिगत तहवाट नै हुने गर्छ ।

नेपालमा सामाजिक सुरक्षाको सामाजिक सेवाको रुपमा ७५वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वका मन्त्रिपरिषद सदस्य अर्थमन्त्री माननीय भरतमोहन अधिकारीले वि.स. २०५१ मा घोषणा गरी आ.व.२०५२/०५३ को बार्षिक बजेटमा प्रस्तुत गरी प्रति महिना रु.१०० भत्ता प्रदान गर्ने व्यवस्था गरिए पछि ज्येष्ठ नागरिक भत्ताको शुरुवात भई हाल प्रति महिना रु.२००० को व्यवस्था गरिएको छ ।

समाज, गाऊँ घर, शहरमा घुम्दा डुल्दा भेटिएका नागरिकहरूको पीरमर्का , दुख समस्या र जनगुनासा लाई आत्मसाथ गरी राज्यको महत्वपूर्ण र जिम्मेवार निकायमा पुगेको अवस्थामा सहकार्य, विकाश, सहयोग र नागरिकको सहाराको लागि ठूलो योगदान दिन सकिन्छ भन्ने सिद्धान्तबाट अभिप्रेरित भए देशका हरेक तह र तप्कामा न्याय, शुशासन कायम गर्न सकिन्छ ।

### १.२.१ असंलग्नताको सिद्धान्त (Disengagement Theory)

ज्येष्ठ नागरिक सम्बन्धी  पहिलो सिद्धान्तको रुपमा Growing Old- 1961 पुस्तकका लेखक M. Ellaine Cumming & William Henry ले प्रतिपादन गरेका Disengagement Theory - असंलग्नताको सिद्धान्त हो ।

नेपालमा २०५२/०५३ मा शुरु भएको ज्येष्ठ नागरिक भत्ताले जम्मा जनसंख्याको ८.१३ प्रतिशत (जनगणना २०६८) ले ढाकेको ज्येष्ठ नागरिकका जीवन सहज, सरल र सम्मानित तुल्याउने पक्षमा ठुलो कोशेढुङ्गा सावित भएको छ । यी क्षेत्रमा ज्येष्ठ नागरिकको ईच्छा चाहाना अनुसारका काममा चल्न, संलग्न, सहभागिता र घुम्नदिनुपर्छ र ज्येष्ठ नागरिकको ईच्छा चाहाना अनुसार स्वतन्त्र छाडिदिनु पर्छ, अमेरिकामा पुरुषहरूको बाह्यरुपमा केन्द्रिय भुमिका हुन्छ तर महिलाहरू समाजसेवात्मक भूमिकामा हुन्छन त्यसकारण महिला र पुरुषको असंलग्नता फरक हुन्छ, पुरुषको केन्द्रिय भुमिका काम हो र महिलाको विवाह र परिवार हो, यदि व्यक्तिहरूले आफ्नो केन्द्रिय भूमिका त्याग्छन भने तिनीहरू सामूहिक रुपमा सामाजिक जीवन गुमाउँछन,  र त्यसैले संकट र तनावबाट ग्रस्त हुन्छन् बुढेसकालको असंलग्नताको सिद्धान्तले दाबी गर्छ कि बयस्कहरूको लागि उमेरको रुपमा समाज र व्यक्तिगत रुपमा समाज र व्यक्तिगत सम्बन्धवाट पछि हट्नु स्वाभाविक र स्वीकार्य हो भन्ने Disengagement Theory -असंलग्नताको सिद्धान्त रहेको छ (Cumming & Henry, 1961)।

### १.२.२ सक्रियताको सिद्धान्त (Activity Theory)

युवाअवस्थामा प्राप्त गरेको ज्ञान,सीप, अनुभव विज्ञतालाई निरन्तर सक्रिय बनाई उमेर वा सेवाबाट निबृत्त भएता पनि त्यस पछिका समयमा राज्य, परिवार, सँघसँस्थाले अवसर प्रदान गरी नयाँ भूमिकामा ल्याउनु पर्छ, लैजानु पर्छ र त्यता तर्फ उत्प्ररित गराई डोऱ्याउनु पर्छ भन्ने सहितको सिद्धान्त सक्रियताको सिद्धान्त रहेको छ । ज्येष्ठ नागरिक जति सक्रिय र सक्रिय सहभागी हुन्छन त्यती खुशी हुन्छन् । यस सिद्धान्तले गतिविधि र जीवन सन्तुष्टिको वीच सकरात्मक सम्बन्ध ग्रहण गर्दछ (Havinghurst, 1961)।

### १.२.३ निरन्तरताको सिद्धान्त (Continuity Theory)

प्रत्येक व्यक्तिमा रहेको व्यक्तित्व, विश्वास र तरिकाहरू (Personality, Beliefs and Ideas) निरन्तर उस्तै रहन्छन् भन्ने निरन्तरताको सिद्धान्त हो (Atchley, 1971)।

## १.३ पूर्व साहित्यको अवलोकन

**नेपालमा ज्येष्ठ नागरिक सम्बन्धी भएका नीतिगत तथा कानुनी व्यवस्था सम्बन्धी पुनराबलोकन :**

क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन, लागत अद्यावधिक, परिचय पत्र वितरण, क्लव र आश्रयकेन्द्र सञ्चालन र व्यवस्थापनको व्यवस्था गरिएको छ (Commission, 2074 BS)।

ख) ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ अनुसार तपसिलका व्यवस्था गरिएको छः :

ज्येष्ठ नागरिकलाई आफ्नो अंश आफू खुशी गर्न पाउने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिकलाई सम्मान गर्नु पर्ने सवैको कर्तव्य हुनेछ सरकारवादी मुद्धामा कैद सजाय भोगीरहेका ६५ बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई उमेर अनुसार कैद छुटको व्यवस्था ६५वर्ष उमेर पूरा भई देखि ७० बर्ष ननाघेका २५ प्रतिशत छुट, ७० वर्ष देखि ७५ वर्ष ननाघेका ५० प्रतिशत र ७५ वर्ष उमेरा पूरा भएका ज्येष्ठ नागरिकलाई ७५ प्रतिशत सम्म कैद सजाय छुट दिन सकिने व्यवस्था गरिएको छ । सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गराउनु सवैको कर्तव्य हुनेछ । कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुदैन । नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा २ सिट सुरक्षित राख्नु पर्ने छ र निजलाई यात्रुभाडादरमा कम्तीमा ५० प्रतिशत छुट दिनु पर्ने छ । त्यस्तै गरी ज्येष्ठ नागरिकको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी एक केन्द्रिय ज्येष्ठ नागरिक कल्याण समिति र प्रत्येक जिल्लामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्ने र एक ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरिनेछ भन्ने व्यवस्था गरिएको छ । कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन, ज्येष्ठ नागरिकलाई निजको ईच्छा विपरित सन्यासी, भिक्षु वा फकिर बनाउनु हुँदैन भन्नी व्यवस्था गरिएको छ (Nepal Sarkar, 2063 B.S.)।

**अन्तराष्ट्रिय रुपमा भएका प्रयासहरू सम्बन्धी साहित्यको पुनरावलोकन :**

क) सामाजिक सुरक्षाको अवधारणा सन १९३७ मा तत्कालिन अमेरिकी राष्ट्रपति रुजवेल्टले अघि सारेका हुन् । यस पछि बुढ्यौली सम्बन्धी भियना अन्तराष्ट्रिय कार्य योजना १९८२ ज्येष्ठ नागरिक सम्बन्धी प्रथम कार्य योजना निम्न छन् : अनुसन्धान तथा तालिम, स्वास्थ्य र पोषण, सुरक्षा, आवास तथा वातावरण ,परिवार, सामाजिक कल्याण र आय सुरक्षा र जीविका शिक्षा पर्दछन् । यसै सम्मेलन अनुसार ६० वा ६० वर्ष भन्दा माथिका सम्पूर्ण नागरिकलाई ज्येष्ठ नागरिक मानिएको छ (Vienna International Plan of Action on Ageing , 1981) ।

ख) ज्येष्ठ नागरिकका संयुक्त राष्टसंघिय सिद्धान्त साधारण सभाबाट स्वीकार गरिएको डिसेम्वर १९९१ (UN Principle for Older Persons, Adopted by General Assembly Resotunional 46/91 of December 1991) यसले सवै सदस्य मुलुकलाई आआफ्ना राष्टिय कार्यक्रममा निम्न पाँच विषय सिफारिस गरिएको छ : स्वतन्त्रता, सहभागिता, रेखदख , आत्मसन्तुष्टि र मर्यादा (UN Principle for Older Persons, 1991) ।

ग) जनसंख्या सम्बन्धि अन्तराष्ट्रिय सम्मेलन मेक्सिको १९९४ ले बृद्धाहरूको ज्ञान, सीप अनुभवलाई राज्यले व्यवसायिक रुपमा प्रयोग गर्न आव्हान गऱ्यो ।

घ) एसिया तथा प्रशान्त क्षेत्रका लागि बुढ्यौली सम्बन्धी मकाउ कार्य योजना १९९८ (Macao Declaration on Ageing for Asia and the Pacific, 1998) ले गरेका सिफारिस निम्न छन् : ज्येष्ठ नागरिकको सामाजिक स्थिति, ज्येष्ठ नागरिक र परिवार, स्वास्थ्य र परिवार, आवास, यातायत वातावरण, ज्येष्ठ नागरिक र बजार व्यावस्था, आय सुरक्षा, भरणपोषण र रोजगारी तथा सामाजिक सेवा र समुदाय (Macao Declaration on Ageing for Asia and the Pacific, 1998) ।

ङ) सन १९९९ लाई पाकाहरूको वा ज्येष्ठ नागरिकहरूको अन्तराष्ट्रिय बर्ष र हरेक वर्षको 1st October लाई ज्येष्ठ नागरिक दिवस मनाउन शुरुवात गऱ्यो ।

च) राजनीतिक घोषणा पत्र र बुढ्यौली सम्बन्धी म्याड्रिड अन्तर्राष्ट्रिय योजना बुढ्यौली सम्बन्धी दोश्रो विश्व सभा म्याड्रिड, स्पेन ८–१२, अप्रिल बुढ्यौली २००२ (Political Declaration and Madrid International Plan of Ageing-Second World Assembly on

Ageing, Madrid, Spain 8-12, April 2002) ले २१ औं शताब्दीमा बुढ्यौलीबारे एक प्रभावकारी कदम चालेको छ । यसमा तीनवटा प्राथमिकता क्षेत्र निर्धारण गरिएका छन् र कार्यन्वयनका लागि सिफारिश गरिएका छन् । ती हुन : ज्येष्ठ नागरिक र विकाश, बुढ्यौलीमा स्वास्थ्य र सञ्चोपना, समर्थनकारी र सहयोगी वातावरणको सुनिश्चितता (Political Declaration and Madrid International Plan of Ageing, Madrid, 8-12, April 2002) ।

संयुक्त राष्ट्रसंघ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६६, बुंदा नं १९ ले राज्यहरूलाई सम्मान, सुरक्षा र सामाजिक सुरक्षा पुरा गर्ने दायित्वहरूको वारेमा विस्तृत मार्गदर्शन प्रदान गरेको छ । समितिले अधिकारहरू निम्नलिखित रुपमा अन्तरसम्बन्धित र आवश्यक सुविधाहरू समावेश भएको बताएको छ : उपलव्धता, सामाजिक जोखिम र आकस्मिकता, पर्याप्तता र पहुँच । पहुँचका सवालमा ५ वटा मूख्य तत्वहरूमा कभरेज, योग्यता, किफायति, सहभागिता र सूचना, र भौतिक पहुँच जोडिएको हुन्छ (UN, Genral Comment No= 19, 2007) ।

नेपालको जनगणना २०६८ अनुसार औसत वार्षिक जनसंख्या वृद्धिदर १.३५ प्रतिशत छ भने कुल जनसंख्याको .८.१३ प्रतिशत ज्येष्ठ नागरिक छन् ।

नेपालमा ज्येष्ठ नागरिक जनसंख्या अनुपात १९९१–५.८%, २००१– ६.५%, २०११ –८.५% देखाएको छ । साथै औसत आयु ६७.४ वर्ष महिला र ६४.९४ वर्ष पुरुष रहेको तथ्याँक छ । त्यस्तै वार्षिक जनसंख्या बृद्धिदर सन १९९१ मा २.०८ %, २००१ मा २.२५ % र २०११ मा १.३५ % छ (Bhandari, 2075 B.S) ।

ज्येष्ठ नागरिकहरूको बढ्दो जनसंख्याले सिंगो मुलुक र समाजको आर्थिक, सामाजिक, राजनीतिक, र सांस्कृतिक अवस्थामा पार्ने प्रभाववारे व्यापक जनचेतना,बहस,फैलाउने कामलाई निरन्तरता दिन ज्येष्ठ नागरिकहरूको स्वतन्त्रता, सहभागिता, स्याहार, आत्मसन्तुष्टि र सम्मानको बारेमा जनचेतना र बहस छलफल अभिबृद्धि गर्न नेपालमा केही बर्ष यता ज्येष्ठ नागरिक दिवस जनचेतनामुलक कार्यक्रम गर्दै आई रहेको छ ।

राज्यको लगानी ज्येष्ठ नागरिक भत्तामा ठुलो धनराशी खर्च भईरहेको परिवेशमा बढ्दै गईरहेका ज्येष्ठ नागरिक जनसंख्या व्यवस्थापन गर्नु ज्येष्ठ नागरिहरूको सामाजिक आर्थिक अवस्था बारे ज्येष्ठ नागरिक र सरोकारवाला, राज्यले थाहा पाउनु अत्यन्त आवश्यक छ ।

ज्येष्ठ नागरिक भत्ता को बारेमा गरिएको एक अध्ययन अनुसार सवै उत्तरदाताहरू अनुसार ज्येष्ठ नागरिक भत्ता पर्याप्त नभएको अवस्था, महिलाहरूले भन्दा ज्येष्ठ नागरिक पुरुषहरूले सामाजिक सुरक्षा ज्येष्ठ नागरिक भत्ताको बारेमा ज्ञान पाएका, ५९ प्रतिशत उत्तरदाताहरूले भत्ता पाएका, ४५ प्रतिशतले आफ्नो खर्चका लागि भत्ताको सदुपयोग गरेका र २९ प्रतिशत ले घरायसी खर्चमा प्रयोग गरेको बताएका छन् (Joshi, 2012)।

एक अध्ययन अनुसार थोरै सन्तान भएको अवस्थामा सानो परिवार हुने भएकाले वृद्धा अवस्थामा सहज हुने अनुभव गरिएको पाईयो । आफ्ना छोराछोरी, बुहारी आधुनिकिकरण, विश्वव्यापीकरण, शहरीकरणले महिलाहरूको बाह्य रोजगारीमा सहभागिता, पश्चिमा संस्कृतिको प्रभावका कारणले धेरै युवाहरू आफ्ना अभिभावकबाट टाढा शहरमा अवसरको खोजी र सदुपयोगमा बसाई सर्ने भएकाले आजकल नेपाली समाजमा ज्येष्ठ नागरिकहरू अपहेलित सहाराविहिन भएको पाईएको छ । आजकलका युवापींढीले ज्येष्ठ नागरिकलाई हेला नगरुन, कानुनी सहायता प्रदान गरुन, सहयोगीको भूमिका निर्वाह गरुन् र हेरचाह गरुन् भन्ने देखाईएको छ (Brightman, 2006) ।

६० वर्ष भन्दा माथिका मानिस र १५ वर्ष भन्दा मुनिका बच्चालाई आर्थिक रुपमा परनिर्भर जनसंख्या को रुपमा लिइन्छ । ६५ + बर्ष का ज्येष्ठ नागरिक मध्ये ४७.१२ प्रतिशत ज्येष्ठ नागरिक आर्थिक रुपमा सक्रिय हुन्छन् जहाँ ५९.७ प्रतिशत पुरुष र ३४.३ प्रतिशत महिलाहरू पर्दछन् । नेपालमा सञ्चालित ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता अधिकारमा आधारित अवधारण नभई कल्याणकारी अवधारणा मानिएको देखाएका छन् (Upreti, 2006)।

काठमाडौमा रहेका १२१ जना ज्येष्ठ नागरिकहरूमा गरिएको एक अध्ययन अनुसार ७५.६ प्रतिशत उत्तरदाताहरू आफ्नै घरमा बस्छन् र ८३.७ प्रतिशत उत्तरदाताहरू आफ्नो बच्चाहरू संग बस्छन् र ११.६ प्रतिशत ज्येष्ठ नागरिक महिलाहरू एक्लै बस्छन् जहाँ आफ्ना आफ्ना बच्चाहरू सँगै बस्नु पर्ने मान्यता छ (Chalise, 2005)।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले गरेका एक अध्ययन अनुसार बृद्धबृद्धा भत्ता पाउने रामेछाप ८३.३ प्रतिशत, सिन्धुली ५४.५ प्रतिशत, गोरखा ६५.३ प्रतिशत, रसुवा ७२.७ प्रतिशत, भक्तपुर ८९.४ प्रतिशत,

सिन्धुपाल्चोक ९५.७ प्रतिशत, नुवाकोट ९१.५ प्रतिशत र जम्मा ७८.३ प्रतिशत ले भत्ता पाएको देखाएको छ (Federation N. S.,2072 B.S.)।

काठमाडौ महानगरपालिका भित्रका बृद्धाश्रम मा बसोबास गर्ने बृद्धाहरूमा गरिएको एक अध्ययन अनुसार १५.५ प्रतिशत ज्येष्ठ नागरिक कुपोषणबाट ग्रसित पाईएको छ र ६१ प्रतिशत मा कुपोषणको जोखिम देखिएको छ। तसर्थ बृद्धाश्रममा बस्ने बृद्धबृद्धा ुपोषित हुने सम्भावना रहेको देखाएको छ। चुरोट, रक्सी, उच्च रक्तचाप, मधुमेह र अनेक थरीका औषधी प्रयोगले कुपोषित हुनलाई सहायता गर्दछ। साथै आवश्यकीय प्रोटिन, क्यालोरीयुक्त खाना र उमेर सुहाउँदा खानाको व्यवस्था गर्न सिफारिस गरिएको छ (Singh, Shrestha, 2016)।

प्रत्येक जिल्लामा ज्येष्ठ नागरिकको तथ्याँक अद्यावधिक गरी राख्नु पर्छ। आधाभन्दा बढी ज्येष्ठ नागरिकहरूले बृद्धाश्रममा बस्ने ईच्छा देखाएका हुँदा ज्येष्ठ नागरिक लक्षित सुविधा सम्पन्न भवन बनाउनु पर्छ। ज्येष्ठ नागरिकरुले फूर्सदको समयमा ४ जना मध्ये २ जनाले आम्दानीमुलक कार्यमा सहभागी देखिएको हुँदा सीपमुलक तालिम प्रदान गरी आर्थिक रुपमा सवल गराउन ध्यान दिनु पर्छ (Federation N. S., 2074 B.S.)।

प्रत्येक नागरिकहरूमा न्यायपूर्ण जीवन समानता र मर्यादा कायम गर्नका लागि सामाजिक सुरक्षाको हक अधिकार हुन्छ। सरकारले जोखिममा रहेका बच्चा, ज्येष्ठ नागरिक, विरामी, बेरोजगार जनसंख्याका लागि कल्याणकारी सहयोगी कार्यक्रम हो।यसको नीतिगत व्यावस्थाका लागि ६ वटा खुडकिलाहरू प्रस्तुत गरिएको छ (Mathema, 2012)।

बसाईसराईका कारणले बृद्धबृद्धाहरूले आफ्नो जीवनकालमा कहिल्यै नभोगेका समस्याहरू मुख्यतः चिन्ता, सहाराविहिन, एक्लोपना, घरायसी बोझ संगै सामाजिक तथा साँस्कृतिक बोझहरू झेलेका छन्, उनीहरूले त्यसकारण आधुनिक सुविधायुक्त राम्रो ठाउँमा जाने ईच्छा राख्छन तर नयाँ ठाउँमा गएर बस्नु भन्दा परिवारका सवै सदस्य सहित सँगै बस्नु राम्रो हुने बताएका छन् (Gautam, 2000)।

सामाजिक, भौतिक र राज्य.समाज सम्बन्धका वारेमा गहिरो अध्ययन गरिएको छ, जहाँ भौतिक रुपमा भत्ता पाउने ज्येष्ठ नागरिकहरूले भत्ताबाट चामल, नुन तेल र तरकारी हरू आवश्यकीय सामान किन्न प्रयोग गर्छन् , सामाजिक रुपमा, घरभित्रको परिवार को सदस्य सँग र समूदायमा रहेका अन्य छिमेकीसंग राम्रो सम्बन्ध बनाउन सहयोग गरेको छ। दलित

र अन्यलाई १० वर्ष को अन्तर गरेर दिइने ज्येष्ठ नागरिक भत्ता दलित ६० वर्ष र अन्यलाई ७० वर्ष गरिएकोमा जातिगत योग्यता अनुपयुक्त भएको बताइएको छ । राज्य र समाज सम्बन्धमा अति गरिब र वेसहारा ज्येष्ठ नागरिक का लागि खाना स्वास्थ्य उपचार, शिक्षासंग सम्बन्धित खर्च गर्ने, नाति नातिनाका लागि र घरायसी खर्चका लागि राज्यले ठूलो योगदान गरेको छ तर अपर्याप्त भएको बताईएको छ (K.C., 2014)।

बङ्गलादेशमा गरिएको एक अध्ययन अनुसार नियमित रुपमा प्रदान गरिने ज्येष्ठ नागरिक भत्ताले नियमित रुपमा केही नगद निरन्तर रुपमा हातमा हुने भएकोले सकरात्मक परिवर्तन ल्याएको देखाएको छ, त्यस्तै गरी  एक्लै भएका ज्येष्ठ नागरिकका लागि भत्ताले स्वास्थ्य हेरचाह, खाना र नाना किन्नका लागि नगद प्रयोग गर्ने भएकाले ज्येष्ठ नागरिक भत्ताले महत्वपूर्ण भूमिका खेलेको छ । उक्त अध्ययनमा संयुक्त परिवार भएका परिवारमा ज्येष्ठ नागरिकहरूले बच्चाहरूको शिक्षा, खाना र नानाका लागि प्रयोग गरिएको पाइएकोले ज्येष्ठ नागरिक भत्ताले भावानात्मक सहयोग र ज्येष्ठ नागरिक को सहयोगमा योगदान गरेको पाइएको छ (Rana, 1998)।

ईलाम जिल्लाको आम्चोक गाविस वडा नं ३,५,८ र ९ मा गरिएको ज्येष्ठ नागरिकहरूको अवस्था सम्बन्धी गरिएको एक शोध पत्र अनुसार ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुष उत्तरदाताहरूमा ३३.३ प्रतिशत ६० - ६४ वर्ष, ६५-६९ वर्षका २०.७ प्रतिशत, ७०-७४ वर्षका १९.३ प्रतिशत, ७५ -७९ वर्षका १२.७ प्रतिशत, ८० + १४ प्रतिशत ज्येष्ठ नागरिकहरू थिए, जहाँ ५० प्रतिशत ज्येष्ठ नागरिक युगल अवस्थाका थिए, ४१.३ प्रतिशत विधुवा वा विदुर, ६.७ प्रतिशत विभिन्न कारणवाट छुट्टै वसेका जस्तै सम्बन्ध विच्छेद, र २ प्रतिशत कुनै कारण वाट हराएर विवाह गरी वसेका ज्येष्ठ नागरिकहरू थिए । त्यस्तै गरी ५०.७ प्रतिशत निरक्षर, जहाँ महिला ६६.७ प्रतिशत र पुरुष ३२ प्रतिशत थिए, साक्षरहरूमा १९.३ प्रतिशत अनौपचारिक शिक्षा, प्राथमिक १४ प्रतिशत, मावि ८.७ प्रतिशत, एस.एल.सि वा सो भन्दा माथि ७.३ प्रतिशत थिए । जहाँ ३२.७ प्रतिशत एकल परिवार र ६७.३ प्रतिशत संयुक्त परिवार थियो । उक्त शोधमा ४२ प्रतिशत ज्येष्ठ नागरिकहरू घरायसी काममा संलग्न, १७.३ प्रतिशत साथीहरू तथा वैठकमा कुराकानी, १२.७ प्रतिशत नाती नातिनालाई हेरचाह, १२.७ प्रतिशत धार्मीक भजन नाचमा संलग्न, ४ प्रतिशत किताव पढ्ने रेडियो सुन्ने र ७.३ प्रतिशत ज्येष्ठ नागरिकले दैनिक अन्य क्रियाकलापमा संलग्न पाईयो । त्यस्तै गरी ४२.५ प्रतिशत ज्येष्ठ नागरिकहरू धार्मिक समूहमा सहभागी, २२.५ प्रतिशत सहकारी

संस्थामा, स्कूल व्यावस्थापन समिति १० प्रतिशत र अन्य मा २५ प्रतिशत सहभागिता गरेको पाईयो । त्यस्तै गरी भत्ताको प्रयोग गर्ने ज्येष्ठ नागरिकहरू ८१.४ प्रतिशत आफैले, श्रीमान वा श्रीमति १०.८ प्रतिशत, छोरा बुहारी ३.९ प्रतिशत, नाति नातिना २.९ प्रतिशत र अन्य १ प्रतिशतले प्रयोग गरेको पाईयो । त्यस्तै गरी ज्येष्ठ नागरिकले भत्ताको पैसा ४.९ प्रतिशतले कपडामा, १२.७ प्रतिशतले औषधीमा, ५४.९ प्रतिशतले खानामा, २१.६ प्रतिशतले अरुलाई उपहार दिनमा र ५.९ प्रतिशले अन्य कामका लागि प्रयोग गरिएको पाईयो (Pulami, 2015)।

भिमढुंगा गाविस काठमाडौमा १७७ जनाज्येष्ठ नागरिकमा गरिएको एक अध्ययन अनुसार ८.५ प्रतिशत व्यवसाय, १.१ प्रतिशत दान चन्दा, २९.४ प्रतिशत ज्येष्ठ नागरिक भत्ता, ३३.३ प्रतिशत कृषि, २२ प्रतिशत पेन्सन, ५.७ प्रतिशत दैनिक ज्यालादारीको मुख्य आयश्रोत भएको पाईयो । त्यस्तै गरी ज्येष्ठ नागरिकहरू आफै ७.९ प्रतिशतले, श्रीमान वा श्रीमति ७.३, छोरा वुहारीले ५६.५ प्रतिशत, छोरी ज्वाई २.८ प्रतिशत, घर भन्दा वाहिरका आफन्त २५.४ प्रतिशतले ज्येष्ठ नागरिकलाई हेरचाह गरेको पाईयो । त्यस्तै गरी ४६.९ प्रतिशत ज्येष्ठ नागरिकले खाना बनाउने, २४.९ प्रतिशतले गाई बाखा हेरचाह गर्ने, २.३ प्रतिशत ले खेतवारीमा काम गर्ने, ५.१ प्रतिशतले बच्चाबच्ची हेरचाह गर्ने र १४.१ प्रतिशत ज्येष्ठ नागरिकले केही पनि काम नगर्ने पाईएको थियो (Poudel, 2012)।

तनहूँ जिल्लामा ज्येष्ठ नागरिकहरूमा विश्वव्यापी सामाजिक सुरक्षा सम्बन्धी गरिएको एक अध्ययन अनुसार ७५ जिल्लामा प्रति व्यक्ति आय अनुसार ३३ औं स्थानमा रहेको तनहुं , उद्देश्यमुलक नमुना छनौट विधि मार्फत छानिएको थियो । उक्त अध्ययन अनुसार ८० प्रतिशत ज्येष्ठ नागरिकहरू उहाँहरूको आफ्नै परिवार विशेष गरी आफ्नै बच्चा संग वसिराखेको पाईयो, औषत परिवार संख्या ४.६ जना पाईयो, ६.७ प्रतिशत श्रीमान वा श्रीमति संग वसोवास गरिरहेको, २० प्रतिशत एक्लै वसिरहेको, २६.७ प्रतिशत श्रीमान श्रीमति र परिवार संग वसि रहेको, ४६.७ प्रतिशत श्रीमान श्रीमति विना परिवार संग वसिरहेको देखाएको छ । त्यस्तै गरी १५ जना मा १२ जना ज्येष्ठ नागरिकले भत्ताको पैसा आफ्नै निर्णयमा उपयोग गरिरहेको बताएको छ । सोही अध्ययन अनुसार ३ प्रतिशत ज्येष्ठ नागरिकहरूले छोरा छोरीलाई, ९ प्रतिशत ले नातिनातिनालाई, १० प्रतिशत ले घरमा खानाको जस्तै नुन तेल, मसला मासु किन्नकालागि, ७ प्रतिशतले बाखापालन जस्ता आय सुधारको लागि लगानीमा, ३१ प्रतिशत ले व्यक्तिगत रुपमा सामान किन्न, १५ प्रतिशतले

घरायसी आवश्यकीय काम तीरो तिर्न, सावुन मट्टितेल किन्न र २५ प्रतिशतले व्यक्तिगत रुपमा स्वास्थ्योपचारका लागि खर्च गरेका पाईयो । सोही अध्ययन अनुसार १५ जनामा ९ जनाले ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकलाई गरिने व्यवहारमा परिवर्तन भएको बताएको पाईयो । ज्येष्ठ नागरिक भत्ताले १५ जना हरू मध्ये ६ जनाले धार्मिक कार्यमा भाग लिने कार्यमा वृद्धि भएको पाईयो । यसै अध्ययनमा ८३ वर्षे एक ज्येष्ठ नागरिकले भने "बाँच्ने आश जाग्यो" (Pacific, 2009)।

टोखा नगरपालिका काठमाडौमा सामाजिक सुरक्षा कार्यक्रम कार्यन्वयन सम्बन्धि गरिएको एक अध्ययन अनुसार ज्येष्ठ नागरिक भत्ता का लागि दर्ता प्रक्रियाको वारेमा ५६ प्रतिशत ज्येष्ठ नागरिकले दर्ता प्रक्रियामा धेरै सजिलो र ४४ प्रतिशत ज्येष्ठ नागरिकले सजिलो बताएका पाईयो भने ५४ प्रतिशतले सार्वजनिक सेवा सम्बन्धी प्रक्रियागत तरीका उच्च र ४६ प्रतिशतले न्युन बताए । त्यस्तै गरी सवै ज्येष्ठ नागरिकहरूलाई भत्ता दिने कार्यक्रममा समावेश गर्न बर्तमान प्रक्रिया ४२ प्रतिशतले उच्च र ५८ प्रतिशत न्युन रहेको बताएका छन् ।  त्यस्तै गरी सम्पूर्ण भत्ता बारेको प्रक्रिया सम्बन्धमा ५२ प्रतिशत उत्तरदाताहरू उच्च र ४८ प्रतिशत उत्तरदाताहरू न्युन भएको बताए (Sapkota, 2016)।

पाखीवास गाविस,धनकुटा जिल्ला,कोशी अञ्चलमा १८९ जना ज्येष्ठ नागरिकमा गरिएको एक अध्ययन अनुसार ६०-६९ वर्षका ६८ प्रतिशत, ७०-७९ वर्षका २६ प्रतिशत, र ८० वर्ष भन्दा बढीका ६ प्रतिशत रहेको पाईयो, जसमा पुरुष ५७ प्रतिशत र महिला ४३ प्रतिशत थिए, निरक्षर ७२ प्रतिशत, अनौपचारिक शिक्षा २३ प्रतिशत, प्राथमिक तह ४ प्रतिशत र माध्यमिक वा सो भन्दा माथि १ प्रतिशत पाईयो । हालको पेशा ५४ प्रतिशत किसान, २० प्रतिशत गृहिणी, ५ प्रतिशत  पेन्सनर, ४ प्रतिशत दैनिक ज्यालादारी, १४ प्रतिशत व्यावसाय र ३ प्रतिशत नोकरीमा भएको पाईयो । सोही अध्ययन अनुसार ५ प्रतिशत मधुमेह, हाईपरटेन्सन १६ प्रतिशत, सिओपिडी २० प्रतिशत, दम १३ प्रतिशत, ग्यास्ट्रिक ३६ प्रतिशत, जोर्नी मा दुखाई १३ प्रतिशत, एलर्जी १ प्रतिशत, क्यान्सर ४ प्रतिशत, डिप्रेसन १८ प्रतिशत र इनकर्नटिनेन्स १ प्रतिशत पाईयो । यसै अध्ययन अनुसार ८८.९ प्रतिशत ज्येष्ठ नागरिकहरू संयुक्त परिवारमा सदस्य संगै बसेको पाईयो जहा उनीहरू घरमुलीका रुपमा पनि छन्, ७.९ प्रतिशत श्रीमान श्रीमति संग र २.२ प्रतिशत बच्चाबच्ची संग बसेको पाइयो । कोही पनि एक्ले बसेको पाइएन र ८२ प्रतिशत ज्येष्ठ नागरिकले एक्लोपना महसुस

गरेको पाईएन । ११.६ प्रतिशत ज्येष्ठ नागरिकले मात्र दुर्व्यवहार भोगेको पाईयो बाँकी ज्येष्ठ नागरिकले राम्रो व्यवहार महसुस गरेको पाईयो (Gupta, et. al, 2016)।

कीर्तिपुर नगरपालिका काठमाडौमा सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ज्येष्ठ नागरिकहरूको धारणा सम्वन्धी ४७ जनामा गरिएको एक अध्ययन अनुसार ७० वर्ष देखि ९० वर्ष सम्मका ज्येष्ठ नागरिकहरूमा ५५.३ प्रतिशत महिला ज्येष्ठ नागरिक थिए वाँकी पुरुष रहेका थिए । ७०-८० वर्षका ज्येष्ठ नागरिकहरू ७२.३ प्रतिशत , ८०-९० वर्षका ज्येष्ठ नागरिकहरू २५.५ प्रतिशत र ९० वर्ष भन्दा वढि उमेरका ज्येष्ठ नागरिकहरू २.२ प्रतिशत थिए । त्यस्तै गरी ६५.९ प्रतिशत ज्येष्ठ नागरिकहरू निरक्षर रहेका थिए । जातिगत रुपमा ७४.५ प्रतिशत नेवार ज्येष्ठ नागरिकहरू, २१.३ प्रतिशत ज्येष्ठ नागरिकहरू क्षेत्री ज्येष्ठ नागरिकहरू र ४.२ प्रतिशत ज्येष्ठ नागरिकहरू ब्राम्हण जातिका थिए । जसमा ९१.६ प्रतिशत किसान, ४.२ प्रतिशत व्यापार व्यावसाय र ४.२ प्रतिशत सिकर्मी गरी ३ वटा समूहका ज्येष्ठ नागरिकहरू रहेको पत्ता लगाइएको थियो । ८.५ प्रतिशत ज्ये.ना. ले कपडा आफै धुने र १९.१ प्रतिशत ज्ये. ना. ले खाना पकाई दिने गरेको पाइयो र सो काममा धेरै जसो ६८.१ प्रतिशत छोरा वुहारीले पनि गर्ने गरेको पत्ता लगाइएको थियो । भत्ता पाउने ज्येष्ठ नागरिकहरूले दैनिक उपभोग्य सामान खाना कपडाका लागि ८७.२ प्रतिशतले, स्वास्थ्य उपचार र औषधीका लागि ५१.१ प्रतिशतले, यातायात र अन्य काम गराउन ज्याला तिर्नका लागि ६.४ प्रतिशतले र अफस्प्रिङ्गका लागि सामान किन्नका लागि १४.९ प्रतिशत ज्येष्ठ नागरिकले भत्ता उपयोग गरेको पत्ता लगाईएको थियो र ४.३ प्रतिशत ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता लिने प्रक्रिया अप्ठ्यारो भएको पत्ता लगाइएको थियो । एक जना ८३ वर्षे महिलाले “ज्येष्ठ नागरिक भत्ता सम्बन्धमा सरकार र उनको सम्बन्ध बुवा र छोरीको जस्तो सरकार बुवा र उनी छोरी जस्तो बताएका थिए” (Malaka, Chalise, 2018)।

काठमाडौ बृद्धाश्रममा आउनु भन्दा अघि र्दुव्यवहार भोगेका ज्येष्ठ नागरिकहरूको अनुभव सम्बन्धमा ७६ जनामा गरिएका अध्ययन अनुसार  ६०-७० वर्षका ज्ये. ना. १२.७१ प्रतिशत, ७०-८० वर्षका ज्ये. ना. ३२.९ प्रतिशत, र ८०-९० वर्षका ज्ये. ना. ३२.९ प्रतिशत र ९० र ९०  वर्ष माथिका ज्ये. ना. १७.१ प्रतिशत थिए । जसमा महिला ज्ये. ना. ८५.५ प्रतिशत र पुरुष १४.५ प्रतिशत पुरुष ज्ये. ना. संलग्न थिए । उक्त अध्ययन अनुसार ५७.९ प्रतिशत ज्ये.ना.लाई दुर्व्यवहार भएको बताएका थिए र ४२.१ प्रतिशत ज्ये.ना. ले र्दुव्यवहार नभएको पत्ता लगाईएको थियो । दुर्व्यवहारहरूमा ४७.४ प्रतिशत ज्ये.ना.लाई हेलाँ, ७.९ प्रतिशत ज्ये.

ना. लाई शारीरिक हिंसा, ३१.६ प्रतिशत ज्ये. ना. लाई आर्थिक हिंसा, ३६.७ प्रतिशत भावानात्मक दुर्व्यवहार र २.६ प्रतिशत ज्ये. ना. लाई सेक्सुअल हेरेशमेन्ट गरिएको पाईएको थियो । एक ज्येष्ठ नागरिकलाई उनका छोराले भने “मेरो नाममा सवै सम्पत्ति गर्दा राम्रो हुन्छ कसलाई के थाहा कि कहिले सम्म तंपाईको अन्तिम श्वास रहन्छ” (Rai, Khanal, Chalise, 2018) ।

मधुमाला २ आदर्श टोल, मोरङ्ग नेपालमा वस्ने ज्येष्ठ नागरिकहरूको अवस्थामा गरिएको एक अध्ययन अनुसार ५५.४५ प्रतिशत ज्ये. ना. निरक्षर, २९.७० प्रतिशत ज्ये. ना. साक्षर, ५.९४ प्रतिशत प्राथमिक, ७.९२ प्रतिशत माध्यमिक, ०.००९ प्रतिशत प्रविणता प्रमाणपत्र तह गरेका थिए । जसमा महिला ८१.१३ प्रतिशत पुरुष २७.०८ प्रतिशत निरक्षर, महिला १८.८७ प्रतिशत पुरुष ४१.६७ प्रतिशत साक्षर थिए भने पुरुष १२.५ प्रतिशत प्राथमिक, माध्यमिक १६.६७ प्रतिशत, २.०८ प्रतिशत आइं ए. तह सम्मको शिक्षा थियो । बृद्धाभत्ता ३३.३३ प्रतिशतले कार्यालयवाट, २१.२१ प्रतिशत घरवाट र ४५.४५ प्रतिशत ज्येष्ठ नागरिकले परिवारवाट बुझ्दै आएका थिए । त्यस्तै गरी आफै २६.७३ प्रतिशत,  ५३.४७ प्रतिशत श्रीमान श्रीमतिले, ०.९९ प्रतिशत छोरीज्वाईले , १४.८५ प्रतिशत छोरा बुहारीले, १.९८ प्रतिशत धार्मिक संस्थाले र १.९८ प्रतिशत अन्यले ज्येष्ठ नागरिकलाई हेरचाह गरिएको पाईएको थियो । दीर्घ रोग सम्बन्धी गरिएका अध्ययनमा मधुमेह २६.९२ प्रतिशत, उच्च रक्त चाप १९.२३ प्रतिशत, मधुमेह र उच्च रक्तचाप १४.१० प्रतिशत, दम २१.७९ प्रतिशत र अन्य रोग १७.९५ प्रतिशत ज्येष्ठ नागरिकमा पाईएको थियो (Guragain, 2009) ।

पशुपति बृद्धाश्रम काठमाडौमा वस्ने ज्येष्ठ नागरिकहरूको अवस्था शीर्षकमा गरिएको शोधपत्रमा ११२ जना ज्येष्ठ नागरिकहरूमा ४६.४ प्रतिशत पुरुष र ५३.६ प्रतिशत महिला सहभागी थिए । त्यस्तै ६०-६४ वर्षका ९.८ प्रतिशत ज्ये.ना., ६६-६९ वर्षका २१.४ प्रतिशत, ७०-७४ वर्षका १७.९ प्रतिशत, ७५-७९ वर्षका १२.५ प्रतिशत र ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरू ३८.४ प्रतिशत रहेका थिए । जसमा ३९.३ प्रतिशत ब्राम्हण ज्येष्ठ नागरिक, २४.१ प्रतिशत जनजाति, २२.३ प्रतिशत क्षेत्री, ५.४ प्रतिशत दलित र अन्य ८.९ ज्येष्ठ नागरिकहरू अध्ययनमा समावेश भएका थिए । जसमा ५५ जना मात्र बृद्धाभत्ता बुझिरहेकामा घरायसी काममा १.८ प्रतिशत, बच्चाबच्चीका लागि ७.२७ प्रतिशत र पकेट खर्चका लागि ९०.९ प्रतिशत ज्येष्ठ नागरिकहरूले खर्च गरेको पाईयो । त्यस्तै गरी ३७ जना ६७.३ प्रतिशत ज्येष्ठ नागरिकहरू बृद्धाभत्ताबाट सन्तुष्ट पाईयो भने १८ जना (३२.७


प्रतिशत ) ज्येष्ठ नागरिकहरू बृद्धाभत्ताबाट असन्तुष्ट भएको पाईएको थियो । त्यस्तै गरी घरमा निर्णय गर्ने ज्येष्ठ नागरिकहरू ६४ जना (५७ प्रतिशत ) र निर्णय नगर्ने ४८ जना ( ४३ प्रतिशत ) पाईएको थियो । ६०.७ प्रतिशत ज्येष्ठ नागरिक आफै, ४.५ प्रतिशत परिवारका सदस्यले, २.७ प्रतिशत आफन्तले र ३२.१ प्रतिशत स्वयंसेवकले ज्येष्ठ नागरिकलाई हेरचाह गरेको पाईयो (Gupta, 2018) ।

सामाजिक सुरक्षा कार्यक्रम र ग्रामीण अर्थतन्त्रमा यसको प्रभाव शीर्षकमा रौताहट जिल्ला, चन्द्रापुर नगरपालिकाका १२२ जना ज्ये. ना.मा गरिएको एक अध्ययन अनुसार सामाजिक सुरक्षा भत्ता २६ प्रतिशत ज्येष्ठ नागरिकले खाना र कपडामा, ३२ प्रतिशत ज्येष्ठ नागरिकले औषधी उपचारमा, ३४ प्रतिशत ज्ये. नागरिकले पकेट खर्चमा र ८ प्रतिशत ज्ये. ना. ले अन्य क्षेत्रमा खर्च गरेको देखाईएको छ । त्यस्तै गरी सन्तुष्टीको अवस्था अध्ययन गर्दा १० प्रतिशत ज्ये. ना. ले पर्याप्त भएको, १२ प्रतिशत ज्ये.ना ले ठीकै , ७२ प्रतिशत ज्ये. ना. ले एकदम कम र ६ प्रतिशत ज्ये. ना. ले थाहा नै नभएको बताएको पाईयो । ज्ये.ना. भत्ता बारेको धारणाका वारेमा ४२ प्रतिशत ज्ये. ना. ले आत्मसम्मान को रुपमा, ३८ प्रतिशत ज्ये.ना. ले सरकारले दिएको पुरस्कारको रुपमा, १७ प्रतिशत ज्ये.ना.ले आफू धनी भएको, भत्ता खास नचाहिएको र अप्ठ्यारो महसुस भएको र ३ प्रतिशत ज्ये. ना. ले केही धारणा पनि नबताएको पाईयो (Subedi, 2018) ।

काठमाडौ, भक्तपुर र काभ्रेपलान्चोकका ७ वटा बृद्धाश्रममा सन २००८ मा, ६१ जना ज्येष्ठ नागरिकमा गरिएको एक अध्ययन अनुसार ४४.२६ प्रतिशत ज्येष्ठ नागरिकहरू स्वस्थ र ५५.७३ प्रतिशत ज्येष्ठ नागरिकहरूमा ब्लड प्रेसर, सुगर,दम,युरिक एसिड, ग्यास्ट्रिक जस्ता रोगहरू भएका रोगी पाईएको छ (Acharya, 2008) ।

अमेरिकामा बृद्धबृद्धाको जीवनलाई ३ तहमा वा समूहमा विभाजन गरिएको छ । जसअर्न्तगत जवान बृद्धा ६५ वर्ष दखि ७५ वर्ष , मध्यम बृद्धा ७५ वर्ष देखि ८४ वर्ष र बुढेसकाल ८५ वर्ष भन्दा बढि भएको बृद्धबृद्धा मानिन्छ (University, 2015) ।

## १.४ अवधारणात्मक ढाँचा



ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता नगद रुपमा प्राप्त गरेपछि ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा परेको समग्र प्रभाव यस अवधारणात्मक ढांचामा देखाईएको छ । ज्येष्ठ नागरिक भत्तालाई कारण र ज्येष्ठ नागरिक भत्ताले पर्न गएको समग्र प्रभाव वा असरलाई यस ढाँचामा देखाईएको छ । यस अध्ययनको उद्देश्यअनुसार ज्येष्ठ नागरिकहरूले भत्ता प्राप्त गरेपछि ज्येष्ठ नागरिकहरूका अनुभवहरू, उपयोगलाई गुणात्मक विधि प्रयोग गरी सुक्ष्म रुपमा संगालेर सामाजिक र आर्थिक प्रभाव अध्ययन गरिएको छ । सामाजिक सुरक्षा नियमावली २०७५ अनुसार भत्ता पाउने उमेर ६० वर्ष पुरा भएका कर्णाली क्षेत्रका ज्येष्ठ नागरिक तथा दलित ज्येष्ठ नागरिक र ७० वर्ष पूरा भएका अन्य ज्येष्ठ नागरिकको उमेर हुनुपर्ने रहेको छ । यसै नीतिगत व्यवस्था वमोजिम उमेर र जातबमोजिमका ज्येष्ठ नागरिकलाई अध्ययन क्षेत्रमा अनुसन्धान गरिएको छ । त्यस्तै गरी यस अध्ययनमा विशेष गरी असंलग्नताको सिद्धान्त, सक्रियताको सिद्धान्त र निरन्तरताको सिद्धान्तका मुलभूत मान्यतालाई अंगिकार गर्दै ती सिद्धान्तका सैद्धान्तिक पक्षलाई र यसै अनुसन्धानका नतिजाहरू जस्तै ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको लैङ्गिक भूमिकाहरू, ज्येष्ठ नागरिक भत्ता पाएपछिको सन्तुष्टि, ज्येष्ठ नागरिकहरूको सक्रियतालाई अनुसन्धानमा सिद्धान्त र प्राप्त नतिजा मापन गरिएको छ । साथै यस अध्ययनमा ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूका लैङ्गिक रूपमा परेको तुलनात्मक प्रभाव र जातिगत रुपमा दलित र गैरदलित ज्येष्ठ नागरिकहरूमा परेको समग्र तुलनात्मक प्रभावलाई पनि अनुसन्धान गरी समग्र अवस्थाको विश्लेषण गरिएको छ ।

## १.५ समस्याको कथन

नेपालमा पञ्चवर्षीय योजना अर्न्तगत पहिलो पटक नवौं योजनामा सामाजिक सुरक्षा सम्बन्धी नीतिलाई स्थान दिईएको थियो । जसमा ज्येष्ठ नागरिकहरूका लागि आवधिक योजनाको कार्यक्रममा समावेश गरिएको थियो । विश्वमा नै ज्येष्ठ नागरिकको जनसंख्या वृद्धि भई रहेको छ । नेपालमा वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्याको ८.१३ प्रतिशत ज्येष्ठ नागरिकहरू छन् । विश्वमा रहेका जनसंख्या मध्ये १२ प्रतिशत जनसंख्या ६० + वर्ष माथिका बृद्धबृद्धाले ढाकेको छ । सन २०५० सम्ममा ज्येष्ठ नागरिकहरूको जनसंख्या करीव दोब्बर वा २२ प्रतिशत हुने आशातित गरिएको छ
http://populationpyramid.net/world)

नेपालमा डिसेम्वर २६, १९९४ मा ७५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई रु.१०० ज्येष्ठ नागरिक भत्ता दिने घोषणा गरिएको थियो । सो समयमा जम्मा वजेटको ३.०१ प्रतिशत ज्येष्ठ नागरिक भत्ताको लागि छुट्टाइएको थियो । र हाल ज्येष्ठ नागरिकहरूले ६० वर्ष पुरा भएका दलित र कर्णाली क्षेत्रका ज्येष्ठ नागरिकहरूले रु. २००० प्रति महिना र ७० वर्ष पूरा भई सो भन्दा माथिका वर्षका अन्य ज्येष्ठ नागरिकहरूले स्वास्थ्य उपचार सहित रु. ३००० प्रति महिना पाउँदै आएका छन् । यसरी सरकारले प्रदान गरि रहेको ज्येष्ठ नागरिक भत्ताको उपयोग को अवस्था सरकार, सरोकारवालालाई, योजनाविदलाई थाहा पाउनु जरुरी छ । यस्तो खालको सरकारी नीतिले ज्येष्ठ नागरिकको सामाजिक र आर्थिक अवस्थामा के कसरी योगदान पुगेको छर सन्तुष्टि कस्तो छ भन्ने विषय जल्दोवल्दो छ ।

नेपालमा  आर्थिक वर्ष २०७४/०७५ मा १२,३१,५८६ जना ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक भत्ता वितरण गरिएको थियो (Aryal, 2019) । नेपालमा सन १९९८/९९ मा जम्मा वजेटको ०.७ प्रतिशत, सन २०१०/०११ मा जम्मा वजेटको ३.०१ प्रतिशत बजेट छुट्टाईएको थियो । साथै सामाजिक सुरक्षा सम्बन्धी ज्येष्ठ नागरिक भत्ताको प्रभाव मूल्याँकन गरिएको थिएन । (Nepal G. , 2012) । व्यास नगरपालिका मा आर्थिक वर्ष २०७६/०७७ मा ज्येष्ठ नागरिकहरूका लागि सामाजिक सुरक्षा भत्ता १६०,०००,००० वितरण भएको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ (Municipality, 2076 B.S.) । यसै गरी २०७६/०७७ का वार्षिक वजेटमा ६४.५ अरब सामाजिक सुरक्षाको लागि वजेट छुट्टाईएको थियो । ज्येष्ठ नागरिकहरूले पाउने ज्येष्ठ नागरिक भत्ताका लागि मुलुकले ठूलो धनराशी खर्च गरेको छ । यसरी गरेको खर्चको प्रभावको वारेमा पनि मूल्याँकन हुनु र गर्नु आजको आवश्यकतालाई मध्यनजर गर्दै समस्यालाई उठाई अध्ययन गरिएको छ । राज्यले ठूलो धनराशी लगानी गरेता पनि र नेपालको भूगोल, सामाजिक परम्परा, आयश्रोत, सामाजिक व्यवहार अनुसार ज्येष्ठ नागरिकहरूमा नैराश्यता बढ्दै गईरहेको छ । ज्येष्ठ नागरिकहरूका छोरा छोरी कामकाजका लागि घरबाट बाहिर हुन्छन् सो अवस्थामा उनीहरूलाई गरिने हेरचाह, औषधी उपचारको अवस्थामा समस्या भएको छ । यस्ता खालको समस्याहरू अध्ययन वाट नै थाहा हुने भएकाले यो शोधपत्र गरिएको हो ।

संयुक्त राष्ट्र संघले मानव अधिकारको प्रथम विश्वव्यापी घोषणा सन १९४८  डिसेम्वर १० मा गर्‍यो । संयुक्त राष्ट्र संघको साधारण सभामा अंगिकार गरिएको मानवअधिकारको धारा २५ मा वेरोजगारी, विरामी, अपाङ्गता, विधवापन, बुढेसकाल वा अन्य कुनै प्रकारको

जीवीकोपार्जनको अभावमा सामाजिक सुरक्षाको अधिकार उनीहरूको नियन्त्रण भन्दा बाहिरको अवस्थामा छ भनिएको छ (UN, 1948)। नेपालमा सन १९९४ देखि हाल सम्म परिस्कृत, परिमार्जन र ज्येष्ठ नागरिक उत्तरदायीवजेट को रुपमा समावेश गरिरहेको सन्दर्भमा ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा परेको प्रभावको अनुसन्धान आवश्यकता भएकोले यो अनुसन्धान गरिएको हो ।

असंलग्न सिद्धान्त अनुसार जव मानिसहरू बुढेसकालमा पुग्छन उनीहरू आफ्नो परिवार र समाजवाट अलग हुन्छन् यसले सामाजिक क्रियाकलापहरूमा बृद्धावस्थाका जनसंख्याको सहभागिता न्यून हुन्छ । अनि जव बृद्धावस्थाका जनसंख्या आफ्नो नियमित काम गर्न सक्दैनन् तव उनीहरू आफ्नो सामाजिक जीवन गुमाउनेछन् । यसकारणले पनि ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव थाहा पाउनु जरुरी छ ।

र गतिविधि सिद्धान्त अनुसार विभिन्न सरकारी र गैरसरकारी संस्थाहरू ज्येष्ठ नागरिक जनसंख्यालाई विभिन्न आयमूलक, सृजनात्मक र उत्पादनमुलक गतिविधिहरूमा संलग्न गराउनु पर्छ । जसले गर्दा बृद्धावस्थाका जनसंख्यालाई खुसी संग बाँच्न मद्दत गर्दछ। बृद्धावस्थाका जनसंख्याको वित्तिय स्थिरता खुसीसाथ बाँच्नको लागि महत्वपूर्ण छ ।त्यस्ता प्रकारका अवसरहरू ज्येष्ठ नागरिकहरलाई दिईन्छ कि दिईदैन यो सन्दर्भमा यस्तो व्यावहारिक अध्ययन गर्न, कस्तो खालको व्यवहार सरकारी र गैरसरकारी संगठनले गरिरहेका छन भन्ने अध्ययनको मुल सन्दर्भ हो । यस अध्ययननका अनुसन्धान निम्नलिखित प्रश्नहरू राखेर गरिएको छ :

- ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको जनजीवनमा कस्तो खालको सामाजिक र आर्थिक प्रभाव पारेको छ?
- ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ताको सदुपयोग कसरी गर्दछन् ?
- लैगिंकरुपमा ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठनागरिकहरूमा कस्तो खालको प्रभाव पारेको छ ?
- दलित ज्येष्ठ नागरिक र गैरदलित ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रुपमा ज्येष्ठ नागरिक भत्ताको तुलनात्मक प्रभाव कस्तो छ ?

## १.६ अनुसन्धानको उद्देश्यहरू

सामान्य उद्देश्य :ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको जनजीवनमा पारेको प्रभाव पत्ता लगाउनु हुनेछ । यस अध्ययनका विशिष्ट उद्देश्य यस प्रकार छन् :

१.६.१. ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक, आर्थिक जीवनमा पारेको प्रभाव पत्ता लगाउनु हुनेछ ।

१.६.२. ज्येष्ठ नागरिकहरूले बुझेको ज्येष्ठ नागरिक भत्ता के कस्ता क्रियाकलापहरूमा सदुपयोग गर्दछन् पत्ता लगाउनु हुनेछ ।

१.६.३. ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरू वीच लैगिंक र दलित तथा गैरदलित ज्येष्ठ नागरिक वीच परेको प्रभावको तुलनात्मक अध्ययन गर्नु हुनेछ ।

## १.७ अनुसन्धानको महत्व

करीव ३ करोड जनसंख्या भएको मुलुकमा ८.१३ प्रतिशत ज्येष्ठ नागरिक भएको मुलुक हो । आफ्नै संस्कृति, संस्कार, रहनसहन, चालचालन, रीतिरिवाज चाडपर्व भएको मुलुक हो । बिश्वव्यापिकरण, रोजगारी, उच्च शिक्षाका कारणले आफ्नो भविष्यको सुनिश्चितताका लागि एक जिल्लाबाट अर्को जिल्ला, एक देशबाट अर्को देश, खाडी, युरोपियन, एसियन मुलुकमा गई धन, ज्ञान आर्जन गरी रहेका छन् । यसरी युवायुवती एक देशबाट अर्को देश र एक गाउँबाट अर्को गाउँ शहर विभिन्न लक्ष्यका साथ बाहिर जाँदा घरमा बृद्धबृद्धाहरू मात्र रहन पुगेको अवस्था छ । यस्तो अवस्थाले बुढ्यौली लागेको आमा बुवालाई हेरचाह, ख्याल र सुरक्षामा कमी भएकोले ज्येष्ठ नागरिकहरूमा सामाजिक मनोबैज्ञानिक रुपमा नकरात्मक असर पर्न गएको अवस्था छ ।

ज्येष्ठ नागरिकहरूको जीवनयापनमा सहज, सुन्दर र गर्व गर्न लायक बनाउन राज्य, परिवार र सन्तानको अहम भूमिका हुन्छ । र आफैले जन्माएका हुर्काएका छोराछोरी, ज्येष्ठ नागरिकहरूको आफन्तले नै ज्येष्ठ नागरिकहरू प्रति आर्थिक बोझका रुपमा लिएर र्दुब्यवहार भएको वा गर्ने गरिएको पाईएको छ । बृद्ध अवस्थामा झन बढी माया ममताको खाँचो भएको हुन्छ । स्वस्थ बन्न र अनेक रोगको आक्रमणबाट बच्न पनि पोषणयुक्त खाना, सम्माननीय व्यवहार, साथसंगत सँग भेटघाट, दुख सुख आदानप्रदान, ईच्छाइएको ठाउमा घुमघाम गराईदिन छोराछोरी प्रथम कर्तव्यपालकको रुपमा मानिएता पनि यसमा पर्याप्त

साथ नदिइएको कारणले स्वास्थ्य विग्रन गई अकालमा ज्यान जाने, जीवन प्रति वितृष्णा भई अन्य दुर्घटना हुने सम्भावना भएको हुँदा ज्येष्ठ नागरिक प्रति परिवार, समाज र राज्य गम्भीर भई उनीहरूको अवस्था सुदृढ बनाउन लाग्नु पर्ने अपरिहार्यता छ । ज्येष्ठ नागरिकलाई व्यवस्था गरिएको भत्ताबाट लाभान्वितको सामाजिक आर्थिक जनजीवन कस्तो भएको छ भन्ने अध्ययनको जरुरी भएकोले यो अनुसन्धान अन्यन्त आवश्यक छ ।

कोही नछुटुन्, नीति निर्मातालाई सुझाव, ज्येष्ठ नागरिक संग सरोकार राख्ने जो कोहीलाई जानकारी प्रदान गर्न अध्ययनको आवश्यक छ ।

## १.८ अध्ययनका सीमाहरू

प्रस्तुत अनुसन्धान स्नातकोत्तर तह ग्रामीण विकास कार्यक्रममा मानविकी तथा सामाजिक शास्त्र  संकायको शोधपत्र पूरा गर्न गरिएको शैक्षिक अध्ययन हो । यो अध्ययन गण्डकी प्रदेश अन्तरगत तनहूँ जिल्ला व्यास नगरपालिकाको बडा नं १० र ११ मा मात्र गरिएको छ । सामाजिक सुरक्षामा अन्य भत्ताहरू पनि रहेका छन तर यो अध्ययन निरन्तर रुपमा व्यास नगरपालिकाबाट ज्येष्ठ नागरिक भत्ता बुझ्दै आउनु भएका ज्येष्ठ नागरिकहरू मध्येवाट ६० + वर्ष का ज्येष्ठ नागरिकहरूलाई मात्र समावेश गरिएको छ । सामाजिक सुरक्षा भत्तामा अन्य भत्ता परेता पनि यो अध्ययन ज्येष्ठ नागरिक भत्ताको मात्र गरिएको अध्ययन हो । यस अध्ययनमा ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार अन्य वर्गमा पर्ने ज्येष्ठ नागरिकहरू ७० वर्ष भन्दा माथिका र दलित ज्येष्ठ नागरिकहरू ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरू समावेश गरिएको छ ।

यो अध्ययन गुणात्मक भएको हुनाले उद्देश्यमूलक छनौट विधिबाट नमुना लिएर अध्ययन गरिएको हुँदा भौगोलिक अवस्था, गाऊँ सहरहरूमा मैले अनुसन्धान गरेको निष्कर्ष अर्को ठाउँमा लागू नहुन वा  सवैलाई यही मान्य नहुन पनि सक्छ ।

## १.९ अध्ययनको संगठन

यस अध्ययनको संगठन छ अध्यायमा संगठित गरिएको छ । **पहिलो अध्याय** परिचय भागमा अध्ययनको पृष्ठभूमि, सैद्धान्तिक दृष्टिकोण, पुर्वसाहित्यको पुनरावलोकन,अवधारणात्मक ढाँचा, समस्याको कथन, अनुसन्धानको उद्देश्यहरू, अनुसन्धानको महत्व र अनुसन्धानका सीमाहरू समेटिएको छ । **दोश्रो अध्यायमा** अनुसन्धान विधिहरूमा अध्ययन क्षेत्र र अध्ययन


क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, नमुना छनौट विधि, तथ्यांकको प्रकृति तथा श्रोतहरू, तथ्यांक संकलन विधि, व्यास नगरपालिकाको ज्येष्ठ नागरिकको अवस्था, अध्ययनमा नैतिक स्पष्टिकरण, बैधता र विश्वासनीयता लाई समावेश गरिएको छ । **अध्याय तीनमा** ज्येष्ठ नागरिकहरूको सामाजिक अवस्था र प्रभाव मा अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूको उमेर, लिङ्ग लगायतको विभिन्न सामाजिक अवस्था र प्रभावका विभिन्न शीर्षक उपशीर्षक राखिएको छ । त्यस्तै गरी **अध्याय चारमा** ज्येष्ठ नागरिकहरूको आर्थिक अवस्था र प्रभावहरू संग सम्बन्धित रहेका जग्गा जमिनहरू, आम्दानीको श्रोतहरू, नियमित बुझिरहेका ज्येष्ठ नागरिक नगद भत्ताको रकम जस्ता विभिन्न आर्थिक अवस्था र प्रभाव को अवस्था संग सम्बन्ध राख्ने विभिन्न शीर्षक उपशीर्षकहरू समावेश गरिएको छ । **अध्याय पाँचमा** ज्येष्ठ नागरिक भत्ताले दलित ज्येष्ठ नागरिक र गैरदलित ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रुपमा परेको, लैङ्गिक रुपमा परेको तुलनात्मक विश्लेषण गरिएको छ । र अन्तमा **अध्याय छ मा** शोधपत्रबाट साराँश, नतिजा, निस्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । त्यस्तै गरी सन्दर्भ सामग्रीहरू, अनुसूचि क अर्न्तगत वैयक्तिक अध्ययन र अनुसूचि ख मा वैयक्तिक अध्ययनमा प्रश्नावली, अनुसुचि ग मा अध्ययनका क्रममा लिईएका तस्विरहरू  र वैयक्तिक अध्ययनमा छानिएका उत्तरदाताहरूको नामावली समावेश गरिएको छ ।

# अध्याय–दुई

# अनुसन्धान विधिहरू

## २.१ अध्ययन क्षेत्र र अध्ययन क्षेत्रको छनौट :

यो अध्ययनको क्षेत्र व्यास नगरपालिकाको वडा नं १० र ११ मा नियमित भत्ता बुझिरहेका ज्येष्ठ नागरिकको संख्यालाई आधार मानी तयार गरिएको हो । दुईवटा नै वडा नं १० र ११ को कार्यालयमा गई मौखिक रुपमा ज्येष्ठ नागरिक भत्ताको अध्ययन नभएको भन्ने जानकारी प्राप्त भएकोले, व्यास नगरपालिकामा अधिक संख्यामा वडा नं १० र ११ मा ज्येष्ठ नागरिक संख्या भएकोले व्यास नगरपालिकाका  वडा नं १० र ११ लाई अध्ययन क्षेत्र छनौट गरिएको हो ।



## २.२ अनुसन्धानको ढाँचा :

यो अनुसन्धान गुणात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । बैयक्तिक अध्ययन बाट तथ्याँकहरूको संकलन गरिएको छ । यस अध्ययनले ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थालाई गुणात्मक अनुसन्धान ढाँचावाट वैयक्तिक अध्ययन गरेर प्राप्त नतिजालाई व्याख्या र विश्लेषण गरिएको छ ।

## २.३ नमुना छनौट पद्धति :

यस अनुसन्धानको लागि तनहूँ जिल्ला व्यास नगरपालिका वडा नं १० र ११ का २० जना नियमित भत्ता बुझिरहेका ज्येष्ठ नागरिकहरूको वैयक्तिक अध्ययन गर्न उद्देश्यमुलक नमुना छनौट विधि मार्फत अनुसन्धानका लागि नमुना छनौट गरिएको हो । जसमध्ये ६ जना दलित : महिला ४ जना र पुरुष २ जना, ४जना जनजाति : महिला ३ जना र पुरुष १ जना र अन्य : १० जना जसमा ५ जना महिला र ५ जना पुरुष छानिएको छ ।

व्यास नगरपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने, सवै खालको भत्ता, पाउने लाभग्राहीको आधारमा हेर्दा सवै भन्दा धेरै सामाजिक सुरक्षा भत्ता पाउने वडा नं ११ र १० रहेको पाईयो । जहाँ वडा नं ११ मा १२ प्रतिशत र वडा नं १० मा १० प्रतिशत (http://donidcr.gov.np/SSdata/index) लाभग्राही पाईएकोले अनुसन्धानकर्ताले उद्देश्यमुलक नमुना छनौट विधि प्रयोग गरी शोध शीर्षक ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव अध्ययन गर्दा शोधपत्रको उद्देश्य पुरा हुन सक्ने भएकाले व्यास नगरपालिका वडा नं १० र ११ लाई अध्ययन क्षेत्र छनौट गरिएको हो ।

आ.व. २०७३/०७४ मा जम्मा १४७९ जना ज्येष्ठ नागरिक मध्ये व्यास नगरपालिकामा ज्येष्ठ नागरिक दलित ४०३ जनाले र ज्येष्ठ नागरिक अन्य १०७६ जनाले भत्ता बुझेको पाईएको छ । यो तथ्याँकमा भत्ता बुझ्ने दलित ज्येष्ठ नागरिक २७ प्रतिशत र अन्य ज्येष्ठ नागरिक ७३ प्रतिशत देखिन्छ । र यस अध्ययनमा २० जना जम्मा ज्येष्ठ नागरिकमा ६ जना (२३ प्रतिशत) दलित ज्येष्ठ नागरिक र १४ जना (७७ प्रतिशत) अन्य ज्येष्ठ नागरिक २०७३/०७४ मा भत्ता बुझ्ने महिला पुरुषको प्रतिशतलाई आधार बनाईलिईएको छ ।

त्यस्तै गरी व्यास नगरपालिकामा आ.व २०७२/०७३ मा नियमित सामाजिक सुरक्षा भत्ता बुझ्ने महिला ज्येष्ठ नागरिक १९७५ जना (६६ प्रतिशत) र पुरुष ज्येष्ठ नागरिक १०१२

जना (३४ प्रतिशत) रहेको तथ्याँक छ । यसलाई आधार मानी १२ जना (६० प्रतिशत) महिला ज्येष्ठ नागरिक र ८ जना (४० प्रतिशत) पुरुष ज्येष्ठ नागरिकलाई छान्दा प्रतिनिधिमूलक हुने देखिएकोले अध्ययनमा छानिएको हो ।

| **वडा नं** | **ज्येष्ठ नागरिक (अन्य)** | **ज्येष्ठ नागरिक (दलित)** | **ज्येष्ठ नागरिक (एकल महिला)** | **ज्येष्ठ नागरिक (बिधवा)** | **जम्मा** |
|---|---|---|---|---|---|
| १० | १९० | १२३ | २०० | ७४ | ५८७ |
| ११ | ३१६ | १५५ | १६१ | ७५ | ७०७ |
| **नमुना बैयक्तिक अध्ययन** | **अन्यः १०**<br>महिलाः ५<br>पुरुषः ५ | **दलित :६ जना**<br>महिलाः ४जना<br>पुरुषः २ जना | | **जनजातिः४ जना**<br>महिलाः३ जना<br>पुरुषः १ जना | **जम्माः २० जना**<br>महिला : १२<br>पुरुष : ८ |

## २.४ तथ्याँकको प्रकृति तथा श्रोतहरू :

यसअनुसन्धानको तथ्याँक गुणात्मक प्रकृतिकोरहेको छ । प्राथमिक तथ्याँकको रुपमा व्यासनगरपालिकाको वडा नं १० र ११ मा नियमित भत्ता बुझिरहेका ज्येष्ठ नागरिकको संख्यालाई आधार मानिएको छ । यस अध्ययनमा तथ्याँक लिंदा गहिरो अर्न्तवार्ता माध्यमवाट वैयक्तिक अध्ययन र अवलोकन गरिएको छ ।

## २.५ तथ्याँक संकलन विधि

उद्देश्यमुलक विधिवाट अध्ययन गरिनु पर्ने ज्येष्ठ नागरिकरु सामु लागि अन्तरवार्ता विधि प्रयोग गरी बैयक्तिक अध्ययन विधिवाट तथ्याँक संकलन गरिएको छ । तथ्याँक संकलन गर्नु भन्दा पहिले नमुना छनौटमा परेका उत्तरदाताहरू संग अनुमति लिईएको थियो । प्रश्नावली प्रस्तुत गरे पछि सोको उत्तरलाई नोटमा टिप्ने र अनुमति अनुसार रेकर्ड गरिएको थियो ।

तालिका १:**व्यास नगरपालिका का ज्येष्ठ नागरिकहरू को अवस्था :**

| क्र. स. | आ ब | ज्येष्ठ नागरिक भत्ताअन्य | ज्येष्ठ नागरिक भत्ता -दलित) | एकल महिला भत्ता | बिधवा भत्ता | लोपोन्मुख आदिवासी/जनजाति | पूर्ण अपाङ्गता अति | अति अशक्त अपाङ्गता | बलबालिका सुरक्षा भत्ता | ज्ये. ना औ उपचार भत्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७१/०७२ | ८९० | २९१ | ८६६ | | ३ | ३८ | ६ | ३३० | |
| २ | २०७२/०७३ | १०४५ | ३८६ | १०६३ | | ३ | ४९ | ३३ | ४०८ | |
| ३ | २०७३/०७४ | १०७६ | ४०३ | १११६ | | ३ | ४८ | ५२ | ४०५ | |
| ४ | २०७४/०७५ | ११०५ | ४२५ | ९६६ | | ३ | ५४ | ५४ | ३५० | |
| ५ | २०७५/७६ | २३९४ | १००८ | १६९० | ७८५ | २ | ११० | १५२ | ७९८ | ३३७७ |

श्रोत : व्यास नगरपालिकाको कार्यालय

द्धितिय तथ्याँकको रुपमा NLSS, CBS, व्यास नगरपालिका प्रतिवेदन, प्रतिवेदन, लेख, ज्येष्ठ नागरिक पत्रिका ।

## २.६ तथ्यांक प्रस्तुतीकरण र विश्लेषण

यस अध्ययनमा ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययन घटना अध्ययनका लागि उद्देश्यमुलक नमुना छनौटमा परेका उत्तरदाताहरूको अन्तरर्वाता लिई गुणात्मक विधिवाट अध्ययन गरिएको छ । र यस अध्ययनमा गरिएको घटना अध्ययन गरी प्राप्त तथ्याँकलाई  कोड गरी, वर्गीकरण गरी उस्तै गुण विशेषतालाई एउटै समूहमा राखी ती एउटै समूहका गुण विशेषतालाई सर्ट गरी तथ्याँक प्रस्तुत गरी र प्राप्त भएको नतिजालाई व्याख्या गरिएको छ ।

## २.७ नैतिक स्पष्टिकरण :

ग्रामीण विकास विषयमा स्नातकोत्तर तहको दशौं पत्र शोधपत्र तयार गर्नका लागि “ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव” प्रस्तावना स्वीकृत भए पछि व्यास नगरपालिकाको कार्यालय सामाजिक

सुरक्षा शाखा प्रमुखलाई भेटेर यस विषयमा गर्न लागिएको अध्ययन वारे जानकारी गराएँ । र अध्ययनका लागि अनौपचारिक मौखिक स्वीकृति लिएँ । त्यस पछि वडा नं १० र ११ को कार्यालयमा कर्मचारीसंग समन्वय गरेर शोध गर्न लागेको यो विषय अहिले सम्म नभएको जानकारी पाएँ । त्यस पछि हाल ज्येष्ठ नागरिक भत्ता बुझिरहेका नागरिकको तथ्याँक समेत संकलन गरें । त्यस पछि उद्देश्यमुलक नमुना छनौट मा परेका ज्येष्ठ नागरिकलाई मैले गर्न लागेको शोधमा सहभागिताका लागि उद्देश्य बताएर अर्न्तवार्तामा दिइएका कुनै पनि विषयको गोपनियता कायम हुने आश्वस्त गरेर ज्येष्ठ नागरिकहरूको मौखिक स्वीकृति पछि अर्न्तवार्ता लिएको थिएँ ।

## २.८ बैधता र विश्वासनीयता

कुनै पनि अनुसन्धान गरी सके पछि सो को बैधता र विश्वासनीयतामा जवाफदेही हुनु पर्ने हुन्छ र तसर्थ अनुसन्धानमा बैधता र विश्वसनीयताको महत्वपूर्ण स्थान रहेको हुन्छ । यस शोधपत्रमा ज्येष्ठ नागरिकहरूले पाउदै आएका भत्ताले सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभावका वारेमा अनुसन्धान गरिएको छ । त्यसकारण अध्ययनमा सम्पूर्ण उत्तरदाताहरू भत्ता पाईरहेका ज्येष्ठ नागरिकहरू मात्र र ज्येष्ठ नागरिकहरूको जनजीवनमा परेको सामाजिक र आर्थिक प्रभाव संग मात्र सम्बन्धित रहेर अध्ययन गरिएको हो । यस अध्ययनमा उस्तै खालका प्रश्न राखेर सवै जना भत्ता पाईरहेका ज्येष्ठ नागरिकहरू कोवैयक्तिक अध्ययन विधिवाट उत्तर खोजिएको थियो तसर्थ यस अनुसन्धानवाट प्राप्त नतिजाहरू विश्वासनीय रहेको छ । र यस अनुसन्धानमा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गई प्राथमिक तथ्याँकहरू संकलन गरी नतिजामा पुगी व्याख्या गरिएको हुँदा विश्वासनीयता कायम भएको छ ।

# अध्याय–तीन

# ज्येष्ठ नागरिकहरूको सामाजिक अवस्था र प्रभाव

## ३.१ अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरू

### ३.१.१ व्यक्तिगत उमेर समूह :

यस अध्ययनमा ६० वर्ष पुरा भएका र ७० वर्ष भन्दा कम उमेर ज्येष्ठ नागरिकहरू मा **३ जना** दलित (घटना ६, १५ र १९) समूदायका अध्ययन गरियो । जसमा २ जना पुरुष र १ जना महिला ज्येष्ठ नागरिकहरू अध्ययनमा समावेश गरिएको छ ।

७१ वर्ष भन्दा माथि र ८० वर्ष सम्मका **९ जना** ज्येष्ठ नागरिकहरूलाई अध्ययनका क्रममा समावेश गरिएको छ । ९ जना ज्येष्ठ नागरिकहरूमा (घटना १, २, ३, ४, ५, ७, ११, १७ र १८ ) ८ जना महिला ज्येष्ठ नागरिकहरू र १ जना पुरुष ज्येष्ठ नागरिक समावेश गरिएको छ । जातिगत रुपमा दलित ३ जना, जनजाति २ जना र अन्य ४ जना अध्ययनमा समावेश गरिएको छ ।

त्यस्तै गरी ८१ वर्ष देखि माथि रहेका ज्येष्ठ नागरिकहरूमा **८ जना** (घटना : ८, ९, १०, १२, १३, १४, १६, र २०) ज्येष्ठ नागरिकहरूलाई घटना अध्ययन मा समावेश गरिएको छ । जहाँ ५ जना पुरुष र ३ जना महिला रहेका छन् । जातिगत रुपमा ६ जना अन्य र २ जना जनजाति रहेका छन् ।

### ३.१.२ लिङ्ग :

लैङ्गिक दृष्टिकोणले १२ जना महिला ज्येष्ठ नागरिकहरूमा (घटना १, २, ४, ५, ७, ११, १३, १४, १६, १७, १८ र १९) रहेका छन भने पुरुष ज्येष्ठ नागरिकहरूमा ८ जना (घटना ३, ६, ८, ९, १०, १२, १५, र २० रहेका छन् ।

### ३.१.३ जातिगत स्थिति :

यस अध्ययनमा जातिगतरुपमा दलित ज्येष्ठ नागरिकहरू ६ जना जस मध्ये पुरुष दलित : २ जना (घटना ६ ,१५ ) र महिला दलित : ४ जना) घटना : ५,११, १८, १९ रहेका छन् । त्यस्तै गरी जनजातिगत रुपमा ४ जना जनजाति ज्येष्ठ नागरिकहरूमा पुरुष जनजातिमा १

जना (घटना १२) र महिला ज्येष्ठ नागरिकमा ३ जना - घटना ७, १६ र १७ ) रहेका छन् । त्यस्तै गरी अन्य ज्येष्ठ नागरिकहरूमा १० जना मध्ये अन्य पुरुष ज्येष्ठ नागरिकहरू ५ जना (घटना : ३,८,९,१० र २०) र अन्य महिला ज्येष्ठ नागरिकहरू ५ जना (घटना : १, २, ४, १३ र १४ ) रहेका छन् ।

### ३.१.४ ज्येष्ठ नागरिकहरूको बसाईको अवस्था :

छोरा : १२ जना(घटनाः २,७,८,९,१०, १३,१४,१६,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरू छोरासंग वसोवास गर्दछन जसमा पुरुष ४ र महिला ८ जना तथा जातिगत रुपमा दलित २ जना, जनजाति ३ जना र अन्य ७ जना ज्येष्ठ नागरिकहरू छोराको साथमा वसिरहेका छन् ।

छोरी : अध्ययनमा संलग्न २ जना (घटना ५ र ११) ज्येष्ठ नागरिकहरू छोरीसंग वसोवास गर्दछन् । दुवै जना दलित महिला ज्येष्ठ नागरिकहरू छोरीको साथ बसेको पाईयो ।

एक्लै : १ जना (घटनाः १) महिला अन्य ज्येष्ठ नागरिक एक्लै वसोवास गर्छन् ।

श्रीमान श्रीमति : ४ जना (घटनाः३,४,६ र १५)ज्येष्ठ नागरिकहरू श्रीमान श्रीमति वसोवास गर्दछन । जसमा महिला १ जना र पुरुष ३ जना तथा जातिगत रुपमा दलित २ जना, अन्य २ जना ज्येष्ठ नागरिक श्रीमान श्रीमति वसोवास गर्दछन् ।

भाई : १ जना (घटना १२)ज्येष्ठ नागरिक भाई संग वसोवास गर्दछन ।

## ३.२ ज्येष्ठ नागरिकहरूको छोराछोरीहरूको संख्या :

### ३.२.१ छोराछोरीहरू :

२ जना - अध्ययनमा संलग्न एक जना (घटना ५) ज्येष्ठ नागरिकको २ वटा बच्चाहरू रहेको पाईयो ।

३ जना - अध्ययनमा संलग्न ४ जना (घटना ७, १३,१४,१७ )ज्येष्ठ नागरिकहरूको ३ जना बच्चाबच्ची हरू रहेको पाईयो ।

४ जना - अध्ययनमा संलग्न ७ जना (घटना १,३,४,६,११,१५ र १९) ज्येष्ठ नागरिकहरूको ४ जना बच्चाबच्चीहरू रहेको पाईयो ।

५ जना - अध्ययनमा संलग्न एक जना (घटना २) ज्येष्ठ नागरिकको ५ जना बच्चाबच्चीहरू रहेको पाईयो ।

६ जना - अध्ययनमा संलग्न ४ जना (घटना ८,९,१०,१६) ज्येष्ठ नागरिकहरूको ६ जना बच्चाबच्चीहरू रहेको पाईयो ।

७ जना - अध्ययनमा संलग्न एक जना (घटना २०) ज्येष्ठ नागरिकको ७ जना बच्चाबच्ची रहेको पाईयो ।

८ जना - अध्ययनमा संलग्न एक जना (घटना १८) ज्येष्ठ नागरिकको ८ जना बच्चाहरू रहेको पाईयो ।

### ३.२.२ छोराछोरी दुवै नहुने :

१ जना (घटना १२) ज्येष्ठ नागरिकको सानैमा विहे गरेका तर विहे गरेको केही वर्षमा श्रीमति विते पछि त्यस पछि दोश्रो विहे नगरीकन भाईसंग वस्दै आउनु भएको छ । त्यसकारण उहांको श्रीमति,वच्चा दुवै छैन । उहाँ जनजाति पुरुष हुनु हुन्छ ।

## ३.३ ज्येष्ठ नागरिकहरूको शैक्षिक अवस्था :

२० जना ज्येष्ठ नागरिकहरूमा १६ जना(घटनाः १, २, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १६, १७ , १८, १९ र २०) ज्येष्ठ नागरिकहरू निरक्षर रहेको पाईयो । जसमा महिला ११ जना, पुरुष ५ जना, जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य ७ जना निरक्षर रहेका छन् । त्यस्तै गरी ४ जना ज्येष्ठ नागरिकहरू (घटना : ३, ४, १० र १५ ) साक्षर रहेका छन् । जसमा महिला १ जना र पुरुष ३ जना तथा जातिगत रुपमा दलित १ जना र अन्य ३ जना साक्षर रहेका छन् ।

कुनै पनि मुलुकमा गुणस्तर जीवन शैली यापन का लागि आम्दानी र पेशाले ठूलो भूमिका खेलेको हुन्छ । शिक्षाले मानिसलाई गरिने व्यवहारमा फरक पार्छ । आधुनिक शिक्षाको शुरुवात नै नेपालमा अन्य देशको तुलनामा आम नागरिकको पहुँचमा निकै नै ढिलो भएको वि.स. २००७ सालमा प्रजातन्त को उदय भए पछि नै सार्वजनिक रुपमा नेपालमा विद्यालय खोल्न थालिए । त्यसमा पनि सवैको पहुंच पुग्न नसकेको कारणले हालका अध्ययनमा संलग्न करीव ७० वर्षका ज्येष्ठ नागरिकहरूमा निरक्षरको जमात धेरै देखिन गएको हो ।

## ३.४.ज्येष्ठ नागरिकले बृद्धाभत्ता पाउने प्रक्रिया :

### ३.४.१ ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता कार्ड बनाउँदा आवश्यक कागजपत्र :

नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो सहित निवेदन नै बृद्धाभत्ता कार्ड बनाउँदा आवश्यक कागजपत्र भएको अध्ययनमा संलग्न सवै ज्येष्ठ नागरिकहरूले बताएका छन् ।

घटना १ का अनुसार "नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटोकपि सहित निवेदन गरे पछि केही महिनामा मेरो कार्ड बन्यो" ।

नेपाल सरकारले प्रत्येक मंसिर महिनामा ज्येष्ठ नागरिक भत्ताका लागि उमेर पुगेका ज्येष्ठ नागरिकहरूलाई निवेदन आव्हान गरेको हुन्छ । सो समयमा नागरिकताको फोटोकपि, पासपोर्ट साइजको फोटो २ वटा सहित निवेदक उपस्थित भई पेश गर्नुपर्ने हुन्छ सो बमोजिम अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूले कागजपत्र पेश गरेको प्रष्ट हुन्छ ।

### ३.४.२ ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदाको अनुभव :

सम्पूर्ण ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक परिचय पत्र बनाउंदा सजिलो भएको वताएका छन् ।

घटना १ का अनुसार "ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउन म र मेरो दाजू भएर व्यास नगरपालिकामा गएर नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटोकपि सहित निवेदन गरे पछि केही महिनामा मेरो कार्ड बन्यो ।" घटना २ अनुसार "बुहारी तथा घरपरिवारको साथ सहयोगले नै भत्ता कार्ड बनाउन सजिलो भयो ।" घटना ३ अनुसार "नागरिकता फोटो लिएर गए पछि त्यही दिनमा सवै कागजातमा सहीछाप गरेर छोडें । त्यस पछिको केही समय पछि कार्ड बन्यो ।" घटना ५ अनुसार "ज्येष्ठ नागरिक परिचय पत्र बनाउदा नागरिकताको फोटोकपि र फोटो लगेर नगरपालिकामा पेश गरे पछि ज्येष्ठ नागरिक परिचय पत्र बनाएँ ।" घटना ६ अनुसार "ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा वडामा मंसिरमा गएर फाराम भर्दा नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि अर्को असोजबाट ज्येष्ठ नागरिक भत्ता पाएँ ।" घटना ७ अनुसार "शुरुमा ७० वर्ष पूरा भए पछि नागरिकताको फोटोकपि नगरपालिकामा दिए पछि मेरो कोही थिएन यताउता जाउ भन्थे गएँ अनि ज्येष्ठ नागरिक भत्ताको कार्ड बनाउन छाडें ।" घटना ८ अनुसार "ज्येष्ठ नागरिक परिचय पत्र बनाउदा नागरिकताको फोटोकपि र फोटो लगेर दमौलीमा

व्यास नगरपालिकामा पेश गरे पछि ज्येष्ठ नागरिक परिचय पत्र बनाएं । घर परिवारले पनि सहयोग गर्नु भयो । नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । कार्ड बनाउदा सजिलै संग बनाएँ ।" घटना ९ अनुसार "ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउनका लागि ७० वर्ष पूरा भए पछि नगरपालिकामा गएर नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि कार्ड सजिलै बन्यो ।" घटना १० अनुसार "शुरुमा मैले व्यास नगरपालिकाको कार्यालय दमौलीमा मेरो नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरेपछि त्यसको केही महिना पछि कार्ड बनेर आयो ।"

अध्ययनमा संलग्न सम्पुर्ण ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदा मात्र नागरिकताको फोटोकपि र फोटो आवश्यक पर्ने भएकोले अन्य झन्झट विना बनाएको पाईयो ।

**३.४.३ ज्येष्ठ नागरिकहरूलाई कर्मचारी तथा कार्यालयले गरेको सहयोग वा असहयोग :**

सम्पूर्ण ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक परिचय पत्र बनाउंदा कर्मचारी तथा कार्यालयले सहयोग गरेको वताएका छन् ।

घटना १ का अनुसार "नगरपालिकाका कर्मचारीले पनि सहयोग गर्नु भयो तर मलाई भत्ता पाउन अप्ठ्यारो भएन ।" घटना २ अनुसार "बुहारी संग गएको थिएं कार्यालयमा यताउता गर्दा उनीले नै गएर हाकिमहरूको सही गरेर बनाउँदा अप्ठ्यारो नभईकन बनाए । कार्यालयका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो ।" घटना ३ अनुसार "म आफै नगरपालिकामा गएर राधा शंकर नाम गरेका आफन्त कर्मचारी थिए उनै संग गएं । नागरिकता फोटो लिएर गए पछि त्यही दिनमा सवै कागजातमा सहीछाप गरेर छोडें । त्यस पछिको केही समय पछि कार्ड बन्यो । कर्मचारीहरूले पनि कार्ड बनाउन सहयोग गर्नुभयो ।" घटना ५ अनुसार "नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । कार्ड बनाउदा सजिलै संग बनाएँ ।" घटना ६ अनुसार "यो ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । विना झन्झट कार्ड बन्यो ।" घटना ८ अनुसार "नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो ।" घटना ९ अनुसार "हामीले कार्ड बनाउने वेलामा वडाकार्यालय आएको थिएन । नगरपालिकामा नै जानुपर्थ्यो । नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । पेश गरेको केही महिना पछि कार्ड पनि बन्यो अनि भत्ता पनि आयो ।" घटना १० अनुसार "मलाई नगरपालिकाका कर्मचारीले

पनि भत्ता कार्ड बनाउदा सहयोग गर्नु भयो । फलस्वरुप मैले ४ महिनाको शुरुमा रु. २००० भत्ता पाएँ ।”

ज्येष्ठ नागरिकहरूलाई नेपाल सरकारका वडा तथा स्थानिय तहका कर्मचारीहरूले ज्येष्ठ नागरिक भत्ता को निवेदन देखि भत्ता पाउने वेला सम्म सहयोग गरेको पाईयो ।

### ३.४.४ ज्येष्ठ नागरिकलाई परिचय पत्र बनाउँदा घर परिवारले गरेको सहयोग :

सम्पूर्ण ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक परिचय पत्र बनाउंदा घरपरिवारले परिचय पत्र बनाउँदा सहयोग गरेको वताएका छन् ।

घटना १ का अनुसार “म एक्लै बस्ने छोराहरू पनि विदेश बुहारीहरू नजान्ने त्यही भएर भाई संग गएर कार्ड बनाएँ । परिवारमा पनि सहयोग नै भयो ।” घटना २ अनुसार “करीव १० वर्ष अघि बुहारी संग व्यास नगरपालिकाको कार्यालयमा नै गएर ज्येष्ठ नागरिक भत्ताको (कार्ड) परिचय पत्र बनाएको हो, बुहारी तथा घरपरिवारको साथ सहयोगले नै भत्ता कार्ड बनाउन सजिलो भयो ।” घटना ३ अनुसार “छोराले बा कार्ड बनाउन जानु भन्यो ।” घटना ५ अनुसार “श्रीमान पनि संगै गएर भत्ता कार्ड बनाएको हो । घर परिवारले पनि सहयोग गर्नु भयो” । घटना ६ अनुसार “परिवारमा पनि श्रीमतिले घरपरिवारले पनि सहयोग गरे ।” घटना ७ अनुसार “घर परिवारले जाउ भनेर सहयोग गरे । कार्ड बनाउदा म एक्लै गएँ ।” घटना ८ अनुसार “घर परिवारले पनि सहयोग गर्नु भयो ।” घटना ९ अनुसार “यो कार्ड बनाउँदा घरमा श्रीमति छोराहरूले जानुस भनेर भने । अनि सहयोग पनि गरे ।” घटना १० अनुसार “यसरी कार्ड बनाउने क्रममा मेरो परिवारमा श्रीमति छोराहरूले भत्ता कार्ड बनाउन जानु भनेर म दमौलीमा गएँ , घरपरिवारले सहयोग गर्नु भयो ।”

धेरै जसो ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदा घर परिवारका सदस्यले वडा कार्यालय वा नगरपालिका जान र परिचय पत्र बनाउन उत्प्रेरित गरेको प्रष्ट हुन्छ ।

## ३.५ ज्येष्ठ नागरिकहरूको अनुभव :

### ३.५.१ ज्येष्ठ नागरिकहरूले पहिलो पटक भत्ता बुझ्दाको अनुभव :

सम्पूर्ण ज्येष्ठ नागरिकहरूले पहिलो पटक भत्ता बुझ्दा खुशी भएको वताएका छन् ।

पहिलो पटक बृद्धाभत्ता बुझदा केही ज्येष्ठ नागरिकहरूले यसरी आफना अनुभवहरू व्यक्त गरेका छन् ।

घटना २ ज्येष्ठ नागरिक महिला अनुसार "नमरेसम्म यो भत्ता लिन पाईयोस" भन्नुभयो । घटना ५ का दलित महिला ज्येष्ठ नागरिक अनुसार पहिलो पटक बृद्धाभत्ता पाउँदा "विना घाम विना पानी यस्तरी भत्ता खाना पाएँ ।" त्यस्तै गरी घटना १९ दलित महिलाले पहिलो पटक बृद्धा भत्ता पाउँदा "सरकारले बृद्धबृद्धाले खाउनलाउन भनेर भत्ता दिएको हो भन्नु भयो । "कामै नगरी कमाई भयो" भनेर घटना १५ का ज्येष्ठ नागरिक दलित पुरुष भन्नु हुन्छ । त्यस्तै गरी घटना २० ज्येष्ठ नागरिक अन्य पुरुष का अनुसार "कोदालो खेलाउने मान्छेले भत्ता पाईयो ।" घटना ३ अन्य ज्येष्ठ नागरिकले भने "पकेटमा पैसा हुने भयो भनेर रमाएँ ।" घटना ९ अन्य ज्येष्ठ नागरिकका अनुसार "जागिरै नभई पनि नगद भत्ता बुझ्दा राम्रो लाग्यो ।" घटना १० अन्य ज्येष्ठनागरिक पुरुषले भने "नगद भत्ता बुझ्दा लाख बुझे जस्तो भएको थियो" भन्नु भयो । घटना ६ ज्येष्ठ नागरिक दलित पुरुषले "जागिर नभए पनि पेन्सन पाएको छु" भन्नु भयो । घटना ४ का अनुसार पहिलो पटक भत्ता पाउँदा "बहुत खुशी भएँ" भन्नु भयो । घटना १८ दलित महिला ज्येष्ठ नागरिकका अनुसार "परिवारमा सवैजना खुशी भएको" बताउनु भयो ।

भत्ता पाए पछि केही नवताएका ज्येष्ठ नागरिक ८ जनामा घटना १, ७, ११,१२, १३, १४,१६ र १७ हुन्, जसमा पुरुष १ जना, महिला ७ जना तथा दलित ज्येष्ठ नागरिक १ जना, जनजाति २ जना र अन्य ३ जना ज्येष्ठ नागरिक हुनुहुन्छ ।

नगद आम्दानीको लागि छोरा, छोरी वा श्रीमानसँग भर पर्नुपर्ने ज्येष्ठ नागरिकलाई भत्ता बुझेर विभिन्न तरिकाले खुशीयाली व्यक्त गरिएको पाईयो । जीवनभर कहिं पनि नगई खेतवारीमा काम गरेर बृद्धा हुनु भएको उहाँहरूलाई या भत्ता पेन्सन जस्तो भएर खुशी भएको पाईयो ।

### ३.५.२ ज्येष्ठ नागरिकहरूले पहिलो पटक बुझेको भत्ताको रकम :

घटना ८ अन्य पुरुष ज्येष्ठ नागरिकहरूले रु.७००, घटना १४ अन्य महिला ज्येष्ठ नागरिकले रु. ६००, घटना १७ जनजाति महिला ज्येष्ठ नागरिकले रु. १००० र घटना १९ दलित महिला ज्येष्ठ नागरिकले रु. १५०० पहिलो पटक बृद्धाभत्ता पाएका थिए । त्यस्तै गरी घटना ३, ५, ७, १०,११, १३, १६ गरी सात जना ज्येष्ठ नागरिकले रु. २००० पहिलो पटक बृद्धाभत्ता बुझेका थिए । जसमा लैङ्गिक रुपमा महिला ५ जना र पुरुष २ जना थिए र जातियरुपमा दलित ज्येष्ठ नागरिक २ जना, जनजाति ज्येष्ठ नागरिक २ जना र अन्य ज्येष्ठ

नागरिक १ जना थिए । ज्येष्ठ नागरिक पुरुष जनजाति १ जना घटना १२ ले पहिलो पटक रु. ३००० भत्ता पाएका थिए । त्यस्तै गरी घटना २, ६, १५ र १८ गरी ४ जना ले रु. ४००० पहिलो पटक भत्ता पाएका थिए । जसमा लैङ्गिक रुपमा महिला २ जना र पुरुष २ जना र जातिय रुपमा दलित ज्येष्ठ नागरिक ३ जना र अन्य ज्येष्ठ नागरिक १ जना हुन् । त्यस्तै गरी घटना ४ अन्य महिला ज्येष्ठ नागरिकले रु. ८००० भत्ता पहिलो पटक बुझेका थिए । घटना १,९ र २० ले पहिलो पटक कति भत्ता बुझे भन्ने विर्सेको बताए । जसमा लैङ्गिक रुपमा २ पुरुष र १ महिला ज्येष्ठ नागरिक थिए र जातिगत रुपमा ३ जना अन्य ज्येष्ठ नागरिकहरूले कति बुझे विर्सिएको बताए ।

६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरूले पहिलो पटक रु.७०० देखि रु.४००० सम्म पाएको अवस्थावाट उहाँहरूलाई आर्थिक रुपमा निरन्तर रुपमा सरकारले भत्ता दिई रहेको र ज्येष्ठ नागरिकहरूले प्राप्त गरी रहेको प्रष्ट हुन्छ ।

### ३.५.३ पहिलो पटक भत्ता बुझेर ज्येष्ठ नागरिकले खर्च गरेका क्षेत्रहरू :

नुन किन्न : ५ जना (घटना १,५,७,१० र १७) ज्येष्ठ नागरिकहरूले पहिलो पटक ज्येष्ठ नागरिक भत्ताले नुन किनेको बताएका छन् । जसमा महिला ४ जना र पुरुष १ जना तथा जातिगत रुपमा १ जना दलित, २ जना जनजाति र २ जना अन्य ज्येष्ठ नागरिकहरू रहेका छन् ।

तेल किन्न : ९ जना (घटना १,४,५,६,७,१०,१५ र १६) ज्येष्ठ नागरिकहरूले पहिलो पटक ज्येष्ठ नागरिक भत्ताले तेल किनेर ल्याएको बताएका छन् । जसमा ३ जना पुरष र ६ जना महिला ज्येष्ठ नागरिकहरू रहेका छन् । जसमा ३ जना दलित, ३ जना जनजाति र ३ जना अन्य वर्गका ज्येष्ठ नागरिकहरूले तेल किनेको बताएका छन् ।

चामल किन्न : पहिलो पटक पाएको भत्तावाट २ जना (घटना १, २ र १८) ज्येष्ठ नागरिकले चामल किनेर ल्याएको बताए । लैङ्गिक रुपमा ३ जना महिला र जातिगत रुपमा १ जना दलित र २ जना अन्य ज्येष्ठ नागरिकले चामल किनेर ल्याएको बताए ।

त्यस्तै गरी विस्कुट किनेर ल्याएको (घटना १३, महिला अन्य), कपडा किनेर ल्याएको (घटना ११, महिला, दलित), कुकर किनेर ल्याएको (घटना ३, पुरुष अन्य), पानीवत्ती विल तिरेको (घटना ९, पुरुष, अन्य), फुटी किनेर खाएको (घटना २०, पुरुष, अन्य), सूर्ती

अल्कोहल किनेर खाएको (घटना १२, पुरुष, जनजाति), चिया चिनी र चुरोट किनेर ल्याएको (घटना ८, पुरुष, अन्य) ज्येष्ठ नागरिकहरूले पहिलो पटक पाएको भत्ताबाट किनेका थिए ।

के किने भन्ने विर्सने ज्येष्ठ नागरिकमा (घटना १४ र १९) रहेका छन् । दलित महिला १ जना र अन्य महिला १ जना ले भत्ता पाएर पहिलो पटक किनेको विर्सेको बताएका छन् ।

ज्येष्ठ नागरिकहरूले पहिलो पटक बुझेको ज्येष्ठ नागरिक भत्ताले त्यो तत्कालिन समयमा आधा जति ज्येष्ठ नागरिकले सवै भन्दा बढि अति आवश्यक जस्तै तेल, त्यस पछि नुन, चामल, विस्कुट कुकर, चिया,चिनी जस्ता कुराहरू किनेको पाईएको छ । जसले दैनिक जनजीविका चलाउन प्रत्यक्ष रुपमा सहयोग गरेको पाईयो ।

**३.५.४ परिवारमा बृद्धाभत्ता पाउने ज्येष्ठ नागरिकहरू :**

१ जना ज्येष्ठ नागरिकले मात्र बृद्धाभत्ता पाउने परिवार : ११ जना (घटना १,२, ५, ७, १०, ११, १२, १३, १४, १६ र १७) ज्येष्ठ नागरिक का अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूको घरमा १ जना मात्र ज्येष्ठ नागरिकले बृद्धाभत्ता पाएको बताएका छन् । जसमा महिला ९ जना र पुरुष २ जना ज्येष्ठ नागरिकहरू तथा जातिगत रुपमा दलित २ जना, जनजाति ३ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरू को परिवारमा एक जना मात्र ज्येष्ठ नागरिकले बृद्धाभत्ता बुझेको बताएका छन् ।

घटना १ का अनुसार "म एक्लै हो भत्ता पाउने मेरो घरमा" । त्यस्तै गरी घटना २ अनुसार "भत्ता त म एक्लैले हो पाउने मेरो घरमा ।"

२ जना ज्येष्ठ नागरिकहरूले मात्र बृद्धाभत्ता पाउने परिवार : ९ जना (घटना ३, ४, ६, ८, ९, १५, १८, १९ र २०) ज्येष्ठ नागरिकहरूको परिवारमा २ जना ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता पाएको बताएका छन् । जसमा महिला ३ जना र पुरुष ६ जना तथा जातिगत रुपमा दलित ४ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरूको परिवारमा दुवै जनाले बृद्धाभत्ता बुझ्दै आएको बताएका छन् ।

घटना ३ का अनुसार "श्रीमतिको पनि यसै गरेर बनाएर भत्ता बुझ्छिन्"। त्यस्तै गरी घटना ४ को भनाई यस प्रकार छ : "श्रीमानले भत्ता ल्याउँदा पनि मैले नै राख्छु मेरो र उहाँको आवश्यक परेको ठाउँमा मिलेर खर्च गर्छौं ।" अर्को घटना ६ का अनुसार "हामी दुवै जना बुढाबुढीले नै भत्ता बुझ्छौं ।" घटना ८ को भनाई छ : "बृद्धा भत्ता त हामी दुवै जना

बुढाबुढीले पाउँछौं ।" त्यस्तै गरी घटना ९ का अनुसार "हामी बुढाबुढी दुवैजनाले भत्ता बुझ्छौं र श्रीमतिले नै राख्छिन् ।" घटना १५ को भनाई छ :"हामी दुवै जना बुढाबुढीले नै भत्ता बुझ्छौं ।" घटना १८ का अनुसार "फेरी उहाँ विगत १२ वर्ष देखि प्रेसरको समस्याले दाहिने खुट्टा र हात नचल्ने प्यारालाइसिस भएर अपाङ्ग नै हुनु भएको छ । उहाँले पनि अपाङ्ग भत्ता पाउनु हुन्छ ।" त्यस्तै गरी घटना १९ का अनुसार "फेरी श्रीमानले पनि बृद्धा भत्ता बुझ्नु हुन्छ" । र घटना २० का अनुसार "श्रीमतिले पनि भत्ता बुझ्ने भएकाले हामीले मिलेर खर्च गर्छौं ।"

करीव ९ जना ज्येष्ठ नागरिकहरूको घरमा दुवैजनाले ज्येष्ठ नागरिक भत्ता बुझ्दै आएको अवस्थाले ज्येष्ठ नागरिक भत्ताले राज्यका नागरिकहरूलाई घरपरिवारमा जति जना ज्येष्ठ नागरिकहरू छन् योग्य ज्येष्ठ नागरिकलाई भत्ता प्रदान गरिरहेको र आर्थिक सहायता भएको कुरा प्रष्ट हुन्छ ।

**३.५.५ बृद्धाभत्ता बुझ्न जाँदाको अनुभवहरू :**

सजिलो अनुभव : १८ जना ज्येष्ठ नागरिकहरू (घटना १,२,३,४,५,६,७,८,९, १०,११,१२, १३, १४,१५,१६,१८ र २०) ले बृद्धाभत्ता बुझ्न जाँदा सजिलो भएको बताएका छन् । जसमा महिला १० जना र पुरुष ८ जना रहेका छन् । जातिगत रुपमा दलित ५ जना, जनजाति ३ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूले सजिलो भएको बताएका छन् ।

घटना १ का अनुसार "मलाई भत्ता पाउन अप्ठ्यारो भएन"। त्यस्तै गरी घटना २ का अनुसार "अहिले वडाको कार्यालय पनि १० मिनेट जति हिंडेर पुग्ने ठाउँमा छ । सजिलै संग पुग्छु र आफैले भत्ता बुभेर ल्याउँछु ।" अर्को घटना ३ अनुसार "वडा कार्यालय नजिकै भएको हुनाले भत्ता बुझ्न जाँदा आज सम्म अप्ठ्यारो भएको छैन ।" अर्को घटना ४ अनुसार "भत्ता बुझ्दा सजिलो नै भयो ।"

अप्ठ्यारो अनुभव : २ जना ज्येष्ठ नागरिकहरू (घटना १७ र १९) ले बृद्धाभत्ता बुझ्न जाँदा अप्ठ्यारो भएको बताएका छन् । जसमा महिला २ जना ज्येष्ठ नागरिकहरूले तथा जातिगत रुपमा दलित १ जना र जनजाति १ जना ज्येष्ठ नागरिकले बृद्धाभत्ता बुझ्न जाँदा अप्ठ्यारो भएको बताएका छन् ।

घटना १७ का ज्येष्ठ नागरिक अप्ठ्यारो अनुभव यसरी सुनाउँछन् "वडा कार्यालय अलि टाढा नै छ कम्तीमा पनि १ घण्टा जति लाग्छ तर वडा कार्यालयले अहिले सम्म टोलमा नै

आएर भत्ता दिएको त छैन । टोलमा आएर भत्ता बाँडिदिए त कति सजिलो हुन्थ्यो ।" अर्को घटना १९ भन्छन् "वडा कार्यालय टाढा भएकोले ढिला पुगिन्छ यसरी त्यहाँ पुग्दा भीडभाड हुने र लामो समय लाईन लागेर आफैले भत्ता बुझ्छु ।"

अध्ययनमा संलग्न धेरै ज्येष्ठ नागरिकहरूले भत्ता बुझ्न सजिलो भएको बताएका छन् । नेपालमा संघिय व्यावस्था शुरु भए पछि नागरिकले पाउने सुविधामा बढोत्तरी भएको उहाँहरूको अनुभववाट प्रष्ट हुन्छ ।

**३.५.६ बृद्धाभत्ता बुझेर खर्च गर्ने क्षेत्रहरू :**

टीकाटालो : २० जना (घटना : १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूले टीकाटालो मा खर्च गरेको बताएका छन् । जसमा महिला १२ जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ६ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरू टीकाटालोमा खर्च गरेको पाईएको छ ।

धान चामल : ९ जना (घटना ५,६,७,१२,१५,१६,१७,१८ र १९) ज्येष्ठ नागरिकहरूले धान वा चामल किन्न भत्ताको पैसा खर्च गरेको पाईयो ।

जसमा महिला ६ जना र पुरुष ३ जना रहेका छन भने जातिगत रुपमा दलित ५ जना र जनजाति ४ जना रहेको पाईयो ।

औषधी किन्न : ११ जना (घटना ३,४,५,९,१३,१४,१५,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूले औषधीमा खर्च गरेको बताएका छन् । जसमा महिला ७ जना र पुरुष ४ जना रहेका छन् । त्यस्तै गरी जातिगत रुपमा दलित ४ जना, जनजाति १ जना र अन्य ७ जना रहेका छन् ।

चुरोट किन्न : ६ जना (घटना ३,६,७,११,१३ र १६) ज्येष्ठ नागरिकहरूले भत्ताको पैसा चुरोट किन्नका लागि प्रयोग गरेको पाईएको छ । जसमा ३ जना महिला र ३ जना पुरुषहरू रहेका छन् । र जातिगत रुपमा २ जना दलित र ४ जना अन्य वर्गका रहेका छन् ।

माछा मासु किन्न : १० जना (घटना २,३,६,८,९,१५,१६,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूले आफुले पाएको भत्ताले माछा मासु किनेको बताएका छन् । जसमा महिला ४ जना र पुरुष ६ जना रहेका छन् । त्यस्तै गरी जातिगत रुपमा दलित ४ जना, जनजाति १ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरू रहेका छन् ।

लत्ताकपडा किन्न : ५ जना (घटना १,३,४,५ र ११) ज्येष्ठ नागरिकहरूले लत्ताकपडा किन्न भत्ताको पैसा प्रयोग गरेको पाईएको छ । ४ जना महिला र १ जना पुरुष थिए र जातिगत रुपमा २ जना दलित र ३ जना अन्य वर्गका ज्येष्ठ नागरिकहरूले लत्ताकपडा किन्नमा खर्च गरेको पाईयो ।

मन्दिर पंधेरा बनाउन : एक जना (घटना १४) महिला अन्य ज्येष्ठ नागरिकले आफुले पाएको भत्तावाट मन्दिर र पंधेरा बनाएको बताएका छन् ।

तेल घ्यू किन्न : ६ जना(घटना १,४,५,६,८ र २०) ज्येष्ठ नागरिकहरूले तेल घ्यू किन्न खर्च गरेको पाइयो । जसमा ३ जना महिला र ३ जना पुरुष छन् र जातिगत रुपमा २ जना दलित र ४ जना अन्य वर्गका ज्येष्ठ नागरिकहरू रहेका छन् ।

हर्लेक्स किन्नः २ जना (घटना ५ र २०) ज्येष्ठ नागरिकहरूले आफुले पाएको भत्ताले हर्लेक्स किनेको बताएका छन् । जसमा १ जना पुरुष र १ जना महिला रहेका छन भने जातिगत रुपमा एक जना दलित र एक जना अन्य वर्गका ज्येष्ठ नागरिकहरू रहेका छन् ।

कल्याणकारी अवधारणाले सञ्चालन भएको ज्येष्ठ नागरिकभत्ताले अध्ययनमा संलग्न आधा भन्दा धेरै ज्येष्ठ नागरिकहरूले बुढेसकालमा विरामी भएको अवस्थामा औषधी किनेर खाएको पाईएको छ । त्यस्तै गरी करीव आधा जति ज्येष्ठ नागरिकहरूले धान चामल किनेर छाक टार्ने तथा ठूलो गर्जो टार्ने काम भत्तावाट भएको बताएका छन् भने शतप्रतिशत ज्येष्ठ नागरिकहरूले चाडवाडमा टीकाटाला गर्दा दान दक्षिणा गरी पुण्य प्राप्तगरी स्वर्ग जाने वाटो खुला गरेका छन् । यसर्थ ज्येष्ठ नागरिकभत्ताले ज्येष्ठ नागरिकहरूलाई विभिन्न गतिविधि गर्न सहयोग गरेको प्रष्ट हुन्छ ।

### ३.५.७ ज्येष्ठ नागरिकहरूको सीप अनुभव :

खेतीपाती मात्र गर्न दक्ष : ७ जना ज्येष्ठ नागरिक (घटना ३,९,१३,१४,१५,१६ र २०) हरू खेतीपाती गर्ने मा दक्ष भएको बताएका छन् । जसमा महिला ३ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित १ जना, जनजाति १ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरू खेतीपातीमात्र गर्ने बताएका छन् ।

घटना ३ अनुसार “मास्टरहरूले मलाई पढाउन कोशिष त गरेका हुन तर बुद्धि भएन मेरो पेशा नै किसान भयो । गाई पालेको छु । डालेघाँसहरू काट्छु । खेतबारीमा पनि काम

गर्छु । " घटना ९ अनुसार "म २४ वर्षको हुदा १८ वर्षको उमेर घटाएर नागरिकता बनाएर प्रहरीमा भर्ती भएँ । ४ वर्ष पछि प्रहरीको नोकरी छोडेँ । आमालाई छोराहरूले टेरेनन् विग्रने नपढ्ने छाटकाँट आयो । अनि जागिर छोडेर घरमा आएँ । खेती किसानी नै गरेर छोराहरूलाई पढाएँ"। घटना १३ अनुसार "बर्खा लाग्यो मकैबारी हिउँद लाग्यो साल घारी" मेरो जागिर नै त्यही थियो । मैले जानेको सीप भनेको नै यही थियो ।" घटना १४ का अनुसार "मैले पहिला पहिला घैया मकै घोड्ने खेतीपाती नै गर्थें ।" घटना १५ का अनुसार "मैले खेतबारीमा खन्ने, खोश्रने, गोरु जोत्ने, हेर्ने, दाउरा घाँस काट्ने जस्ता घरायसी काम गर्छु ।" अर्का घटना १६ का अनुसार "मैले पहिला पहिले घैया लगाउने, गोड्ने काम गर्थे ।" र घटना २० का अनुसार "म त किसान भएकोले खेती किसान भन्दा अरु जानिएन । यही खेती किसान गरेर छोराछोरीलाई पढाएँ ।"

छाना छाउने, जुवा दाँदे बनाउने : १ जना (घटना ८) पुरुष अन्य ज्येष्ठ नागरिकले घरायसी काम संगै छाना छाउने, जुवा दाँदे बनाउने सीप रहेको बताएका छन् ।

घटना ८ का अनुसार "मैले जानेको सीप भनेको घरको, गोठको छाना छाउने, जुवा, दाँदे हलो बनाउने, चोया बाता काट्ने, घरको गाह्रो लगाउने जस्ता काम गर्थे ।"

कुखुरा बाख्रा भैसी पालन गर्ने तथा हेरचाह गर्ने : अध्ययनमा संलग्न ३ जना (घटना २,४ र १७) ज्येष्ठ नागरिकहरूले अन्य घरायसी काम संगै कुखुरा बाख्रा पालन गर्ने तथा हेरचाह गर्ने गरेको बताएका छन् ।

घटना ३ का अनुसार "उबेलामा कुनै तालिम पनि भएन सीप भन्ने कुरा पनि केही भएन । खाना बनाउने, गोठालो हुने, घरको तुनेलो गर्नेमा नै बित्यो ।" अर्का घटना ४ का अनुसार "श्रीमान र मैले भैसी गाई पाल्ने, पर्म लगाउने नै हो । यसै गरी छोराहरू हुर्काइयो पढाइयो" । घटना १७ का अनुसार "मैले जानेको सीप बाख्रा कुखुरा पाल्नी र किसानी नै हो ।"

सेल रोटी बनाउन : अध्ययनमा संलग्न (घटना १८) १ जना दलित महिला ज्येष्ठ नागरिकले घरायसी काम संग संगै सेलरोटी बनाउन जानेको बताएका छन् ।"मैले जानेको सीप भनेको टपरी बुन्न, सेल रोटी पकाउन जानेको छु ।"

सुंडेनीको काम गर्न : अध्ययनमा संलग्न १ जना (घटना १९) दलित ज्येष्ठ नागरिकले गर्भवती महिला सुत्केरी पनि गराउन जानेको बताएका छन् । उहाँले गाउँमा २० देखि २५ जना महिला सुत्केरी गराएको र सकुशल नै बच्चा जन्मेको बताउँछन् । “सासुले मलाई सुडेनीका काम पनि सिकाईदिनु भयो ता कि उहाँ नभएको वेला वा उहाँको देहान्त पछि गाउँघरमा महिला सुत्केरी हुदाँ सहयोग होस् । यस पछि करिब १५ देखि २० जना महिलालाई सुत्केरी गराएँ । यस्तो सहयोग गर्न पाएकोमा खुशी छु ।”

डोरा, दाम्ला बरिया बाट्न : अध्ययनमा संलग्न १ जना (घटना १०) ज्येष्ठ नागरिकले घरायसी प्रयोजनका लागि  डोरा, दाम्ला बरिया बाट्न जानेको बताकएका छन् । यो सीपले वजारवाट पैसा खर्चेर किन्नु पर्ने बाध्यता हटेको बताएका छन् । घटना १० का अनुसार “मैले जानेको सीप डोरा बाट्ने, दाम्लो बरियाहरू बनाउन जानेको छु । किनेर ल्याउनु परेको छैन ।”

कोर्का, छत्री बुन्न : अध्ययनमा संलग्न एक जना (घटना १२) पुरुष जनजाति ज्येष्ठ नागरिकले कोर्का, छत्री बुनी समयमा यसैले जीवीकोपार्जन गरेको बताए । घटना १२ का अनुसार “मैले जानेको सीप नाम्लो बुन्ने, कर्खा बुन्ने, छत्री बुन्ने, कोर्का बुन्नु हो ।”

सिकर्मी तथा डकर्मी : अध्ययनमा संलग्न एक जना (घटना ६) दलित पुरुष ज्येष्ठ नागरिकले बर्तमानमा पनि सिकर्मी तथा डकर्मी काम गरी घर व्यवहार चाडपर्वलाई आवश्यक पर्ने खर्च टारेको बताएका छन् । घटना ६ का अनुसार “मैले काठको झ्याल बनाउने, घर बनाउने, सिमेन्ट प्लाष्टर गर्ने, काम र पाएमा ठेक्कापट्टा पनि गर्छु ।”

नाम्लो बुन्ने : अध्ययनमा संलग्न एक जना (घटना ११) दलित महिला ज्येष्ठ नागरिकले परिवार सवै कृषिमा आधारित र पाटहरू लगाई बोक्ने नाम्लो बुन्ने गरेको बताएका छन् । घटना ११ का अनुसार “ मैले जानेको सीपमा नाम्लो बुन्ने ।”

गुंतको गुन्द्री बुन्ने : अध्ययनमा संलग्न एक जना (घटना ७) महिला जनजाति ज्येष्ठ नागरिकले गुंतको गुन्द्री बुन्न र वुट्टा हान्न जानेको बताएका छन् । घटना ७ का अनुसार “जवान हुँदा गुन्द्री बुट्टा हानेर बुन्नी, गुँतको गुन्द्री बनाउने काम सानै देखि सिकेको हो । अहिले चाहिँ बुहारीलाई सिकाई दिन्छु । उनैले बुन्छिन ।”

ज्येष्ठ नागरिकहरू जिउँदो इतिहास भनेर भन्ने मान्ने, ज्ञान र अनुभवको खानी भन्ने चलन छ । ज्येष्ठ नागरिकहरूमा नाम्लो बुन्ने, गुन्द्री बुन्ने, सेल रोटी पकाउने, खेती किसानको काम गर्ने सुंडेनीको काम गर्ने जस्ता सीपहरू भएको पाईयो । उहाँहरूमा भएको ज्ञान सीपको प्रयोग बाट परिवार, समाज र राज्यलाई निकै ठूलो आर्थिक तथा गैरआर्थिक सहयोग भएको प्रष्ट हुन्छ ।

## ३.६. ज्येष्ठ नागरिकले सार्वजनिक सेवा सुविधाको उपभोग र अवस्था :

### ३.६.१ सार्वजनिक वसमा ज्येष्ठ नागरिक सिट :

ज्येष्ठ नागरिक सिटका व्यवस्था थाहा भएको : ३ जना (घटना ४,९, ११) ज्येष्ठ नागरिकलाई नेपाल सरकार ले सार्वजनिक वसमा ज्येष्ठ नागरिक सिटबारे जानकारी भएको बताएका छन् । यसरी ज्येष्ठ नागरिक सिट वारे थाहा पाउने महिला २ जना र पुरुष १ जना लैङ्गिक रुपमा र जातिगत रुपमा दलित १ जना र अन्य २ जना ज्येष्ठ नागरिक सार्वजनिक सिट बारे जानकारी भएको बताएका छन् ।

घटना ४ अनुसार “सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिटबारे थाहा छ  तर लापरवाही गर्छन । राम्रा नेपाली अक्षरमा पढ्न सक्छु तर भन्न सके त पाइन्थ्यो होला” । घटना ९ का अनुसार “मलाई वसमा हुने ज्येष्ठ नागरिक सिटबारे थाहा छ तर छुटको बारेमा थाहा छैन” त्यस्तै गरी घटना ११ का अनुसार “म एक चोटी बाइसजाँगर जाँदा ज्येष्ठ नागरिक सिट हुन्छ भन्ने थाहा पाएँ ।”

ज्येष्ठ नागरिक सिटका व्यवस्था थाहा नभएको : १७ जना (घटना १,२,३,५,६,७,८, १०,१२,१३,१४,१५,१६,१७,१८,१९,२०) लाई सार्वजनिक सिट ज्येष्ठ नागरिकलाई उपलब्ध छ भन्ने कुरा जानकारी नभएको बताएका छन् । लैङ्गिक रुपमा १० जना महिला र ७ जना पुरुष लाई यो विषयमा थाहा नै नभएको बताएका छन् । र जातिगत रुपमा दलित ५ जना , जनजाति ४ जना र अन्य ८ जना ज्येष्ठ नागरिकलाई “सार्वजनिक सिट ज्येष्ठ नागरिकलाई हुन्छ भन्ने थाहा नभएको बताएका छन् ।”

ज्येष्ठ नागरिक सम्बन्धी ऐन मा सार्वजनिक वसमा यात्रा गर्दा ज्येष्ठ नागरिकलाई अनिवार्य सिटको व्यावस्था हुनु पर्ने व्यावस्था गरिएको छ र यदि यो सिट भरिएको अवस्थामा पनि सहज हुने गरी मानवीय कल्याणको आधारमा वसमा सिट मिलाउनुपर्ने हुन्छ तर यस्तो नीतिगत रुपमा भएको वारेमा निकै कम ज्येष्ठ नागरिकहरूलाई मात्र थाहा भएको अवस्थाले

कानुन ऐन मात्र बनाएर नपुग्ने र यसको परिपालना सम्बन्धमा समेत नेपाल सरकारले ठोस कार्यवाही समेत गर्नु पर्ने देखिन्छ । यसको लागि प्रचार प्रसार र अनुगमनको खाँचो प्रष्ट हुन्छ ।

### ३.६.२ सार्वजनिक बसमा ज्येष्ठ नागरिक भाडा छुट :

सार्वजनिक बसमा ज्येष्ठ नागरिकलाई भाडामा छुट बारे थाहा नभएका : १९ जना (घटना १,२,३,४,५,६,७,८, १०,११,१२,१३,१४,१५,१६,१८,१९ र २०) ज्येष्ठ नागरिकलाई वस भाडामा छुट को वारे थाहा नभएको बताएका छन् । लैङ्गिक रुपमा महिला ११ जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ६ जना, जनजाति ३ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक बसमा ज्येष्ठ नागरिकले पाउने छुटको बारेमा थाहा नभएको बताएका छन् ।

सार्वजनिक वसमा ज्येष्ठ नागरिकलाई भाडामा छुट बारे थाहा भएका : १ जना (घटना १७) ज्येष्ठ नागरिकलाई सार्वजनिक बसमा भाडामा छुटबारे थाहा भएको र व्यास नगरपालिकाले सो कार्ड जारी गरिदिएको पाईएको छ । उक्त छुटबारे थाहा पाउने महिला तथा जनजाति ज्येष्ठ नागरिक हुन् ।

घटना १७ का अनुसार “ज्येष्ठ नागरिक सिटको बारेमा थाहा छैन र मैले ज्येष्ठ नागरिक परिचय पत्र बनाएको छु । जुन कार्डवाट गाडी भाडामा ५० प्रतिशत र औषधी उपचारमा ५० प्रतिशत छुटको व्यवस्था हुन्छ तर प्रयोग गरेको छैन ।”

अध्ययनमा संलग्न मात्र १ जना ज्येष्ठ नागरिकले मात्र ५० प्रतिशत भाडा छुटको बारेमा थाहा भएको र कार्ड बनाएको अवस्थाले भाडा छुटको सम्बन्धमा नेपाल सरकारले स्पष्ट निर्देशन र कार्यन्वयन गर्न स्थानिय निकायलाई निर्देशन र यातायात व्यावसायीसँग समन्वय गरी भाडा छुटको समन्वय गर्नु पर्ने प्रष्ट हुन्छ ।

### ३.६.३ निशूल्क उपचार (७० वर्ष भन्दा माथिको) वारे ज्येष्ठ नागरिक लाई जानकारी :

नेपाल सरकारले ज्येष्ठ नागरिकलाई निशुल्क उपचार पाएका अथवा सो प्रावधानबारे थाहा भएका : २ जना (घटना १७ र १९) दलित तथा महिला ज्येष्ठ नागरिकलाई मात्र सरकारले दिने निशुल्क उपचारबारे थाहा पाएको बताएका छन् । घटना १९ का अनुसार “सासु विरामी भएर गण्डकी अस्पतालमा राख्दा बृद्धा वार्ड हुने रहेछ भन्ने थाहा पाएँ । त्यही बेलामा उपचार गर्दा मात्र बृद्धालाई उपचारमा सहुलियत हुने कुराको थाहा पनि पाएँ ।” र अर्को घटना १७ का अनुसार “मैले ज्येष्ठ नागरिक परिचय पत्र बनाएको छु । जुन कार्डवाट

गाडी भाडामा ५० प्रतिशत र औषधी उपचारमा ५० प्रतिशत छुटको व्यवस्था हुन्छ तर प्रयोग गरेको छैन ।”

नेपाल सरकारले ज्येष्ठ नागरिकलाई निशुल्क उपचार नपाएका अथवा सो प्रावधानबारे थाहा नभएका : १८ जना (घटना १,२,३,४,५,६,७,८,९, १०,११,१२,१३,१४,१५,१६,१८, र २०) ज्येष्ठ नागरिकलाई नेपाल सरकारले ज्येष्ठ नागरिकलाई निशुल्क उपचार नपाएका अथवा सो प्रावधान वारे थाहा नभएको बताएका छन् ।

लैङ्गिक रुपमा महिला १० जना र पुरुष ८ जना ले यो व्यावस्था थाहा नभएको र उपभोग नगरेको बताएका छन् । साथै जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकलाई सरकारी अस्पतालमा निशुल्क उपचारबारे थाहा नभएको बताएका छन् ।

अत्यन्त न्यून ज्येष्ठ नागरिकहरू २ जनाले मात्र अस्पतालमा उपचार गर्दा सहुलियत र ज्येष्ठ नागरिक वार्डको वारेमा थाहा पाएको अवस्थावाट ज्येष्ठ नागरिकहरू जति वेला पनि विरामी हुन सक्ने अवस्थामा सहुलियत र अस्पतालमा ज्येष्ठ नागरिक वार्ड वारे अत्यन्त कमले थाहा पाउनुले नेपाल सरकारले आर्थिक रुपमा दिने भत्ता मात्र गोजीमा गएको र अन्य उत्तिकै महत्वपूर्ण सुविधाहरू भाडा छुट, सिटको व्यावस्था, अस्पतालमा ५० प्रतिशत उपचारमा छुट थाहा नहुनुले र उपभोग नगर्नुले सामाजिक अवस्था जस्तै रोग र व्यावहार असर गर्ने प्रष्ट हुन्छ ।

**३.६.४ अस्पतालमा ज्येष्ठ नागरिक वार्ड वारेको जानकारी :**

अस्पतालमा ज्येष्ठ नागरिक वार्डबारे थाहा पाएका : अध्ययनमा संलग्न ज्येष्ठ नागरिक मध्ये १ जना (घटना १९) महिला तथा दलित ज्येष्ठ नागरिकलाई मात्र थाहा भएको बताएका छन् । घटना १९ का अनुसार “सासु विरामी भएर गण्डकी अस्पतालमा राख्दा बृद्धा वार्ड हुने रहेछ भन्ने थाहा पाएँ ।”

अस्पतालमा ज्येष्ठ नागरिक वार्डबारे थाहा नपाएका : अध्ययनमा संलग्न ज्येष्ठ नागरिक मध्ये १९ जना (घटना १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७, १८ र २०) ज्येष्ठ नागरिकहरूलाई अस्पतालमा ज्येष्ठ नागरिक वार्डवारे थाहा नपाएको बताएका छन् । लैङ्गिक रुपमा ११ जना महिला र ८ जना पुरुष लाई ज्येष्ठ नागरिक वार्डबारे थाहा नभएको

बताएका छन् । जातिगत रुपमा ५ जना दलित, ४ जना जनजाति र अन्य १० जना ज्येष्ठ नागरिक लाई ज्येष्ठ नागरिक वार्डबारे थाहा नभएको बताएका छन् ।

जम्मा एक जना ज्येष्ठ नागरिकले मात्र अस्पतालमा हुने ज्येष्ठ नागरिक सिट वारेमा थाहा हुनुले सरकारको आर्थिक राहत मात्र लाई प्राथमिकता भएको र सामाजिक सेवा र सद्भाव उपयोग गर्नु पाउनुमा ज्येष्ठ नागरिक र राज्य दुवै ले सुचना व्यापक रुपमा बढाउनु पर्ने प्रष्ट हुन्छ ।

### ३.६.५ स्वास्थ्य वीमा :

स्वास्थ्य वीमा गरेका ज्येष्ठ नागरिक : नेपाल सरकारको स्वास्थ्य वीमा नीति अनुसार आफै ५ जना (घटना २,३,४,८ र १९) ज्येष्ठ नागरिकहरूले मात्र स्वास्थ्य वीमा गरेको बताएका छन् । लैङ्गिक रुपमा ३ जना महिला र २ जना पुरुष ज्येष्ठ नागरिकहरूले मात्र स्वास्थ्य वीमा गरेको बताएका छन् । जातिगत रुपमा दलित १ जना र अन्य ४ जना ज्येष्ठ नागरिकले स्वास्थ्य वीमा गरेको बताएका छन् । घटना २ का अनुसार “छोराले म लगायत सवैजनाको स्वास्थ्य वीमा गरेको छ” । त्यस्तै गरी घटना ३ का अनुसार “गाऊँको एक जना बुहारी नानीले मेरो वीमा गरी दिएकी छन ।” त्यस्तै गरी अर्का घटना ४ अनुसार “स्वास्थ्य वीमा गरेको छु तर औषधी सवै पाइन एउटा औषधी वीमा बाट पाएँ वाँकी औषधी पैसा तिरेर नै किनें ।” घटना ८ का अनुसार “स्वास्थ्य वीमा गरेको छु” र अर्का घटना १९ का अनुसार “कान्छो छोराले स्वास्थ्य वीमा पनि गरिदिएको छ ।”

स्वास्थ्य वीमा नगरेका ज्येष्ठ नागरिकहरू : अहिले सम्म १५ जना (१,५,६,७, ९,१०,११,१२,१३,१४,१५,१६,१७,१८ र २०) ज्येष्ठ नागरिकहरूले स्वास्थ्य वीमा नगरेको बताएका छन् । जसमा महिला ९ जना र पुरुष ६ जना तथा दलित ५ जना, जनजाति ४ जना र अन्य ६ जना ज्येष्ठ नागरिकले “स्वास्थ्य वीमा नगरेको” बताएका छन् ।

अत्यन्त न्युन संख्यक ज्येष्ठ नागरिकहरूले बृद्धाअवस्थामा शारीरिक रुपमा हुने अनेकौ स्वास्थ्य समस्या आउने अवस्थालाई स्वास्थ्य उपचारमा सहज खर्च र औषधी व्यावस्थापनमा सहज हुने मानिएको स्वास्थ्य वीमा गर्नु र अधिक संख्यक ज्येष्ठ नागरिकहरूले स्वास्थ्य वीमा नगर्नुले स्वास्थ्य उपचारमा वेवास्था हुन सक्छ कि भन्ने कुरा प्रष्ट हुन्छ ।

### ३.७ ज्येष्ठ नागरिकहरूले हाल भोगेको जटिल प्रकारको रोग र व्यवहार :

अध्ययनमा संलग्न २० जना ज्येष्ठ नागरिकहरूमध्ये तपसिलका रोगहरू र निरोगी देखिएका छन् ।

दम : २ जना (घटना २ र १५) ज्येष्ठ नागरिकहरूलाई दम रोग भएको बताएका छन् । लैङ्गिक रुपमा महिला १ जना र पुरुष १ जना हुन् । साथै जातिगत रुपमा दलित १ जना र अन्य १ जनालाई दम रोग भएको बताएका छन् ।

घटना २ का अनुसार “मलाई कहिलेकाँही पेट दुख्ने, श्वास बढ्ने दम हुन्छ । यी दमको सँधै औषधी खान्छु”। अर्का घटना १५ का अनुसार “मलाई जटिल प्रकारको दम रोग छ । सालमोल ट्यावलेट नियमित रुपमा खान्छु ।”

क्यान्सर : १ जना (घटना १४) महिला तथा अन्य ज्येष्ठ नागरिक लाई क्यान्सर भएको बताएका छन् ।

घटना १४ का अनुसार “अहिले म विरामी पनि भएँ । २ वर्ष भयो क्यान्सर भएको छ ।”

ग्यास्ट्रिक : ४ जना (घटना १,१३,१७ र २०) ज्येष्ठ नागरिकहरूलाई ग्यास्ट्रिक रोग भएको बताएका छन् । लैङ्गिक रुपमा महिला ३ जना र पुरुष १ जना तथा जनजाति १ जना र अन्य ३ जना ज्येष्ठ नागरिकहरू ग्यास्ट्रिक रोग भएको बताएका छन् ।

घटना १ का अनुसार “मलाई गानोगोला छ । ग्यास्ट्रिकको औषधी कहिलेकाँही औषधी खान्छु ”। त्यस्तै गरी अर्का घटना १३ का अनुसार “मलाई ग्यास्ट्रिकको समस्या छ जे पायो त्यही खाना मिल्दैन”। अर्का घटना २० अनुसार “मलाई ग्यास्ट्रिक, गानो गोला पेट दुख्ने हुन्छ ।”

हात भाँच्चिएर बल्भिmने समस्या : १ जना (घटना ७) ज्येष्ठ नागरिकको हात भाँच्चिएर बल्भिmने समस्या भएको बताएका छन् । उनी महिला तथा जनजाति हुन् ।

घटना ७ का अनुसार “मलाई अहिले जटिल खालको रोग भनेको ३ वर्ष अघि लडेर हात भाँचियो त्यसकारण बल्भिmरहन्छ ।”

मुटु सम्बन्धी रोग : १ जना(घटना ८) ज्येष्ठ नागरिकलाई मुटु सम्बन्धी समस्या भएका पुरुष तथा अन्य ज्येष्ठ नागरिक हुन् । “मलाई मुटुमा समस्या भएर पोखरा मणिपाल आइसियूमा राखे त्यस पछि थप उपचार काठमाडौमा गरेपछि राम्रो भयो ।”

उच्च रक्तचाप : ३ जना(घटना ३, ९, १८) ज्येष्ठ नागरिकलाई उच्च रक्तचाप सम्बन्धी रोग भएको बताएका छन् । लैङ्गिक रुपमा महिला १ जना र पुरुष २ जना तथा जातिगत रुपमा दलित १ जना र २ जना अन्य ज्येष्ठ नागरिकहरू उच्च रक्त चाप सम्बन्धी रोग भएको बताएका छन् ।

घटना ३ का अनुसार "प्रेसरको औषधी खाई रहेको छु ।" अर्का घटना ९ का अनुसार "मलाई उच्च रक्तचाप छ । औषधी नियमित खान्छु ।" घटना १८ का अनुसार "मलाई उच्च रक्तचाप प्रेसर हुने समस्या भई राख्छ यस्तो अवस्थामा तत्काल अस्पताल गएर उपचार गर्छु"।

हिप जोर्नीको हड्डी भाँचिएको : १ जना (घटना १६) ज्येष्ठ नागरिकको हिप जोर्नीको हड्डी भाँचिएर थला परेको अवस्था छ । उहाँ महिला तथा जनजाति ज्येष्ठ नागरिक हुन् ।

घटना १६ का अनुसार "खाटबाट लडेर कम्मर निर जोर्नीको गेडी फूस्कियो । गण्डकी अस्पतालमा गएर भर्ना गरें डाक्टरले शल्यक्रिया गर्दा ठीक हुन पनि सक्छ नहुन पनि सक्छ भने पछि शल्यक्रिया गर्ने कुरा भएन फर्कें । डेढ बर्ष जति भयो थला परेको" हो ।

घुँडा खिइने र दुख्ने रोग : २ जना (घटना ५ र १९) ज्येष्ठ नागरिकहरूलाई घुँडा खिइने र दुख्ने रोग भएको बताएका छन् । लैङ्गिक रुपमा महिला २ जना र दलित २ जना ज्येष्ठ नागरिकहरूमा घुँडा खिइने र दुख्ने रोग भएको बताएका छन् ।

घटना ५ का अनुसार "मलाई घुँडा दुख्छ नशाहरू दुख्छ" भन्छन् । त्यस्तै गरी अर्का घटना १९ अनुसार "३-४ वर्ष भयो हड्डी खिइएर दुख पाएं कहिले ढाडको हड्डी कहिले घुँडाको ।"

रोग नभएका ज्येष्ठ नागरिकहरू : ५ जना (घटना ४,६,१०,११ र १२) ज्येष्ठ नागरिकहरूलाई कुनै पनि रोग नभएको बताएका छन् । लैङ्गिक रुपमा महिला २ जना र पुरुष ३ जना तथा जातिगत रुपमा दलित २ जना, जनाजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरूमा कुनै किसिमको रोग नभएको बताएका छन् ।

घटना ४ का अनुसार "नियमित औषधी खाने रोग त केही छैन ।" अर्का घटना ६ का अनुसार "मेरो शरीर अहिले सम्म निरोगी छ यही कुरमा म खुशी रमाइलो लाग्छ"। अर्का घटना ११ का अनुसार "अहिलेसम्म हस्पिटलमा भर्ना गरेर बसेको छैन ।"

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूको बृद्धाअवस्थामा दम, क्यान्सर, ग्यास्ट्रिक, उच्च रक्तचाप, हड्डी सम्बन्धी, जोर्नी सम्बन्धी समस्या, मुटु रोग आदि हुनुले बृद्धाअवस्थामा रोगले आक्रान्त हुने उमेर हो भन्ने प्रष्ट हुन्छ ।

### ३.७.१ एक ज्येष्ठ नागरिक अनेक रोगहरू :

१ जना ज्येष्ठ नागरिक, घटना ५ मा चार प्रकारका रोगहरू पाइएको छ । उनका अनुसार घुँडा दुख्ने, पेट दुख्ने, दाँत दुख्ने र नशा दुख्ने समस्या रहेका पाईएको छ ।

५ जना ज्येष्ठ नागरिकहरू घटना २,१३,१४,१७ र १८ मा दुई किसिमका रोगहरू क्रमश दम र ग्यास्ट्रिक, ग्यास्ट्रिक र घुँडा दुख्ने, ग्यास्ट्रिक र क्यान्सर, ग्यास्ट्रिक र उच्च रक्तचाप तथा ग्यास्ट्रिक र उच्च रक्तचाप जस्ता रोगहरूले ग्रसित भएको पाईयो ।

९ जना ज्येष्ठ नागरिकहरू घटना १,३,७,८,९,१५,१६,१९ र २० मा एउटा मात्र रोग क्रमश ग्यास्ट्रिक, उच्च रक्तचाप, हात भाँचिएर बल्भिने, मुटु सम्बन्धी समस्या, उच्च रक्तचाप, दम, हिप जोर्नी भाँचिएको, घुँडा खिइएर दुख्ने र ग्यास्ट्रिक जस्ता रोगहरू ले ग्रसित रहेको पाईयो ।

५ जना ज्येष्ठ नागरिकहरूमा घटना ४,६,१०, ११ र १२ कुनै किसिमको रोगहरू नभएको पाईयो ।

### ३.७.२ ज्येष्ठ नागरिकहरूलाई विरामी वा अशक्त भएको वेलामा हेरचाह गर्ने व्यक्ति :

छोरा : ३ जना (घटना २,१६ र १७) महिला ज्येष्ठ नागरिकहरूलाई छोराहरूले विरामी वा अशक्त भएको वेलामा हेरचाह गर्ने बताएका छन् । जातिगत रुपमा जनजाति २ जना र अन्य १ जना ज्येष्ठ नागरिकहरूलाई छोराले हेरचाह गर्ने गरेको बताएका छन् ।

घटना २ का अनुसार “विरामी परेको बेला दमौली जान र सामान्य खालका औषधी ल्याउन आफ्नै भत्ताको पैसाले नै तिर्ने गरेको छु । र बाँकी नपुग औषधी उपचार छोरा बुहारीले नै गर्छन् । उनीहरूले नै हेरचाह गर्छन् ।”

घटना १६ का अनुसार “म अस्पतालबाट फर्केपछि थला परें अनि बाहिर नै पाल टांगेर गुन्द्री ओछ्याएर यहीं खाने, सुत्ने, दिशा पिसाव पनि यहीं गर्ने गर्छु । चाहे जाडो होस या गर्मी बाहिर नै हो बस्ने सुत्ने । खाना चम्चाले खान्छु । दिशा पिशाव कपरामा गरे पछि छोराले

सोहोरेर फ्याकिदिन्छ । मलाई मेरो कान्छो छोराले हेरचाह गर्छ"। अर्का घटना १७ का अनुसार "कहिलेकाँही नसकेको वेलामा मलाई माइली छोरी र नातीले हेरचाह गर्छन् ।"

बुहारी : २ जना(घटना १ र १८) ज्येष्ठ नागरिकहरूलाई बुहारी ले विरामी भएको वेलामा हेरचाह गर्ने गरेको बताउँछन् । जसमा २ जना महिला ज्येष्ठ नागरिक तथा १ जना दलित र १ जना अन्य ज्येष्ठ नागरिक रहेका छन् ।

घटना १ का अनुसार "म अशक्त भएको वेलामा दुवै वुहारीले हेरचाह गर्छन्" । त्यस्तै गरी अर्का घटना १८ का अनुसार "अशक्त भएको बेलामा विशेष गरी माइली बुहारीले नै हेरचाह तथा सहयोग गर्छिन् ।"

छोरी : २ जना (घटना ५ र ११) ज्येष्ठ नागरिक महिलालाई छोरीले हेरचाह गरेको बताउँछन् । जसमा महिला २ जना तथा जातिगत रुपमा दलित २ जना ज्येष्ठ नागरिकलाई छोरीले हेरचाह गरेको बताउँछन् । घटना ५ का अनुसार "उपचारमा कान्छी छोरीले हेरचाह गर्छिन् । नसकेको वेलामा कान्छी छोरीले नै सहयोग र रेखदेख गर्छिन ।" त्यस्तै गरी घटना ११ का अनुसार "मलाई खास जटिल रोग केही छैन । कहिलेकाँही अलिअलि विरामी भएको वेलामा कान्छी छोरीले हेरचाह गर्छिन् ।"

छोरा र बुहारी : ३ जना(घटना ७,१३र १४) ज्येष्ठ नागरिकलाई छोरा र वुहारीले विरामी परेको वेलामा हेरचाह गरेको बताउँछन् । उक्त ३ जना ज्येष्ठ नागरिकहरू महिला हुन् र जातिगत रुपमा जनजाति १ जना र अन्य २ जना ले विरामी परेको वेलाम हेरचाह गरेको बताउँछन् । घटना ७ का अनुसार "उनीहरूले म विरामी भएँ भने छोरा बुहारीले लिएर जान्छन"। त्यस्तै गरी घटना १३ का अनुसार "म अशक्त भएको वेलामा छोराबुहारीले नै हेरचाह गर्छन् । र विरामी भएको वेलामा उपचार पनि गर्छन् ।" त्यस्तै अर्का घटना १४ का अनुसार "मलाई छोरा बुहारीले नै हेरचाह गर्छन् ।"

छोरा र श्रीमति : ६ जना (घटना ६,८,९,१०,१५ र २०) ज्येष्ठ नागरिकहरूलाई विरामी परेको वेलामा छोरा र श्रीमतिले हेरचाह गरेको बताउँछन् । लैङ्गिक रुपमा सवै पुरुष तथा जातिगत रुपमा दलित २ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरूलाई छोरा र श्रीमतिले विरामी परेको वेलामा हेरचाह गर्ने गरेको बताउँछन् ।

घटना ६ का अनुसार "कहिलेकाँही अशक्त भएको वेलामा श्रीमतिले हेरचाह गर्छिन्"। घटना ८ का अनुसार "अशक्त भएको बेलामा विशेष गरी श्रीमति र अलि धेरै नसकेको वेलामा छोराबुहारी सबैले नै हेरचाह गर्दछन्" । घटना ९ का अनुसार "कहिलेकाँही विरामी भए भने ठूलो छोराले अस्पताल लिएर जान्छ । उपचार पनि उसैले गर्छ, श्रीमतिले खाना पकाउँछिन् अनि संगै हासीखुशी साथ खान्छौ" । घटना १० का अनुसार "अशक्त भएको बेलामा विशेष गरी जेठोछोराले नै हेरचाह गर्दछन् । आमालाई विरामी परे पनि उसैले हेरचाह गर्छ ।" अर्को घटना १५ का अनुसार "म अशक्त वा विरामी भएको वेलामा छोरा तथा श्रीमतिले हेरचाह गर्छन्" र अर्को घटना २० का अनुसार "म विरामी भएको वेलामा छोरा र श्रीमतिले हेरचाह गर्छन् ।"

भाई  वुहारी : १ जना (घटना १२) पुरुष तथा जनजाति ज्येष्ठ नागरिकलाई भाई र बुहारीले विरामी परेको अवस्थाामा हेरचाह गर्ने गरेको बताउँछन् । घटना १२ का अनुसार "म कहिलेकाँही विरामी भएं भने भाई बुहारीले नै ख्याल हेरचाह गर्छन् ।"

छोरा र श्रीमान : २ जना (घटना ४ र १९) दलित १ जना र अन्य १ जना  महिला ज्येष्ठ नागरिकहरूलाई  छोरा र श्रीमानले विरामी परेको अवस्थामा छोरा र श्रीमानले हेरचाह गर्ने गरेको बताउँछन् । घटना ४ का अनुसार "उपचारमा सवैले हेरचाह गर्छन"। त्यस्तै गरी घटना १९ का अनुसार "विरामी भएं भनेर छोरालाई खवर गरेपछि तुरुन्त अस्पताल लिएर जान्छ र पानी ल्याउन सक्दिन श्रीमानले ल्याउनु हुन्छ, हेरचाह गर्नु हुन्छ ।"

श्रीमति : १ जना (घटना ३) पुरुष तथा अन्य ज्येष्ठ नागरिकलाई श्रीमतिले विरामी परेको समयमा  हेरचाह गर्ने गरेको बताउँछन् । घटना ३ का अनुसार "स-साना रोग लागेको वेला आफै र अलि जटिल खालको विरामी परेको वेलामा श्रीमतिले मेरो ख्याल गर्छिन् । पानी तताएर दिन्छिन् ।"

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूलाई छोरा, छोरी, श्रीमान, श्रीमति, बुहारी, श्रीमानले विरामी वा अशक्त भएको अवस्थामा हेरचाह गरेको पाईयो । आफूसंग जो छ उनैले ज्येष्ठ नागरिकहरूलाई हेरचाह गरेको प्रष्ट हुन्छ ।

### ३.७.३ ज्येष्ठ नागरिकलाई हुने हिंसा : कुटपीट, गाली वा दुर्व्यवहारको अवस्था :

छोरा वुहारी : १ जना (घटना ११) दलित महिला ज्येष्ठ नागरिकलाई छोरा बुहारीले गालीगलौज गर्ने गरेको बताउँछन् । घटना ११ का अनुसार "मलाई भत्ताको पैसा छोरीलाई पोस्यो भनेर छोरा बुहारीले गाली गर्छन् ।"

श्रीमान : २ जना (घटना ५ र १८) ज्येष्ठ नागरिकहरूलाई श्रीमानले गालीगलौज गर्ने गरेको बताउँछन् । उहाँहरू दुवै जना दलित ज्येष्ठ नागरिक हुन् । घटना ५ का अनुसार "सवै भन्दा दुख वा नरमाइलो लाग्ने क्षण कति लाग्थ्यो लाग्थ्यो सवै भन्दा नरमाइलो त श्रीमानले पिट्दा लाग्थ्यो ।"

घटना १६ का अनुसार "मलाई कहिलेकाँही मेरो श्रीमानले गालीगलौज गर्नु हुन्छ । यस्तो व्यवहार गर्दा नरमाइलो लाग्छ ।"

कसैले पनि हिँसा भोग्न नपरेको : १७ जना (घटना १, २, ३, ४, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १९ र २०) ज्येष्ठ नागरिकहरूले "कसैको पनि कुनै किसिमको हिंसा भोग्नु नपरेको बताउँछन्" । जसमा लैङ्गिकरुपमा महिला ९ जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ३ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरू पर्दछन् ।

अधिकतम संख्यामा ज्येष्ठ नागरिकहरूलाई कुनै किसिमको हिंसा नभोगेको अवस्थाबाट ज्येष्ठ नागरिकहरूलाईर्दुव्हार अधिकतमा रुपमा नभएको प्रष्ट हुन्छ । अत्यन्त न्यून ज्येष्ठ नागरिकले भत्ताको छोराले नपाएको झोंकमा, श्रीमानले रक्सी खाएको वेलामा पिट्दा र गाली गलौज गरेको अवस्थाले अझै पनि भत्ता, रक्सी सेवन गरेर महिला ज्येष्ठ नागरिकलाई र्दुव्हार भएको प्रष्ट हुन्छ ।

### ३.७.४ ज्येष्ठ नागरिकलाई गरिने सामाजिक व्यवहारः

परिवारमा राम्रो व्यवहार : १९ जना (घटना घटना १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, १२, १३, १४, १५, १६, १७, १९ र २०) "ज्येष्ठ नागरिकहरूलाई परिवारमा राम्रो व्यवहार गर्ने गरेको बताउँछन् ।" उक्त राम्रो व्यवहार पाउने महिला ११ र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूले घरमा राम्रो व्यवहार पाएको बताउँछन् ।

परिवारमा नराम्रो व्यवहार : १ जना (घटना ११) ज्येष्ठ नागरिक उहाँ दलित महिला ज्येष्ठ नागरिकलाई परिवारमा नराम्रो व्यवहार गर्ने गरेको अनुभव बताउँछन् । घटना ११ का अनुसार "मलाई सवैभन्दा दुख लाग्ने भनेको बचन लगाउँछन् । जाति पनि पैसा हुँदोरहेछ र नजाति पनि पैसा नै हुँदो रहेछ ।"

टोल छिमेकमा २० जना (घटना सवै) ज्येष्ठ नागरिकहरूलाई "टोलछिमेकमा सवै जनाले राम्रो व्यवहार गर्ने गरेको बताउँछन्"।

अधिकतम ज्येष्ठ नागरिकहरूलाई घर परिवारमा राम्रो व्यवहार गरेको अवस्थाबाट खाना, लगाउन राम्रो पाएको प्रष्ट हुन्छ । साथै टोल छिमेकमा पनि राम्रो व्यवहार गरेको अवस्थावाट आवातजावत कुराकानीहरू हुने अवस्था प्रष्ट हुन्छ ।

### ३.७.५ विरामी परेको अवस्थामा :

१९ जना (घटना ३ वाहेक सवै) ज्येष्ठ नागरिकहरूलाई "विरामी परेको अवस्थामा राम्रो व्यवहार गरेको बताउँछन् ।" घटना ३ का अनुसार "मेरो जीवनमा दुख विराम हुँदा नरमाईलो लाग्छ किन कि विरामी परे पछि शरीर अर्को हुँदो रहेछ । हेरचाह र माया ममताको खाँचो र महसुस हुने भएकोले नरमाईलो लाग्छ" भनेर एक अन्य पुरुष ज्येष्ठ नागरिकलाई राम्रो व्यवहार नगरेको अनुभव बताउँछन् ।

घटना १ का अनुसार "म अशक्त वा विरामी परेको अवस्थामा दुवै बुहारीले हेरचाह गर्छन्" । घटना २ का अनुसार "विरामी परेको वेलामा दमौली जान र सामान्य खालको औषधी ल्याउन आफ्नै भत्ताको पैसाले तिर्ने गरेको छु र बाँकी नपुग औषधी उपचार छोरा बुहारीले नै गर्छन् । उनीहरूले नै हेरचाह गर्छन्"। घटना ४ का अनुसार "उपचाारमा सवैले हेरचाह गर्छन् आवश्यक परेको बेलामा अलिअलि सवैले गर्छन् ।" घटना ५ का अनुसार "उपचारमा कान्छी छोरीले हेरचाह गर्छिन् नसकेको वेलामा कान्छी छोरीले नै सहयोग र रेखदेख गर्छिन् ।" घटना ६ का अनुसार "कहिलेकाँही विरामी वा अशक्त भएको वेलामा श्रीमतिले हेरचाह गर्छिन् ।" घटना ७ का अनुसार "म विरामी भएं भने छोरा बुहारीले लिएर अस्पताल जान्छन् ।" घटना ८ का अनुसार "विरामी वा अशक्त भएको वेलामा विशेष गरी श्रीमतिले र अलि धेरै नसकेको वेलामा छोरा बुहारी सवैले हेरचाह गर्छन् ।" घटना ९ का अनुसार"कहिलेकाँही विरामी भएं भने ठुलो छोराले अस्पताल लिएर जान्छ उपचार पनि उसैले गर्छ ।" घटना १० का अनुसार "अशक्त वा विरामी परेको वेलामा जेठो छोराले नै

हेरचाह गर्दछन् ।" घटना ११ का अनुसार "कहिलेकाँही अलिअलि विरामी भएको वेलामा कान्छी छोरीले र बुहारीले नै हेरचाह गर्छन् ।" घटना १२ का अनुसार "म कहिलेकाँही विरामी भएं भने भाई र बुहारीले नै ख्याल हेरचाह गर्छन् ।" घटना १३ का अनुसार "म विरामी भएको वेलामा छोरा र बुहारीले नै हेरचाह गर्छन् ।" घटना १४ का अनुसार विरामी भएको वेलामा छोरा बुहारीले नै हेरचाह गर्छन्"। घटना १५ का अनुसार "म अशक्त वा विरामी भएको वेलामा छोरा र श्रीमतिले नै हेरचाह गर्छन् ।" घटना १६ का अनुसार "कहिलेकाँही अलिअलि विरामी भएको वेलामा कान्छी छोरीले र बुहारीले नै हेरचाह गर्छन् ।" घटना १७ का अनुसार "कहिलेकाँही नसकेको वेलामा मलाई माइली छोरी र नातीले हेरचाह गर्छन् ।" घटना १८ का अनुसार "अशक्त भएको वेलामा विशेष गरी माइली बुहारीले नै हेरचाह तथा सहयोग गर्छिन् ।" घटना १९ का अनुसार "विरामी भएँ भनेर छोरालाई खवर गरे पछि तुरुन्त अस्पताल लिएर जान्छ र उपचार खर्च पनि छोराले गर्छ ।" घटना २० का अनुसार "म विरामी भएको वेलामा छोरा र श्रीमतिले हेरचाह गर्छन्"।

बृद्धा अवस्थामा ज्येष्ठ नागरिकहरू अनेक रोगले ग्रस्त हुने अवस्था हो । यो अवस्थामा परिवारमा रहेका सदस्य छोरा, छोरी, वुहारी, श्रीमान, श्रीमति जो साथमा रहन्छ ज्येष्ठ नागरिकहरूको हेरचाह गर्ने सम्बन्धमा महत्वपूर्ण भूमिका रहन्छ । यस अध्ययनमा पनि साथमा रहेका छोरा, छोरी, श्रीमान, श्रीमति, बुहारीले नै ज्येष्ठ नागरिकहरू विरामी परेको अवस्थामा हेरचाह स्याहार सम्हार गरेको प्रष्ट हुन्छ ।

### ३.७.६ खाना खाने वेलामा ज्येष्ठ नागरिकलाई भएको व्यवहार :

सवै ज्येष्ठ नागरिकहरूलाई राम्रो व्यवहार गरेको बताउँछन । र घटना १ अनुसार "म एक्लै बस्छु, पकाउँछु खान्छु, ।" घटना २ का अनुसार "छोरा बुहारी घरमा भएको वेला उनीहरूले नै पकाउँछन् बोलाउँछन् खाना संगै खान्छौं घरमा नभए वा कामकाजमा गएको वेलामा मैले पकाउँछु, नातिनीहरूलाई दिन्छु छोरा बुहारीलाई राखी दिएर म खान्छु ।" घटना १६ का अनुसार "खाना खानेवेलामा छोराले म थलिएको ठाउँ पिढींमा खाना थालमा राखेर चम्चा सहित ल्याईदिन्छ खान्छु राम्रो व्यवहार गर्छन् ।" घटना ५ का अनुसार "खाना खाने वेलामा म आफैले दिन्छु अनि खान्छु ।" त्यस्तै गरी घटना ६ का अनुसार "घरमा श्रीमतिले खाना बनाउँछिन् पाके पछि सैगै बसेर हाँसीखुशी खान्छौं ।" घटना ७ का अनुसार "खाना खानेवेलामा राम्रै व्यवहार गरेका छन् ।" घटना ८ का अनुसार "खाना खाने बेलामा श्रीमतिले पकाउँछिन दिन्छिन् ।"

जीवनभर नै आफ्ना बच्चाबच्चीका लागि अहोरात्र खटिएर आज सम्म पनि नातिनातिना हेर्ने, घरको रेखदेख गर्ने, आशीर्वाद बर्षाउने, मान्य गुन्ने भएका ज्येष्ठ नागरिकहरूलाई उहाँका घरपरिवारका सदस्य खाना खाने वेलामा राम्रो व्यवहार गरेको माथिका भनाईहरू वाट प्रष्ट हुन्छ ।

**३.७.७ ज्येष्ठ नागरिकलाई गरिने संस्थागत रुपमा ज्येष्ठ नागरिक सम्मानको अवस्था:**

कुनै पनि संस्थाबाट सम्मान नपाएका ज्येष्ठ नागरिकहरू : १४ जना (घटना १,२,३,४,५,६७,१०,१२,१३,१५,१६,१७,१८ र १९) ज्येष्ठ नागरिकहरूले कुनै पनि संघसंस्था वाट सम्मान नपाएको बताउँछन् । जसमा लैङ्गिक रुपमा महिला १० जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरूले सम्मान नपाएको बताउँछन् ।

सम्मान पाएका : ६ जना (घटना ३,८,९,११,१४ र २०) ज्येष्ठ नागरिकहरूले वडा कार्यालय तथा अन्य संस्था वाट ज्येष्ठ नागरिक सम्मान पाएको बताउँछन् । जसमा लैङ्गिक रुपमा महिला २ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित १ जना  र अन्य ५ जना ज्येष्ठ नागरिकहरूले सम्मान पाएको बताउँछन् ।

घटना ३ का अनुसार “नजिकैको पाटीमा एक चोटी ज्येष्ठ नागरिकहरूको सम्मान कार्यक्रम टोलले गरेको थियो । दोसल्ला ओढाएर सम्मान गरेका थिए । यस्तो सम्मान पाउँदा राम्रो लाग्यो ।” अर्का घटना ८ का अनुसार “ज्येष्ठ नागरिकको रुपमा मैले सम्मान पाएँ, सल, सम्मान पत्र र रु.१००० नगद दिए । हामीलाई सित्तैमा सरकारले दिएको वडाले बाँड्यो पाइयो खुशी लाग्यो ।” त्यस्तै गरी अर्का घटना ९ का अनुसार “मलाई वडाकार्यालयमा दोसल्ला ओढाएर, रु. १००० सहित फोटो पनि दिएर चिया पान गराएर सम्मान गर्‍यो । यस्तो सम्मान पाउँदा बडो हर्ष खुशी लाग्यो । जागिर भएन पैसा पाउनु सम्मान पाउनु भाग्य हो” । अर्का घटना ११ का अनुसार “मलाई समाज सेवा समूह भन्ने संस्थाले रु. ५०००, स्विटर दिएर दोसल्ला ओढाएर सम्मान गर्‍यो । यसरी सम्मान पाउँदा खुशी लाग्यो”। त्यस्तै गरी घटना १४ का अनुसार “वडा कार्यालयले म आफु त जान सकिन तर पछि घरमा नै आएर रु. १००० सहित दोसल्ला ओढाएर सम्मान गर्‍यो यस्तो सम्मान पाउँदा खुशी लाग्यो ।”

ज्येष्ठ नागरिक ऐन २०६३ मा उल्लेख भए अनुसार ज्येष्ठ नागरिकलाई सम्मान गर्नु आम नागरिक र संस्थाहरूको कर्तव्य हुने कुरा उल्लेख गरिएको छ । सोही बमोजिम व्यास नगरपालिका वडा कार्यालय र संस्थाहरूले सम्मान पाउँदा ज्येष्ठ नागरिकहरूमा अत्यन्त हौसला र खुशी भएको बताएको हुनाले उहाँहरूमा जीवनका उतारचढाव जस्तो आए पनि सम्मानले निकै खुशीयाली मिलेको प्रष्ट हुन्छ ।

### ३.७.८ स्थानिय समूहमा सदस्य हुने ज्येष्ठ नागरिकहरू :

समूहमा सदस्य भएका :अध्ययनमा संलग्न ६ जना (घटना ३,४,१५,१७,१८ र १९) ज्येष्ठ नागरिकहरू टोलमा भएका समूह संस्थामा सक्रिय सदस्य रहेको बताए । जसमा महिला ४ जना र पुरुष २ जना तथा जातिगत रुपमा दलित ३ जना, जनजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरू समूहमा आफू सदस्य रहदै आएको बताएका छन् ।

घटना ३ का अनुसार "टोलमा बन समूहको सदस्य छु । बैठकमा भाग लिन्छु अनि सल्लाह सुझाव मागेको वेलामा दिन्छु ।" त्यस्तै गरी घटना ४ का अनुसार "टोल र आमा समूहको साधारण सदस्य छु । वैठकमा देखेको कुरा र चाहिने कुरा बोल्छु छलफलमा सहभागी हुन्छु ।" अर्का घटना १५ का अनुसार "म टोलको भवन निर्माण समितिको अध्यक्ष छु । वडा, टोल का सवै जना संग मिलेर समन्वय गर्छु । वैठकमा भाग लिन्छु छलफल निर्णय गर्छु" । घटना १७ का अनुसार "म टोलको समूह सदस्य छु । यस समूहमा बसेर छलफल गर्ने, बचत गर्ने गर्छु । कुनै अप्ठ्यारो पर्‍यो र पैसाका आवश्यकता पर्‍यो भने मैले ऋण लिन्छु चलाउँछु र ऋण तिर्न परेको अवस्थामा भत्ताको पैसा आए पछि तिर्छु ।" घटना १८ का अनुसार "गाउँघरमा सभा वैठक पर्‍यो भने म आफै जान्छु । सहकारी र टोल समूहमा सदस्य छु । सक्रिय रुपमा नै सहभागी र छलफलमा भाग लिन्छु । मन लागेका कुरा प्याच्च भन्छु"। र अर्का घटना १९ का अनुसार "सहकारी, बाख्रा समूहमा सदस्य छु तोकेको दिनमा बैठकमा उपस्थित हुने, छलफल गर्छु ।"

समूहमा सदस्य नभएका : अध्ययनमा संलग्न १४ जना (घटना १, २, ५, ६, ७, ८, ९, १०, ११,१२,१३,१४,१६ र २०) ज्येष्ठ नागरिकहरू कुनै पनि समूहमा सदस्य नभएको बताएका छन् । जसमा महिला ८ र पुरुष ६ जना तथा जातिगत रुपमा दलित ३ जना, जनजाति ३ जना र अन्य ८ जना ज्येष्ठ नागरिकहरू समूहमा सदस्य नभएको बताएका छन् ।

ज्येष्ठ नागरिकहरू कम संख्यामा १ जना ६० वर्ष देखि ७० वर्ष वीचका र अन्य ५ जना ७१ बर्ष देखि ८० वर्ष वीचका ज्येष्ठ नागरिकहरू मात्र स्थानिय समूहमा सदस्य रहेका र १४ जना ज्येष्ठ नागरिकहरू कुनै पनि समूहमा सदस्य नभएको तथ्यबाट समूह वैठक जस्ता कुराहरूमा ज्येष्ठ नागरिकहरूले बच्चाहरू वा छोरा बुहारीलाई जिम्मेवारी हस्तान्तरण गरेको प्रष्ट हुन्छ ।

## ३.७.९ ज्येष्ठ नागरिकको संघसंस्थामा नेतृत्वको अवस्था :

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूमा १९ जना (घटना १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३, १४, १६, १७, १८, १९ र २०) ज्येष्ठ नागरिकहरू कुनै पनि नेतृत्व तहमा संलग्न नभएको बताएका छन् । जसमा महिला १२ जना र पुरुष ७ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरू नेतृत्व तहमा नभएको बताएका छन् ।

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूमा १ जना (घटना १५) दलित पुरुष ज्येष्ठ नागरिकहरू नेतृत्व तहमा रहेको बताएका छन् ।

घटना १५ का अनुसार “म टोलको भवन निर्माण समितिको अध्यक्ष छु । वडा, टोल का सवै जना संग मिलेर समन्वय गर्छु । वैठकमा भाग लिन्छु छलफल निर्णय गर्छु । बृद्धाभए पनि जिम्मेवार पाएको छु ।”

ज्येष्ठ नागरिकहरू मध्ये अत्यन्त न्यून ज्येष्ठ नागरिक मात्र १ जना ले टोलको भवन निर्माण समितिमा अध्यक्ष सम्हालेको अवस्थाले ज्येष्ठ नागरिकलाई नेतृत्व सम्हाल्न दिने वातावरण कम रहेको प्रष्ट हुन्छ ।

## ३.७.१० मेलमिलापको अवस्था :

घरमा : .अध्ययनमा संलग्न घटना ११ का एक जना दलित महिला ज्येष्ठ नागरिक बाहेक बाँकी सवै १९ जना ज्येष्ठ नागरिकहरू घरमा मेलमिलाप रहेको बताएका छन् ।

घटना ११ का अनुसार “जाति पनि पैसा हुँदोरहेछ र नजाति पनि पैसा नै हुँदो रहेछ ।”

टोलमा : अध्ययनमा संलग्न सवै ज्येष्ठ नागरिकहरू टोलमा मेलमिलाप भएको बताएका छन् ।

ज्येष्ठ नागरिक भत्ताले घरायसी तथा गाऊँटोलमा मेलमिलाप हुनमा योगदान पुऱ्याएको छ ।

### ३.८ ज्येष्ठ नागरिकले हाल गरिरहनु भएका घरायसी कामहरूको अवस्था :

खाना बनाउने : अध्ययनमा संलग्न ८ जना (घटना १,२,३,४,५,१७, १८ र १९) ज्येष्ठ नागरिकहरूले खाना बनाउने काम गर्न सक्छन् । जसमा महिला ७ जना र पुरुष १ जना तथा जातिगत रुपमा दलित ३ जना, जनजाति १ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरू खाना पकाउन सक्ने बताएका छन् ।

घटना १ का अनुसार "म आफ्नो लागि खाना पकाउने, कपडा धुने, भाँडा माझ्ने काम गर्न सक्छु"। घटना २ का अनुसार "उ बेलामा कुनै तालिम पनि भएन सीप भन्ने कुरा पनि केही भएन । खाना बनाउने घरायसी काम गर्न सक्छु ।"

आगो फुक्ने तथा मिस्त्री (सिकर्मी डकर्मी) काम गर्ने :१ जना (घटना ६) ज्येष्ठ नागरिक घरमा तथा काम आएको अवस्थामा आगो फूक्ने तथा मिस्त्री काम गर्न सक्ने बताएका छन् ।

कुँडो पानी गर्न सक्ने : १ जना (घटना १०) ज्येष्ठ नागरिकले भैसीलाई कुँडोपानी गर्न सक्ने बताएका छन् । जसमा अन्य पुरुष हुन् ।

गोरु जोतवाह गर्ने : १ जना(घटना १५) दलित पुरुष ज्येष्ठ नागरिकले अझै पनि बारीमा गोरु जोतवाह गर्ने बताएका छन् ।

बाख्रा चराउने : १ जना (घटना १२) जनजाति पुरुष ज्येष्ठ नागरिकले बाख्रा चराउने मुख्य काम गर्ने बताएका छन् ।

केही काम पनि गर्न नसक्ने वा नगर्ने : ८ जना (घटना ७,८,९,१०,१३,१४,१६ र २०) ज्येष्ठ नागरिकहरूले आज भोली केही गर्न नसक्ने बताएका छन् । जसमा महिला ५ जना र पुरुष ३ जना तथा जातिगत रुपमा दलित १ जना, जनजाति २ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरू रहेका छन् ।

ज्येष्ठ नागरिकहरू अहिले पनि बाख्रा चराउने, कुंडो पानी गर्न सक्ने, आगो फूक्ने तथा मिस्त्री काम गर्न सक्ने र धेरै जसो ज्येष्ठ नागरिकहरू घरमा खाना बनाउने जस्तो महत्वपुर्ण जिम्मेवारी निर्वाह गरेको अवस्थाले उहाँहरू सक्रिय जीवन गुजारा गरिरहेको प्रष्ट हुन्छ ।

## ३.९ घरमा महत्वपूर्ण निर्णय :

बुहारी : अध्ययनमा संलग्न ३ जना (घटना ७,८ र १२) ज्येष्ठ नागरिकहरूको घरमा हुने महत्वपूर्ण निर्णयमा बुहारीहरूले गरेको बताउँछन् । जसमा महिला १ जना र पुरुष २ जना तथा जातिगत रुपमा जनजाति २ जना र अन्य १ जना ज्येष्ठ नागरिकहरूको घरमा महत्वपुर्ण निर्णयमा बुहारीले गर्ने बताएका छन् ।

घटना ७ का अनुसार “घरायसी महत्वपूर्ण निर्णय गर्नु परे बुहारीले गर्छिन् ।” घटना ८ का अनुसार “तर घरायसी निर्णय भने बुहारीहरूले गर्छन । मैले जानेको सल्लाह दिने सिकाइदिने मात्र गर्छौ”। त्यस्तै गरी घटना १२ का अनुसार “घरमा निर्णय गर्नु पर्दा बुहारीले गर्छिन् ।”

छोरी : अध्ययनमा संलग्न १ जना(घटना ११) ज्येष्ठ नागरिकको घरमा महत्वपूर्ण निर्णयमा छोरी ले गरेको बताउँछन् । उक्त घर दलित तथा महिला ज्येष्ठ नागरिकको हो ।

घटना ११ का अनुसार “घरायसी महत्वपूर्ण निर्णय छोरीले नै गर्छिन् ।”

छोरा : अध्ययनमा संलग्न ३ जना (घटना १०, १४ र १६) ज्येष्ठ नागरिकको घरमा छोराले महत्वपूर्ण निर्णय गर्दछन् । जसमा महिला २ जना र पुरुष १ जना तथा जातिगत रुपमा जनजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरूको घरमा छोराले निर्णय गरेको बताउँछन् ।

घटना १० का अनुसार “घरमा महत्वपूर्ण विषयमा सल्लाह हुन्छ सुझाव दिन्छु तर जेठो छोराले निर्णय गर्छ” । घटना १४ का अनुसार “घर व्यवहारमा जेठो छोराले निर्णय गर्छन् ।” घटना १६ का अनुसार “घरायसी महत्वपूर्ण निर्णय छोरोल नै गर्छ ।”

छोराबुहारी : अध्ययनमा संलग्न अन्य महिला २ जना (घटना २ र १३) ज्येष्ठ नागरिकहरूको घरमा छोरावुहारीले निर्णय गर्ने गरेको बताउँछन् ।

घटना २ का अनुसार “घरमा कुनै कुराको निर्णय गर्नु परेमा छोराबुहारीले नै गर्छन् ।” त्यस्तै गरी अर्का घटना १३ का अनुसार “घरपरिवारमा निर्णय गर्दा छोराबुहारीले नै गर्छन् ।”

श्रीमति : अध्ययनमा संलग्न अन्य पुरुष २ जना (घटना ३ र २०) ज्येष्ठ नागरिकहरूको घरमा श्रीमति ले निर्णय गर्ने गरेको बताउँछन् ।

घटना ३ का अनुसार “घरायसी सरसल्लाह गरेर निर्णय गर्दा श्रीमतिले गर्छिन् ।” घटना २० का अनुसार “महत्वपूर्ण काममा निर्णय मेरो श्रीमतिले गर्छिन ।”

आफै : अध्ययनमा संलग्न ९ जना (घटना १,४,५,६,९,१५,१७,१८ र १९) ज्येष्ठ नागरिकहरूको घरमा आफैले निर्णय गर्ने गरेको बताउँछन् । जसमा महिला ६ जना र पुरुष

३ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति १ जना र अन्य ३ जना ज्येष्ठ नागरिकहरू आफैले निर्णय गरेको बताएका छन् ।

घटना १ का अनुसार "म एक्लै छु निर्णय त म आफै गर्छु जानकारी चाहिँ गर्छु बुहारीहरूलाई पनि" । घटना ४ का अनुसार "समूहमा छलफल गर्दा निर्णय नेतृत्व लाई सघाउछु तर घरमा निर्णय चाहि म आफैले गर्छु ।" घटना ५ का अनुसार "छोरी नै जान्छिन् समूहमा वैठकमा । तर घरायसी निर्णय भने  म आफैले गर्छु"।घटना ६ का अनुसार "घरमा हुने महत्वपूर्ण कामको निर्णय म आफै गर्छु ।" घटना ९ का अनुसार "सरसल्लाह गरेर घरको निर्णत त म आफै गर्छु ।" घटना १५ का अनुसार "घरायसी विषयमा निर्णय गर्दा म आफैले गर्छु ।" घटना १७ का अनुसार "घरायसी कुरामा निर्णय म आफै गर्छु छोराहरू सवै बाहिर छन् ।" घटना १८ का अनुसार "घरमा गरिने छलफल सल्लाहमा महत्वपूर्ण निर्णय गर्दा मैले नै गर्छु ।" घटना १९ का अनुसार "घरायसी कुनै महत्वपूर्ण कुराहरूमा निर्णय गर्नु परेमा मैले नै गर्छु ।"

करीव आधा जति ज्येष्ठ नागरिकहरूले घरायसी महत्वपुर्ण निर्णय ज्येष्ठ नागरिक स्वयंले गर्ने गरेको अवस्थावाट ज्येष्ठ नागरिकको हैसियत घरपरिवारमा निर्णायक भूमिका हुनुमा ज्येष्ठ नागरिक भत्ताको प्रभाव भएको प्रष्ट हुन्छ ।

## ३.१० बृद्धाभत्ताले लैंगिक रुपमा ज्येष्ठ नागरिकहरूमा पारेको प्रभाव

### ३.१०.१ ज्येष्ठ नागरिक महिलामा बृद्धाभत्ताले पारेको प्रभाव :

चुरोट खान : अध्ययनमा संलग्न १ जना (घटना १६) जनजाति महिला ज्येष्ठ नागरिकलाई बृद्धाभत्ताले आफुलाई परेको बानी अनुसार पैसा नहुँदा कसरी चुरोट खाउँला भन्ने अवस्था अहिले नभएको बताएका छन् । "न चुरोट आफुले बनाउन सकिन्छ वानी लागि हाल्यो यसकारण मलाई चुरोट किन्नका लागि अन्य संग माग्नु नपरेको बताउँछन् ।"

कपडा किन्न : अध्ययनमा संलग्न १ जना (घटना ५) दलित महिला ज्येष्ठ नागरिकले कपडा किन्न पाएको बताएका छन् । "श्रीमान वितेर गए पछि हाल छोरीको घरमा वस्दै आएको अवस्थामा मौसम र चाडवाड अनुसार कपडा किन्न अन्य श्रोत नभएको र आफुले काम गरेर आम्दानी गर्न पनि नसकेको अवस्थामा कपडा किन्न पाएको बताएका छन् ।"

दानदक्षिणा : अध्ययनमा संलग्न ४ जना (घटना ७,११,१३ र १४) महिला ज्येष्ठ नागरिकहरूलाई दानदक्षिणा गर्न बृद्धाभत्ताले सहायता गरेको बताउँछन् । नेपाल बहुजातिय, बहुधर्म, चाडवाडहरू मानिदै आएको मुलुक भएकाले विभिन्न चाडवाडमा, कार्यमा दानदक्षिणा गर्न सहायता भएको बताउँछन् । जसमा दलित १ जना, जनजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरूलाई दानदक्षिणा गर्न पाएको बताएका छन् । यसले पुण्य प्राप्त गर्न प्ररित गरेको छ ।

घटना ७ का अनुसार "बृद्धाभत्ताको पैसाले दानदक्षिणा नातिनीलाई छोरीवेटीलाई टीकाटालो गर्छु । यसले खुशी मिल्छ ।" अर्का घटना ११ का अनुसार "चाडवाड औंशी पूर्णिमामा दानदक्षिणा गर्न बृद्धाभत्ताले सहयोग गरेको छ ।" त्यस्तै गरी घटना १३ का अनुसार "गोजीवाट झिकेर औंशीपूर्णिमामा टीकाटाला, दानदक्षिणा गर्न पाउँदा खुशी लाग्छ ।" र अर्का घटना १४ का अनुसार "यो बृद्धाभत्ताले मलाई फुरमास गर्न, दानदक्षिणा गर्न, भेटी चढाउने जस्ता काम गर्न सहयोग भयो ।"

खाना खान लाई पुगेको : अध्ययनमा संलग्न १ जना(घटना २) अन्य महिला ज्येष्ठ नागरिकलाई आफ्नो घरमा खाना खान पुगेको बताएका छन् । घटना २ का अनुसार "बृद्धाभत्ताले खाना पुग्ने गरी दिएको छ ।"

पैसाको चलन : अध्ययनमा संलग्न १ जना(घटना १९) दलित महिला ज्येष्ठ नागरिकलाई आफुले भत्ता पाए पछि आफैले पैसाको चलन गर्न पाएको बताएका छन् । "थोरै थोरै पैसा त हुन्थ्यो तर यती धेरै पैसाको चलन गर्न पाएकै बृद्धाभत्ताले हो ।"

सहयोग गर्न : अध्ययनमा संलग्न (घटना ४) अन्य महिला ज्येष्ठ नागरिकले समाजमा कुनै अप्ठ्यारोमा भएका पैसाको गाह्रो परेकालाई ऋण सहायता पनि गर्न पाएको बताउँछन ।

घटना ४ का अनुसार "छरछिमेकलाई भत्ता भएको वेलामा फिर्ता गर्नेलाई दुख परेर माग्न आएको वेलामा कम्तिमा २ हजार देखि ४ हजार सम्म सहयोग गरेको छु ।"

मल बोक्ने खेतालाका ज्याला तिर्न : अध्ययनमा संलग्न १ जना (घटना १७) महिला जनजाति ज्येष्ठ नागरिक"कृषक भएकोले साथै घरमा कोही छोरामान्छे नभएको र आफुले वारीमा मल राख्ने समयमा वोक्न नसक्ने भएकाले मल बोक्ने खेतालाका लागि बृद्धाभत्ताको पैसाले ज्याला तिर्ने गरेको छु ।"

छोरो जस्तै : अध्ययनमा संलग्न १ जना (घटना १८) महिला दलित ज्येष्ठ नागरिकलाई बृद्धाभत्ता छोरा जस्तै भएको बताएका छन् । "छोरा छोरी सानो हुँदा आफुले धेरै स्याहार सम्हार हेरचाह गर्नु परेको थियो । अहिले सरकारले दिने बृद्धाभत्ता पाउन थाले पछि छोरालाई आफुले हेरचाह गर्दा जस्तो भाको थियो त्यस्तै भएको छ ।"

ज्येष्ठ नागरिक भत्ताले चुरोट खाना, कपडा किन्न, दानदक्षिणा गर्न, खाना खानलाई पर्याप्त, पैसाको चलन, सहयोग गर्न, भत्ता छोरा जस्तै भएको तथ्यबाट महिलालाई दैनिक जीवन निर्वाहमा सामाजिक तथा आर्थिक रुपमा महत्वपूर्ण योगदान पुऱ्याई रहेको प्रष्ट हुन्छ । किन कि हाल का ज्येष्ठ नागरिक महिलाहरूको आर्थिक उपार्जन खासै अन्य क्षेत्रमा नरहेको हुँदा भत्ताले नै सर्वत्र निकै उपयोग भएको प्रष्ट हुन्छ ।

## ३.१०.२ ज्येष्ठ नागरिक पुरुषहरूमा बृद्धा भत्ताले पारेको लैङ्गिक प्रभाव

बाँच्ने सहारा : अध्ययनमा संलग्न १ जना(घटना ६) दलित पुरुषलाई बाँच्ने सहारा भएको बताएका छन् । घटना १ का अनुसार "काम गर्न नसकेको अवस्थामा बाँच्ने सहारा भयो" ।

किन्न चाहेको पाएको : अध्ययनमा संलग्न १ जना (घटना ३) अन्य पुरुषलाई "बृद्धाभत्ताले आफुले किन्न चाहेको कुरा किन्न पाएको छु ।"

दानदक्षिणा पकेट खर्च : अध्ययनमा संलग्न १ जना (घटना २०) अन्य पुरुषलाई "बृद्धाभत्ताले चाडवाड,धर्म,संस्कृति अनुसार दानदक्षिणा गर्न पाएको छु ।"

औषधी नियमित खाना : अध्ययनमा संलग्न २ जना(घटना ८ र १५) पुरुष ज्येष्ठ नागरिकहरूलाई औषधी किनेर खाना पाएको बताएका छन् । जसमा जातिगत रुपमा १ जना दलित र १ जना अन्य पुरुष ज्येष्ठ नागरिकले औषधी नियमित खाना पाएको बताएका छन् । घटना ८ का अनुसार "श्रीमतिलाई दम स्याँस्याँ, नशा, घुँडा दुख्ने समस्या छ । औषधी खानालाई पनि सहयोग गरेको छ" । अर्का घटना १५ का अनुसार "मलाई जटिल प्रकारको दम रोग छ । सालमोल ट्यावलेट नियमित रुपमा खान्छु । मासिक रुपमा रु. २४० जति को औषधी लाग्छ । यो औषधी बृद्धाभत्ताको पैसाले नै खर्च गर्छु ।"

खाना खान : अध्ययनमा संलग्न १ जना(घटना १२) जनजाति पुरुष ज्येष्ठ नागरिकले पाएको भत्ता भाई वुहारीलाई दिने गरेको र उनीहरूले आफुलाई खाना खान दिएको र हेरचाह गरेको बताएका छन् ।

घटना १२ का अनुसार "घरमा मैले भत्ता दिन्छु मलाई खाना दिन्छन् ।"

जागिर जस्तै : अध्ययनमा संलग्न १ जना (घटना ९) अन्य पुरुष ज्येष्ठ नागरिक पहिला नेपाल प्रहरीमा भएको थिएँ तर छोराहरूको पढाई राम्रो गर्नु पर्छ भनेर प्रहरीको जागिर छोडेंर हाल छोराहरू पनि विभिन्न सरकारी निकायमा भएका छन तर आफ्नो कमाई नभएको अवस्थामा छाडेर आएको जागिरको पेन्सन जस्तै अहिले पाउँदै आएको बृद्धाभत्ता भएको छ" ।

सुर्ती खाना : अध्ययनमा संलग्न १ जना (घटना १०) अन्य पुरुष ज्येष्ठ नागरिकले बानी परेको सुर्ती खान पाएको वताएका छन् । घटना १० का अनुसार "मेरो सुर्ती खाने बानी छ ५ वण्डलजति सुर्ती एकै चोटी ल्याउँछु भत्ताको पैसाले ।"

ज्येष्ठ नागरिक भत्ता नागरिकता अनुसार उमेरको आधारमा मात्र योग्य हुने अवस्थाका कारणवाट महिला पुरुष लाई नै समान तरिकाले वितरण हुँदै आएको छ । पुरुष ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ताले उहाँहरूलाई बाँच्ने सहारा, दानदक्षिणा पकेट खर्च गर्न, औषधी नियमित सेवन गर्न, खाना खान, निरन्तर जागिरे तलब वा पेन्सन जस्तै भएको, अम्मल जस्तै सूर्ती चुरोट खाना पाएको तथ्यवाट लैङ्गिक रुपमा ज्येष्ठ नागरिक भत्ताले उहाँहरूमा सामाजिक तथा आर्थिक कामहरू गर्न निकै ठूलो भूमिका खेलेको प्रष्ट हुन्छ ।

## ३.११ ज्येष्ठ नागरिकहरूसंग भेटघाटको अवस्था

### ३.११.१ ज्येष्ठ नागरिकहरूलाई भेटघाट गर्न आउने आफन्तहरू :

छोरा : अध्ययनमा संलग्न १ जना (घटना ४) महिला अन्य ज्येष्ठ नागरिकलाई छोराले भेट्न आउने बताएका छन् ।

छोरा र वहिनी : अध्ययनमा संलग्न १ जना  (घटना १३) अन्य महिला ज्येष्ठ नागरिकलाई भेट्न छोरा र वहिनी आउने बताएका छन् ।

छोरी ज्वाई : अध्ययनमा संलग्न ४ जना(घटना २, ५, १२ र १४) ज्येष्ठ नागरिकलाई भेटन छोरी ज्वाई आउने बताएका छन् । जसमा पुरुष १ जना र महिला ३ जना ज्येष्ठ नागरिकहरू हुन् । जातिगत रुपमा दलित १ जना, जनजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरूलाई छोरी ज्वाई भेटन आउने बताएका छन् ।

छोरी ज्वाई छोराबुहारी : अध्ययनमा संलग्न ८ जना (घटना १,७,८,१०,१५,१७,१९ र २०) ज्येष्ठ नागरिकहरूलाई छोरी ज्वाईं तथा छोरा बुहारीले भेटन आएको बताएका छन् । जसमा महिला ४ जना र पुरुष ४ जना ज्येष्ठ नागरिकहरू पर्छन भने जातिगत रुपमा दलित २जना, जनजाति २ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरूलाई छोरी ज्वाइ छोराबुहारी भेटन आएको बताएका छन् ।

छोरा, छोरी ज्वाई : अध्ययनमा संलग्न १ जना (घटना १८) दलित महिला ज्येष्ठ नागरिकलाई छोरा, छोरी ज्वाई भेटन आउने बताएका छन् ।

छोरी भाई : अध्ययनमा संलग्न १ जना (घटना ६) दलित पुरुष ज्येष्ठ नागरिकलाई छोरी र भाई भेटन आउने बताएका छन् ।

छोरी भदा : अध्ययनमा संलग्न १ जना(घटना ११) दलित महिला ज्येष्ठ नागरिकलाई छोरी र भदा भेट्न आउने बताएका छन् ।

छोरा बुहारी : अध्ययनमा संलग्न ३ जना (घटना ३,९ र १६) ज्येष्ठ नागरिकहरूलाई छोरा बुहारी भेट्न आउने बताएका छन् । जसमा महिला १ जना र पुरुष २ जना तथा जनजाति १ जना र अन्य २ जना ज्येष्ठ नागरिकलाई छोरा बुहारी भेटन आउने बताएका छन् ।

ज्येष्ठ नागरिकहरू आफूले कमाएर जोडेको वा बाउवाजेले जोडेको घरसम्पत्तिलाई छोडेर अन्य ठाउँमा प्राय जान चाहदैंनन् । तसर्थ आफ्नै थातथलोमा बुढेसकालको जीवन गुजारा गरिरहेका हुन्छन् । र छोरा बुहारी छोरी ज्वाई अहिलेको हासिल गरेको शिक्षा, सीप अनुसार राष्ट्रव्यापी वा विश्वव्यापी रुपमा रोजगार, व्यापार व्यावसाय, अध्ययन गर्न शहर वजार वा घरबाट टाढा जान्छन् । यस्तो वेलामा ज्येष्ठ नागरिकहरू प्राय एक्ला हुन पुगेका छन् । उहाँहरूलाई एक्लोपनाले अनेकौं अत्यास,सकस अनुभव भएको अवस्थामा चाडवाड वा अन्य समयमा छोरा,छोरी, वुहारी, नाती, नातिना, भाई ज्वाईहरू, भाई, बहिनीहरूले कहिलेकाँही भेट्न जाने तथ्यवाट निकै खुशीयाली, मनको वह पोख्ने ठाउँ, दुख सुख सुनाउने साट्ने अवस्थाले रोग, भोक, खाना, नानाको अवस्था वारे जानकारी भई अवस्था सुधार गर्न, औषधी मुलो गर्न निकै सहयोग सिद्ध हुने भएकाले भेटघाटको अवस्थाले समाजमा आफन्त र विशेष गरी ज्येष्ठ नागरिक संग नजिक हुने अवसर सिर्जना भई राम्रो हेरचाह हुने प्रष्ट हुन्छ ।

### ३.११.२ ज्येष्ठ नागरिकलाई आफन्तले भेटेपछि ज्येष्ठ नागरिकको अनुभव :

खुशी र राम्रो लागेको: अध्ययनमा संलग्न १८ जना (घटना १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, १२, १३, १४, १५, १६, १७, १८, १९ र २०) ज्येष्ठ नागरिकलाई आफुलाई भेटे पछि खुशी तथा राम्रो लाग्ने बताएका छन् । जसमा ११ जना र महिला ७ जना तथा जातिगत रुपमा दलित ४ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूलाई खुशी र राम्रो लाग्ने बताएका छन् ।

भेटघाट कुराकानी गर्दा आनन्द लागेको : अध्ययनमा संलग्न १ जना (घटना ६) दलित पुरुष ज्येष्ठ नागरिकले भेटघाट कुराकानी गर्दा आनन्द लाग्ने बताएका छन् ।

व्यक्त नगर्ने : अध्ययनमा संलग्न १ जना(घटना ११) दलित महिला ज्येष्ठ नागरिकलाई भेटघाट बारे केही व्यक्त गरेनन् ।

धेरै ज्येष्ठ नागरिकहरूले उहाँहरूको आफन्तले भेटे पछि निकै खुशी र राम्रो लागेको, आनन्द लागेको तथ्यवाट पारिवारिक रुपमा छोरा छोरी लगायतका आफन्त, सामाजिक रुपमा आफन्त र छिमेकी संगको सम्बन्ध निरन्तर भई रहने स्थिति जानकारी हासिल हुने, हेरचाह हुने परेको सजिला अप्ठ्यारा कुराहरू एक अर्कालाई जानकारी हुँदा भातृत्वपन र सौहार्द हुन गई निकै खुशी समाज बनेको प्रष्ट हुन्छ ।

# अध्याय : चार

# ज्येष्ठ नागरिकहरूको आर्थिक अवस्था र प्रभावहरू

## ४.१ जग्गाजमिनहरू

### ४.१.१ खेत :

खेत नहुने : १२ जना ज्येष्ठ नागरिहरूको (घटना : १,२, ५, ६ ७, १० ११, १३ १६, १७, १८ र १९) खेत नभएको पाईयो । खेत नहुने ज्येष्ठ नागरिकहरूमा महिला १० जना र पुरुष २ जना ज्येष्ठ नागरिकहरू हुनुहुन्थ्यो । त्यस्तै गरी खेत नहुने ज्येष्ठ नागरिकहरूमा ५ जना दलित ज्येष्ठ नागरिकहरू (घटना ५, ६, ११, १८ र १९), जनजाति ज्येष्ठ नागरिकहरू ४ जना (घटना : ३, ७, १६, १७) र अन्य ज्येष्ठ नागरिकहरू ४ जना (घटना १, १०, १३ र २) रहेका छन् ।

सुकुम्बासी : सुकुम्बासीमा १ जना पुरुष ज्येष्ठ नागरिक -जनजाति १ (घटना १२) रहेका छन् ।

खेत हुने : खेत हुने ज्येष्ठ नागरिकहरूमा ७ जना - घटना ३, ४, ८, ९ १४, १५ र २०) रहेका छन् । जसमध्ये महिला ज्येष्ठ नागरिकहरू २ जना र पुरुष ज्येष्ठ नागरिकहरू ५ जना रहेका छन् । त्यस्तै गरी खेत हुने ज्येष्ठ नागरिकमा दलित १ जना, जनजाति कसैको पनि छैन भने अन्य ज्येष्ठ नागरिकमा ६ जना रहेका छन् ।

मानिसको जीविकोपार्जनको लागि मुख्य भुमिका खेल्ने खेत कमै ज्येष्ठ नागरिकहरूमा रहेको हुँदा अन्य आर्थिक श्रोतको जीविकोपार्जनमा निकै महत्व राख्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

### ४.१.२ बारी :

बारी नहुने(सुकुम्वासी): यस अध्ययनमा वारी नहुने ज्येष्ठ नागरिकमा २ जना (घटना १२ र १३) रहेका छन् । जसमा १ जना नै महिला र १ जना पुरुष ज्येष्ठ नागरिक रहेका छन् । जातिगत रुपमा अन्य ज्येष्ठ नागरिक १ जना र जनजाति १ जना रहेका छन् ।

ऐलानी बारी हुने : यस अध्ययनमा १ जना (घटना १६) ज्येष्ठ नागरिकको करीव ७ रोपनी ऐलानी बारी रहेको पाइएको छ ।

बारी हुने : यस अध्ययनमा १७ जना (घटना १,२,३,४,५,६,७,८,९,१०,११,१४,१५,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकको वारी रहेको पाईयो । यी ज्येष्ठ नागरिकमा महिला १० जना ज्येष्ठ नागरिक र पुरुष ७ जना ज्येष्ठ नागरिक रहेका छन् । त्यस्तै गरी जातिगतरुपमा दलित ज्येष्ठ नागरिकहरू ६ जना, जनजाति ज्येष्ठ नागरिकमा २ जना र अन्य ज्येष्ठ नागरिकमा ९ जनामा बारी रहेको पाईयो ।

अधिकाँश ज्येष्ठ नागरिकहरूमा बारी भएको हुँदा दाल, वोडी र अन्य मौसम अनुसारका अन्नपात तथा तरकारीहरूले जीविकोपार्जनमा सघाउका लागि निकै महत्व राखेको हुन्छ भन्ने प्रष्ट हुन्छ ।

## ४.२ जग्गामा आफ्नै स्वामित्व भएका ज्येष्ठ नागरिकहरू :

श्रीमानको नाम जग्गा भएका ज्येष्ठ नागरिकहरू : ४ जना (घटना ४,५,१८ र १९) ज्येष्ठ नागरिक महिलाहरूको जग्गाको नामावली उहाँहरूको श्रीमानको नाममा रहेको अध्ययनले पाईयो । जसमध्ये ३ जना दलित ज्येष्ठ नागरिकहरू महिलाको र १ जना अन्य ज्येष्ठ नागरिक महिलाको जग्गा श्रीमानको नाममा रहेको पाईएको छ ।

आफ्नो नाममा जग्गा भएका ज्येष्ठ नागरिकहरू : ११ जना (घटना १,२,३,६,७,८,९,११,१५,१७ र २०) ज्येष्ठ नागरिकहरूको जग्गा आफ्नै नाममा रहेको छ । आफ्नो नाममा भएका महिला ज्येष्ठ नागरिकमा ५ जना ज्येष्ठ नागरिक र पुरुष ज्येष्ठ नागरिकहरू ६ जना रहेका छन् । जातिगत रुपमा दलित ज्येष्ठ नागरिक ३ जना, जनजाति ज्येष्ठ नागरिक २ जना र अन्य ज्येष्ठ नागरिक ६ जना रहेका छन् ।

छोराको नाममा जग्गा रहेका ज्येष्ठ नागरिकहरू : ३ जना (घटना : १०, १३ र १४) ज्येष्ठ नागरिकहरूको जग्गा छोराको नाममा जग्गा रहेको छ । यस अर्न्तगत २ जना महिला ज्येष्ठ नागरिक र १ जना पुरुष ज्येष्ठ नागरिक रहेका छन् साथै जातिगत रुपमा ३ जना अन्य ज्येष्ठ नागरिकहरू रहेका छन् ।

भाईको नाममा जग्गा नामसारी गरि दिएका : १ जना (घटना १२ ) पुरुष ज्येष्ठ नागरिकको जग्गा आफ्नो नाममा भएको जग्गा भाईलाई नामसारी गरि दिएको पाईएको छ । जातिगत रुपमा उहाँ जनजाति मा रहनु भएको छ । आफ्नो नाममा जग्गा नभए पछि उहाँलाई सुकुम्वासी पनि भन्न मिल्छ ।

ऐलानी जग्गा भएको तर कसैको नाममा पनि जग्गाधनी पुर्जा नभएको : १ जना (घटना १६) ज्येष्ठ नागरिकको कुनै पनि ठाउँमा जग्गा नभएको तर करीव ७ रोपनी जग्गा ऐलानी वारी गरी खाँदै आएको छन् । उनी लैङ्गिक रुपमा महिला ज्येष्ठ नागरिक र जनजाति ज्येष्ठ नागरिक हुन् ।

आधा भन्दा वढी ज्येष्ठ नागरिकहरूको आफ्नै नाममा जग्गाधनी पुर्जा रहेको अवस्थाले जीविकोपार्जन, स्याहार सुस्याहार, हेरचाह, स्वास्थ्य उपचार, निर्णायक भूमिका जस्ता कुरामा यसले सामाजिक तथा आर्थिक अवस्थामा महत्वपुर्ण प्रभाव पारिरहेको छ भन्ने कुरा प्रष्ट हुन्छ ।

## ४.३ बेचविखन :

दाल वोडी : वारीमा भएको मास वोडी विक्रि गर्ने ज्येष्ठ नागरिकमा १ जना (घटना ३०) पुरुष, अन्य समूदायका ज्येष्ठ नागरिकले विक्रि गर्छन् ।

घटना ३ का अनुसार "राम्रो मौसम परेको वेलामा मास बोडी २-४ पाथी वेच्छु । खास अरु आम्दानी छैन"।

खसी वोका : पशुपालन गरेर अझै पनि ज्येष्ठ नागरिक (घटना १३ र १८) ले खसी वोका विक्रि गर्छन् । लैङ्गिक रुपमा यो काम गर्न सक्ने २ जना महिला ज्येष्ठ नागरिक पर्दछन् र जातिगत रुपमा १ जना दलित र १ जना अन्य ज्येष्ठ नागरिक पर्दछन् ।

घटना १३ का अनुसार "घरमा कुखुरा बाख्रा पालेको छ । कहिलेकाँही बेच्दा हुने आम्दानी पनि यही हो घरमा"। त्यस्तै गरी घटना १८ का अनुसार "कहिलेकाँही खसी वोका विक्रि गर्छु" ।

धान वेच्ने : आफ्नो खेतमा उत्पादन भएको धान बेच्ने ज्येष्ठ नागरिक (घटना ४ र १४) हुन् । लैङ्गिक रुपमा धान वेच्न सक्ने काम गर्न सक्ने २ जना महिला ज्येष्ठ नागरिक पर्दछन् र जातिगत रुपमा २ जना अन्य ज्येष्ठ नागरिकहरू र्पदछन् ।

घटना ४ का अनुसार "पाखोवारी १६ रोपनी र खेत १५ रोपनी श्रीमानको नाममा नै छ । सवै जग्गा काम गर्न सकिन्न पाखोवारी बन्धकी दिएका छौ र खेत अधिया । खेतवाट १५ मुरी जति धान हाम्रो भागमा आउँछ । मूख्य आयश्रोत भनेको नै धान होयसैले खाना पुग्छ, पराल बेच्छु" । अर्का घटना १४ का अनुसार "हाम्रो अहिले ४ रोपनी पाखो र ४ रोपनी

जति खेत छ । बेचविखन कहिलेकाँही राम्रो उत्पादन भएको वेलामा धान ५ मुरी जति वेचिन्छ" ।

केही पनि विक्रि गर्ने वस्तु नभएका : आयआर्जनका लागि आफ्नो घरवाट केही पनि विक्रि गर्ने वस्तु खाद्यान्न नभएका ज्येष्ठ नागरिकहरू १५ जना (घटना १,२,५,६,७,८,९,१०,११,१२, १५, १६, १७, १९ र २०) पर्दछन् । जसमध्ये महिला ८ जना ज्येष्ठ नागरिकहरू र पुरुष ७ जना ज्येष्ठ नागरिकहरू हुन् । त्यस्तै गरी जातिगत रुपमा दलित ५ जना ज्येष्ठ नागरिक, ४ जना जनजाति ज्येष्ठ नागरिक र ६ जना अन्य ज्येष्ठ नागरिकहरू पर्दछन् ।

अधिक ज्येष्ठ नागरिकहरूले उत्पादन गरे पनि विक्रिवितरण गर्ने कुनै वस्तु नभएकाले नगद आम्दानीको श्रोत नै ज्येष्ठ नागरिक भत्ता भएको प्रष्ट हुन्छ ।

## ४.४ खाद्य उपलब्धता

### ४.४.१ वर्ष भरी खाना नपुग्ने

यस अध्ययनमा आफ्नो खेतवारीको उत्पादनले वर्षभरी खाना नपुग्ने १६ जना ज्येष्ठ नागरिकहरूले नपुग्ने बताएका छन् । जसमा खाना नपुग्ने ज्येष्ठ नागरिक घटना १,२,३,५,६,७,१०,११,१२,१३,१५,१६,१७,१८,१९,२० रहेका छन् । जसमा वर्ष भरी खाना नपुग्ने पुरुष ज्येष्ठ नागरिकहरूमा ६ जना र महिला ज्येष्ठ नागरिकमा १० जना रहेका छन् । त्यस्तै गरी जातिगत रुपमा दलित ज्येष्ठ नागरिकहरू ६ जना, जनजाति ज्येष्ठ नागरिक ४ जना र अन्य ज्येष्ठ नागरिकहरू ६ जना ले वर्ष भरी उत्पादन र अन्य आम्दानीले वर्ष भरी खाना नपुग्ने बताएका छन् ।

खेत वारी दुवै नहुने ज्येष्ठ नागरिकहहरूलाई वर्षभरी खाना नपुग्ने प्रष्ट हुन्छ ।

### ४.४.२ वर्ष भरी खाना पुग्ने

यस अध्ययनमा आफ्नो खेतवारीको उत्पादनले वर्षभरी ४ जना ज्येष्ठ नागरिकहरूलाई खाना पुग्ने बताएका छन् । जसमा घटना ४,८,९ र १४ रहेका छन् । वर्ष भरी खाना पुग्ने ज्येष्ठ नागरिकहरूमा २ जना पुरुष र महिला ज्येष्ठ नागरिकमा २ जना रहेका छन् । त्यस्तै गरी जातिगत रुपमा दलित ज्येष्ठ नागरिकहरू कोहीलाई पनि वर्ष भरी खाना पुग्दैन, जनजाति ज्येष्ठ नागरिकलाई पनि वर्ष भरी पुग्दैन र अन्य ज्येष्ठ नागरिकहरू ४ जनालाई वर्ष भरी उत्पादन र अन्य आम्दानीले वर्ष भरी खाना पुग्ने बताएका छन् ।

घटना ४ अनुसार "खेतवाट १५ मुरी जति धान हाम्रो भागमा आउँछ । मूख्य आयश्रोत भनेको नै धान हो । यसैले खाना पुग्छ ।"

घटना ८ का अनुसार "छोराहरूले दिने पैसा र जमिनवाट उत्पादन हुने धानबाट मात्र खाना पुग्छ ।"

घटना १४ का अनुसार "राम्रो उत्पादन भएको वेलामा धान ५ मुरी जति वेचिन्छ । यसैवाट खाना पुग्छ" । घटना ९ का अनुसार "खेत अधिया दिइन्छ त्यसैवाट धानहरू आँउछ खाना त त्यसैले बुढाबुढीलाई पुग्छ ।"

वर्षभरी खाना पुग्ने ज्येष्ठ नागरिकहरू निकै कम संख्या भएको हुँदा खाद्य सुरक्षाका लागि र अन्य आर्थिक सुरक्षाका रुपमा ज्येष्ठ नागरिक भत्ता हुने प्रष्ट हुन्छ ।

## ४.५ ज्येष्ठ नागरिकहरूको आम्दानीको अवस्था

बृद्धाभत्ता : बृद्धाभत्ता मुख्य आयश्रोत को रुपमा लिने ज्येष्ठ नागरिकहरू २० जना छन् । जसमा ज्येष्ठ नागरिकहरू (घटना १,२,३,४,५,६,७,८,९,१०,११,१२, १३, १४,१५,१६,१७,१८,१९ र २०) हुन र लैङ्गिक रुपमा १२ जना महिला ज्येष्ठ नागरिकहरू र ८ जना पुरुष ज्येष्ठ नागरिकहरूको मख्य आम्दानी बृद्धाभत्ता नै हो । त्यस्तै गरी जातिगत रुपमा ६ जना दलित ज्येष्ठ नागरिकहरू, ४ जना जनजाति ज्येष्ठ नागरिकहरू र १० जना अन्य ज्येष्ठ नागरिकहरूको मुख्य श्रोत बृद्धाभत्ता हो ।

पेन्सन : घटना १ का श्रीमान भारतीय आर्मीको पेन्सनर थिए उनको देहान्त पछि मेरो पहिलो आयश्रोत पेन्सन हो । उनी महिला ज्येष्ठ नागरिक, अन्य जातिको ज्येष्ठ नागरिक हुन् । घटना १ का अनुसार "मेरो श्रीमानको पेन्सन ३०,००० जति आउँछ ।"

सिकर्मी डकर्मी : घटना ६ का ज्येष्ठ नागरिक आफै मिस्त्री काम आयो र वोलाए भने गर्नुहुन्छ । यस काम गर्ने पुरुष ज्येष्ठ नागरिक र दलित वर्गका हुन् । घटना ६ का अनुसार "६४ वर्षको उमेर हुँदा पनि सजिलो काममा डाकेर गएँ भने दिनको रु १००० भयो भने पनि खानालाई पुग्छ ।"

ज्येष्ठ नागरिकहरूको मुख्य आम्दानीको श्रोत भनेको नै ज्येष्ठ नागरिक भत्ता हो भन्ने माथिका तथ्यवाट प्रष्ट हुन्छ ।

## ४.६ ज्येष्ठ नागरिकहरूले हाल बुझिरहेको बृद्धाभत्ताको रकम :

रु. ८००० बृद्धाभत्ता पाउने ज्येष्ठ नागरिक : ३ जना (घटना ६, १५ र १९) ज्येष्ठ नागरिक हरूले चौमासिक रुपमा  हाल रु. ८००० बृद्धाभत्ता पाएको बताएका छन् । जसमा महिला १ जना र २ जना पुरुष, त्यस्तै गरी दलित ज्येष्ठ नागरिक ३ जना रहेका छन् ।

रु. १२००० बृद्धाभत्ता पाउने ज्येष्ठ नागरिक : १७ जना (घटना १, २, ३, ४, ५, ७, ८, ९, १०, ११, १२, १३, १४, १६, १७, १८ र २०) ज्येष्ठ नागरिकहरू हुन् । लैङ्गिक रुपमा महिला ११ जना र पुरुष ६ जना । जातिगत रुपमा दलित ३ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूले रु. १२००० चौमासिक रुपमा बृद्धाभत्ता पाउँदै आएका छन् ।

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूले प्रति महिना रु.२००० देखि रु.३००० निरन्तर रुपमा पाईरहेको कुरा माथिका अवस्थावाट प्रष्ट हुन्छ र अधिकाँश ज्येष्ठ नागरिकहरूले रु. १२००० प्रत्येक चौमासिकमा प्राप्त गरेको प्रष्ट हुन्छ ।

## ४.७ ज्येष्ठ नागरिकलाई भत्ता भएको वेलामा हुने महसुस :

ढुक्क : अध्ययनमा संलग्न ३ जना(घटना ८,१५ र २०) ज्येष्ठ नागरिकहरूलाई बृद्धाभत्ता आफ्नो साथ भएको वेलामा ढुक्क महसुस भएको बताउँछन् । जसमा सवै पुरुष ज्येष्ठ नागरिक तथा जातिगत रुपमा दलित १ जना र अन्य २ जना ज्येष्ठ नागरिकहरू रहेको बताउँछन् ।

घटना ८ का अनुसार “चार महिनामा १२ हजार पाइयो अव मलाई यहाँ भन्दा के चाहियो ।” घटना १५ का अनुसार “मलाई बृद्धाभत्ता भएको वेलामा ढुक्क हुन्छ । कसै संग माग्नु परेन ।” र अर्का घटना २० का अनुसार “मलाई यो बृद्धाभत्ताले खान्की बान्कीलाई ढुक्क छ ।”

खुशी रमाईलो : अध्ययनमा संलग्न ९ जना (घटना २,३,४,६,९,१२,१३,१४ र १६) “ज्येष्ठ नागरिकहरूलाई भत्ताको पैसा भएको वेलामा खुशी तथा रमाइलो अनुभव हुने बताएका छन् ।” लैङ्गिक रुपमा महिला ५ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित १ जना जनजाति २ जना र अन्य ६ जना ज्येष्ठ नागरिकहरू खुशी तथा रमाईलो रहेको बताएका छन् ।

खर्च गर्ने योजना वनाउन : अध्ययनमा संलग्न ४ जना (घटना ५,१०, १७ र १९)  ज्येष्ठ नागरिकहरूले भत्ताको पैसा भए पछि आवश्यकता अनुसारको खर्च गर्ने योजना वनाउन

सक्ने बताएका छन् । लैङ्गिक रुपमा महिला ३ जना र पुरुष १ जना तथा जातिगत रुपमा दलित २ जना,जनजाति १ जना र अन्य १ जना ज्येष्ठ नागरिकहरूले खर्चको योजना बनाउन पाएकै भत्ताको पैसावाट बताएका छन् ।

घटना ५ का अनुसार "पैसा अथवा बृद्धाभत्ता भएको बेलामा रमाईलो लाग्छ, यति भए त यति गर्छु भन्ने योजना बनाउन सक्छु ।"

आशावादी : अध्ययनमा संलग्न १ जना (घटना १८) महिला दलित ज्येष्ठ नागरिक भत्ताको पैसा भएको अवस्थामा आशावादी हुदा रहेछन् । घटना १८ का अनुसार "म पैसा हुँदा र नहुँदा दुवै अवस्थामा निराश हुन्न ।"

स्वावलम्बी : अध्ययनमा संलग्न १ जना (घटना १) महिला अन्य ज्येष्ठ नागरिक भत्ताको पैसा भएका अवस्थामा आफु स्वावलम्बी भएको महसुस गर्नु हुन्छ । घटना १ का अनुसार "म छुट्टै बसेको हुनाले अरुलाई भत्ताको पैसा दिन्न र उनीहरू पनि मानो चामल भरेका छैनन् ।"

केही पनि भएन : अध्ययनमा संलग्न २ जना (घटना ७ र ११) ज्येष्ठ नागरिकहरूलाई भत्ताको पैसा केही पनि नभएको बताएका छन् । जसमा लैङ्गिक रुपमा महिला २ जना तथा जातिगत रुपमा दलित १ जना र जनजाति १ जना ज्येष्ठ नागरिकलाई केही पनि भए जस्तो नलागेको बताए । घटना ७ का अनुसार "पैसा भएको वेलामा केही पनि हुदैन नभएको बेलामा जाँड रक्सी सूर्ती केही खाँदिन त्यही भएर केही जस्तो नि लाग्दैन ।"

माथिका भनाई र तथ्यवाट ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता पाएको अवस्थामा उहाँहरूले ढुक्क, रमाईलो, योजना बनाउन पाएको, आशावादी र स्वावलम्वन महसुस भएको अवस्थावाट उहाँहरूलाई भत्ताले आर्थिक रुपमा सुरक्षित महसुस भएको प्रष्ट हुन्छ ।

## ४.८ ज्येष्ठ नागरिकको बैंक खाता सञ्चालनको अवस्था :

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय पन्जीकरण विभागको मिति २०७४।०३।०९ को पत्रानुसार र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय २०७३।०५।३१ को सचिव स्तरीय निर्णयानुसार सवै नगरपालिका तथा जिल्ला स्थित गाउँपालिकामा वैंकमा खाता खोली भत्ता वितरण गर्ने गराउने भनिएको थियो । सोही वमोजिमका अवस्था थाहा पाउन अध्ययनमा संलग्न ज्येष्ठ नागरिकको वैंकमा खाता खोल्ने ज्येष्ठ नागरिकको अवस्था यस प्रकारको रहेको पाईएको छ ।

भत्ता बुझ्ने प्रयोजनका लागि बैक खाता भएका : १९ जना (घटना २,३,४,५,६,७,८, ९,१०,११, १२,१३,१४,१५,१६,१७,१८,१९,२०) ज्येष्ठ नागरिकले बैकमा खाता खोली भत्ता बुझ्दै आएको बताएका छन् । जसमा महिला ११ जना र पुरुष ८ जना ज्येष्ठ नागरिक हुन् । जातिगत रुपमा दलित ६ जना जनजाति ४ जना र अन्य ९ जना रहेको पाईयो ।

भत्ता बुझ्ने प्रयोजनका लागि बैंक खाता भएका थाहा नभएको : १ जना (घटना १) "ज्येष्ठ नागरिकले बैंकमा खाताको वारेमा थाहा नभएको बताएका छन् ।" उनी महिला तथा अन्य ज्येष्ठ नागरिक हुन् । तर वडाकार्यालय गएर नै नगद भत्ता बुझिरहेको बताएका छन् ।

आर्थिक रुपमा हुने कारोवारको रुपमा लिईएको ज्येष्ठ नागरिक भत्ता कार्यक्रम पनि बैंकवाट कारोवार गरिएको र कथंकदाचित नगद भत्ता वितरणको समयमा ज्येष्ठ नागरिक उपस्थित हुन नसकेको अवस्थामा ज्येष्ठ नागरिकहरूको खातामा वडाकार्यालयले बैंकमा खोलिएको खातामा प्रविष्ट गरिएको प्रष्ट हुन्छ ।

## ४.९ भत्ता सकिएको वेलामा हुने महसुस :

छोरा संग माग्नु पर्ने हुन्छ : ५ जना (घटना २,६,८,१५ र १७) ज्येष्ठ नागरिकहरूले भत्ता सकिएको वेलामा छोरा संग माग्नु पर्ने बताएका छन् । घटना ६ का अनुसार भत्ता सकिएको वेलामा तल्लो स्तरको भइयो भन्छन् । छोरा संग भर पर्नु पर्ने ज्येष्ठ नागरिकहरूमा महिला २ जना र पुरुष ३ जना रहेका छन् भने २ जना दलित, १ जना जनजाति र २ जना अन्य वर्गका ज्येष्ठ नागरिकहरू रहेका छन् ।

अर्को पटक भत्ताको किस्ता को पर्खाई : ३ जना (घटना ५,१२ र १८) ज्येष्ठ नागरिकहरूले बुझेको भत्ता समाप्त भए पछि आउने भत्ताको प्रतिक्षामा रहने बताएका छन् । जसमा २ जना महिला र १ जना पुरुष रहेका छन भने जातिगत रुपमा २ जना दलित र १ जना जनजाति रहेका छन् ।

नरमाईलो र दुखी : १ जना घटना ३ का अन्य पुरुष ज्येष्ठ नागरिकलाई नरमाईलो र दुख लाग्ने बताएका छन्

कसैले पनि दिंदैनन : १ जना घटना १ का अन्य महिला ज्येष्ठ नागरिकले आफुलाई कसैले पनि दिंदैनन भनी बताए ।

बचतवाट खर्च चलाउने : १ जना घटना १० का अन्य पुरुष ज्येष्ठ नागरिकले आफुले बचाएर राखेको पैसाले खर्च चलाउने गरेका बताए ।

केही चिन्ता नभएको : ४ जना (घटना ४,७,११ र १३ ) ज्येष्ठ नागरिकहरूले भत्ता सकिए पनि केही चिन्ता नभएको बताएका छन् । जसमा ४ जना महिला रहेका छन भने जातिगत रुपमा १ जना दलित, १ जना जनजाति र २ जना अन्य वर्गका ज्येष्ठ नागरिकहरू रहेका छन् ।

केही पनि नवताउने : ३ जना (घटना १४,१६ र २०) ज्येष्ठ नागरिकहरूले भत्ता यो सम्बन्धमा केही बताएनन् ।

उकुसमुकुस हुने : १ जना घटना १९ दलित महिला ज्येष्ठ नागरिकले भत्ता सकिए पछि के गरौं कसो गरौं भन्ने उकुसमुकुस हुने बताएका छन् ।

भत्ता हुँदा र नहुँदा केही न केही फरक : १ जना (घटना ९) जनजाति पुरुष ज्येष्ठ नागरिकलाई भत्ता हुंदा र नहुँदा केही न केही फरक हुने बताएका छन् ।

मूख्य आयश्रोतको रुपमा भत्ता भएका ज्येष्ठ नागरिकले बुझेको भत्ता सकिए पछि उहाँहरूमा उकुसमुकुस हुने, आउने भत्ताको नै प्रतिक्षा हुने र भत्ताले ठूलो गर्जो टारेको अनुभव प्रष्ट हुन्छ ।

## ४.१० ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको हिम्मतको अवस्था

हिम्मत शाहस बढाएको : अध्ययनमा संलग्न १८ जना (घटना १,२,३,५,६,७,८,९,१०,१२, १३,१४, १५,१६,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूलाई हिम्मत तथा शाहस बढाएको बताएका छन् । जसमा लैङ्गिक रुपमा महिला १० जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य ९ जना ज्येष्ठ नागरिकहरूलाई बुझ्दै आएको बृद्धाभत्तावाट हिम्मत शाहस बढाएको बताएका छन ।

घटना १ का अनुसार “मलाई धुनधान फुर्ती त छैन । बृद्धाभत्ता दिएर सरकारले ठीक गऱ्यो”। घटना २ का अनुसार “यति भए पछि खानाले मर्दिन भन्ने हुन्छ हिम्मत बढाएको छ अनि बचन लगाउन पाउदैनन भन्ने हुन्छ ।” घटना ३ का अनुसार “म त साँच्चै भन्छु बृद्धा भत्ता नभएको भए बाँच्ने सहारा नै थिएन ।” घटना ५ का अनुसार “बृद्धा भत्ताले हिम्मत बढाएको छ । योजना बनाउन सक्ने भएको छु ।” घटना ६ का अनुसार “मलाई यो बृद्धाभत्ताले धेरै नै हिम्मत बढाएको छ । निम्नस्तरको मान्छेले ६० वर्ष कटेपछि धेरैथोरै बुझ्न पाइयो । जागिर पनि छैन । छोराले हेला गरे भने पनि सरकारले पालेको छ भन्न पाइयो ।” घटना ७ का अनुसार “बृद्धाभत्ताले यसो तेसो गरम्ला भनी  हिम्मत बढाएको छ” । घटना ८ का अनुसार

"बृद्धा भत्ताले धेरै हिम्मत बढाएको छ । मलाइ चाहिं खाना ढुक्क आनन्द संग बस्छु ।" घटना ९ का अनुसार "पैसा नभएको वेलामा भने अलिकति फरक पर्छ भएको वेलामा हिम्मत अर्कै हुन्छ । पैसा हुदा शाहस आउँछ नहुँदा अलि कस्तो कस्तो हुने हुन्छ ।" घटना १० का अनुसार "पैसा नभएको वेलामा पहिला ऋण काट्न डराइयो अहिले त भत्ता छ पकेटवाट भिकेर खर्च गरिन्छ । अहिले ऋण खोज्न परेको छैन ।" घटना १२ का अनुसार "पैसा हुँदा खुशी लाग्छ नहुँदा कहिले आउँछ भनेर बस्छु । र बृद्धाभत्ताले मलाई हिम्मत बढाएको छ" । घटना १३ का अनुसार "बृद्धाभत्ताको पैसा भएको वेलामा स्वतन्त्र रुपमा खर्च गर्न पाउने भएर हिम्मत बढाएको छ ।" घटना १४ का अनुसार "मलाई यो बृद्धाभत्ताले हिम्मत पनि बढाएको छ, किन कि मलाई औषधी नियमित खानाको लागि थपथाप भयो" । घटना १५ का अनुसार "मलाई यो वृद्धाभत्ताले हिम्मत बढाएको छ, त्यत्रो उत्पाद दुख नगरे पनि खाना चाहिं बृद्धाभत्ताले पुगे जस्तो लाग्छ ।" घटना १७ का अनुसार "मलाई बृद्धाभत्ताले हिम्मत बढाएको छ" । घटना १८ का अनुसार "मैले बृद्धाभत्ता पाउँदा हिम्मत बढेको छ, अवको भत्ताको पैसाबाट तिलहरी बनाउ कि भन्ने सोच र योजना आएको छ ।" घटना १९ का अनुसार "हामी सँधै घाँस दाउरा खेती किसान गर्ने भएकोले यो भत्ताले नगद चलाउन पाएको छु ।" त्यस्तै गरी घटना २० का अनुसार "मलाई यो बृद्धाभत्ताले खान्की बान्कीलाई ढुक्क छ । यसले मलाई हिम्मत दिएको छ ।"

हिम्मत साहस सामान्य : अध्ययनमा संलग्न १ जना (घटना ४ ) अन्य महिला ज्येष्ठ नागरिकलाई हिम्मत पनि बढेन र हिम्मत पनि घटेन भन्ने भावना व्यक्त गरेका छन् । घटना ४ का अनुसार "यो गरौला त्यो गरौला भन्ने छैन त्यही भएर भत्ताको पैसाले खास हिम्मत बढाए जस्तो लाग्दैन ।"

हिम्मत साहस बढाएन : अध्ययनमा संलग्न १ जना(घटना ११) दलित महिला ज्येष्ठ नागरिकलाई हिम्मत साहस  बढाएन भन्ने बताएका छन् । घटना ११ का अनुसार "भत्ताको पैसा छोरीले संरक्षक भएर बुझ्ने भएकाले आफुले चलाउन पाईदैन हिम्मत तथा साहस  के बढ्नु ।"

ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूले व्यक्त गरेका अनुभव : भत्ता भए पछि खानाले मर्दिन, भत्ता नभएको भए बाँच्ने सहारा नै थिएन, खान्की बान्कीलाई ढुक्क गराएको जस्ता

विचारहरूवाट यो प्रष्ट हुन्छ कि ज्येष्ठ नागरिकहरूलाई भत्ताले बाँच्न र अन्य चाहेको काम गर्न तथा सामाजिक तथा आर्थिक क्रियाकलाप गर्न हिम्मत बढाएको छ ।

## ४.११ ज्येष्ठ नागरिकहरूले घरायसी मुख्य काममा बृद्धाभत्ता दिईने व्यक्ति

छोरा : ५ जना ज्येष्ठ नागरिक (घटना २,७,१४,१६ र १९) ले आफुले बुझेको बृद्धाभत्ता छोरालाई दिने गरेको बताएका छन् । जसमा ५ जना नै महिला ज्येष्ठ नागरिक हुन र जातिगत रुपमा १ जना दलित, जनजाति २ जना, अन्य २ जना ज्येष्ठ नागरिकहरूले छोरालाई बृद्धाभत्ताको घरायसी मुख्य काममा पैसा दिने गरेको बताएका छन् ।

घटना २ का अनुसार “कान्छो छोरा पनि अहिले घरमा नै आएर बसेको छ जागिर पनि छैन । खाना लाउन र पाल्न यिनीहरूलाई नै परेको छ । दुःख परेको होला भन्ने मनज्ञानले जानेर दिन्छु ।” त्यस्तै गरी घटना ७ का अनुसार “मलाई अहिले जटिल खालको रोग भनेको ३ वर्ष अघि लडेर हात भाँचियो । भत्ताको पैसाले उपचार नगरे पनि छोरा बुहारीलाई दिन्छु । उनीहरूले म विरामी भएँ भने छोरा बुहारीले लिएर जान्छन”। त्यस्तै गरी घटना १४ का अनुसार “केही पैसा दिन्छ र वाँकी औषधी उपचारमा खर्च हुने भएकोले राख भन्छु मैले ।” त्यस्तै गरी घटना १६ का अनुसार “छोराले भत्ता बुझेर पैसा ल्याएको बेलामा घरमा चामल, नुन तेल, माछा मासु ल्याउँछ ।” त्यस्तै गरी घटना १९ का अनुसार “कहिलेकाँही मैले भत्ता बुझेर ल्याउँदा छोरालाई गाह्रो भएको होला भनेर उसले मागेर होइन आफैले जानेरदिन्छु ।”

छोरी : २ जना ज्येष्ठ नागरिक (घटना ११ र १८) ले आफुले बुझेको बृद्धाभत्ता छोरीलाई दिने गरेको बताएका छन् । जसमा महिला २ जना तथा जातिगत रुपमा दलित ज्येष्ठ नागरिकहरूले छोरीलाई घरायसी मुख्य काममा बृद्धाभत्ता दिने गरेको बताएका छन् ।

घटना ११ का अनुसार “म सँग बृद्धाभत्ता भएको वेलामा छोरीले नै खर्च चलाउँछिन् उसले दुख पाएकी छे उसले चलाएकोमा म खुशी नै छु ।” त्यस्तै गरी घटना १८ का अनुसार “माइली छोरी विरामी हुदा खुट्टाको शल्यक्रिया गर्दा १२ हजार भत्ता बुझेको वेला दश हजार उपचार गर्नका लागि दिंए ।”

श्रीमति : ५ जना ज्येष्ठ नागरिक (घटना ३, ८,९,१० र २०) ले आफुले बुझेको बृद्धाभत्ता श्रीमतिलाई दिने गरेको बताएका छन् । जसमा पुरुष ५ जना तथा जातिगत रुपमा अन्य ज्येष्ठ नागरिकहरूले श्रीमतिलाई घरायसी मुख्य काममा बृद्धाभत्ता दिने गरेको बताएका छन् ।

घटना ३ अनुसार "भत्ता बुझ्केको समयमा श्रीमतिले मागेपछि १-२ हजार दिन्छु" । त्यस्तै अर्का घटना ८ का अनुसार "चार महिनाको भत्ता श्रीमति संरक्षक भएर उनैले बुझ्केर ल्याउछिन् राख्छिन् ।" अर्का घटना ९ का अनुसार "हामी बुढाबुढी दुवैजनाले भत्ता बुझ्छौं र श्रीमतिले नै राख्छिन्"। यस्तै अर्का घटना १० का अनुसार "मैले भत्ता बुझ्केर सरासर घरमा आएर श्रीमतिलाई दिएँ ।" अर्का घटना २० का अनुसार "भत्ताको पैसा बाँकी रह्यो भने श्रीमतिलाई दिन्छु ।"

बुहारी : १ जना ज्येष्ठ नागरिक (घटना १२) ले आफुले बुझ्केको बृद्धाभत्ता बुहारीलाई दिने गरेको बताएका छन् । जसमा पुरुष १ जना र जातिगत रुपमा जनजाति घटना १२ अनुसार "बुहारीलाई घरायसी मुख्य काममा बृद्धाभत्ता दिने गरेको बताएका छन् ।"

आफै राख्ने : ७ जना ज्येष्ठ नागरिकहरू (घटना १,४,५,६,१३,१५ र १७) ले बुझ्केको बृद्धाभत्ता आफै राख्ने गरेको बताएका छन् । जसमा पुरुष २ जना र महिला ५ जना तथा जातिगत रुपमा दलित ३ जना, जनजाति १ जना र अन्य ३ जना ज्येष्ठ नागरिकले आफै राख्ने गरेको बताएका छन् ।

घटना १ का अनुसार "म छुट्टै बसेको हुनाले अरुलाई भत्ताको पैसा दिन्न र उनीहरू पनि मानो चामल भरेका छैनन् ।" त्यस्तै गरी घटना ४ का अनुसार "श्रीमानले भत्ता ल्याउँदा पनि मैले नै राख्छु मेरो र उहाँको आवश्यक परेको ठाउँमा मिलेर खर्च गर्छौ ।"

अधिकाँश ज्येष्ठ नागरिकहरूले उहाँहरूलाई प्रत्यक्ष रुपमा आफै हरेक काममा जिम्मेवार हुने आफैले, हेरविचार गर्ने स्वास्थ्य उपचार गर्ने र साथमा बस्ने छोरा,भाई बुहारी छोरीलाई नै भत्ताको पैसा दिएको प्रष्ट हुन्छ ।

## ४.१२ ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता सदुपयोग

आफै सदुपयोग : बृद्धाभत्ता बुझ्केर आफै सदुपयोग गर्ने ९ जना (घटना १,५,६,७,१३,१५,१८ र १९) ज्येष्ठ नागरिकहरू रहेका छन् । जसमा महिला ७ जना र पुरुष २ जना र जातिगत रुपमा दलित ५ जना , जनजाति २ जना र अन्य २ जना ज्येष्ठ नागरिकले बृद्धाभत्ता आफै सदुपयोग गरेको बताएका छन् ।

घटना १ का अनुसार "आफूलाई चाहिने कुरा ल्याउछु,पकाउछु खान्छु"। त्यस्तै गरी घटना ५ का अनुसार "खाना मन लागेको कुरा किनेर खाएको छु" । त्यस्तै गरी घटना ६ का अनुसार

"दैनिक रु. १०० को मासु किनेर खाना पाएको छु" । घटना ७ का अनुसार "पैसा भएको वेलामा नातिनी अलि विरामी भई रहन्छे नातिनीलाई रु. ३००० दिंए, दवाई खाउभनेर दिंए अनि आएको वेलामा मेरो कपडाहरू धोईदिन्छिन्"। घटना १३ का अनुसार "मैले भत्ता बुझेर चुरोट किन्छु । औषधी उपचार गर्ने कुरामा खर्च गर्छु" घटना १५ का अनुसार "भत्ताले चामल, मासु तेल मसलाहरू आफैले किन्छु"।

घटना १८ का अनुसार "मैले बृद्धा भत्ता बुझेर कहिलेकाँही माछा मासु किनेर खाने गरेको छु । कहीँ जान पऱ्यो भने पनि बृद्धाभत्ताको पैसाले जाने गरेको छु । हिंड्न डुल्न पनि भत्ताले काम गरेको छु ।" त्यस्तै गरी घटना १९ का अनुसार "भत्ता बुझेको वेलामा र पैसा भएको वेलामा तेल मसला, चिनी, चिया, साबुन र कहिलेकाँही मासु पनि किनेर ल्याउछु । मोवाईल छोराले किनिदिए पनि छोरा छोरी आफन्तसंग कुरा गर्नु पर्दा रिचार्ज गर्न बृद्धा भत्ताको पैसा नै प्रयोग गर्ने गरेको छु" ।

घरपरिवारका सदस्य श्रीमान श्रीमति, बुहारी र भाई संग मिलेर उपयोग गर्ने : ९ जना (घटना २,३,४,८,९,१०,१२,१४ र २०) ज्येष्ठ नागरिकहरूले घरपरिवारका सदस्य श्रीमान श्रीमति र भाई सँगै मिलेर बृद्धाभत्ता उपयोग गरेको बताएका छन् । जसमा महिला ३ जना र पुरुष ६ जना, जातिगत रुपमा जनजाति १ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता सदुपयोग गरेको बताएका छन् ।

घटना २ का अनुसार "२-४ हजार आफूले राखें बाँकी रु. ८००० बुहारीलाई नै दिएँ ।" त्यस्तै गरी घटना ३ का अनुसार "भत्ता बुझेको समयमा श्रीमतिले मागेपछि १-२ हजार दिन्छु"। घटना ४ का अनुसार "श्रीमानले भत्ता ल्याउँदा पनि मैले नै राख्छु मेरो र उहाँको आवश्यक परेको ठाउँमा मिलेर खर्च गर्छौं ।" घटना ९ का अनुसार "हामी बुढाबुढी दुवैजनाले भत्ता बुझ्छौं र श्रीमतिले नै राख्छिन् ।" घटना १० का अनुसार "मैले भत्ता पाउदा खशीलाग्यो । सरासर ल्याएर घरमा श्रीमतिलाई दिएँ ।" घटना १२ का अनुसार "अहिले मैले रु १२ हजार भत्ता बुझेपछि रु १० हजार भाईबुहारीलाई दिँए ।" घटना १४ का अनुसार "केही पैसा दिन्छ र वाँकी औषधी उपचारमा खर्च हुने भएकोले राख भन्छु मैले ।" घटना २० का अनुसार "भत्ताको पैसा बाँकी रह्यो भने श्रीमतिलाई दिन्छु ।"

छोरीले सदुपयोग : १ जना (घटना ११) महिला तथा दलित ज्येष्ठ नागरिकको छोरीले संरक्षक भएर बुझेका भत्ता छोरीले नै सदुपयोग गरेको बताएका छन् । घटना ११ का अनुसार "म सँग बृद्धाभत्ता भएको वेलामा छोरीले नै खर्च गर्छिन् ।"

छोराले सदुपयोग : १ जना (घटना १६) महिला तथा जनजाति ज्येष्ठ नागरिकको छोराले संरक्षक भएर ल्याएर बुझेको भत्ता छोराले नै सदुपयोग गरेको बताएका छन् । उहाँको लडेर पिठ्युको जोर्नी फुस्किएर थला परेर बस्नु भएको ज्येष्ठ नागरिक हुन् । घटना १६ का अनुसार "छोराले भत्ता बुझेर पैसा ल्याएको बेलामा घरमा चामल, नुन तेल, माछा मासु ल्याउँछ ।"

सवैभन्दा बढी घरपरिवारका सदस्य श्रीमान श्रीमति भाई संग मिलेर, त्यस पछि आफै, छोरा छोरीले भत्ताको उपयोग गरेको पाईएको छ । यसरी संयुक्त रुपमा सदुपयोग गर्दा समन्वय र उचित स्याहार सम्हार भएको प्रष्ट हुन्छ ।

## ४.१३ ज्येष्ठ नागरिकहरूमा भएको सहयोगी भावना

सहयोगी : अध्ययनमा संलग्न १५ जना (घटना २,४,६,७,८,९,१०,१२,१३,१४,१५,१६,१७,१८ र १९) ज्येष्ठ नागरिकहरूको सहयोगी भावना पाईयो ।

घटना २ का अनुसार "खाना लाउन र पाल्न यिनीहरूलाई नै परेको छ । दुःख परेको होला भन्ने मनज्ञानले जानेर भत्ता दिन्छु"। घटना ४ का अनुसार "छरछिमेकलाई भत्ता भएको वेलामा फिर्ता गर्नेलाई दुख परेर माग्न आएको वेलामा कम्तिमा २ हजार देखि ४ हजार सम्म सहयोग गरेको छु ।" घटना ६ का अनुसार "कहिलेकाँही माछा मासु ल्याएको बेलामा नाति नातिनाले खाउन भनेर आधा किलो जति मासु ल्याएर दिन्छु ।" घटना ७ का अनुसार "ल्याएको भत्ता माइलो भाईलाई दिनु भने पछि दिए । त्यही भएर कलझगडा भएको छैन"। त्यस्तै गरी घटना ८ का अनुसार "दिएन भन्ने पनि कोही छैन । छोराहरू सबै बरावर । अलिअलि कहिलेकाँही दिन्छु । नातीलाइ पनि केही किनेर खाउ भनेर दिन्छु ।" घटना १० का अनुसार "भत्ता बुझेको वेलामा म संग पैसा माग्न आएको वेलामा पछि फिर्ता गर्ने गरी सहयाग गरेको छु ।" अर्का घटना १९ का अनुसार "मेरी सासुले मलाई सुडेनीका काम पनि सिकाईदिनु भयो ता कि उहाँ नभएको वेला वा उहाँको देहान्त पछि गाउँघरमा महिला सुत्केरी हुदाँ सहयोग होस् । यस पछि करिब १५ देखि २० जना महिलालाई सुत्केरी गराएँ । यस्तो सहयोग गर्न पाएकोमा खुशी छु ।"

असहयोगी : अध्ययनमा संलग्न ५ जना (घटना १,३,५,११ र २०) ज्येष्ठ नागरिकहरू असहयोगी रहेको पाईएको छ । जसमा लैङ्गिक रुपमा महिला ३ जना र पुरुष २ जना तथा जातिगत रुपमा दलित २ जना र अन्य ३ जना ज्येष्ठ नागरिकहरू असहयोगी रहेको पाईएको छ ।

ज्येष्ठ नागरिकहरू आफ्नो परिवार, समाज र छिमेकमा कुनै न कुनै रुपमा जस्तै सुंडेनी जस्तो अत्यन्त मानवीय सहयोग गरेर, भत्ता बुझ्केको वेलामा टोल छिमेकमा कोही विरामी वा अप्ठ्यारो परेको अवस्थामा पैसा चलाएर अत्यन्त सहयोगी रहेको प्रष्ट हुन्छ ।

## ४.१४ ज्येष्ठ नागरिकहरूले दानदक्षिणा गर्दा हुने सन्तुष्टि

अध्ययनमा संलग्न सवै ज्येष्ठ नागरिकहरूले चाडपर्व, औंशीपूर्णीमा, कर्मकाण्डमा मान्नु पर्ने छोरीचेली ज्वाईं चेला, भान्जा भान्जी नाताअनुसार टीकाटाला गरी दानदक्षिणा गर्दा एकदम सन्तुष्टि भएको बताएका छन् ।

स्वर्ग जान पाईन्छ भन्ने उत्प्रेरणालाई दान दक्षिणाले मुख्य भुमिका खेलेको पाईन्छ । यस्तो धार्मिक भावाना र विचारलाई साकार पार्न र पुण्य कमाउन समेत ज्येष्ठ नागरिक भत्ताले सामाजिक योगदान गरेको प्रष्ट हुन्छ ।

## ४.१५ ज्येष्ठ नागरिकहरूले चिन्ता लिने अवस्था

चिन्ताको अवस्था नभएको : अध्ययनमा संलग्न १९ जना (घटना १,२,३,४,५,६,७,८,९,१०, १२,१३,१४,१५,१६,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूले बर्तमानमा कुनै किसिमको चिन्ताको अवस्था नभएको  बताएका छन् । जसमा लैङ्गिक रुपमा महिला ११ जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ५ जना, जनजाति ४ जना र अन्य १० जना ज्येष्ठ नागरिकहरूलाई अहिले कुनै किसिमको चिन्ता नभएको बताएका छन् ।

घटना १८ का अनुसार “सरकारले मलाई हेरचाह गरेकोले मलाई चिन्ता नभएको हो ।” त्यस्तै गरी घटना १५ “बृद्धाभत्ताले चामल किनेर खाना पाएको छु” बताउँछन्  । “अहिले मलाई के खाउँला के लाउँला भन्नु परेको छैन ।” भन्छन घटना ८ का ज्येष्ठ नागरिक ।

एक जना ज्येष्ठ नागरिक घटना १६ ले “अहिले मेरो छोराको राम्रो कमाई छैन त्यही भएर भत्ताले गर्नु सहयोग गरेको छ” । अध्ययनमा संलग्न एक ज्येष्ठ नागरिक घटना १७ का

अनुसार "बृद्धाभत्ताको पैसाले बचत गर्न पाएर ढुक्क छु चिन्ता छैन" भनी बताए । त्यस्तैगरी अध्ययनमा संलग्न एक जना ज्येष्ठ नागरिक घटना १९ ले "नगद चलाउन पाएकै भत्ता आएर भएकाले चिन्ता छैन" भनी बताएका छन् । केही पनि भएन भनेर अध्ययनमा संलग्न एक जना ज्येष्ठ नागरिक घटना ११ ले "मेरो छोरीले भत्ता बुझेर आफै चलाउँछिन्" भनी बताएका छन् ।

मानिसहरूले अभाव गरिवी र अन्य आर्थिक असुरक्षाका कारणवाट अनेक विपतहरूको सामाना गरीरहेको परिप्रेक्ष्यमा ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता पाए पछि चामल किन्न पाएर पेट भरी खाना पाएको, के खाउंला र लाउंला नभएको, केही रकम वचत समेत गर्न पाएको, कहिल्यै पनि आफ्नो हातमा नगद नपर्ने महिलाले ज्येष्ठ नागरिक भत्ता पाए पछि नगद चलाउन पाएको तथ्यवाट ज्येष्ठ नागरिकहरूको चिन्ता निकै कम भएको प्रष्ट हुन्छ ।

## ४.१६ ज्येष्ठ नागरिककहरूमा बृद्धाभत्ताबाट सन्तुष्टिको अवस्था

अध्ययनमा संलग्न सवै ज्येष्ठ नागरिकहरू बृद्धाभत्ताबाट सन्तुष्टि भएको पाईएको छ । घटना १ देखि २० अनुसार, ज्येष्ठ नागरिकहरू सवै जनाले भन्नु भयो : "म बृद्धाभत्ताबाट सन्तुष्ट छु ।"

## ४.१७ ज्येष्ठ नागरिकहरूले गरेको बचतको अवस्था

चौमासिक रुपमा पाउँदै आएका ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकरुले बचत पनि गरेका छन् । अध्ययनमा संलग्न ८ जना (घटना ७,९,१०,१२,१४, १५,१७ र १८) ज्येष्ठ नागरिकहरूले बचत गरेका रहेछन् । बचत यस प्रकार रहेको छ ।

अध्ययनमा संलग्न घटना ७ ले रु. १०,०००।-, घटना ९ ले रु.१२,०००।-, घटना १० ले रु.२१,०००।-, घटना १२ ले रु.४०००।-, घटना १४ ले रु.१०००।-, घटना १५ ले रु.२२,०००।-, घटना १७ ले रु. ३०२०।- र घटना १८ ले रु.१०,०००।- बचत गरेको बताएका छन् । बचत गर्नेमा महिला ४ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित २ जना, जनजाति ३ जना र अन्य ३ जना ज्येष्ठ नागरिकहरूले पाएको भत्तावाट उक्त नगद जम्मा गरेको बताएका छन् ।

तर १२ जना (घटना १,२,३,४,५,६,८,११,१३ र १६) ज्येष्ठ नागरिकहरूले बचत नगरेको बताएका छन् । घटना ८ का अनुसार "बुढाबुढी पाकेको पात भन्छन साँचेर राखेको छैन" । घटना १ का अनुसार "म पैसाको दुख पर्छ कि भने पनि के गर्नु त नि भन्या छु बसेको छु । मैले बचत गरेको छैन ।" घटना २ का अनुसार "पैसा ल्यायो घर खर्च नै नपुग्नी, दियो खर्च गऱ्यो नुन भन्यो तेल भन्यो दक्षिणा भन्यो बचत त गरेको छैन"। घटना ३ का अनुसार "नगद बचत गरेको छैन ।" घटना ४ का अनुसार "जागिर खाएर आउने तलब भएको भए राखिन्थ्यो होला तर खाना लाउन भनेर दिएको भत्ता बचत गरेर राखेको छैन ।" घटना ५ का अनुसार "भत्ताबाट बचत गरेर राखेको छैन ।"

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूमा भत्ता बुझे पछि खर्च भएर जाने र केही ज्येष्ठ नागरिकहरूले रु १ हजार देखि रु २१ हजार सम्म बचत गरेको तथ्यवाट हालको ज्येष्ठ नागरिक भत्ताले बर्तमानमा मात्र सहयोग गरेन कि भविष्यमा भवितव्य पर्दा पनि सामाजिक तथा आर्थिक सुरक्षा को महसुस भएको प्रष्ट हुन्छ ।

## ४.१८ ज्येष्ठ नागरिक भत्ताले ईच्छाएको खानेकुरा खाना पाएको अवस्था

ईच्छा लागेको कुरा किन्नः अध्ययनमा संलग्न १८ जना (घटना १,२,३,४,५,६,८,९,१०,११, १२,१३, १५,१६,१७,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूले लैङ्गिक रुपमा महिला १० जना र पुरुष ८ जना तथा जातिगत रुपमा दलित ६ जना, जनजाति ३ जना र अन्य ९ जना ज्येष्ठ नागरिकहरूले ईच्छा लागेको कुरा किन्न पाएको बताएका छन् ।

घटना १ अनुसार "मलाई खानाको लागि ईच्छा लाग्ने भनेको खसीका राम्रो मासु पाएँ भने भयो ।" घटना २ अनुसार "मलाई ईच्छा लागेको चकलेट मुखमा हाल्न, खाजाभुजा किनेर खान सहयोग गरेको छ ।" घटना ३ अनुसार "ईच्छा लागेको कुरा चुरोट किनेर खानालाई सहयोग गरेको छ ।" घटना ४ अनुसार "खाना मन लागेको कुरा बजार जाँदा नौलो खाने चिज पाइयो भने दुध घ्यू किनेर नै ल्याउछु ।" घटना ५ अनुसार "खाना मन लागेको कुरा किनेर खाना सहयोग गरेको छ । जस्तै शरीरलाई ताकत दिने कुरा हर्लेक्स, मह र घ्यू किनेर खाना सहयोग गरेको छ ।" घटना ६ अनुसार "मैले ईच्छा लागेको खानेकुरा भनेको दैनिक रु. १०० को मासु किनेर खाना पाएको छु ।" घटना ८ अनुसार "खाना मन लागेको कुरा किनेर खाना सहयोग गरेको छ । जस्तै : माछा मासु चिया खाजा किनेर खाना सहयोग

गरेको छ"। घटना ९ अनुसार "हामीलाई खानेकुरामा सवै भन्दा राम्रो दालभात तरकारी नै हो ।" घटना १० अनुसार "मलाई खाना ईच्छा लाग्ने कुरा भनेको दुध भात र अंगुर हो यी कुराहरू किन्नलाई बृद्धाभत्ताले सहयोग गरेको छ"। घटना ११ अनुसार "मलाई बृद्धाभत्ताले चाउचाउ, चुरोट, मासु जुन खाना मन लाग्छ त्यही छोरीले किनेर ल्याउछिन र खाना पाउँछु ।" घटना १२ अनुसार "घरमा कहिलेकाँही बुहारीले पैसा माग्छिन् किन कि मलाई कहिलेकाँही रक्सी सूर्ती खाना मन लाग्छ अनि किनेर ल्याइदिन्छिन् ।" घटना १५ अनुसार "मलाई बृद्धाभत्ताले इच्छा लागेको कुरा चामल, तेल नुन चियापत्ति किन्न सहयोग गरेको छ"। घटना १६ अनुसार "मलाई इच्छा लागेको कुरा किन्न जस्तै चुरोट किन्न पाइएको छ । चामल किनेर घरमा छाक टार्न पाईएको छ ।" घटना १७ अनुसार "मैले घ्यू, माछा मासु, खाना मन लागेको कुरा खाना पनि सहयोग गरेको छ, मैले अलिअलि गरेर जम्मा गरेको पैसाले मर्दा खेरी खाल्डोमा गाड्न वा राख्दा रु.११००० खर्च लाग्छ यो पनि गाह्रो नहोस छोराहरूलाई भन्न चाहन्छु र यो ईच्छा भत्ताले पुऱ्याएको छ ।"

घटना १९ अनुसार "पैसा भएको अवस्थामा भेटघाट गर्न बाटो खुल्छ, ईच्छा लागेको वेलामा माछा मासु किनेर खान पाईन्छ, फोनमा रिचार्ज गरी छोरा छारी संग कुरा गर्न पाइन्छ ।" घटना २० अनुसार "बुढाबुढीले पनि पेटभरेर आत्मा पूरा गरेको छ । यो वेला आत्माले मागेको खाना पुगेको छ ।"

कुवा र मन्दिर बनाउन : अध्ययनमा संलग्न १ जना (घटना १४) अनुसार "मैले हामीले प्रयोग गर्ने कुवा बनाएँ, स्कूलमा नारेश्वर रुख रोपे अहिले फल्न थालेको छ, कृष्ण मन्दिर बनाएँ, ठाँटी बनाएँ ।"

केही पनि नकिन्ने : अध्ययनमा संलग्न १ जना (घटना ७) अनुसार "मैले केही पनि किनिन ।"

ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको ईच्छा अनुसार स्वतन्त रुपमा खर्च गर्न,चल्न पाउनुले ज्येष्ठ नागरिकहरू भत्ताले निकै राम्रो सदुपयोग गरेका हुन भन्ने प्रष्ट हुन्छ ।

## ४.१९ ज्येष्ठ नागरिकहरूको दुख लाग्दो क्षण

विरामी हुँदा : अध्ययनमा संलग्न १ जना(घटना ३) अन्य पुरुष ज्येष्ठ नागरिकले आफु विरामी हुँदा दुख लागेको बताएका छन् ।

घटना ३ का अनुसार "मेरो जीवनमा दुख विराम हुँदा नरमाईलो लाग्छ किन कि विरामी परे पछि शरीर अर्को हुदों रहेछ । हेरचाह र माया ममताको खाँचो र महसुस हुने भएकोले नरमाईलो लाग्छ ।"

छोराहरू घरमा संगै नहुँदा : अध्ययनमा संलग्न २ जना (घटना ९ र १७) ज्येष्ठ नागरिकहरूलाई छोराहरू घरमा संगै नहुँदा दुख लागेको बताएका छन् । लैङ्गिक रुपमा महिला १ जना र पुरुष १ जना तथा जातिगत रुपमा जनजाति १ जना र अन्य १ जना ज्येष्ठ नागरिकलाई छोराहरू घरमा नहुँदा दुख लागेको बताएका छन् ।

घटना ९ का अनुसार "छोराहरू नाति पनि नजिक छैनन, पढ्न जागिर गर्न कोही पोखरा कोही काठमाडौ छन् यो अलि नरमाइलो लाग्छ ।"

दिनदिनै बुढो हुदै गर्दा पनि दुख : अध्ययनमा संलग्न १ जना (घटना १८) दलित महिला ज्येष्ठ नागरिकलाई "आफु दिनदिनै बुढो हुँदै गर्दा दुख लाग्छ ।"

हिंड्न नसक्ने भएकोले दुख : अध्ययनमा संलग्न १ जना (घटना १६) अन्य महिला ज्येष्ठ नागरिक हिंड्न नसक्ने भएकोले दुख लागेको बताएका छन् । घटना १६ का अनुसार "असहाय वसेर खान्छे भन्छ, यस्तो भन्दा कता जाऊँ जाऊँ जस्तो लाग्छ, हिंड्न मन लाग्छ तर हिँड्न सक्दिन ।"

स्वर्गवास जाने वेला : अध्ययनमा संलग्न एक जना (घटना ७) जनजाति महिला ज्येष्ठ नागरिकलाई स्वर्गवास जाने वेला भएको अवस्था ले आफुलाई दुख लागेको बताएका छन् । घटना ७ का अनुसार "सवै भन्दा दुख वा नरमाइलो लाग्ने गइदिम गइदिम जस्तो लाग्छ । अरु त भन्दिन ।"

एकान्तपना : अध्ययनमा संलग्न १ जना (घटना १५) पुरुष दलित ज्येष्ठ नागरिकलाई एकान्तपना भएको अवस्थामा दुख लागेको बताएका छन् । घटना १५ का अनुसार "म एक्लै हुँदा नरमाइलो लाग्छ ।"

छोराहरूको छोरा को जन्म नहुँदा : अध्ययनमा संलग्न एक जना (घटना २) अन्य महिला ज्येष्ठ नागरिकलाई भएका दुवै छोराको वंश निरन्तरता मानिने चलन अनुसार छोराको जन्म नहुँदा दुख लागेको बताएका छन् ।

घटना २ का अनुसार "मलाई नरमाईलो लाग्ने भन्ने त्यस्तो कुरा के भन्नी र दुबै छोराहरूको छोराको जाय जन्म भाछैन छोरी छोरी छन् । यसको ताना भई रहन्छ ।"

श्रीमानले पिटेको सम्झिंदा : अध्ययनमा संलग्न एक जना (घटना ५) दलित महिला ज्येष्ठ नागरिकलाई श्रीमान जीवित हुंदा पिटेको संझिदा दुख लागेको बताएका छन् ।

घटना ५ का अनुसार "सवै भन्दा दुख वा नरमाइलो लाग्ने क्षण कति लाग्थ्यो लाग्थ्यो सवै भन्दा नरमाइलो त श्रीमानले पिट्दा लाग्थ्यो ।"

आमालाई देख्न र चिन्न नपाउँदा : अध्ययनमा संलग्न एक जना (घटना १९) दलित महिला ज्येष्ठ नागरिकलाई "आफु सानो छंदा आमाको मृत्यु भयो त्यसपछि बाबाले अर्की आमा ल्याएर हुर्काउनु त भयो तर जन्म दिने आमालाई चिन्न र देख्न तथा आमा भनेर बोलाउन काँखमा बस्न र माया ममता नपाउँदा दुख लाग्छ ।"

बच्चाहरूले पैसा माग्दा पैसा नहुँदा र दिन नसक्दा दुख : अध्ययनमा संलग्न एक जना (घटना १०) अन्य पुरुष ज्येष्ठ नागरिकका आफ्ना बच्चाहरूले नातिनातिनाले कहिलेकाँही बावा यस्तो किन्न वा काम परेको अवस्थामा पैसा दिन नसक्दा दुख र पीडा भएको बताएका छन् ।

दुख केही पनि छैन : अध्ययनमा संलग्न ८ जना (घटना १,४,६,८,११,१२,१४ र २०) ज्येष्ठ नागरिकहरूले आफ्ना जीवनमा केही पनि दुख नभएको बताएका छन् । यस्तो भन्ने ज्येष्ठ नागरिकहरूमा महिला ४ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित २ जना, जनजाति १ जना र अन्य ५ जना ज्येष्ठ नागरिकहरू रहेको पाईएको छ ।

दुख घटना चाहेर नचाहेर विर्सिए : अध्ययनमा संलग्न १ जना (घटना १३)अन्य महिला ज्येष्ठ नागरिकले आफ्ना जीवनकालमा भएका दुखहरूलाई चाहेर नचाहेर विर्सिएको बताएका छन् ।

ज्येष्ठ नागरिकहरूलाई विशेष गरी विरामी हुँदा, छोराहरूसंगै घरमा नहुंदा, आफै पनि दिनानुदिन झन बुढ्यौली हुँदै गर्दा, हिंड्न डुल्न नसक्ने हुँदा, एकान्तपना,छोराहरूको बंश

परम्परा धान्ने छोरा नजन्मदा, ज्येष्ठ नागरिक स्वयंले आमा देख्न चिन्न नपाउँदा, बच्चाहरूले पैसा माग्दा नभएर दिन नसक्दा र नचाहेर पनि स्वर्गवास जानु पर्ने वेला जस्ता तथ्यहरूले दुख लागेको अनुभव बताउँदा उहाँहरूमा केही न केही पारिवारिक पिरलो भएको प्रष्ट हुन्छ ।

## ४.२० ज्येष्ठ नागरिकहरूलाई सवै भन्दा खुशी लाग्ने क्षणहरू

सवै छोराहरू जागिरे हुँदा खुशी : अध्ययनमा संलग्न ४ जना(घटना ६,१०,१८ र १९) ज्येष्ठ नागरिकहरूलाई आफ्ना सवै छोराहरू जागिरे हुँदा सवै भन्दा खुशी र हर्ष लागेको बताएका छन् । यसरी खुशी हुनेमा महिला २ जना र पुरुष २ जना तथा जातिगत रुपमा दलित ३ जना र अन्य १ जना ज्येष्ठ नागरिकहरू पाईएको छ ।

छोरीले आफैसंग राखेर पाल्दा : अध्ययनमा संलग्न दुई जना (घटना ५ र ११) दुवै दलित महिला ज्येष्ठ नागरिकहरूलाई छोरीले आफैसंग राखेर पाल्दा एकदम खुशी भएको बताएका छन् ।

चाडवाड वा अन्य वेला सवैजना जम्मा हुंदा खुशी : अध्ययनमा संलग्न ५ जना (घटना ३,४,९,१५ र २०) ज्येष्ठ नागरिकहरूलाई चाडवाड वा अन्य वेला सवैजना छोराछोरी, नातिनातिना ज्वाई छोरी आफन्त जम्मा हुँदा खुशी भएको बताएका छन् । यसरी खुशी हुनेमा महिला १ जना र पुरुष ४ जना तथा जातिगत रुपमा दलित १ जना र अन्य ४ जना ज्येष्ठ नागरिकहरू रहेको पाईएको छ ।

नातीनातिना देख्न पाएर खुशी : अध्ययनमा संलग्न २ जना (घटना ७ र १३) महिला ज्येष्ठ नागरिकहरूलाई नातिनातिना देख्न पाएर खशी भएको बताएका छन् । यसरी खुशी हुनेमा जातिगत रुपमा जनजाति १ जना र अन्य १ जना ज्येष्ठ नागरिकहरू पाईएको छ ।

चर्चमा प्रार्थनामा जाँदा खुशी : अध्ययनम संलग्न एक जना (घटना १७) महिला जनजाति ज्येष्ठ नागरिक लाई चर्चमा गएर प्रार्थना गर्दा खुशी हुने बताएका छन् ।

सवै कुरामा सम्पन्न भए खुशी : अध्ययनमा संलग्न एक जना (घटना २) महिला अन्य ज्येष्ठ नागरिकलाई सवै कुरामा सम्पन्न भए खुशी लाग्ने बताएका छन् ।

खाना लगाउन पाएर खुशी : अध्ययनमाा संलग्न एक जना (घटना ८) अन्य पुरुष ज्येष्ठ नागरिकलाई आफुलाई खाना लगाउन मा कुनै समस्या नभएको हुदा खाना लगाउन पाएर खुशी भएको बताएका छन् ।

छोराले हेरचाह गर्दा खुशी : अध्ययनमा संलग्न एक जना (घटना १६) महिला तथा जनजाति ज्येष्ठ नागरिकलाई "कान्छो छोराले पीठ्युको हड्डी भाँचिएर थला पर्दा र हिंड्डुल गर्न नसक्दा मेरा सम्पूर्ण काममा हेरचाह गरि रहेको पाउँदा खुशी भएको बताउँछन् "।

सन्तानको सुख मेरो सुख : अध्ययनमा संलग्न एक जना (घटना १) अन्य महिला ज्येष्ठ नागरिकलाई सन्तानको सुख मेरो सुख भएको बताएका छन् ।

खुशी लाग्दो कुरा केही नभएको : अध्ययनमा संलग्न दुई जना (घटना १२ र १४) ज्येष्ठ नागरिकहरूलाई आफूलाई खुशी लाग्दो केही नभएको बताएका छन् । यस्तो भन्नेमा महिला १ जना र पुरुष १ जना तथा जातिगत रुपमा जनजाति १ जना र अन्य १ जना रहेको पाईयो ।

ज्येष्ठ नागरिकहरू सवै छोराहरू जागिरे हुँदा, छोरी भएर पनि ज्येष्ठ नागरिकलाई पाल्दा, नाति नातिना देख्न पाउँदा,चर्चमा गएर प्रार्थना गर्दा, छोराहरूले हेरचाह गर्दा खुशी तथा खाना लगाउन पाएर खुशी भएको तथ्यबाट ज्येष्ठ नागरिकहरू कुनै न कुनै रुपमा उत्तरार्धको जिन्दगी खुशीयाली साथ विताउन पर्ने प्रष्ट हुन्छ ।

## ४.२१ ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रम बारे जानकारीको अवस्था

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूमा १० जना (घटना १,३,४,६,८,१०,१५,१८,१९ र २०) ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रमबारे थाहा भएको बताएका छन् । जसमा महिला ४ जना र पुरुष ६ जना तथा जातिगत रुपमा दलित ४ जना र अन्य ६ जना ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रमबारे थाहा भएको बताएका छन् ।

अध्ययनमा संलग्न घटना १ अनुसार "बृद्धाश्रमवारे थाहा छ तर आफु नगएको वताए" । "बृद्धाश्रम सुनेको छु तर जान मन लाग्दैन यही जन्मियो यही मर्ने हो भन्छन" घटना ३ का ज्येष्ठ नागरिक । त्यस्तै गरी घटना ४ र ६ का अनुसार "बृद्धाश्रम सुनेको छु तर जान मन लाग्दैन"। बृद्धाश्रमका वारे अर्का घटना ८ ज्येष्ठ नागरिकले भन्छन् "बृद्धाश्रम थाहा छ, म श्रीमति दिवा बृद्धाश्रममा गयौं भजन किर्तन थियो नाच्यौं दान गरि आयौं अनि केही

कारणबस छोराहरूले हेरचाह गरेनन् भने बृद्धाश्रम नै जाने हो जस्तो लाग्यो" । त्यस्तै गरी अर्का ज्येष्ठ नागरिक घटना १० र १९ ले भन्छन् "बृद्धाश्रम थाहा छ तर जान्न" । अर्का घटना १५ ज्येष्ठ नागरिक भन्छन् "बृद्धाश्रम थाहा छ तर चाहिएला जस्तो लाग्दैन" । अर्का घटना २० ज्येष्ठ नागरिक भन्छन् "बृद्धाश्रम थाहा छ" ।

त्यस्तै गरी "बृद्धाश्रमवारे थाहा छैन" भन्ने ज्येष्ठ नागरिकहरू १० जना (घटना २,५,७,९,११, १२,१३,१४,१६ र १७) जसमा महिला ८ जना र पुरुष २ जना तथा जातिगत रुपमा दलित २ जना, जनजाति ४ जना र अन्य ४ जना लाई बृद्धाश्रमबारे थाहा नै छैन ।

ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रम वारे थाहा नहुनु तथ्यले उहाँहरू वसि रहनु भएको अवस्था मायालु, सम्मानयुक्त, हिंसारहित र निकै स्याहार सम्हार युक्त भएको स्पष्ट हुन्छ । बृद्धाश्रम थाहा भए पनि उहाँहरूमा खास गएर बस्ने परिस्थिति अहिले सम्म नभएको र नआउला भन्ने विचार वा तथ्यवाट हालको सामाजिक तथा आर्थिक अवस्था राम्रो भएको प्रष्ट हुन्छ ।

## ४.२२ बृद्धाभत्ता सम्बन्धमा नेपाल सरकारप्रति ज्येष्ठनागरिकहरूका भनाईहरू

ज्येष्ठ नागरिकलाई बृद्धाभत्ता दिएको अधिराज्य भर निकै चर्चाको विषय छ । यस सम्बन्धमा ज्येष्ठ नागरिकले सरकारलाई बृद्धाभत्ता प्रदान गरेकोमा आफ्ना विचार तथा भावानाहरू यसरी व्यक्त गरेका छन् ।

अध्ययनमा संलग्न घटना १ का अनुसार "सरकारले बृद्धबृद्धाको पेट भरेर आत्माले मागेको खाना पुऱ्याएको छ यो दुनियामा सवै भन्दा राम्रो हो धन्यवाद" भन्छन् । अर्का घटना ३ का अनुसार "सरकारले बृद्धाभत्ता श्वास भईन्जेल खाना दिइरहोस र खाना पाउँ" भन्छन् ।

घटना २ र ४ अनुसार "सरकारले बृद्धाभत्ता दुख परेको वेलामा सहयोग गरिरहेको छ राम्रो लागेको छ" भन्छन् । "सरकारले बृद्धाभत्ता दिनुभयो राम्रो भयो नदिएको भए के खाएर बाँच्ने थिएँ" भन्नु हुन्छ घटना ५ का ज्येष्ठ नागरिक । त्यस्तै गरी "बुद्धिजिवीले बुद्धि लगाएर भत्ता दिनु भएकोमा खुशी हुँदै असहायको भलो गरेर धेरै राम्रो गरेको छ" भन्नु हुन्छ अध्ययनमा संलग्न ज्येष्ट नागरिक घटना ६ ।

घटना ७ का अनुसार "अरु कसैले नहेरे सरकारले त हेरेको छ भन्ने लाग्छ" भन्नु हुन्छ । त्यस्तै गरी एक जना ९७ वर्षीय ज्येष्ठ नागरिक घटना ८ का अनुसार "नेपाल सरकारलाई कोटीकोटी नमस्कार र आशिर्वाद, नेपाल सरकारले बृद्धबृद्धालाई पालेको छ" भन्नु हुन्छ ।

नेपाल सरकारको प्रहरी सेवामा काम गरेर घरायसी अवस्था लाई सम्हाल्न राजीनामा गरी आउनु भएका एक ज्येष्ठ नागरिक घटना ९ अनुसार "नोकरी नै छोडेर बसेको मलाई पेन्सनकै रुपमा नै बृद्धाभत्ता दिएको छ" भन्नु हुन्छ । त्यस्तै गरी अध्ययनमा संलग्न ज्येष्ठ नागरिक घटना १५ भन्नु हुन्छ "बृद्धाभत्ता शुरु गर्नेलाई मरेर गए पनि स्वर्गमा भगवान जस्तै बस्न पाऊन र नेपाल सरकारलाई धन्यवाद ।" र बाँकी अन्य अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूले "भत्ता दिएर ठुलो काम गरेको छ धन्यवाद र आर्शिवाद" व्यक्त गर्नु भयो ।

ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता सहज ढंगले पाईरहँदा पेट भरी खाना पाईएको, आत्माले मागेको खाना सरकारले दिएको, असहायको भलो गरेको, पेन्सन जस्तै भएको, ज्येष्ठ नागरिक भत्ता नदिएको भए के खाएर बाँच्ने थिए र नेपाल सरकारलाई आशिर्वाद दिएका तथ्यहरूबाट ज्येष्ठ नागरिक भत्ताले नेपाल सरकार प्रति अत्यन्त आभारी, बाँच्ने सहारा, नेपाल सरकार ज्येष्ठ नागरिकको अभिभावक र अन्नदाता भएको प्रष्ट हुन्छ ।

# अध्याय पाँच


# ज्येष्ठ नागरिक भत्ताको प्रभावले ज्येष्ठ नागरिकहरूमा पर्न गएको तुलनात्मक विश्लेषण


## ५.१ दलित र गैरदलित ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रूपमा ज्येष्ठ नागरिक भत्ताले पर्न गएको तुलनात्मक विश्लेषण

यस अध्ययनमा व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूमा ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको आर्थिक र सामाजिक अवस्थामा पारेको प्रभाव अध्ययन गरिएको छ । विविध विषयमा विश्लेषण र व्याख्या गरिएता पनि यो शोध पत्र वर्गीय रुपले दलित वर्ग र गैरदलित वर्गका ज्येष्ठ नागरिक भत्ताले सामाजिक र आर्थिक दृष्टिले तुलनात्मक रुपमा पाईएका समानता र भिन्नताहरू यस प्रकार रहेको पाईएको छ ।

यस अध्ययनमा उद्देश्यमुलक नमुना छनौटमा परेका २० जना भत्ता लिईरहेका ज्येष्ठ नागरिकहरू मध्ये व्यास नगरपालिकाका दलित र गैरदलित ज्येष्ठ नागरिकहरूको संख्याको अनुपातलाई आधार लिएर २० जना ज्येष्ठ नागरिकको वैयक्तिक अध्ययन गर्दा ६ जना दलित ज्येष्ठ नागरिकलाई शतप्रतिशत र १४ जना गैरदलित ज्येष्ठ नागरिकलाई शत प्रतिशत मानी तुलना गर्न विश्लेषणको इकाई मानी समग्र तथ्यको सामाजिक र आर्थिक रुपमा ज्येष्ठ नागरिक भत्ताले पर्न गएको तुलनात्मक विश्लेषण गरिएको छ ।

➢ **ज्येष्ठ नागरिकहरूको शैक्षिक अवस्था**




अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूमा ६३ वर्ष देखि ९७ वर्ष सम्मका पाईएको छ । उत्तरदाताहरूमा दलित र गैरदलित ज्येष्ठ नागरिकहरूमा साक्षर ज्येष्ठ नागरिकहरू


गैरदलितमध्ये वाट २१ प्रतिशत र ७९ प्रतिशत निरक्षर गैरदलित ज्येष्ठ नागरिकहरू पाईयो भने दलित उत्तरदाताहरू मध्ये १७ प्रतिशत साक्षर र ८३ प्रतिशत निरक्षर दलितहरू पाईएको छ । तसर्थ दलित र गैरदलित वर्गको साक्षरतामा २० प्रतिशत को हाराहारी र निरक्षरतामा करीव ८० प्रतिशत पाइएको अवस्थावाट दलित र गैरदलित वर्गमा साक्षरता र निराक्षारतामा समानता पाईएको छ ।


## ➢ भत्ता कार्ड बनाउँदा ज्येष्ठ नागरिक गैरदलित र दलित ज्येष्ठ नागरिक

कार्यालयीय कामको शुरु निवेदन वा दर्ताबाट नै हुन्छ । ज्येष्ठ नागरिक भत्ताको लागि ज्येष्ठ नागरिक कार्ड बनाउन जरुरी हुन्छ । व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरू जहाँ अध्ययनमा संलग्न दलित वा गैरदलित दुवै वर्गका ज्येष्ठ नागरिकहरूले सामान्य विधि उमेर पुगेको नागरिकता को फोटोकपि र पासपोर्ट साइजको फोटो र निवेदनमा हस्ताक्षर गरे पछि एकै प्रक्रियावाट निवेदन शुरु भई ज्येष्ठ नागरिक भत्ता कार्ड बनाईएको पाईएको छ । र निवेदन गरेको समय वाट उस्तै अवधिमा ज्येष्ठ नागरिक भत्ता पाएको देखिएको छ ।

तर भत्ता पाउन पुग्नु पर्ने उमेर भने दलित र गैरदलितमा फरक पाईएको छ । ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ अनुसार र सामजिक सुरक्षा कार्य सञ्चालन नियमावली २०७५ अनुसार, कर्णाली क्षेत्रका जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालीकोट का ज्येष्ठ नागरिक र सोही नियमावली को परिच्छेद १ अनुसारका कर्णाली क्षेत्रका गैरदलित र दलित ज्येष्ठ नागरिक ६० वर्ष पूरा भएका भत्ता पाउने उमेर समान छ तर कर्णाली क्षेत्रका र दलित वाहेक अन्य गैरदलित ज्येष्ठ नागरिकहरूले ७० वर्ष पूरा भए पछि मात्र भत्ता पाउने व्यावस्था भए वमोजिम व्यास नगरपालिका भित्रका दलित र गैरदलित ज्येष्ठ नगारिकहरूको भत्ता पाउने उमेर भने फरक पाईएको छ ।

## ➢ दलित ज्येष्ठ नागरिकले हालसालै पाएको भत्ता




यस अध्ययनमा ६० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिकहरू, ७० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिक र ७० वर्ष पूरा भएका गैर दलित ज्येष्ठ नागरिकहरू पाईए संगै भत्ता पाउने रकम पनि फरक पाईएको छ । ६० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिकहरूले मासिक रुपमा रु. २००० भत्ता बुझेको पाईयो भने ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिकहरूले भने दलित र गैरदलित ज्येष्ठ नागरिकहरूले समान रुपमा रु. ३००० मासिक रुपमा बुझेको पाईएको छ ।


६० वर्ष पुरा भएका दलित ज्येष्ठ नागरिकहरूले स्वास्थ्य उपचार खर्च स्वरुप रु.१००० पाउनी व्यावस्था छैन र ७० वर्ष पूरा भएका दलित र गैरदलित दुवै वर्गका ज्येष्ठ नागरिकहरूले थप रु.१००० प्रति महिना स्वास्थ्य उपचार खर्च दिइने व्यावस्था भए वमोजिम समान रुपमा रु.३००० पाएको देखियो । ६० वर्ष देखि ७० वर्ष सम्मका दलित ज्येष्ठ नागरिक  र ७० वर्ष पुरा भएका ज्येष्ठ नागरिकहरूमा फरक स्वास्थ्य उपचार खर्च दलित ज्येष्ठ नागरिक ले पाएको देखिएन र ७० वर्ष पुरा भएका गैरदलित ज्येष्ठ नागरिक र दलित ज्येष्ठ नगारिक दुवै समान उमेर भएका ज्येष्ठ नागरिकहरूले स्वास्थ्य उपचार सहित समान रुपमा ज्येष्ठ नागरिक भत्ता पाएको पाईयो ।

- **दलित र गैरदलित ज्येष्ठ नागरिकले गर्नेटीकाटालोमा खर्च**

यस अध्ययनमा दलित तथा गैरदलित दुवै वर्गका सवै ज्येष्ठ नागरिकहरूले भत्ता पाए पछि टीकाटालोमा खर्च गर्ने गरेको पाइयो । नेपाल एक बहुसांस्कृतिक, जाति, धर्म, विविध चाडवाड, रहनसहन भएको र मान्ने प्रचलन भएको मुलुक हो । यहाँ  बच्चा जन्मे देखि आ आफ्नै धर्म र परम्परा अनुसार विभिन्न तिथि र मितिमा विभिन्न उत्सव मनाउने प्रचलन छ । यस्ता खालका उत्सव, प्रथा, चाडवाड र चलनमा नेतृत्व गर्ने भनेकै घरमा भएका हजुरवुवा हजुरआमाहरूले हो अथवा ज्येष्ठ नागरिकहरूले नै हो । दान र मान राख्ने सवालमा ज्येष्ठ नागरिकहरू निकै सिपालु हुन्छन् । यसै अध्ययनमा पनि ज्येष्ठ नागरिकहरू दुवै वर्गका दलित र गैरदलित शत प्रतिशत ज्येष्ठ नागरिकहरूले बराबरी रुपमा त्यस्ता अवसरहरूमा कन्या, छोरी ज्वाई र पुजनीयहरूलाई टीकाटालो गरेको तत्य प्रस्ट हुन्छ ।


**एउटै घरबाट एक वा दुई जनाले भत्ता पाउने दलित ज्येष्ठ नागरिक**





यस अध्ययनमा ४५ प्रतिशत ज्येष्ठ नागरिकहरूको घरमा २ जनाले ज्येष्ठ नागरिक भत्ता बुझेको पाईएको छ । जहाँ ६७ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूको घरमा दुई जनाले र ३६ प्रतिशत गैर दलित ज्येष्ठ नागरिकहरूको घरमा २ जना ज्येष्ठ नागरिकले मात्र ज्येष्ठ नागरिक भत्ता पाएको देखिएको छ । यसबाट कुनै पनि वर्गका ज्येष्ठ नागरिकहरूको जति जना ज्येष्ठ नागरिकको योग्यता पुगेको छ सवै जनाले ज्येष्ठ नागरिक भत्ता पाउने प्रष्ट देखिएको छ। एउटा घरमा जति जनाले पनि उमेर पुगे पछि समान रुपमा भत्ता पाउने यसै अध्ययनबाट पुष्टि भएको पाईयो । गैर दलित ज्येष्ठ नागरिकहरूको तुलनामा दलित ज्येष्ठ नागरिकहरूको घरमा करीव भत्ता पाउने प्रति घर दुई जना हुने प्रतिशत करीव दोव्वर हुनु को मुल कारण दलित ज्येष्ठ नागरिकको भत्ता पाउने उमेर ६० वर्ष पुरा भएको हुनाले र गैरदलित ज्येष्ठ नागरिक को भत्ता पाउने उमेर ७० वर्ष पुरा भएको हुनु पर्ने कारणले तुलनात्मक रुपमा गैरदलित ज्येष्ठ नागरिकले भन्दा दलित ज्येष्ठ नागरिकको घरमा दुइ जनाले पाउने प्रतिशत झन्डै दोव्वर पाईयो ।


- **दलित र गैरदलित ज्येष्ठ नागरिकले भत्ता लिन जाँदा सजिलो अप्ठ्यारा अनुभव**




ज्येष्ठ नागरिहरूलाई भत्ता बुझ्न जाँदा दुवै वर्गका ८० प्रतिशत भन्दा धेरै दलित र गैरदलित ज्येष्ठ नागरिकहरूले सजिलो भएको पाईएकोले भत्ता बुझ्ने ठाउँमा केही लाई वाहेक अधिकाँश ज्येष्ठ नागरिकहरूलाई समान रुपमा सजिलो भएको पाईयो । दुवै वर्ग दलित र गैर दलित ज्येष्ठ नागरिकहरू २० प्रतिशत भन्दा कमलाई भत्ता लिन जाँदा अप्ठ्यारो भएको पाईयो । भूगोल र वस्तीलाई मध्यनजर गर्दै वडा कार्यालय स्थापना भए अनुसार सवै वडा कार्यालयमा सडक यातायातमा पुग्न सकिने भएबाट भत्ता बुझ्न जाँदा सजिलो र अप्ठ्यारो गैरदलित र दलित ज्येष्ठ नागरिकहरूमा समानता पाईयो ।

### ➢ संस्थागत ज्येष्ठ नागरिक सम्मान









अध्ययनमा संलग्न जम्मा ज्येष्ठ नागरिकहरू मध्ये ३० प्रतिशत ज्येष्ठ नागरिकहरूले मात्र संस्थागत सम्मान प्राप्त गरेको तथ्य पाईएको छ । ज्येष्ठ नागरिक ऐन २०६३ र नेपालको संविधान २०७२ मा हरेक ज्येष्ठ नागरिकलाई सम्मान गर्नु हरेक व्यक्ति, संस्था र राज्यको कर्तव्य हुन आँउछ । संघ संस्थाले ज्येष्ठ नागरिक सम्मान गर्दा ७५ वा ८० वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई मात्र सम्मान हुने सूचनाहरू सम्प्रेषण गरी सम्मान आयोजना गर्दा मात्र ३० प्रतिशत ज्येष्ठ नागरिकहरूले मात्र सम्मान पाएको पाईयो । उक्त ३० प्रतिशत वाट पनि दलित वर्ग तर्फ १७ प्रतिशतले र गैरदलित वर्ग तर्फ ३७ प्रतिशत ज्येष्ठनागरिकहरूले संस्थागत ज्येष्ठ नागरिक सम्मान प्राप्त गरेको पाईएको छ । तुलनात्मक रुपमा दलित भन्दा गैरदलित वर्गको संस्थागत सम्मान करीव दोव्वर हुनुले यो विभिन्नतामा संस्थाहरूले रोखेको संस्थाले सम्मान पाउने उमेरको परिधि र दलित वर्गले ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ६० वर्ष र गैरदलित वर्गको ७० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्थाले गैरदलित ज्येष्ठ नागरिकहरूको सम्मान पाउने प्रतिशत झण्डै दोब्बर भएको पाईयो ।

## ➢ ज्येष्ठ नागरिक भत्ताले बढाएको हिम्मतको तुलनात्मक अवस्था

ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव अध्ययनका क्रममा २० जना ज्येष्ठ नागरिकहरूको वैयक्तिक अध्ययन उद्देश्यमुलक नमुना छनौट गरी गुणात्मक विधिवाट ज्येष्ठ नागरिकहरूले पाएको नगद भत्ताले विभिन्न अवस्थामा निकै ठूलो भुमिका र योगदान गरिरहंदा निकै ठूलो हिम्मत वढाएको तथ्यहरू पाईएको छ ।




दलित ५ जना, जनजाति ४ जना र अन्य ९ जना गरी जम्मा १८ जना ज्येष्ठ नागरिकहरूलाई बुझ्दै आएको बृद्धाभत्तावाट हिम्मत शाहस बढाएको पाईयो ।

दलित ६ जना मध्ये ८३ प्रतिशत ज्येष्ठ नागरिकहरूमा र १४ जना गैरदलित ज्येष्ठ नागरिकहरू मध्ये ९३ प्रतिशत ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक भत्ताले बराबरी जत्तिकै हिम्मत साहस बढाएको पाईएको छ ।

८३ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूको भनाई यस प्रकारका छन् :“मलाई यो बृद्धाभत्ताले धेरै नै हिम्मत बढाएको छ । निम्नस्तरको मान्छेले ६० वर्ष कटेपछि धेरैथोरै बुझ्न पाइयो । जागिर पनि छैन । छोराले हेलां गरे भने पनि सरकारले पालेको छ भन्न पाइयो”। “बृद्धा भत्ताले हिम्मत बढाएको छ , योजना बनाउन सक्ने भएको छु” । “हामी सँधै घाँस दाउरा खेती किसान गर्ने भएकोले यो भत्ताले नगद चलाउन पाएको छु”। “मलाई यो बृद्धाभत्ताले खान्की बान्कीलाई ढुक्क छ । यसले मलाई हिम्मत दिएको छ” ।


साहस उत्पन्न गर्नका लागि ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक भत्ताले योगदान पुऱ्याएको छ । ज्येष्ठ नागरिक भत्ताले ९० प्रतिशत ज्येष्ठ नागरिकहरूमा सुरक्षा जस्तैः खाना, नाना, औषधिउपचार, इच्छाइएको कुरा किन्न, टीकाटालो गर्न र आत्म सन्तुष्टि


भएका भनाई रदैनिक जीवन नियमित गर्न आवश्यक पर्ने कुराको आवश्यकता पूरा गर्न सन्दर्भमा परिवर्तन आएको देखिएकोले ज्येष्ठ नागरिकहरूमा हिम्मतको अवस्था सुनिश्चित भएका पुष्टि हुन्छ ।

९३ प्रतिशत गैरदलित ज्येष्ठ नागरिकहरूको साहसिलो जवाफ : "मलाई यो बृद्धाभत्ताले हिम्मत पनि बढाएको छ, किन कि मलाई औषधी नियमित खानाको लागि थपथाप भयो"। "बृद्धा भत्ताले धेरै हिम्मत बढाएको छ । मलाइ चाहिं खाना ढुक्क आनन्द संग बस्छु"। "बृद्धाभत्ताले यसो तेसो गरम्ला भनी  हिम्मत बढाएको छ"। "म त साँच्चै भन्छु बृद्धा भत्ता नभएको भए बाँच्ने सहारा नै थिएन"। "मलाई धुनधान फुर्ती त छैन । बृद्धाभत्ता दिएर सरकारले ठीक गऱ्यो" ।

उल्लेखित भनाइबाट प्रष्ट हुन्छ कि निकै संघर्षपूर्ण जीवन चलिरहेको अवस्थामा नेपाल सरकारले नगद रुपमा ज्येष्ठ नागरिक भत्ता नियमित रुपमा प्रदान गरिरहँदा सवै वर्गलाई बाँच्ने सहारा भएको प्रष्ट हुन्छ । कसैलाई खाना खानलाई ढुक्क, कसैलाई औषधी किन्न, योजना बनाउन, नगद चलाउन पाएको विभिन्न मर्मस्पर्शी तथ्यले ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका दलित र गैरदलित ज्येष्ठ नागरिकको समान रुपमा उस्तै स्वरुपमा मनोवल उच्च भएको तथ्य सावित भएको पाईन्छ ।


### ➢ ज्येष्ठ नागरिकलाई गरिने राम्रो सामाजिक व्यवहारः





ज्येष्ठ नागरिकलाई गरिएको सामाजिक व्यवहार सम्बन्धमा गरिएको अध्ययनमा ८३ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूलाई राम्रो व्यवहार भएको पाईयो तर शतप्रतिशत गैरदलित ज्येष्ठ नागरिकहरूलाई राम्रो व्यवहार गरेको पाईयो ।

## ➢ विरामी परेको अवस्थामा राम्रो व्यवहार









## ➢ खाना खाने वेलामा राम्रो व्यवहार

यस अध्ययनमा ज्येष्ठ नागरिकहरूलाई खाना खाने वेलामा शतप्रतिशत दलित र गैरदलित ज्येष्ठ नागरिकहरूलाई उस्तै राम्रो व्यवहार गरेको पाईयो ।

## ➢ ज्येष्ठ नागरिक महत्वपूर्ण काममा आफै निर्णय





ज्येष्ठ नागरिक भत्ता सदुपयोग र चलाउने सम्बन्धमा ४५ प्रतिशत ज्येष्ठ नागरिक आफैले चलाउनु पनि ६० वर्ष भन्दा माथिको उमेरमा धेरै मान्न सकिन्छ । त्यस्तै गरी ज्येष्ठ नागरिकहरू ठ्याक्कै ४५ प्रतिशतले घरमा हुने महत्वपूर्ण निर्णय गरेको पाईएको छ । तुलनात्मक रुपमा महत्वपूर्ण खालका निर्णय दलित ज्येष्ठ नागरिक ६ जना मध्ये ५ जना ज्येष्ठ नागरिकहरू ८३ प्रतिशतले आफै निर्णय गरेको पाईयो र १४ जना गैरदलित ज्येष्ठ नागरिकहरू मध्ये ४ जना २९ प्रतिशतले मात्र घरमा महत्वपुर्ण निर्णय आफै गरेको पाईयो । गैरदलित ज्येष्ठ नागरिकहरूको घरमा २९ प्रतिशतको घरमा घरका अन्य सदस्यले र १७ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूको घरमा ज्येष्ठ नागरिकहरू भन्दा घरका अन्य सदस्यहरूले महत्वपूर्ण निर्णय गरेको पाईयो । यसले दलित ज्येष्ठ नागरिकहरूको घरमा


महत्वपुर्ण निर्णय ज्येष्ठ घरका सदस्यले गरेको पाईयो उहाँहरूको घरमा अन्य सदस्यको महत्वपुर्ण निर्णयमा कम सहभागिता देखियो भने गैरदलित ज्येष्ठ नागरिकहरूको घरमा घरका अन्य सदस्यहरूको सक्रियता महत्वपुर्ण निर्णय गरेको पाईयो भने ज्येष्ठ नागरिकहरूको निर्णयमा कम सहभागिता देखियो ।

निर्णय लिने सिद्धान्त अनुसार समाज अनुसार निर्णय लिने तरिका समाज पिच्छे फरक हुन्छ समाज अनुसार निर्णयमा प्रभाव हुन्छ भन्ने मान्यता भएको हुँदा ज्येष्ठ नागरिकहरूको समाज अनुसार भिन्नता पाईएको छ ।

र दलित ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ताको व्यावस्था नेपाल सरकारले गरे पछि ८३ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूले निर्णय गर्ने सम्बन्धमा महत्वपुर्ण भूमिका देखियो । यो अर्थमा नेपाल सरकारले दिईएको भत्ताले समाज र परिवारमा सक्षम हुन मद्दत पुगेको पाईयो ।

- **उत्पादनले वर्ष भरी खाना पुग्ने र नपुग्ने ज्येष्ठ नागरिक**









अध्ययन संलग्न ज्येष्ठ नागरिकहरूमा १६ जना ज्येष्ठ नागरिकहरूलाई वर्ष भरी खाना नपुगेको र जम्मा ४ जना ज्येष्ठ नागरिकहरूलाई मात्र उत्पादनले वर्ष भरी खाना खान पुगेको पाईयो ।

जहाँ शत प्रतिशत दलित ज्येष्ठ नागरिकहरूलाई खाना खान नपुगेको र १० जना गैरदलित ज्येष्ठ नागरिकलाई वर्ष भरी खाना नपुगेको पाईयो । यस अध्ययनमा जम्मा २० जना मध्ये जम्मा ४ जना ज्येष्ठ नागरिकहरूलाई मात्र उत्पादनले खाना खान पुगेको पाईयो । ४ जना खाना खान पुग्ने मध्ये सवै जना गैरदलित ज्येष्ठ नागरिकहरू भएको पाईयो । उक्त ४ जना ज्येष्ठ नागरिकहरूको खेत र वारी दुवै भएको पाईयो । यसरी करीब ८० प्रतिशत ज्येष्ठ

नागरिकहरूलाई उत्पादनले वर्ष भरी खाना नपुग्नुले ज्येष्ठ नागरिक भत्ताको महत्व दलित र गैरदलित दुवै ज्येष्ठ नागरिकहरूमा समान महत्व रहेको पाईयो ।

- **ज्येष्ठ नागरिकहरूले बृद्धाभत्ता आफै सदुपयोग :**









ज्येष्ठ नागरिक भत्ता पाए पछि ८३ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूले आफैले भत्ताको सदुपयोग गरेको पाईयो भने २९ प्रतिशत गैरदलित ज्येष्ठ नागरिकहरूले आफैले भत्ताको सदुपयोग गरेको पाईयो । १७ प्रतिशत गैरदलित ज्येष्ठ नागरिकहरूले परिवारका अन्य सदस्य संग मिलेर सदुपयोग गरेको पाईयो भने ७१ प्रतिशत गैरदलित ज्येष्ठ नागरिकहरूले परिवारका अन्य सदस्यसंग मिलेर सदुपयोग गरेको पाईयो । भत्ताको सदुपयोग गर्ने प्रबृत्तिमा दलित र गैरदलित ज्येष्ठ नागरिकहरूमा भिन्नता पाईयो ।

## ५.२ लैङ्गिक रुपमा महिला ज्येष्ठ नागरिक र पुरुष ज्येष्ठ नागरिकहरू वीच सामाजिक र आर्थिक रुपमा ज्येष्ठ नागरिक भत्ताले पर्न गएको तुलनात्मक विश्लेषण


- **साक्षरता :** यस अध्ययनमा संलग्न १२ जना महिला र ८ जना पुरुष ज्येष्ठ नागरिकहरूलाई शतप्रतिशत मानेर साक्षरता हेर्दा ९२ प्रतिशत महिला निरक्षर र ६३ प्रतिशत पुरुष ज्येष्ठ नागरिकहरू निरक्षर पाईयो । पुरुष र महिला निरक्षरता तुलना गर्दा महिलाहरू बढी निरक्षर पाईयो । यसै गरी जम्मा महिला मध्ये मात्र ८ प्रतिशत महिला साक्षर र जम्मा पुरुषहरू मध्ये ३७ प्रतिशत पुरुष ज्येष्ठ नागरिकहरू साक्षर पाईयो । आज भन्दा ६० वर्ष अघि पनि विद्यालय पठाउने चलन महिलालाई भन्दा पुरुषलाई नै प्राथमिकता दिइदों रहेछ भन्ने यस तथ्यवाट पाउन सकिन्छ ।





- **ज्येष्ठ नागरिक महिला र पुरुषलाई भत्ता लिन जाँदा हुने सजिलो अप्ठ्यारो :**


  नेपाल सरकारले दिंदै आएको भत्तालाई लिन जाँदा शतप्रतिशत पुरुष ज्येष्ठ नागरिकलाई सजिलो भएको पाईयो भने जम्मा महिला ज्येष्ठ नागरिकहरू मध्ये ८३ प्रतिशत ज्येष्ठ नागरिकहरूलाई मात्र सजिलो र बाँकी १७ प्रतिशत महिला ज्येष्ठ नागरिकहरूलाई पुरुषको तुलनामा अप्ठ्यारो भएको पाईयो ।





- **भत्ता रकमको आधारमा :**

  यस अध्ययनमा जम्मा ज्येष्ठ नागरिकहरू मध्ये रु. १२००० भत्ता पाउने महिला ज्येष्ठ नागरिकहरू ६५ प्रतिशत, पुरुष ३५ प्रतिशत र रु. ८००० ज्येष्ठ नागरिक भत्ता पाउने ज्येष्ठ नागरिक ६७ प्रतिशत र ३३ प्रतिशत पुरुष ज्येष्ठ नागरिक रहेको पाईयो । रकमको आधारमा चौमासिक रुपमा पुरुषको तुलनामा महिलाहरूको धेरै संख्याले ज्येष्ठ नागरिक भत्ता पाईएको पाईयो ।





- **आफै निर्णय गर्ने** : यस अध्ययनमा ९ जना ज्येष्ठ नागरिकहरू आफैले निर्णय गरेको पाईयो । यी ९ जना ज्येष्ठ नागरिकहरूमा ३३ प्रतिशत महिलाले मात्र आफै र ६७ प्रतिशत पुरुषले आफै निर्णय गरेको पाईयो । महिला ज्येष्ठ नागरिकको दाँजोमा झण्डै दोव्वर पुरुष ज्येष्ठ नागरिकहरू आफैले निर्णय गरेको पाईयो । अझै पनि मुलुक पितृसत्तामा आधारित रहेको छ भन्ने कुरा यस तथ्यवाट प्रष्ट हुन्छ ।




- **बैंक खाता खाल्ने सम्बन्धमा :**


ज्येष्ठ नागरिक भत्ता बुझ्ने प्रयोजनका लागि ९२ प्रतिशत महिलाले खाता खोलेका थाहा भएको र शतप्रतिशत ज्येष्ठ नागरिक पुरुषले खाता खोलेको थाहा भएको तर ८ प्रतिशत महिला ज्येष्ठ नागरिकलाई बैंक खाता भएको नभएको थाहा नभएको पाईएको छ । हरेक आर्थिक क्रियाकलाप बैंक मार्फत गर्नु आर्थिक पारदर्शिता हुन जाने कुरा सवैलाई थाहा नै छ तर ८ प्रतिशत महिलालाई यसको बारेमा के भएको

थाहा नहुनुले पुरुषको तुलनामा महिलालाई आर्थिक कारोवारमा वैक मार्फत गर्नुपर्छ भन्ने कुरा कम थाहा भएको वा सिधै नगद दिने वैकल्पिक व्यवस्था पनि रहेछ कि भन्नु पर्ने यस अध्ययनवाट बताउँछ ।




- **महिला पुरुष दुवै जनाले भत्ता पाउने ज्येष्ठ नागरिक परिवार :**

अध्ययनमा संलग्न २० जना ज्येष्ठ नागरिकहरू मध्ये ९ जना ज्येष्ठ नागरिकहरूको घरमा महिला पुरुष दुवै जनाले ज्येष्ठ नागरिक भत्ता पाएको पाईयो । ६७ प्रतिशत पुरुषको घरमा दुवै जनाले र ३३ प्रतिशत महिलाको घरमा दुवै जना महिला पुरुषले ज्येष्ठ नागरिक भत्ता बुझेको पाईयो । यसले भत्ता पाउन योग्यता पुगेका नागरिकहरूलाई ज्येष्ठ नागरिकहरू घरमा जति भए पनि नेपाल सरकारले ज्येष्ठ नागरिक भत्ता दिएको तथ्य प्रष्ट हुन्छ ।



# अध्याय छ

# सारांश, नतिजा, निष्कर्ष र सुझाव

## ६.१ सारांश

नेपालको सविधान २०७२, ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ अनुसार ६० बर्ष भन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक मानिएको छ ।

ज्येष्ठ नागरिकले प्राप्त गरेको ज्येष्ठ नागरिक भत्ताले सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव सम्बन्धि प्रदेश नं ४ को तनहूँ जिल्ला, व्यास नगरपालिका वडा नं १० र ११ का दुई वटा वडालाई समेटेर गरिएको एक गुणात्मक अध्ययन हो । यस अध्ययनमा ज्येष्ठ नागरिकहरूले प्राप्त गरिरहेका बृद्धाभत्ताले व्यास नगरपालिकाका ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको समग्र प्रभावको अध्ययन गरिएको छ । व्यास नगरपालिकाको कार्यालयले आ.व. २०७५।०७६ मा ६८७७ जना ज्येष्ठ नागरिकले भत्ता प्रदान गर्दै आएको थियो । ती मध्ये यस अध्ययनमा उद्देश्यमूलक नमुना छनौट विधिबाट २० जना ज्येष्ठ नागरिकहरूलाई छनौट गरी घटना अध्ययन गरेर वर्णनात्मक विधिवाट लैङ्गिक रुपमा १२ जना महिला ज्येष्ठ नागरिक र ८ जना पुरुष ज्येष्ठ नागरिक र जातिगत रुपमा ६ जना दलित, ४ जना जनजाति र १० जना अन्य ज्येष्ठ नागरिकलाई समेटेर बृद्धाभत्ताले ज्येष्ठ नागरिक भत्ताले सामाजिक रआर्थिक अवस्थामा पारेको प्रभाव वारेमा अध्ययन गरिएको छ ।

जीवनको महत्वपुर्ण पाटोको रुपमा लिईने शैशव, बाल्य, यौवन, प्रौढ र अन्तमा बृद्धाअवस्था हुन् । यी सवै अवस्था उत्तिकै महत्वपूर्ण हुन्छ । सवैभन्दा अन्तिम अवस्था भनेको बृद्धाअवस्था हो । यस अवस्थामा मानिसलाई सामाजिक, आर्थिक तथा अन्य आवश्यकीय कुराहरूले ठुलो प्रभाव पारिरहेको हुन्छ ।

यस अध्ययनको सामान्य उद्देश्य ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव थाहा पाउने हो भने विशिष्ट उद्देश्य ज्येष्ठ नागरिक भत्ताले उनीहरूको जनजीवनमा पारेको प्रभाव पत्ता लगाउने  र ज्येष्ठ नागरिकहरूलाई गरिने सामाजिक व्यवहार पत्ता लगाउने हो ।

यस अध्ययनका लागि आवश्यक पर्ने साहित्य व्यास नगरपालिकाको कार्यालयको कार्यालयका वेभसाइट, विभिन्न शोधपत्र, अनुसन्धान प्रतिवेदन, जर्नल, लेखहरूको अध्ययन गरी द्धितिय तथ्यांकको प्रयोग गरी पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । घटना अध्ययनबाट प्राप्त .गुणात्मक तथ्यांकबाट विवरणात्मक तथा वर्णनात्मक विधि प्रयोग गरी तथ्यांकको प्रस्तुतीकरण गरिएको छ । असंलग्नताको सिद्धान्त, निरन्तरताको सिद्धान्त र सक्रियताको सिद्धान्त प्रयोग गरी पूर्वसैद्धान्तिक साहित्यको समीक्षा गरिएको छ ।

## ६.२ नतिजा प्राप्ति

यस अध्ययनमा उद्देश्यमुलक नमुना घटना छनौट गरी गुणात्मक विधिवाट अध्ययन गरिएकोमा यस प्रकारका नतिजाहरू प्राप्त भएको छ :

- आफ्नै नाममा जग्गा भएका ज्येष्ठ नागरिकहरू ११ जना (५५ प्रतिशत ) पाईयो । ४ जना (२० प्रतिशत ) ज्येष्ठ नागरिकको श्रीमानको नाममा, ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकका छोराको नाममा जग्गा रहेको पाईयो । १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकको जग्गा भाईको नाममा रहेको पाईयो भने १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक ऐलानी जग्गा कमाएर खाएको पाईयो ।

- मुख्य नगद आय श्रोत २० जना (शत प्रतिशत) ज्येष्ठ नागरिकहरूको ज्येष्ठ नागरिक भत्ता भएको पाईयो । र थप आयश्रोत अन्य भएका २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकको पाईयो भने १८ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकको अन्य थप नगद आय श्रोत नभएको पाईयो ।

- शतप्रतिशत ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा नागरिकताको फोटोकपि र पासपोर्ट साईजको फोटोकपि पेश गरे पछि कार्ड बनाएको पाईयो ।

- शतप्रतिशत ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा कार्यालयका कर्मचारी तथा घरपरिवारले सहयोग गरेको पाईयो ।

- टीकाटालो शतप्रतिशत, धानचामल ४५ प्रतिशत ज्येष्ठ नागरिकले, औषधी ५५ प्रतिशत ज्येष्ठ नागरिकले, चुरोट ३० प्रतिशत ज्येष्ठ नागरिकले, माछामासु ५० प्रतिशत ज्येष्ठ नागरिकले, लत्ताकपडा २५ प्रतिशत ज्येष्ठ नागरिकले, मठमन्दिर ५

प्रतिशत ज्येष्ठ नागरिकले , तेलघ्यू ३० प्रतिशत ज्येष्ठ नागरिकले, हर्लेक्स १० प्रतिशत ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक भत्ताले किनेको पाईयो ।

- ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकले रु. ८००० बृद्धाभत्ता बुझि रहेको, १७ जना (८५ प्रतिशत) ज्येष्ठ नागरिकहरूले रु. १२००० बृद्धाभत्ता बुझि रहेको पाईयो ।
- परिवारमा जम्मा बृद्धाभत्ता पाउने ज्येष्ठ नागरिकहरू ९ जना (४५ प्रतिशत) को घरमा २ जना ले नै बृद्धाभत्ता प्राप्त गर्दै आई रहेको पाईयो र ११ जना (५५ प्रतिशत) को घरमा भने एक जनाले मात्र बृद्धाभत्ता बुझेको पाईयो ।
- बृद्धाभत्ता बुझ्न जाँदा १८ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकलाई सजिलो भएको र २ जना (१० प्रतिशत) लाई अप्ठ्यारो भएको पाईयो ।
- विरामी भएको अवस्थामा ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकलाई छोराले, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकलाई छोरीले, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकलाई बुहारीले, ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकलाई छोरा बुहारी दुवै जनाले, ६ जना (३० प्रतिशत) ज्येष्ठ नागरिकलाई श्रीमति र छोराले, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई भाई र वुहारीले, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकलाई श्रीमान र छोराले र १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई श्रीमतिले मात्र हेरचाह गरेको पाईयो ।
- १७ जना (८५ प्रतिशत) ज्येष्ठ नागरिकहरूलाई कसैले पनि गालीगलौज तथा दुर्व्यवहार नगरेको पाईयो ।
- १९ जना (९५ प्रतिशत) ज्येष्ठ नागरिकलाई परिवारमा राम्रो व्यवहार गरेको पाईयो भने १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई नराम्रो व्यवहार गरेको पाईयो ।
- २० जना शतप्रतिशत ज्येष्ठ नागरिकलाई टोलछिमेकमा राम्रो व्यवहार गरेको पाईयो ।
- १९ जना (९५ प्रतिशत) ज्येष्ठ नागरिकलाई विरामी परेको अवस्थामा हेरचाह तथा राम्रो व्यवहार गरेको तर एक जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई विरामी परेको अवस्थामा नराम्रो व्यवहार गरेको पाईयो ।

- खाना खाने बेलामा शतप्रतिशत ज्येष्ठ नागरिकलाई खाना दिई राम्रो व्यवहार गरेको पाइयो तर १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक एक्लै वस्ने भएकाले आफूखुशी भएको पाईयो ।

- ६ जना (३० प्रतिशत) ज्येष्ठ नागरिकले वडाको कार्यालय, संघसंस्थाले ज्येष्ठ नागरिक सम्मान पाएको पाईयो भने बाँकी १४ जना (७० प्रतिशत) ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक सम्मान नपाएको पाईयो ।

- १९ जना (९५ प्रतिशत) ज्येष्ठ नागरिकहरूको घरमा मेलमिलाप रहेको पाईयो तर १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकको घरमा मेलमिलाप नभएको पाईयो ।

- शतप्रतिशत ज्येष्ठ नागरिकहरू टोलछिमेकमा मेलमिलापको साथ रहेको पाईयो ।

- ८ जना (४० प्रतिशत) ज्येष्ठ नागरिकहरूले खाना बनाउने, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकले आगो फुक्ने तथा सकर्मी डकर्मीको काम गर्ने, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकले कुँडो पानी गर्ने, १ जना जना (५ प्रतिशत) ज्येष्ठ नागरिकले गोरुले खेतवारी जोतवाह गर्ने, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकले बाख्रा चराउने जस्ता कामहरू गर्न सक्ने पाईयो भने ८ जना (४० प्रतिशत) ज्येष्ठ नागरिकहरूले केही काम पनि गर्न नसक्ने पाईयो ।

- ९ जना (४५ प्रतिशत) ज्येष्ठ नागरिकहरूले घरमा आफैले निर्णयगर्ने गरेको पाईयो भने ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकको घरमा बुहारीले, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकको घरमा छोरीले, ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकको घरमा छोराले, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकको घरमा छोरावुहारीले, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकको घरमा श्रीमतिले महत्वपूर्ण निर्णय गर्ने गरेको पाईयो ।

- लैङ्गिक रुपमा ज्येष्ठ नागरिक भत्तालेमहिलाहरू : ४ जना (२० प्रतिशत) ज्येष्ठ नागरिक महिलाले चाडवाड, औंशी पूर्णिमामा दानदक्षिणा गर्न पाएको, १जना (५ प्रतिशत) ज्येष्ठ नागरिक महिलाले चुरोट खाना, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक महिलाले कपडा किन्न, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक महिलाले खाना खानलाई पुगेको, १जना (५ प्रतिशत) ज्येष्ठ नागरिक महिलाले पैसाको चलन गर्न पाएकै

भत्ताले भएको, ४ जना (२० प्रतिशत) ज्येष्ठ नागरिक महिलाले आर्थिक सहयोग भत्ताले नै गर्न पाएको र १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक महिलाले भत्ता आफ्नो छोरा जस्तै छोराले मागेको वेलामा जसरी दिन्छन् त्यस्तै भएको पाईयो ।

- लैङ्गिक रुपमा ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिक पुरुषहरू १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक पुरुषले किन्न चाहेको कुरा किन्न पाएको, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक पुरुषले दानदक्षिणा पकेट खर्च गर्न पाएको, २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिक पुरुषले औषधी नियमित खाना पाएको, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक पुरुषले आफुले भत्ताको पैसा दिए पछि आफुलाई भाईबुहारीले खानाखान दिएका, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक पुरुष प्रहरी सेवामा विशेष कारणवश नोकरी छोडेपनि हाल पाईरहेको बृद्धाभत्ता जागिर जस्तै भएको र १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिक पुरुषले आफूखुशी सुर्ती किनेर खाना पाएको पाईयो ।
- १८ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकलाई आफन्तहरू भेट्न आउँदा खुशी र राम्रो लागेको पाईयो, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई आनन्द लाग्ने र १ जना जना (५ प्रतिशत) ज्येष्ठ नागरिकले केही पनि व्यक्त नगरेको पाईयो ।
- ३ जना (१५ प्रतिशत) ज्येष्ठ नागरिकलाई बृद्धाभत्ता पाएको वेलामा मनमा ढुक्क भएको, ९जना (४५ प्रतिशत) ज्येष्ठ नागरिकलाई एकदम खुशी रमाईलो लागेको, ४जना (२० प्रतिशत) ज्येष्ठ नागरिकलाई खर्च गर्न योजना बनाउन पाएको, १जना (५ प्रतिशत) ज्येष्ठ नागरिक आशावादी, १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई स्वाबलम्बी भएको पाईयो तर २ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकलाई केही पनि नभएको पाईयो ।
- १८ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ताले हिम्मत बढाएको पाईयो र १ जना जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई हिम्मत शाहस सामान्य रहेको पाईयो तर १ जन (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई हिम्मत शाहस नवढाएको पाईयो ।
- शतप्रतिशत ज्येष्ठ नागरिकलाई दानदक्षिणा गर्दा सन्तुष्टि भएको पाईयो ।

- १९ जना (९५ प्रतिशत) ज्येष्ठ नागरिकलाई कुनै पनि चिन्ता नरहेको पाईयो तर १ जना (५ प्रतिशत) ज्येष्ठ नागरिकलाई भने केही पनि नभएको पाईयो ।
- ८ जना (४० प्रतिशत) ज्येष्ठ नागरिकले बचत गरेको पाईयो भने १२ जना (६० प्रतिशत) ज्येष्ठ नागरिकले बचत नगरेको पाईयो ।
- १८ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक भत्ताले ईच्छा लागेको कुरा किनेको पाईयो ।
- १० जना (५० प्रतिशत) ज्येष्ठ नागरिकलाई बृद्धाश्रमवारे थाहा नभएको पाईयो र १० जना (५० प्रतिशत) ज्येष्ठ नागरिकलाई बृद्धाश्रमवारे थाहा भएको पाईयो । र १० जना मध्ये १ जना (१० प्रतिशत) ज्येष्ठ नागरिकलाई बृद्धाश्रम जानको लागि छोराहरूले नहेरे सोच्न सकिने तर जान ईच्छा भने देखिएन र अन्य ९ जना (९० प्रतिशत) ज्येष्ठ नागरिकलाई बृद्धाश्रमवारे जान नै नचाहेको पाईयो ।
- शतप्रतिशत ज्येष्ठ नागरिकले बृद्धाभत्ता दिएकोमा खुशी हुदै नेपाल सरकारलाई आशिर्वाद दिएको पाईयो ।
- तुलनात्मक अध्ययनमा भत्ता पाउन पुग्नु पर्ने उमेर भने दलित र गैरदलित मा फरक पाईएको छ । ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ अनुसार र सामजिक सुरक्षा कार्य सञ्चालन नियमावली २०७५ अनुसार, कर्णाली क्षेत्रका जुम्ला हुम्ला, डोल्पा, मुगु र कालीकोट का ज्येष्ठ नागरिक र सोही नियमावली को परिच्छेद १ अनुसारका कर्णाली क्षेत्रका गैरदलित र दलित ज्येष्ठ नागरिक ६० वर्ष पूरा भएका भत्ता पाउने उमेर समान छ तर कर्णाली क्षेत्रका र दलित वाहेक अन्य गैरदलित ज्येष्ठ नागरिकहरूले ७० वर्ष पूरा भए पछि मात्र भत्ता पाउने व्यावस्था भए वमोजिम व्यास नगरपालिका भित्रका दलित र गैरदलित ज्येष्ठ नगारिकहरू को भत्ता पाउने उमेर भने फरक पाईएको छ ।
- यस अध्ययनमा ६० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिकहरू, ७० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिक र ७० वर्ष पूरा भएका गैर दलित ज्येष्ठ नागरिकहरू पाईए संगै भत्ता पाउने रकम पनि फरक पाईएको छ । ६० वर्ष पूरा भएका दलित ज्येष्ठ नागरिकहरूले मासिक रुपमा रु. २००० भत्ता बुझेको पाईयो भने ७० वर्ष पूरा

भएका ज्येष्ठ नागरिकहरूले भने दलित र गैरदलित ज्येष्ठ नागरिकहरूले समान रुपमा रु. ३००० मासिक रुपमा बुझेको पाईएको छ ।

- तुलनात्मक रुपमा महत्वपूर्ण खालका निर्णय दलित ज्येष्ठ नागरिक ६ जना मध्ये ५ जना ८३ प्रतिशत ज्येष्ठ नागरिकहरूले आफै निर्णय गरेको पाईयो । र १४ जना गैरदलित ज्येष्ठ नागरिकहरू मध्ये ४ जना २९ प्रतिशतले मात्र घरमा महत्वपुर्ण निर्णय आफै गरेको पाईयो । गैरदलित ज्येष्ठ नागरिकहरूको घरमा २९ प्रतिशतको घरमा घरका अन्य सदस्यले र १७ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूको घरमा ज्येष्ठ नागरिकहरू भन्दा घरका अन्य सदस्यहरूले महत्वपूर्ण निर्णय गरेको पाईयो ।
- तुलनात्मक रुपमा शतप्रतिशत पुरुष ज्येष्ठ नागरिकहरूलाई भत्ता दिन जाँदा सजिलो र ८३ प्रतिशत महिलालाई अप्ठ्यारो भएको पाईएको छ ।
- रु.१२००० भत्ता पाउने पुरुष ३५ प्रतिशत र महिला ६५ प्रतिशत ज्येष्ठ नागरिकहरू रहेको पाइयो । रु.८००० भत्ता पाउने पुरुष ३३ प्रतिशत र महिला ६७ प्रतिशत ज्येष्ठ नागरिकहरू पाईयो ।
- भत्ता लगायतका महत्वपुर्ण निर्णयमा ६७ प्रतिशत पुरुषले आफै र ३३ प्रतिशत महिलाले आफै निर्णय गरेको यस अध्ययनवाट पाईयो ।
- भत्ता बुझ्ने प्रयोजनका लागि शतप्रतिशत ज्येष्ठ नागरिकले खाता खोलेको र थाहा भएको पाईयो भने ९२ प्रतिशत महिलाले मात्र खाता खोलेको र थाहा भएको तर ८ प्रतिशत महिलालाई बैंक खाता खोलेको वा नखोलेको थाहा नभएको पाईयो ।
- शतप्रतिशत ज्येष्ठ नागरिक बृद्धाभत्ताबाट सन्तुष्ट रहेको पाईयो ।

## ६.३ निष्कर्ष

यस शोध अध्ययनमा ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभावको वारेमा गुणात्मक रुपमा अध्ययन गरी प्राप्त नतिजालाई विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययनमा अधिकांश ज्येष्ठ नागरिकहरू छोरासंग, त्यसपछि श्रीमान श्रीमति, छोरीसंग एक्लै र भाई संग बस्दै आएको पाईएको छ । अधिकांश ज्येष्ठ नागरिकहरू निरक्षर र केही मात्र ज्येष्ठ नागरिकहरू साक्षर रहेका पाईएको छ । असाध्यै कम दलितहरूमा खेत भएको

देखिएको छ । तसर्थ ज्येष्ठ नागरिक भत्ता जस्तो असाध्यै कल्याणकारी प्रावधानले ज्येष्ठ नागरिकहरूमा सहज जीवन बनाउन ठुलो भुमिका खेलेको छ । धेरै ज्येष्ठ नागरिकहरूलाई वर्ष भरी खाना नपुगेको पाईएको छ । मुख्य आयश्रोतको रुपमा सवै ज्येष्ठ नागरिकको ज्येष्ठ नागरिक भत्ता नै देखिएको छ । राज्यले भत्ता बाहेकका जस्तै सार्वजनिक यातायात प्रयोग गर्दा हुने छुट, सिट, अस्पतालमा ५० प्रतिशत निशुल्क जस्ता र भाडा छुटको वारेमा थाहा नै नभएको पाईयो । अत्यन्त न्युन ज्येष्ठ नागरिकहरूले मात्र स्वास्थ्य वीमा गरेको पाईयो र ज्येष्ठ नागरिकहरू दम, क्यान्सर, ग्यास्ट्रिक, मुटु सम्बन्धी, जोर्नीको समस्या, घुंडा दुख्ने पनि स्वास्थ्य समस्याहरू देखिएको छ । ज्येष्ठ नागरिकलाई खाना खाने वेलामा राम्रो व्यवहार र परिवारमा पनि राम्रो व्यवहार गरेको पाईएको छ । न्युन संख्या ज्येष्ठ नागरिकलाई मात्रर्दुव्वहार गरेको पाईएको छ । केही ज्येष्ठ नागरिकहरूले सम्मान पाउँदा निकै खुशी भएको पाईएको छ । ज्येष्ठ नागरिक भत्ताले मेलमिलाप भएको अनुभवहरू रहेको पाईएको छ । आधा जति ज्येष्ठ नागरिकहरूले अहिले पनि निर्णय आफै गर्ने पाईएको छ ।

लैङ्गिक रुपमा पनि उत्तिकै योगदान पुऱ्याई रहेको पाईएको छ । ज्येष्ठ नागरिकहरूलाई परिस्थिति मिलेको अवस्थामा आफन्त छोराछोरीले भेटघाट पनि गरेको पाईएकोले माया ममतामा, हेरचाहमा नै हुनुहुन्छ भन्ने भन्न सकिन्छ । ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूमा शाहस बढाएको छ । दानदक्षिणा गर्न पाउँदा उहाँहरू खुशी हुनु भएको छ । र ज्येष्ठ नागरिक भत्ताले शतप्रतिशत ज्येष्ठ नागरिकहरू सन्तुष्ट भएको पाईएको छ । चाडवाड र भेटघाट हुंदा निकै खुशी भएको पाईएको छ । ज्येष्ठ नागरिक भत्ताले पेट भरी खाना पाएको अवस्थाले र औषधी उपचार गर्न पाएकोले उहाँहरूको जीवन सहज बनाउन ज्येष्ठ नागरिक भत्ताले महत्वपुर्ण योगदान पुऱ्याईरहेको छ । करीव आधा जति अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरूलाई बृद्धाश्रमको वारेमा थाहा नभएको र बाँकी ज्येष्ठ नागरिकहरूलाई थाहा भए पनि जान नपर्ने वा ईच्छा नहुनुले ज्येष्ठ नागरिकलाई माया र राम्रो व्यवहार गरेको पाईएको छ ।

दलित ज्येष्ठ नागरिकहरूले ज्येष्ठ नागरिक भत्ताको व्यावस्था नेपाल सरकारले गरे पछि ८३ प्रतिशत दलित ज्येष्ठ नागरिकहरूले निर्णय गर्ने सम्बन्धमा महत्वपुर्ण भूमिका देखियो । यो अर्थमा नेपाल सरकारले दिईएको भत्ताले समाज र परिवारमा सक्षम हुन मद्दत पुगेको पाईयो ।

ज्येष्ठ नागरिकहरूको निकै संघर्षपूर्ण जीवन चलिरहेको अवस्थामा नेपाल सरकारले नगद रुपमा ज्येष्ठ नागरिक भत्ता नियमित रुपमा प्रदान गरिरहँदा सबै वर्गलाई बाँच्ने सहारा भएको प्रष्ट हुन्छ । कसैलाई खाना खानलाई ढुक्क, कसैलाई औषधी किन्न, योजना बनाउन, नगद चलाउन पाएको विभिन्न मर्मस्पर्शी तथ्यले ज्येष्ठ नागरिक भत्ताले व्यास नगरपालिकाका दलित र गैरदलित ज्येष्ठ नागरिकको समान रुपमा उस्तै स्वरुपमा मनोवल उच्च भएको तथ्य सावित भएको पाईन्छ ।

अध्ययनमा संलग्न ज्येष्ठ नागरिकहरू खाना बनाउने, आगो फुक्ने, सिकर्मी डकर्मीको काम गर्ने, कुँडोपानी गर्ने, खेतवारी जोतवाह गर्ने बाखा चराउन जान सक्ने जस्ता काममा सक्रिय रहेको तथ्यले सक्रियता सिद्धान्तले भने जस्तै ज्येष्ठ नागरिक हरू ज्ञान सीप अनुभव प्रयोग गरेर सक्रिय र सक्रिय सहभागी भई हाँसी खुशी देखिएको हुँदा निरन्तरताको सिद्धान्त सही छ ।

असंलग्नताको सिद्धान्त अनुसार ज्येष्ठ नागरिकलाई ईच्छा अनुसारका काममा चल्न, संलग्न सहभागिता र घुम्न दिनु पर्छ भन्ने कुरामा जोड दिईएको छ । यस अध्ययनमा पनि ज्येष्ठ नागरिक भत्ता बुझेर ज्येष्ठ नागरिकहरूले आफुले ईच्छा लागेको कुरा किन्न पाएका छन् । तसर्थ ईच्छा लागेको कुरा किनेर खानुले भत्ताले आफ्नो ईच्छा चाहाना अनुसार चल्न पाएको, घुम्न पाएको अवस्थाले असंलग्नताको सिद्धान्त सही छ ।

असंलग्नताको सिद्धान्तअनुसार अमेरिकामा पुरुषहरूको केन्द्रिय रुपमा बाह्य भूमिका र महिलाहरूको एक समाजसेवात्मक भुमिका रहेको हुन्छ र महिला र पुरुषमा पनि असंलग्न हुने कुरा भिन्न हुन्छ  भनिएको छ । ज्येष्ठ नागरिकहरूको यस अध्ययनमा पनि सक्रिय रुपमा ज्येष्ठ नागरिकहरू घरायसी कामहरू गर्न सक्ने यस अध्ययनमा पाईयो । त्यसमा खाना बनाउने, पस्किने दिने जस्ता कामहरू महिलाहरूले गरेको पाईयो भने ज्येष्ठ नागरिकहरू बाखा चराउने, सिकर्मी डकर्मी कामहरू गर्ने, कुंडोपानी गर्ने पाईएकोले असंलग्नताको सिद्धान्त सही छ ।

सक्रियताको सिद्धान्त अनुसार गतिविधि र जीवन सन्तुष्टिको वीच सकरात्मक सम्बन्ध हुन्छ । यस अध्ययनमा ज्येष्ठ नागरिकहरूले पाएको ज्येष्ठ नागरिक भत्ता पाउने र सरकारले दिने गतिविधि शतप्रतिशत ज्येष्ठ नागरिकहरू सन्तुष्ट भएको पाईएको छ । तसर्थ सक्रियताको सिद्धान्त शत प्रतिशत सही छ ।

## ६.४ सुझावहरू :

ज्येष्ठ नागरिकहरू समाजका गहना हुन्, ज्यूंदो ईतिहांस हुन् । उहाँहरूमा अथाह ज्ञान सीप र जीवन्त अनुभवहरू छन् । ज्येष्ठ नागरिक ऐन अनुसार पनि ज्येष्ठ नागरिकहरूमा धेरै अधिकारहरू सुनिश्चित भएको छ । ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभाव भन्ने यस अध्ययनबाट तपसिलका सुझावहरू प्रस्तुत गरिएको छ ।

- ज्येष्ठ नागरिक भत्ताले ज्येष्ठ नागरिकहरूको सामाजिक र आर्थिक अवस्थामा, आवश्यकतामा आधारित गतिविधि चलाउन सहयोग पुऱ्याएको तथ्यवाट ज्येष्ठ नागरिक भत्ताको निरन्तरता गर्नु राम्रो देखिन्छ ।
- ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक वस र निशुल्क उपचार मा हुने छुट थाहा नभएको पाईएकोले ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदा सम्बन्धित स्थानिय तहले ५० प्रतिशत निशूल्क उपचार कार्ड र यातायात कार्ड बनाएर दिनु पर्छ । जसले थप आर्थिक भार कम हुन गई सामाजिक तथा आर्थिक रुपमा जनजीवन सहज हुन जाने देखिएको छ ।
- ज्येष्ठ नागरिकहरूको लागि प्रत्येक स्थानिय तहमा निशूल्क विशेषज्ञ चिकित्सकले स्वास्थ्य जाँच र औषधी वितरण गर्ने स्थानिय निकायले कार्य योजना बनाउन सके राम्रो हुन्छ ।
- ज्येष्ठ नागरिकहरूको जीवनकालमा प्राप्त गरेका हलो जुवा बनाउने, डोको नाम्लो बुन्ने, गुंतको गुन्द्री बुन्ने, टपरी बुन्ने जस्ता अनगिन्ति सीप र अनुभवहरूलाई लोप हुन नदिन प्राविधिक तथा विद्यालय र क्याम्पसका विद्यार्थीलाई तालिमको व्यावस्था गरी सीप हस्तान्तरण गर्ने व्यावस्था सरकारले गर्नुपर्छ ।
- मातृदेवो भव पितृदेवो भव, माता पिता भगवान हुन् र आज का माता पिता भोलिका ज्येष्ठ नागरिक हुन् र हामी पनि भविष्यका ज्येष्ठ नागरिक हौं तसर्थ हरेक कार्यालय र मानिसले हरेक ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्छ ।

# सन्दर्भ सामग्रीहरू


Acharya, P. (2008). Senior Citizens and the Elderly Homes: A Survey from Kathmandu (vol 2). *Dhaulagiri Journal of Sociology and Anthropology*.

AKM Masud Rana, S. M. (1998). *Impact of old age allowance on health-related quality of life among elderly persons in Bangladesh*. Bangladesh.

Ankit Kumar Gupta, A. K. (2016). Health and Socioeconomic status of the elderly people living in Hilly areas of Pakhribas, Koshi zone Nepal. *Indian Journal of Community Medicine*, 273-279.

Aryal, G. R. (2019). *The Status of Elderly People in Nepal*. Patan Pragya , 11-18.

Atchley, R. (1971). *Retirement and Leisure Participation: Continuity or Crisis?* The Gerontologist.

Bhandari, K. (2075 B.S). Social Security System of Elderly Populaiton in Nepal. *NUTA Journal*.

Brightman, H. N. (2006). *Aging Trends*: Population Aging in Nepal.

Chalise, S. (2005). Situation of the Elderly in the Himalyan Kingdom of Nepal. *Indian Journal of Social Work.*

Commission, N. L. (2074 BS). *Sthaniya Sarkar Sanchalan Ain*. Nepal Law Commission.

Cumming, E., & Henry, W. H. (1961). *Growing Old:* The process of Disengagement.

Federation, N. S. (2072 B.S.). Nepalma jyestha Nagarikharuko abastha ra sudharka Kshetraharu : ek Sarvechan. *Human Rights Journal*.

Federation, N. S. (2074 B.S.). *Nepalma jyestha Nagarikharuko abastha ra sudharka Kshetraharu* : *Ek Sarvechan*.

Federation, N. S. (2074 B.S.). Nepalma jyestha Nagarikharuko abastha ra sudharka Kshetraharu : Ek Sarvechan. *Human Rights Journal*.

Federation, N. S. (2074 B.S.). Nepalma jyestha Nagarikharuko abastha ra sudharka Kshetraharu : Ek Sarvechan. *Human Rights Journal*.

Gautam, T. R. (2000). Migration and the Problem of Old Age People in Nepal. *Dhaulagiri Journal of Sociology and Anthropology.*

Goverment of Nepal, M. O. (2052 BS). *Budget Baktabya* Fiscal Year BS 2052-053. Kathmandu : Ministry of Finance .

Gupta, N. (2018). *Situation of Aged Persons in Elderly Care Home: A study of Pashupati Briddhaashram* (Unpublished Master Thesis, Pokhara University).

Guragain, P. (2009*). The Status of Elderly People in Nepal A case study of Elderly People living in MadhuMala -2 Morang* (Unpublished Masters Thesis, Tribhuvan University).

Havighurst, R. J. (1961). *Successful Ageing*.

Havinghurst, R. J. (1961). *Successful Ageing*.

Henry, M. C. (1961). *Growing Old* : The process of disengagement.

Indra Malakar, H. N. (2018). Perception of Elderly towards Social Security Allowance in Nepal. S*outh Asian Journal of Social Sciences and Economics.*

Joshi, M. R. (2012). *The Effectiveness of Senior Citizen Social Security Allowance in Dhnagadhi Municipality*.

Macao Declaration on Ageing for Asia and the Pacific (1998).

Mathema, P. (2012). *National Social Security policy: A Reality Need for Nepal.* Administration and Management Review.

Municipality, V. (2076 B.S.).

Nepal Census (2011).

Nepal Sarkar (2063 B.S. ). *Jyestha Nagarik* Sambandhi Ain.

Nepal Sarkar (2063 B.S.). *Jyastha Nagarik Ain*.

Nepal Sarkar (2072). *Nepalko Sambidhan*.

Nepal Sarkar (2072,a). *Nepalko Sambidhan*.

Nepal Sarkar, S. M. (2075 BS). *Samajik Surakcha Karyakram Sanchalan Karyabidhi*, Nepal Sarkar.

Nepal, G. (2012). *Assessment of Social Security allowance program in Nepal*. Kathmandu: National Planning Commission, Nepal.

Nepal, G. o. (2072). *Constitution of Nepal*.

Nepal, G. o. (2075). *Samjik Surachha karyabeidhi*.

Pacific, H. A. (2009). The Universal Social Pension System in Nepal, An Assessment of its impact on Older People in Tanahun district.

*Political Declaration and Madrid International Plan of Ageing*, Madrid. (8-12, April 2002). Spain.

Poudel, B. D. (2012). Economic Contribution of Elderly People through their Unpaid Household Work.

Pulami, P. K. (2015). *Situation of Elderly People in Nepal.*

Sapkota, L. (2016). *Social Security Program : A case on Old Age Allowance Implementation in Tokha*. Public Policy and Governance Program North South University .

Singh, D.R., Shrestha, S (2016). Nutritional Status of Senior Citizens living in Old Age Homes at Kathmandu Metropolitan Municipality. *Int J Community Med Public Health.*

Sony K.C., B. R. (2014). What does Nepals Old Age Allowance mean for the elderly Evidence from Rolpa. Secure Livelihood Research Consortium.

Subedi, K. R. (2018). *Social Security's Allowances in Nepal and its Impact on Rural Economy*. Academia.

Sunita Rai, P. K., & Chalise, H. N. (2018). Elderly Abuse Experienced by Older Adults Prior to Living in Old Age Homes in Kathmandu. *Journal of Gerontoly & Geriatric Research*.

UN Principle for Older Persons. (1991).

Upreti, C. (2006). *Ageing and Social Security System in Nepal : Scope and Challenge.* NAPSIPAG Annual Conference. Sydney: University of Sydney.

Vienna International Plan of Action on Ageing. (1981).

# परिशिष्टाङ्कहरू

## अनुसुची क : वैयक्तिक अध्ययनहरू

### घटना : १

म हाल ७२ वर्षको भएँ । मेरो वेलामा पढ्ने अवस्था थिएन । निरक्षर नै हो । मेरो विवाह १६ वर्षको हुँदा भएको हो । मेरो माईती क्यामिन सिम्ले हो । मेरा २ वटा छोरा र २ वटा छोरी गरी ४ वटा बच्चाहरू हुन् । ठूलो छोराको १ छोरा १ छोरी, कान्छो छोराको २ वटा छोरी र १ छोरा छन् । ठूली छोरीको १ छोरा र कान्छी छोरीको २ वटा छोरी छन् । मेरो जम्माजम्मी ३ वटा नाति र ५ वटा नातिनीहरू छन् ।

हाम्रो पूरानो घर सूर्यपाल हो, हामी आज भन्दा ४० बर्ष अघि व्यास १० (साविक व्यास ९) लामीडाँडा बसाई सरी आएको हो । मेरो श्रीमान विरामी भएर सञ्चो हुन्छ की भनेर यहाँ आएको हो । तर दुर्भाग्य यहाँ आए पछिको केही वर्षमा नै बित्नु भयो । उहाँले जोडिदिएको करीव १४ रोपनी जग्गा पाखोबारी छ र अहिले मेरो नाममा नै छ । तर मेरो खेत छैन । त्यसकारण चामल किनेर खानु पर्छ । पाखोबारीमा मकै उत्पादन हुन्छ । मकै त पुग्छ ।  म अहिले एक्लै वस्छु । मेरो श्रीमान भारतीय सेनाको रिटार्यड हुनुहुन्थ्यो उहाँ वितेपछि मैले श्रीमानको पेन्सन बुझ्छु । छोराहरूलाई गरी खान बारीहरू भाग लगाईदिएको छ तर मालपोतमा गएर छुट्टाएको छैन । त्यसो त दुवै छोराहरू वैदेशिक रोजगारमा छन् ।

मलाई ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउन म र मेरो दाजू भएर व्यास नगरपालिकामा गएर नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटोकपि सहित निवेदन गरे पछि केही महिनामा मेरो कार्ड बन्यो ।  म एक्लै बस्ने छोराहरू पनि विदेश बुहारीहरू नजान्ने त्यही भएर भाईसंग गएर कार्ड बनाएँ । परिवारमा पनि सहयोग नै भयो । साथै मेरो ज्वाईले पनि सहयोग गर्नु भयो । यति गरेर गए पछि नगरपालिकाका कर्मचारीले पनि सहयोग गर्नु भयो । मैले शुरुमा पाएको भत्ताले किनेको सामान त विर्सिएँ । आजकल त विर्सिने बानी छ । तर मलाई भत्ता पाउन अप्ठ्यारो भएन । नगरपालिकामा नै गएर आफै बुझेँ । आफै खर्च र सदुपयोग गर्छु । मलाई अहिले पनि कति भत्ता बुझे विसिएँ । तर भत्ता बुझेर नुन तेल, चामल, लुगाफाटो, सारी, चोलो मत्रो पटुका किने । अहिले मैले रु.१२,००० चार महिनाको पाउँछु । म एक्लै हो भत्ता पाउने मेरो घरमा ।

म पहिल्यै देखि किसान नै हो । मेरो सीप भनेको नै खेती किसान हो । मैले बैकमा भत्ता बुझ्नका लागि खाता खोलेको थाहा छैन । मलाई वसमा हुने ज्येष्ठ नागरिक सिट र छुट बारे थाहा छैन । तर मलाई बसमा हिँड्दा बस्न त दिन्छन् । मलाई अस्पतालमा हुने ज्येष्ठ नागरिक उपचारमा सहुलियत र ज्येष्ठ नागरिक सिट बारे थाहा छैन । र मैले स्वास्थ्य वीमा गरेको पनि छैन ।

मलाई गानोगोला छ । ग्यास्ट्रिकको औषधी कहिलेकाँही औषधी खान्छु । म अशक्त भएको वेलामा दुवै वुहारीले हेरचाह गर्छन् । छोराहरू दूवै जना विदेश छन् । म एक्लै बस्छु, पकाउँछु,खान्छु । दुर्व्यवहार त अहिले सम्म गरेको छैनन् । संगै वसेको भए के हुन्थ्यो थाहा छैन ।

घरपरिवारमा बृद्धाभत्ता बुझेर राम्रै छ । म छुट्टै बसेको हुनाले अरुलाई भत्ताको पैसा दिन्न र उनीहरूले पनि मानो चामल भरेका छैनन् । त्यही भएर मलाई उनीहरूले ख्वाउदैनन् र मैले बृद्धाभत्ताको पैसाले ल्याउदै खाँदै गर्छु । यो बृद्धाभत्ता पाउने भएकाले मैले एक मानो चामल ल्याओ भन्न परेको छैन । आफूलाई चाहिने कुरा ल्याउछु पकाउछु  खान्छु । म कुनै समूहमा पनि सदस्य छैन । आजकल म कुरो बुझ्दिन बुहारीहरू नै जान्छन् ।

बृद्धाभत्ताले घरपरिवारमा मेलमिलाप छ । म खेती लगाउन, भारी बोक्न, कोदालो खन्न सक्दिन । मेरो श्रीमानको पेन्सन ३०,००० जति आउँछ । यो पेन्सन नभएको भए त म मर्थे ।

म आफ्नो लागि खाना पकाउने, कपडा धुने, भाँडा माझ्ने काम गर्न सक्छु । म एक्लै छु निर्णय त म आफै गर्छु जानकारी चाहिँ गर्छु बुहारीहरूलाई पनि । महिला भएको हिसावले बृद्धाभत्ताले मलाई तेल, मसला, तरकारी पेट भरी खाना पाएको छु । मलाई भेटघाट गर्न छोरी, ज्वाई, नातिहरू, छोरा बुहारी नै आउँछन् । यसरी भेट्न आँउदा खुशी लाग्छ । कमाई गरेर दिने मान्छे, बुढोलाई अघि लगाइयो त्यही भएर बृद्धाभत्ता हुंदा र पाएको वेलामा खुशी लाग्छ । तर पैसा वा बृद्धाभत्ता नभएको वेलामा अव के गर्ने होला भन्ने जस्तो  लाग्छ । म पैसा भएको वेलामा म कसैलाई दिन्न । उनीहरूसंग नै पैसा हुन्छ । कहिलेकाँही नाती नातिनालाई भने दिन्छु । मुट्ठी बाँधे पछि श्वास फेर्न गाह्रो हुन्छ ।

मलाई धुनधान फुर्ती त छैन । बृद्धाभत्ता दिएर सरकारले ठीक गऱ्यो । मैले औंशी पूर्णिमा, सक्रान्तिमा दानदक्षिणा गर्छु । दानदक्षिणा गर्दा आत्मसन्तुष्टि र रमाइलो  लाग्छ । म पैसाको दुख पर्छ कि भने पनि के गर्नु त नि भन्या छु बसेको छु । मैले बचत गरेको छैन । मलाई खानाको लागि ईच्छा लाग्ने भनेको खसीका राम्रो मासु पाएँ भने भयो ।

## घटना : २

म हाल ८० वर्षको भएँ ।  मेरो जन्म वि.सं. १९९६ बैशाख ४ गते लम्जुङ्गमा जेठी छोरीको रुपमा भएको थियो । म पछि वर्षौटे एक भाईको जन्म भयो । वुवा हामी सानो छंदा वित्नु भयो उतिवेला स्कूल पनि गईएन । निरक्षरै भईयो । वि.सं २००९ साल तिर १३ वर्षको हुदाँ लमजुङ्गमा नै विवाह भयो । मेरा २ वटा छोराहरू र ३ वटा छोरीहरू छन् । करीव ३० वर्ष अघि हालको व्यास ११ (साविक व्यास ३ मकुन्ने) मा वसाई सरी आएको हो । छोरा छोरीहरूको विवाह भई सक्यो । छोराहरूमा जेठाको १ वटा छोरी र कान्छाको २ वटा छोरीहरू छन् । त्यस्तै गरी ठूली छोरीको २ भाई छोरा, २ छोरी , माइली छोरीको २ छोरी, १ छोरा र कान्छी छोरीको १ छोरा गरी ७ नातिनी र ३ जना नातिको हजुरआमा भई सकें  । म संगै कान्छो छोरा बुहारी र २ वटा नातिनी छन् । दाजु भाई छुट्टभिन्न भए पछि जेठो छुट्टै छ । वुढा ७ वर्ष अघि वित्नु भयो । मेरो आफ्नो ११ रोपनी जग्गा छ । बुढाको स्वर्गारोहण भए पछि दाजु भाईको पनि अंशवण्डा भयो । छोराहरूको पनि उनीहरूको नाममा जग्गा अंश गरि दियौं । कान्छो छोरा विदेश आउने जाने गर्दथ्यो अहिले घरमै आएर बसेको छ । जग्गा किनेर नयाँ वस्तीमा एक तलाको पक्की घर  बनायो । यही घरमा नै बस्छु । वारी भए पनि सबै गर्न सकिएन । खास वेचविखन गर्ने केही छैन । बेचे जग्गा हो । आम्दानीको श्रोत भनेको बुहारीले आफ्नै घरमा सिलाई गर्छिन् त्यहीबाट अलि अलि आम्दानी आउँछ । अहिले मेरो आम्दानी भनेको सरकारले दिने गरेको ज्येष्ठ नागरिक भत्ता नै मुख्य श्रोत हो । आवश्यक परेको वेलामा छोरा बुहारीले दिन्छन् । र कहिलेकाँही छोरीहरूले  दिन्छन् ।

करीव १० वर्ष अघि बुहारी संग व्यास नगरपालिकाको कार्यालयमा नै गएर ज्येष्ठ नागरिक भत्ताको (कार्ड) परिचय पत्र बनाएको हो । नागरिकता र फोटो दिएको केही महिना पछि दमौलीमा गएर लिएं । बुहारी संग गएको थिएं कार्यालयमा यताउता गर्दा उनीले नै गएर हाकिमहरूको सही गरेर बनाउँदा अप्ठ्यारो नभईकन बनाएं । बुहारी तथा घरपरिवारको साथ सहयोगले नै भत्ता कार्ड बनाउन सजिलो भयो । कार्यालयका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । शुरुमा मैले रु. ४००० बुझेको थिएं आफैले । यो पैसाले चामल किनें । बाँकी पैसा घर खर्चका लागि बुहारीलाई नै दिँए । वीचको समयमा रु. ८००० पनि बुझें । यस सालको कार्तिकमा रु. १२००० बुझे । अहिले वडाको कार्यालय पनि १० मिनेट जति हिंडेर पुग्ने ठाउँमा छ । सजिलै संग पुग्छु र आफैले भत्ता बुभेर ल्याउँछु । २-४ हजार आफूले राखें बाँकी रु. ८००० बुहारीलाई नै दिएँ । “कान्छो छोरा पनि अहिले घरमा नै आएर बसेको छ जागिर पनि छैन । खाना लाउन र पाल्न यिनीहरूलाई नै परेको छ । दुःख परेको होला भन्ने मनज्ञानले जानेर दिन्छु ।” आफैसंग राखेको २-४ हजारले

मैले खाना मन लागेका कुराहरू चिनी चियापत्ति, खाजा भुजा र कहिलेकाँही मासु पनि ल्याउँछु । दुई वटा नातिनी छन् यहाँ उनीहरूलाई कहिलेकाँही मिठाई पनि किनेर दिन्छु । नानीहरू असल छन् । आफैलाई वा माया गर्ने बाटो भनेकै कहिलेकाँही मिठाई दिएर भएको छ । ठूलाको घर जाँदा पनि नातिनीलाई मिठाई लगि दिन्छु । भत्ताको नै पैसाले दशैं तिहार र औंशी पूर्णिमामा दानदक्षिणा गर्छु । दान दक्षिणा गर्न पाउँदा खुशी लाग्छ । बुढाको सरदमा पनि अलि अलि नै राखेको पैसाले छोरी चेली र आफन्त मान्नु पर्ने लाई टीकाटालो गर्न पनि सहयोग गरेको छ भत्ताको पैसाले । भत्ता त म एक्लैले हो पाउने मेरो घरमा । भत्ता बुझ्नको लागि भनेर कुमारी वैकमा खाता खोलेको छु । सँधै नगद नै बुझेको छु पैसाको दुखले बैकमा राख्ने अवस्था छैन । उबेलामा कुनै तालिम पनि भएन सीप भन्ने कुरा पनि केही भएन । खाना बनाउने, गोठालो हुने, घरको तुनेलो गर्नेमा नै बित्यो ।

यताउती जाँदा पनि वसमा ज्येष्ठ नागरिक सिट हुन्छ भन्ने थाहा छैन मलाई । कहिले उभिएरै र कसैले मन ज्ञानले सीटमा बस्न दिन्छन् । बस्छु । बृद्धाहरूलाई दिइने निशुल्क उपचार सुबिधा बारे थाहा छैन । छोराले म लगायत सवैजनाको स्वास्थ्य वीमा गरेको छ । मलाई कहिलेकाँही पेट दुख्ने, श्वास बढ्ने दम हुन्छ । यी दुवैको सँधै औषधी खान्छु । विरामी परेको बेला दमौली जान र सामान्य खालका औषधी ल्याउन आफ्नै भत्ताको पैसाले नै तिर्ने गरेको छु । र बाँकी नपुग औषधी उपचार छोरा बुहारीले नै गर्छन् । उनीहरूले नै हेरचाह गर्छन् । धर्म छोड्नु हुदैन अहिले सम्म गाली गलौज गरेका छैनन् । माया नै गर्दछन् । उनीहरू घरमा भएको बेला उनीहरूले नै पकाउँछन् बोलाउँछन अनि खाना संगै खान्छौं । घरमा नभए वा कामकाजमा गएको बेलामा मैले पकाउँछु । नातिनीहरूलाई दिन्छु छोरा बुहारीलाई राखि दिएर म पनि खान्छु । भत्ता बुझे पछि घरमा अहिले सम्म राम्रो नै व्यवहार गरेका छन् । २-४ हजार आफू राख्छु बाकी बुहारीलाई नै दिन्छु । छिमेकमा म आफू पनि कसैसंग माग्न पनि जान्न र मसंग पनि माग्न आएका छैनन् । टोल छिमेकमा पनि राम्रो नै छ । अहिले सम्म कुनै संस्था कार्यालयले सम्मान गरेका छैनन् । यहाँ विभिन्न जाति धर्मका मान्छे बसोबास गर्छन उनीहरू आफ्नै थन्कामा छन् हामी पनि आफ्नै थन्कामा । सवै मिलेर नै वसिएको छ । बृद्धा भईयो आजकल त कुनै समूहमा सदस्य छैन तर शनिवार परमेश्वर ईशुको प्रार्थनामा जान्छु त्यही भेटघाट हुन्छ साथीहरू संग । सुन्छु । यो भत्ता पाएको पनि करिव १० वर्ष जति भयो अहिले सम्म घरमा र छिमेकमा राम्रो नै गरी मेलमिलाप साथ वसी बसाई छ ।

घरमा कुनै कुराको निर्णय गर्नु परेमा छोराबुहारीले नै गर्छन् । विहान भनेको सुनेको वेलुका विर्सन्छु । बृद्धा भए पछि यस्तै हुँदो रहेछ । उही वेलामा पढिएन अनि जागिर पेन्सन केही भएन कसैको । बृद्धा भए पनि खाना त पऱ्यो । हामी महिलालाई काम गरेर खाने उमेर पनि गयो, यस्तो अवस्थामा बृद्धाभत्ताले खाना पुग्ने गरी दिएको छ । मलाई भेट्न छोरा, छोरी ज्वाई, भानिजहरू आउनुहुन्छ ।

भत्ता बुझेर आँउदा केही आफूलाई राख्यो बाँकी खर्च गराओ भनेर दिन्छु । चाहिने कुरा छोरा बुहारीले किनेर ल्याउँछन् । आफ्नै साथमा पैसा नहुँदा खाना दिन्छन छोरा बुहारीले लाउन छोरीहरूले पनि ल्याईदिन्छन्, बुहारीले पनि ल्याईदिन्छिन । कहिलेकाँही छोरीहरूले आएको बेलामा कोहीले रु. १०० कोहीले रु.५०० दिन्छन् । बृद्धाभत्ता दिएर सरकारको दया जागेको छ “यति भए पछि खानाले मर्दिन भन्ने हुन्छ हिम्मत बढाएको छ अनि बचन लगाउन पाउंदैनन भन्ने हुन्छ” । त्यही भएर सरकारको दया जागेको छ भत्ता पाईरहेकोमा सन्तष्ट छु । पैसा ल्यायो घर खर्च नै नपुग्नी । दियो खर्च गऱ्यो नुन भन्यो तेल भन्यो, दक्षिणा भन्यो बचत त गरेको छैन । तै पनि छोराले माछा मासु ल्याई रहन्छ मलाई इच्छा लागेको कुरा किन्न सहयोग गरेको छ । चुरोट खान्न । मलाई ईच्छा लागेको चकलेट मुखमा हाल्न, खाजाभुजा किनेर खान सहयोग गरेको छ भत्ताले ।

मलाई नरमाईलो लाग्ने भन्ने त्यस्तो कुरा के भन्नी र दुबै छोराहरूको छोराको जाय जन्म भाछैन छोरी छोरी छन् । यसैको ताना भई रहन्छ । छोराहरूको आयस्त छैन यही कुराले मनमा ताना खेलीरहन्छ । कसरी गुजारा चलाउँछन भन्ने लाग्छ । सवैकुरा बनिबनाउ भए रमाईलो हुन्थ्यो । बृद्धाआश्रमको बारेमा मलाई केही थाहा छैन । पाले पनि फाले पनि यिनैले सेवा गरेका छन् । नेपाल सरकारले राम्रै गरेको जस्तो लाग्छ । हाल बुझिरहेको भत्ताबाट सन्तुष्ट छु ।

## घटना : ३

म हाल ७८ बर्षको भएँ मेरो जन्म वि.स. १९९८ बैशाख १९ गते व्यास नगरपालिका वार्ड नं १० (साविक व्यास ४) बेल्टारीमा भएको हो । हाल म ७८ वर्षको भएं । हाम्रो पुर्ख्यौली घर तनहूंसूर गाविस चिसापानी भन्ने ठाऊँ थियो । त्यहीबाट बसाई आएर आएको हो । बुवाको भारतमा सिनेमा हलमा जागिर थियो त्यही भएर करीव २ वर्षको हुँदा मलाई संगै लिएर जानु भएको थियो । १ भाई र २ वहिनीहरू मेरो कान्छी आमा(सौतेनीआमा) पट्टिका हुन् । भाई वित्यो अनि बहिनीहरू छन् । बुवाको तीनवटा घरवार मध्ये म आमाहरूमा जेठीपट्टीको एक्लो छोरा हुँ । बुवासंगै भारतमा नै बस्दा त्यही ४ कक्षा सम्म पढें उतै हुर्के । "मास्टरहरूले मलाई पढाउन कोशिष त गरेका हुन तर बुद्धि भएन" । म १६ वर्ष भए पछि त्यही सिनेमा हलमा काम गरें । यही वेलामा सौतेनी भाई वित्यो अनि घर आंए । करीव ८ वर्ष जति त्यहाँ काम गरेर घर आए पछि वि.स.२०२३ सालमा कास्की जिल्लाको नेपाल पाखा पोल्याङ्ग भन्ने ठाऊँमा २५ वर्षको हुँदा विवाह गरें । मेरो २ वटा छोरा र २ वटा छोरीहरू गरी ४ जना छन् । जेठोका २ छोरा र १ छोरी छन् र कान्छाका १ छोरा १ छोरी छन् ।

जेठो छोरा प्रहरी सेवामा थियो अहिले छोडेर घरमा नै बसेको छ । उसले अहिले पानीको व्यवस्थापन गर्न नजिकैको इट्टाभट्टीमा काम गर्छ । कान्छो छोरा ईन्डियन आर्मीमा थियो त्यहाँवाट पेन्सन भएर अहिले कम्पनीमा नै फेरी अर्को पेन्सन आउनी राजास्थानमा स्थायी जागिर खाएको छ । ४ वर्ष जति भयो छोराहरू छुट्टभिन्न भई सके । उनको पाउनी हिसाव दिई सकें । कान्छो छोरा कास्की पावरहाउसमा घर बनाएर परिवारहरू उतै बस्छन् । सकेर खानी जग्गा मेरो नाममा राखेको छु । २ रोपनी १२ आना खेत र २ रोपनी जति मेरो भागमा र ३ रोपनी वरावर गरेर दुई वटा छोराहरूलाई दिएको छु ।

राम्रो मौसम परेको वेलामा मास बोडी २-४ पाथी वेच्छु । खास अरु आम्दानी छैन । नगद आम्दानी भनेको ४-४ महिनामा भत्ता पाईन्छ त्यत्ति हो । त्यसैले नै आफ्नो गुजारा चलाईन्छ । त्यसो त हामी वुढाबुढी मात्र हो वस्ने । हामी दुईजना मात्र हो पकाएर खाने । म आफै नगरपालिकामा गएर राधा शंकर नाम गरेका आफन्त कर्मचारी थिए उनैसंग गएं । नागरिकता फोटो लिएर गए पछि त्यही दिनमा सवै कागजातमा सहीछाप गरेर छोडें । त्यस पछिको केही समय पछि कार्ड बन्यो । कर्मचारीहरूले पनि कार्ड बनाउन सहयोग गर्नु भयो । छोराले बा कार्ड बनाउन जानु भन्यो । श्रीमतिको पनि यसै गरेर बनाएर भत्ता बुझ्छिन् । ७१ वर्षको हुँदा देखि नै भत्ता बुझिरहेको छु । शुरुमा मैले रु. २,०००।- भत्ता बुझें । यो भत्ता दमौलीमा गएर आफैले भत्ता बुझेर पहिलो पटक भत्ता बुझेर मैले कुकर किनेर ल्याएँ । बाँकी पैसा कसैलाई पनि दिईन । उनीहरूले माग्दा पनि मागेनन । बाँकी रहेको पैसा खर्चका लागि राखें । मेरो आम्दानी कतैबाट थिएन अनि २-४ पैसा गोजीमा हुने भयो भन्ने अनुभव भयो । पछिल्लो असोजमा ४ महिनाको रु. १२,०००।- बुझे । म आफै गएर बुझ्छु । र आफैले सदुपयोग गर्छु । वडा कार्यालय नजिकै भएको हुनाले भत्ता बुझ्न जाँदा आज सम्म अप्ठ्यारो भएको छैन । दाल, आलु, प्याज तथा खाना मन लागेको वेलामा मासु किनेर पैसाको सदुपयोग गर्छु । बचेको पैसा छोरालाई कहिलेकाँही दिन्छु तर पछि फिर्ता गरेर दिन्छन् । चुरोट र सुर्ती खाने बानी छ । दिनमा चार खिली चुरोट खान्छु । अनि टिसर्ट र जाँगे आफै बजार गएर किनें । भत्ताका लागि बैक खाता खोलेको छ । पहिले पहिले बन्दा काउली लगाउँथे । मेरो पेशा किसान र जानेको काम सीप भनेको नै खेतीपाती हो । अहिले सहकारीले दिएको विरुवा ल्याएर लसुन र प्याज लगाएको छु ।

बसमा यताउती हिंड्दा ज्येष्ठ नागरिक सिटको बारेमा थाहा छैन । कहिले सिट पाइन्छ कहिले पाईंदैन । गाऊँको एक जना बुहारी नानीले मेरो वीमा गरी दिएकी छन् । अस्पतालमा हुने ज्येष्ठ नागरिक वार्ड बारे र निशुल्क १ लाख सम्मको उपचार बारे थाहा छैन । मलाई जाडोमा रुघाखोकीले दुख दिन्छ । प्रेसरको औषधी खाई रहेको छु । औषधी किन्न पनि भत्ताको पैसाले थप सहयोग गरेको छ । स-साना रोग लागेको वेला आफै र अलि जटिल खालको विरामी परेको वेलामा श्रीमतिले मेरो ख्याल गर्छिन् । पानी तताएर दिन्छिन् । अहिले सम्म त कसैवाट दुर्व्यवहार भोगेको छैन। "भत्ता बुझ्केको समयमा श्रीमतिले मागेपछि १-२ हजार दिन्छु" । छोरोलाई दिएँ भने फिर्ता गरिहाल्छ । नाती र नातिनीलाई रोटी मिठो बनाएको वेलामा दिन्छौं । विस्कुट मिठाइ भए दिन्छौं । र कहिलेकाँही रु. १००-१५० पनि स्कुल जाँदा खाजा पानी को लागि दिन्छु । परिवारमा मेलमिलाप नै छ । परिवारमा भत्ता बुझ्केको समयमा राम्रै व्यवहार गरेका छन् । कहिलेकाही विस्कुट, चिनी र दालमोठ खाना मन लाग्छ किनेर ल्याएको छु । आफैलाई देख्ने कोही छैन त्यसो भएको हुँदा कसैलाई पनि ऋण दिन्न । नजिकैको पाटीमा एक चोटी ज्येष्ठ नागरिकहरूको सम्मान कार्यक्रम टोलले गरेको थियो । दोसल्ला ओढाएर सम्मान गरेका थिए । यस्तो सम्मान पाउँदा राम्रो लाग्यो । टोलमा बन समूहको सदस्य छु । बैठकमा भाग लिन्छु अनि सल्लाह सुझाव मागेको वेलामा दिन्छु । निर्णय त छलफल गरेर नै हुन्छ ।

मेरो पेशा नै किसान भयो । गाई पालेको छु । डालेघाँसहरू काट्छु । खेतबारीमा पनि काम गर्छु । अनि कपडाहरू फोहोर भए आफै धुन्छु । घरायसी सरसल्लाह गरेर निर्णय गर्दा श्रीमतिले गर्छिन् । कतै जाने काम पऱ्यो भने पनि श्रीमतिले नै निर्णय गर्छिन् । सरकारले राम्रो काम गरेको हो । म पुरुष भएको नाताले आफैलाई चाहिएको चिज किन्न ल्याउन पाएको छु । ४ महिना सम्मको समयलाई काम चलाउन अलिअलि २-४ हजार पुऱ्याएर पैसा राखेको छु । मलाई भेट्न ठुली बहिनी,कान्छो छोरा छुट्टीमा आएको वेलामा  भेट्न आँउछन् । तर साथी संगी आउँदैनन् ।

भत्ता बुझ्केको वा पैसा भएको बेलामा मनमा राम्रो लाग्छ । व्यवहार पनि परिवारमा राम्रै छ । पैसा सकिएको वेलामा २-४ पैसा ऋण खोज्दा ऋण पनि पाईदैन । अरुसंग मागेको वेलामा पाईंदैन । छैन भन्छन् । यस्तो वेलामा कस्तो कस्तो लाग्छ । नरमाईलो लाग्छ । बृद्धा भत्ताले हिम्मत बढाएको छ । मनमा जेभए पनि राम्रो लाग्यो । पैसा भयो गोजीमा । कसैसंग माग्नु परेन । तर वीचमा सकिन्छ । नभएको वेलामा अरु संग माग्दा नपाउँदा नरमाईलो लाग्छ ।

मन्दिर गएको वेलामा २-४ पैसा दान दक्षिणा चढाइन्छ । आफूले सकेको दक्षिणा गरियो । लुम्विनी त्रिवेणी चारधाम आमा पार्टी वाट घुमें । राम्रो लाग्यो । रमाईलो लाग्यो । यो भत्ताले चिन्ता कम गरेको छ । "म त साँच्चै भन्छु बृद्धा भत्ता नभएको भए बाँच्ने सहारा नै  थिएन" । त्यसकारण सरकारले हेरेको छ । अहिले सम्म दिईरहेको भत्ताबाट म सन्तुष्ट छु । नगद बचत गरेको छैन । तर ईच्छा लागेको कुरा चुरोट किनेर खानालाई सहयोग गरेको छ ।

मेरो जीवनमा दुख विराम हुँदा नरमाईलो लाग्छ किन कि विरामी परे पछि शरीर अर्को हुदौं रहेछ । हेरचाह र माया ममताको खाँचो र महसुस हुने भएकोले नरमाईलो लाग्छ  र मलाई चाडवाडमा रमाईलो लाग्छ किन कि केटाकेटी खुशी हुन्छन् र आफुलाई पनि रमाइलो लाग्छ । सपरिवार जुटे पछि झन रमाईलो लाग्छ ।  सपरिवार भेट हुन्छ यस्तो वेलामा रमाइलो लाग्छ । मैले बृद्धाश्रम बारे सुनेको छु तर जान मन लाग्दैन किन भने आफ्नो ठाउँमा यहीं जन्मियो बरु यही मर्ने । अन्त नजाने । नेपाल सरकारले यसरी भत्ता दिएकोमा म मात्र होइन कि जति बृद्धाहरू छन् उनको जीवन राम्रो होस । फलोस फुलोस । दुख विरामी नहुन् । नेपाल सरकारले धेरै सहयोग गऱ्यो । हामीलाई, धेरैबुढापाकालाई हेरेको छ । राम्रो छ । "अझै बाँचुन्जेल नटुटाई दिए भत्ता दिई राखोस र सास भईन्जेल सम्म खान पाम"। म हाल बुझिरहेको बृद्धाभत्ताबाट सन्तुष्ट छु ।

## घटना : ४

म हाल ७१ बर्षको भएँ ।म हालको म्याग्दे गाउंपालिका बतासेमा वि.सं.२००५ साल माघ ५ गते जन्मेको हो । कक्षा १ पास भए पछि पढ्न छाडियो । अलि अलि लेख्न पढ्न जानेकी छु । मेरो १ जना दाई दुई जना भाई र १ बहिनी हुन् । म करीव १४ वर्षको हुँदा वि.स. २०१८ सालमा तनहूँसुर गाविस को चिसापानी भन्ने ठाउँमा विवाह भयो । मेरो विवाह हुनु भन्दा अघि जेठी श्रीमति खसेपछि म कान्छी श्रीमतिको रुपमा विवाह भएको थियो । मेरा ४ वटा छोराहरू छन् । सवैको विवाह भई सक्यो ठूलाको १ छोरा २ छोरी, माइलाको २ छोरी, साईलाको १ छोरा र कान्छाको २ छोरी र १ छोरा छन् । म ६ वटा नातिनी र ३ वटा नातीको हजूरआमा भई सके । हाल साइलो र कान्छोसंगै छन उनीहरू हामी संग नै छन् । पेशाले ठूलो र माइलो मास्टर, साईंलो व्यापार र कान्छो पत्राकार छन् । छुट्टभिन्न आफै आफै कमाए वसे पनि भागमात्र गरी खान लाई मिलाईएको छ । मालपोत जानमा  उनीहरूको व्यस्तताले आउन नभ्याएर छट्टयाउन पाइएको छैन । पाखोवारी १६ रोपनी र खेत १५ रोपनी श्रीमानको नाममा नै छ । सवै जग्गा काम गर्न सकिन्न पाखोवारी बन्धकी दिएका छौ र खेत अधिया । खेतवाट १५ मुरी जति धान हाम्रो भागमा आउँछ । मूख्य आयश्रोत भनेको नै धान हो । यसैले खाना पुग्छ । पराल बेच्छु । नगद आम्दानी भनेको सरकारले भत्ता दिएको छ, त्यही हो । शुरुमा ७० वर्ष पूरा भए पछि नागरिकताको फोटोकपि वडामो दिए पछि वडाका सचिव कर्मचारीले मंसिरमा दर्ता गरेर पठाए पछि साउनबाट पहिलो चोटी वैंकमा खाता खोलेर रु. ८००० बृद्धाभत्ता पाएको थिंए । शुरुमा भत्ता बुझेर आउँदा रमाइलो लाग्यो किन कि अरुले काम गरेर बुझ्थे मैले काम नगरीकन बुझ्न पाएँ ।  यो भत्ता सरकारले दिए पछि बुढो भइएछ  भन्ने लाग्यो । भत्ता बुझ्दा सजिलो नै भयो । म आफैले बुझे र आफै सदुपयोग गर्छु । पहिलो पटक बुझेको भत्ताले, दुख काटेर पैसा राखेर काम भएन त्यसैले अलिअलि दुध घ्यू, र उधारोको तिरोतारो गरे जो समूहबाट ऋण लिएर तेलमसला किनेको थिएँ । औंशी पूर्णिमा र चाडवाडमा टीकाटालो गर्न पनि भत्ताले नै गर्न पाएको छु । हाम्रो त जनै पूर्णिमा ज्वाई चेलालाई दक्षिणाको लागि पनि भत्ताको पैसा खर्च गरेको छु । अर्काले दिएको राम्रो पनि हुन्न र आफ्नै भत्ताले रोजेर चोला साडी लत्ताकपडा पनि किने । रोजेर किन्न पाइयो । मेरो सीप अनुभव भनेको किसान खेत बारीको काम नै हो । श्रीमान र मैले भैसी गाई पाल्ने, पर्म लगाउने नै हो । यसै गरी छोराहरू हुर्काइयो पढाइयो ।

सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिटबारे थाहा छ तर लापरवाही गर्छन । राम्रा नेपाली अक्षरमा पढ्न सक्छु तर भन्न सके त पाइन्थ्यो होला तर त्यस्तो पाएको छैन । अपाङ्ग महिला सिटमा अरु नै बसिरहेको देख्छु । मलाई घुँडा दुख्छ नियमित औषधी त खाको छैन तर साह्रो दुख्यो भने खान्छु । नियमित औषधी खाने रोग त केही छैन । स्वास्थ्य वीमा गरेको छु तर औषधी सवै पाइन एउटा औषधी वीमा बाट पाएँ वाँकी औषधी पैसा तिरेर नै किने । औषधी उपचारमा भत्ताको पैसा नपुगे पनि अस्पतालसम्म भत्ताको पैसाले जाने गरेको छु । उपचारमा सवैले हेरचाह गर्छन् । आवश्यक परेको वेलामा अलिअलि सवैले गर्छन् । कुटपिट, दूव्यवहार गाली गलौज कसैवाट पनि भएको छैन । बृद्धाश्रमबारे सुनेको छु तर जान मन लाग्दैन । बृद्धाभत्ता बुझेर आउँदा घरपरिवारमा राम्रो व्यवहार छ । श्रीमानले भत्ता ल्याउँदा पनि मैले नै राख्छु मेरो र उहाँको आवश्यक परेको ठाउँमा मिलेर खर्च गर्छौं । ज्येष्ठ नागरिकको रुपमा मैले सम्मान पाएको छैन । ज्येष्ठ नागरिक भत्ताले परिवारमा मेलमिलाप छ ।

टोल र आमा समूहको साधारण सदस्य छु । वैठकमा देखेको कुरा र चाहिने कुरा बोल्छु छलफलमा सहभागी हुन्छु । सहकारीले वीउ दिएर तरकारी लगायौ । समूहमा छलफल गर्दा निर्णय नेतृत्व लाई सघाउछु तर घरमा निर्णय चाहि म आफैले गर्छु । घरायसी काम भनेको तरकारी लगाउने, गोडमेल गर्ने र खाना पकाउने र खाने, भाँडा माझ्ने काम गर्छु । महिला भएको हिसावले छोराहरू टाढा छन् भनेको वेलामा आउदैनन् । दुख त वेसरी नै छ । त्यति भए पनि सहयोग भयो । ठूलो व्यवहार नगरे पनि आफुलाई चाहिं त्यसैले नै तिरोतारो गर्ने योजना बनाउन सकियो ।

बृद्धाअवस्थामा जग्गाजमिनले ठुलो आधार भएको छ किन कि यही जग्गाबाट खाना पुगेको छ । यही जग्गाले ढुक्क छ । भेटघाट गर्न चाडवाडमा र कुनै कार्यमा नै सवै छोरा बुहारीहरू संग हुन्छ । नजिक माइलो छोरा नै छ सधै जसो भेटघाट गर्न उही आँउछ । पैसा भएको बेलामा केही महसुस नै लाग्दैन पहिला पनि नभएको भएर होला । हाल बुझिरहेको भत्ताबाट सन्तुष्ट छु ।

पैसा नभएको बेलामा छैन के गर्ने हो जस्तो पनि लाग्दैन । ढुक्क छ । भत्ता बुझेपछि धेरै सजिलो र राम्रो भयो । श्रीमानको एकदम सोझो व्यवहार छ । भएको र नभएको दुवै वेलामा राम्रै व्यवहार महसुस गरेको छु । यो गरौला त्यो गरौला भन्ने छैन त्यही भएर भत्ताको पैसाले खास हिम्मत बढाए जस्तो लाग्दैन । छोरी पनि छैनन । छोरी भएको भए आउँछन दिउँला भन्ने हुन्थ्यो होला । नातिहरू नातिनी लाई आएको मौकामा अलिअलि दिन्छु । छरछिमेकलाई भत्ता भएको वेलामा फिर्ता गर्नेलाई दुख परेर माग्न आएको वेलामा कम्तिमा २ हजार देखि ४ हजार सम्म सहयोग गरेको छु । सरकारले ज्येष्ठ नागरिकलाई दुख परेको वेलामा सहयोग गरेको छ । सरकारले हेरेको छ जस्तो लाग्छ नहुनी त कुरै भएन । पुग्यो भयो त कसैले भनेका छैनन् । जति भए पनि पुग्नी त कहिल्यै होइन तर हाल बुझिरहेको भत्ताबाट सन्तुष्ट छु । जागिर खाएर आउने तलव भएको भए राखिन्थ्यो होला तर खाना लाउन भनेर दिएको भत्ता बचत गरेर राखेको छैन । खाना मन लागेको कुरा बजार जाँदा नौलो खाने चिज पाइयो भने र दुध किनेर नै ल्याउछु । सवै भन्दा दुख वा नरमाइलो लाग्ने क्षण कति आयो गयो तर घरायसी कुराहरूमा त्यस्तो हुन्छ । चाडवाड आएको वेलामा सवै जना जम्मा हुन्छन त्यो वेलामा रमाइलो खुशी लाग्छ । नेपाल सरकारलाई यसरी भत्ता दिई रहेकोमा सवैले राम्रो मानिरहेका छन् र मलाई पनि राम्रै लागि रहेको छ ।

## घटना : ५

म हालको व्यास नगरपालिका ८ सांघेमा २००५ साल भदौ ४ गते जन्मेको हो । हाल म ७१ वर्षको भएँ । सानोमा खास पढ्न सकिएन निरक्षर हो । म करीव १५ वर्षको हुँदा व्यास नगरपालिका ११ मकुन्डे भन्ने ठाउँमा विवाह भयो । मेरो विवाह हुनु भन्दा अघि जेठी श्रीमति क्यान्सर भएर खसेपछि म कान्छी श्रीमतिको रुपमा विवाह भएको थियो । मेरा २ वटा छोरीहरू छन् । जेठीको २ वटा छोरा र २ वटा छोरी सहित जम्मा ६ वटा बच्चाहरू छन् । करीव ३ वर्ष अघि श्रीमानको मृत्यू भए पछि कान्छी छोरीको घर व्यास ११ मा वस्दै आएको छु । छोराहरू पनि भारतमा कामको सिलसिलामा गएका उतै वेपत्ता छन् । आउने जाने केही छैन । जग्गा करीव १ रोपनी १४ आना पाखोबारी छ तर श्रीमानको नाममा नै छ । खास मकै र वोडी बाहेक अरु केही उत्पादन हुदैन । वर्ष दिनलाई खान पुग्दैन । आम्दानीको श्रोत भनेको केही छैन पैसा भनेको नै बृद्धाभत्ताको रुपमा नेपाल सरकारले दिएको छ । भत्ता बुढाबुढी केही नहुनेलाई सहयोग गरेको छ । मैले शूरुमा आज भन्दा १० वर्ष अघि रु. २००० पाएको थिंए । बेचविखन गर्ने समानहरू केही छैन । भत्ता बुझ्ने बाहेक मलाई कान्छी छोरीले सहयोग गर्छिन ।

ज्येष्ठ नागरिक परिचय पत्र बनाउदा नागरिकताको फोटोकपि र फोटो लगेर नगरपालिकामा पेश गरे पछि ज्येष्ठ नागरिक परिचय पत्र बनाएँ । श्रीमान पनिसंगै गएर भत्ता कार्ड बनाएको हो । घर परिवारले पनि सहयोग गर्नु भयो । नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । कार्ड बनाउदा सजिलै संग बनाएँ । शुरुमा रु. २००० चार महिनाको भत्ता बुझें । यो भत्ता पाउँदा रमाइलो लाग्यो "बिना घाम बिना पानी यस्तरी खाना पाउनी" भन्ने लाग्यो ।

शुरुमा बुझेको भत्ताले एक वोरा चामल, नुन र तेल किनेर ल्याएँ । हाल चार महिनाको रु. १२००० पाउँछु । बृद्धाभत्ता बुझ्न जाँदा अप्ठ्यारो छैन । सजिलैसँग आफैले भत्ता बुझ्छु र सदुपयोग पनि आफै गर्छु । यो भत्ता लगाउने र खाने कुरा किन्नमा खर्च गर्छु । भत्ता बुझेर सारी, व्लाउज, चोलो, पछ्यौरा किन्छु र खानेकुरामा हर्लेक्स, मह, घ्यू किन्छु । दशै आएको वेला चाडवाडमा खर्च हुन्छ । भत्ता बुझ्न भनेर बैकमा खाता खोलेको छ । मेरो हातमा जानेको सीप अनुभव भनेको घरायसी धन्दा पकाउने खुवाउने नै हो ।

सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिट वारे थाहा छैन । ज्येष्ठ नागरिकलाई नेपाल सरकारले गर्ने उपचार सहुलियत बारे पनि मलाई थाहा छैन । स्वास्थ्य वीमा गरेको छैन । र अस्पतालमा हुने ज्येष्ठ नागरिक वार्डको बारेमा थाहा छैन । मलाई घुँडा दुख्छ नशाहरू दुख्छ, पेट, अनि कहिलेकाँही दाँत दुख्छ । औषधी उपचारमा भत्ताको पैसा नपुगे पनि अलि अलि सहयोग गरेको छ । अस्पतालसम्म भत्ताको पैसाले जाने गरेको छु । उपचारमा कान्छी छोरीले हेरचाह गर्छिन् । नसकेको वेलामा कान्छी छोरीले नै सहयोग र रेखदेख गर्छिन । श्रीमान हुँदा कहिलेकाही कुटपिट, गाली गलौज हुन्थ्यो मलाई अहिले त कसैले गर्दैनन् । बृद्धाश्रम बारे थाहा छैन ।

बृद्धाभत्ता बुझेर आउँदा घरपरिवारमा राम्रो व्यवहार छ । विरामी परेको अवस्थामा पनि राम्रै व्यवहार गर्छन् । खाना खाने बेलामा म आफैले दिन्छु अनि खान्छु । ज्येष्ठ नागरिकको रुपमा मैले सम्मान पाएको छैन । जातिगत रुपमा कुनै किसिमको अपमान गरेको थाहा छैन । बृद्धा भत्ता पाए पछि पनि राम्रै नै व्यवहार छ । बृद्धा भए समूहमा सदस्य भएको छैन । छोरी नै जान्छिन् समूहमा वैठकमा । तर घरायसी निर्णय भने म आफैले गर्छु । ज्येष्ठ नागरिक भत्ताले परिवारमा मेलमिलाप छ । घरायसी काम भनेको खाना बनाउने, धारा नजिकै छ पानी ल्याइ दिने मात्र गर्न सक्छु । महिला भएको हिसावले आफुले लगाउन र खाना मन लागेको कुरा किन्न परेमा आफैले खर्च गर्न पाएँ यो कुरामा बृद्धाभत्ताले सहयोग गऱ्यो ।

भेटघाट गर्न ज्वाई छोरी चाडवाडमा र कुनै कार्यमा भेटघाट हुन्छ । माइतीवाट मर्दापर्दा आउँछन् । भेट्न मन लागे माइती आफै जान्छु । छरछिमेकी मौका पर्दा भेटघाट हुन्छ । पैसा अथवा बृद्धाभत्ता भएको बेलामा रमाईलो लाग्छ, यति भए त यति गर्छु भन्ने योजना बनाउन सक्छु । पैसा भएको बेलामा र नभएको वेलामा राम्रै व्यवहार गर्छन् । बृद्धा भत्ताले हिम्मत बढाएको छ । योजना बनाउन सक्ने भएको छु । पैसा भएको वेलामा छोरीलाइ नै दिन्छु । नातिहरू नातिनी लाई भएको मौकामा अलिअलि दिन्छु । छरछिमेकलाई भत्ता भएको वेलामा दिएको त छैन । भत्ताले के खाउला के लाउला भन्ने चिन्ता छैन । यो सकिए पछि ४ महिनामा फेरी आइ हाल्छ भन्ने हुन्छ । चिन्तालाइ कम गरेको छ । सरकारले ज्येष्ठ नागरिकलाई दुख परेको वेलामा पैसा दिएर सहयोग गरेको छ । सरकारले हेरेको छ जस्तो लाग्छ । हाल बुझिरहेको भत्ताबाट सन्तुष्ट छु । भत्ताबाट बचत गरेर राखेको छैन । खाना मन लागेको कुरा किनेर खाना सहयोग गरेको छ । जस्तै शरीरलाई ताकत दिने कुरा हर्लेक्स, मह र ध्यू किनेर खाना सहयोग गरेको छ । सवै भन्दा दुख वा नरमाइलो लाग्ने क्षण कति लाग्थ्यो लाग्थ्यो सवै भन्दा नरमाइलो त श्रीमानले पिट्दा लाग्थ्यो । अहिले मेरो आफ्नै छोरा नभए पनि ढिला भए पनि छोरी भए पछि र उनीहरूले नै र छोरीसंगै राखेकी छिन, पालेकी छन, दुख पाएको छैन, नाती नातिना देख्न पाए यही कुरामा खुशी लाग्छ । नेपाल सरकारलाई यसरी भत्ता दिई रहेकोमा राम्रो मानिरहेका छन् सवैले र मलाइ पनि राम्रो लागि रहेको छ । नेपाल सरकारले बृद्धाभत्ता “दिनु भयो राम्रो भयो नदिएको भए के खाएर बाँच्ने थिए म” भन्ने लाग्छ । बृद्धाभत्ता अहिले रु. १२००० चार महिनाको पाउँछु यसमा म सन्तुष्ट छु ।

## घटना : ६

म हाल ६४ बर्षको भएँ मेरो जन्म वि.सं.२०१३ साल असोज १ गते भएको हो । म अहिले ६४ वर्षको भएँ । हामी व्यास ११ चिसापानी (साविक तनहूसुर गाविस चिसापानी) भन्ने ठाउँवाट बसाई सरी हालको व्यास ११ (साविक व्यास ४) फराकचउर भन्ने ठाउँवाट आएको हो । मेरो विवाह वि.सं.२०३४ सालमा २१ वर्षको उमेरमा भानु नगरपालिका (साविक भानु गाविस) बाट भएको हो । मेरा ४ वटा छोराहरू छन् । म निरक्षर हो । म संग कान्छो छोरा साथमा छन् । सवै छोराहरू छुट्टभिन्न भई सके । तर जग्गा जमिन भने मेरै नाममा छ । काम गरेर खानाको लागि भने मात्र केही जग्गा दिएको छु । मेरो जग्गा ५.५ रोपनी जति छ खेत छैन सवै बारीमात्र हो । खासै उत्पादनले खाना पुग्दैन । बेचविखन गर्ने पनि केही छैन । आम्दानी भनेको सिकर्मी डकर्मी को काम मैले गर्छु । हुन त ४जना छोराहरू सवै नेपाल प्रहरीमा जागीर छन् । तर आफै

कमाउछन् आफनै परिवार पाल्छन् । यसैमा खशी छु । मेरा आम्दानीको श्रोत भनेको नै बृद्धाभत्ता हो । कहिलेकाँही छोराहरूले पैसा दिन्छन् । बाँकी पाखुराको भरमा नै जीवन निर्वाह भईरहेको छ ।

ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा वडामा मंसिरमा गएर फाराम भर्दा नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि अर्को असोजबाट ज्येष्ठ नागरिक भत्ता पाएँ । यो ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । विना झन्झट कार्ड बन्यो र परिवारमा पनि श्रीमतिले घरपरिवारले पनि सहयोग गरे । मैले पहिलो पटक रु.४००० भत्ता पाएँ । यो चार हजार पाउँदा खुशी लाग्यो । जागिर नखाएर पनि पेन्सन पाइए जस्तो लाग्यो । यो पैसाले मैले बाखाको माऊ रु.३५०० मा किनेर ल्याएँ र बाँकी पैसाले तेल मरमसला किनेँ । अहिले मैले चार महिनाको रु.८००० भत्ता बुझ्छु । अनि घरमा सरसल्लाह गरेर खर्च र सदुपयोग गर्छु । हामी दुवै जना बुढाबुढीले नै भत्ता बुझ्छौं । भत्ता बुझ्न जाँदा सजिलै संग बुझ्छौं बुझ्ने दिनमा सवैजना जम्मा हुने भएकोले भीडभाड हुन्छ, कुर्छु, क्रम अनुसार भत्ता पाइन्छ अनि आउँछु । भत्ताको पैसाले रासनपानीका लागि बर्षमा एकपटक १० मुरी धान किन्छु । प्रति मुरी रु.१८०० पर्छ धानलाई । श्रीमतिले पनि भत्ता बुझ्ने भएकाले दुवै जनाको मिलाएर धान किन्छौ । चुरोट पनि किन्छु । रक्सी पनि खान्छु । तर घरमा नै कोदोबाट बनाएर घरमा नै खान्छु ।

भत्ता बुझ्नका लागि भनेर बैकमा खाता पनि खोलेको छु, वडामा जान नभ्याएको वेलामा मेरो खातामा जम्मा हुन्छ अनि वैक, दमौलीमा नै गएर बुझ्ने भनेका छन्। तर मैले अहिले सम्म वडामा नै बुझेको छु । मैले काठको झ्याल बनाउने, घर बनाउने, सिमेन्ट प्लाष्टर गर्ने, काम र पाएमा ठेक्कापट्टा पनि गरें । तर आजकल सजिलो ठाउँमा बसेर प्लाष्टर गर्ने, चिरेको काठको झ्याल ढोका बनाउने काम गर्छु । छोराहरूले त सिकेनन जागिर तिर लागे तर गाउँमा अरुलाई पनि सिकाएँ । अहिले उनीहरू ठेक्कापट्टा गर्छन् । यस्तो देख्दा खुशीलाग्छ । सजिलो काम भए मलाई पनि बोलाउँछन् ।

मलाई बृद्धबृद्धालाई वसमा हुने ज्येष्ठ नागरिक सिट र छुटको बारेमा थाहा छैन । त्यस्तै गरी स्वास्थ्य उपचारमा छुट हुने र ज्येष्ठ नागरिक वार्डबारे पनि थाहा छैन । र मैले स्वास्थ्य वीमा पनि गरेको छैन । मलाई अहिले सम्म जटिल प्रकारको रोग केही पनि छैन । तर कहिलेकाँही ग्यास्ट्रिक भएजस्तो भयो भने केही दिन खाए पछि सञ्चो भई हाल्छ । कहिलेकाँही अशक्त भएको वेलामा श्रीमतिले हेरचाह गर्छिन् । म बृद्धाभएर आज सम्म कसैले पनि गालीगलौज दुर्व्यवहार गरेका छैनन् । बृद्धाभत्ता पाएपछि घरपरिवारमा राम्रो व्यावहार छ । टोलछिमेकमा पनि राम्रो छ । घरमा श्रीमतिले खाना बनाउँछिन् पाकेपछि सँगै बसेर हाँसीखुशी खान्छौं ।

मैले आज सम्म ज्येष्ठ नागरिक भनेर संस्थागत सम्मान पाएको छैन । जातिगत रुपमा पनि राम्रो व्यवहार छ र अपमाननित भएको छैन । गाउँघरमा हुने संस्थाहरूमा म सदस्य छैन । बृद्धाभत्ताले घरपरिवारमा मेलमिलाप छ । कहिलेकाँही माछा मासु ल्याएको बेलामा नाति नातिनाले खाउन भनेर आधा किलो जति मासु ल्याएर दिन्छु । नातिनातिनालाई खाजापानीका लागि रु १०० जति दिन्छु । नाती कलेजमा पढ्छ घर आएको वेलामा तीन चार सय कापी कलम किन्नका लागि दिन्छु । अहिले मैले गर्न सक्ने घरायसी काम आगो फुक्ने, सिकर्मी, डकर्मी भएकाले ढोका बनाउने काम गर्न सक्छु । घरमा हुने महत्वपूर्ण कामको निर्णय म आफै गर्छु । बृद्धाभत्ता पाउँदा पुरुष भएको नाताले "काम गर्न नसकेको अवस्थामा बाँच्ने सहारा भयो ।" ६० वर्ष कटेपछि शरीर निर्धो हुदों रहेछ । यो भत्ता पाएपछि बाँच्ने भएँ जस्तो लाग्छ । पैसाको राम्रो सदुपयोग गर्दा दालभात खाना पुग्यो ।

मलाई भेटघाट गर्न इष्टमित्र, दाजुभाई, छोराहरू, नातिहरू, ससुरालीवाट आफन्त आउँछन् । यसरी भेटघाट हुँदा खुशी लाग्छ । साथी भाइ पनि भेट्न आउँछन् । मनको वह पोख्न पाइन्छ । मेरो घरमा धेरैजसो दाजूभाईका छोरीहरू आँउछन् । मलाई पैसा भएको वेलामा खुशी लाग्छ तर नभएको वेलामा निम्नस्तरको भई हालियो । कतावाट कसो गर्ने भन्ने चिन्ता लाग्छ । नहूँदा

छोराहरू संग माग्नु पर्छ । कति पनि नहुनु भन्दा त बृद्धाभत्ता को पैसा आएपछि पैसाले चिन्ता त घटाएको हुन्छ । कसो गर्ने भन्ने चिन्ता घट्छ । बृद्धाभत्ता नपाएको भए पनि बाऊ बाजे को पनि निर्वाह भएकै थियो नि । भन्छन नि "भगवानले खोपेको ओखलमा धान पर्छ" । हुँदै नभए त्यही अनुसार खाइन्थ्यो होला ।

मेरो अरु ठाऊँमा त ऋण छैन तर मासु पसलमा दैनिक रु.१०० को ल्याएर खाइन्छ । भत्ता आउँछ अनि दिन्छु भनेर पनि ल्याएर खाएको छु । मलाई यो बृद्धाभत्ताले धेरै नै हिम्मत बढाएको छ । निम्नस्तरको मान्छेले ६० वर्ष कटेपछि धेरैथोरै भत्ता बुझ्न पाईयो । जागिर पनि छैन । छोराले हेला गरे भने पनि सरकारले पालेको छ भन्न पाइयो । बृद्धाभत्ताको पैसाले दानदक्षिणा, विवाह ब्रतबन्धमा सरसहयोग गर्न पनि पाएको छु । यो सहयोग भत्ताले मात्र होइन तर थपथाप भएको छ । विवाह ब्रतबन्धमा रु.१००० देखी रु.१५०० त राख्नै पऱ्यो । अहिले रु.८००० आउँछ ४ महिनाको । यो भन्दा अघि पाखुराको भरमा निर्भर हुनु पर्थ्यो । भत्ता पनि थपिंदा आउँछ नि भने जस्तो आधार आउँछ । त्यसैले गर्दा यो भत्ताबाट सन्तुष्ट छु ।

मैले ईच्छा लागेको खानेकुरा भनेको दैनिक रु.१०० को मासु किनेर खाना पाएको छु । मेरो शरीर अहिले सम्म निरोगी छ यही कुरामा म खुशी रमाइलो लाग्छ । अनि छोराहरूलाई पढाएर उनीहरूको खुट्टामा आत्मनिर्भर भए । अनि अहिले पनि छोराहरू जतिकै आफैले कमाउँछु । यसैमा आफूलाई गौरव लाग्छ । आफूलाई खाना, इष्टमित्र भेटघाट गर्न पुगेको छ । यसैमा रमाइलो लाग्छ । परिवारमा पनि सवै राम्रो छ । काम गर्न नसक्ने उमेर आउँदा सरकारले पनि हेरेको छ । त्यसैमा रमाइलो छ । ६४ वर्षको उमेर हुँदा पनि सजिलो काममा डाकेर गएँ भने दिनको रु. १००० भयो भने पनि खानालाई पुग्छ । मलाई नरमाइलो केही छैन ।

मैले बृद्धाश्रमको वारेमा कता कता सुनेको छु । तर जाने इच्छा छैन। यसरी भत्ता दिई रहेकोमा म नेपाल सरकारलाई बुद्धिजिवीहरूले बुद्धि लगाएर भत्ता दिनु भएकोमा खुशी लाग्छ, गरीव असहायको भलो गरेर धेरै राम्रो गरेको छ । अन्त्यमा यस बृद्धाभत्ता सम्बन्धमा सल्लाह सुझाव दिएर राम्रो भए हुन्थ्यो ।

## घटना : ७

म हालको व्यास नगरपालिका ११, दरै गाउँमा वि.स.२००३ साल मंसिर ५ गते जन्मेको हो । हाल म ७३ वर्षको भएँ । म लेख्न पढ्न जान्दिन स्कुल नै देखेन निरक्षर नै हो । मेरो १ बहिनी छन् । म करीव १६ वर्षको हुँदा सेवर भन्ने ठाउँमा मागी विवाह भयो । मेरा ३ वटा छोराहरू र १ वटा छोरी छन् । सवैको विवाह भई सक्यो ठूलाको २ छोरा १ छोरी, माइलाको १ छोरा २ छोरी र कान्छाको १ छोरा छन् । म ३ वटा नातिनी र ४ वटा नातीको हजूरआमा भई सके । हाल जेठो छोरा हामी संग नै छन् । पेशाले ठूलो छोरा किसान, माइलो फाल्टु र कान्छो प्रहरीमा छन् । आफै आफै कमाए वसे पनि भागमात्र गरी छुट्टभिन्न भएका छन् । जग्गा त मेरो नाममा नै छ । आम्दानीको श्रोत केही छैन । बेचविखन गर्ने कुरा पनि केही छैन । मेरो श्रीमान अलि पागल पागल भएको कारणले ३ वर्ष अघि जति झुण्डिएर बित्यो । ४ हलको खेत अधिया छ त्यसैवाट अहिले ९ मुरी धान हाम्रो भागमा आयो । यही धानवाट भात खान पुग्छ । नगद आम्दानी भनेको सरकारले भत्ता दिएको छ । शुरुमा ७० वर्ष पूरा भए पछि नागरिकताको फोटोकपि नगरपालिकामा दिए पछि मेरो कोही थिएन यताउता जाउ भन्थे गए अनि ज्येष्ठ नागरिक भत्ताको कार्ड बनाउन छाडे । घर परिवारले जाउ भनेर सहयोग गरे । कार्ड बनाउदा म एक्लै गए । कार्ड बने पछि पहिलो चोटी वैंकमा खाता खोलेर रु.२००० बृद्धाभत्ता पाएको थिंए । पहिलो चोटी पाएको भत्ता बुझेर सवै छोरालाइ दिएँ । शुरुमा भत्ता बुझेर आउँदा रमाइलो राम्रो लाग्यो । हाम्रो बा आमा नपाएर नै बित्यो । भत्ता बुझ्दा सजिलो नै छ । मजासंग बस्यो पालो आउँछ अनि बुझ्यो । म आफैले बुझे र आफै सदुपयोग गर्छु । पहिलो पटक बुझेको भत्ताले, नुन तेल छैन भने पछि किनेर ल्याएँ । नातिले पाइन्ट, जुत्ता छैन भने पछि किन्नलाई पैसा दिएँ । म विरामी भएँ भने

छोराले लिएर औषधी गर्छ । घुम्न कहीँ गएको छैन । लत्ताकपडा पनि किनेको छैन । यो सालमा रु. १२००० चार महिनाको बुझें । वैक खाता भत्ताको लागि मात्र खोलेको छ । जवान हुदाँ गुन्द्री बुट्टा हानेर बुन्नी, गुँतको गुन्द्री बनाउने काम सानै देखि सिकेको हो । अहिले चाहिँ बुहारीलाई सिकाई दिन्छु । उनैले बुन्छिन ।

सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिट, अस्पतालमा ज्येष्ठ नागरिक वार्ड र अस्पतालमा निशुल्क उपचार बारे थाहा छैन । "मलाई अहिले जटिल खालको रोग भनेको ३ वर्ष अघि लडेर हात भाँचियो । भत्ताको पैसाले उपचार नगरे पनि छोरा बुहारीलाई दिन्छु । उनीहरूले म विरामी भएँ भने छोरा बुहारीले लिएर जान्छन"। भत्ताको विषयलाई लिएर झै-झगडा भएको छैन । ल्याएको भत्ता माइलो भाईलाई दिनु भने पछि दिए । त्यही भएर कलझगडा भएको छैन । म बृद्धा भए पनि अहिले सम्म गाली गलौज कुटपीट केही पनि भएको छैन । विरामी परेको वेलामा र खाना खाने वेलामा राम्रै व्यवहार गरेका छन् । बृद्धा भए पछि मैले सम्मान पाएको छैन । जातिगत रुपमा पनि मलाई र मैले पनि कसैलाई र कसैले पनि अपमान गरेको छैन । समूहमा म सदस्य छैन बुहारी नै जान्छिन । घरायसी महत्वपूर्ण निर्णय गर्नु परे बुहारीले गर्छिन् र "आमालाई केही काम लगाए पाप हुन्छ" भन्छन छोराहरूले । घरायसी कामहरू म केही पनि गर्न सक्दिन । कपडाहरू धुन छोराबुहारीले नै धोइ दिन्छन । महिला भएको हिसावले भत्ता पाउँदा छोराको जागिर छैन नगद आम्दानी नियमित छैन यसले सवै जनालाई खुशी बनाएको छ । अरु त जान्दिन । भेटघाट गर्न छोराबुहारी छोरी ज्वाई आउनु हुन्छ । म पनि छोरीको घर जान्छु । गए पछि आउनै जान्दिन । यसरी भेटघाट हुँन पाउदा खुशी लाग्छ ।

पैसा भएको वेलामा केही पनि हुदैन नभएको बेलामा जाँड रक्सी सूर्ती केही खाँदिन त्यही भएर केही जस्तो नि लाग्दैन । पैसा भएको बेलामा म संग पनि माग्दैनन र मसंग पैसा नभएको बेलामा पनि म पनि माग्दिन । भए नभएको वेलामा पनि ठीकै छ । पैसा भएको वेलामा नातिनी अलि विरामी भईरहन्छे नातिनीलाई रु.३००० दिए । दवाई खाउ भनेर दिए अनि आएको वेलामा कपडाहरू धोइदिन्छिन । नातिलाई पनि सर्ट, पाइन्ट, जुत्ता, रु.५००० दिए । बृद्धाभत्ताको पैसाले दानदक्षिणा नातिनीलाई छोरीवेटीलाई टीकाटालो गर्छु । यसले खुशी मिल्छ । पैसाको दुख पर्छ कि भन्ने चिन्ता पनि छैन किन कि माथि जाने वेला भई सक्यो । भत्ता पाइएको छ । कसैले हेरेन भने सरकारले हेरेको छ भन्ने लाग्छ । जुनालाई मैले पोहोर मंसिरमा रु.१०,००० व्याजमा घरमा सवैको सल्लाहले चलाउन दिएको छु । यही हो बचत । बृद्धाभत्ताले यसो तेसो गरम्ला भनी हिम्मत बढाएको छ । खाना मन लागेको कुरा केही पनि ल्याएको छैन । सबैभन्दा दुख वा नरमाइलो लाग्ने गइदिम गइदिम जस्तो लाग्छ । अरु त भन्दिन । नातिनातिनालाई देखेर रमाइलो खुशी लाग्छ । बृद्धाआश्रमको बारेमा मलाई थाहा छैन । हाल पाइरहेको बृद्धा भत्ता बाट म सन्तुष्ट छु ।

## घटना : ८

म हालको व्यास नगरपालिका १० मा बस्छु । म वि.स. १९७९ असार ४ गते जन्मेको हो । हाल म ९७ वर्षको भएँ । हाम्रो समयमा स्कूल पनि थिएन पढ्ने कुरै भएन । म करीव १४ वर्षको हुँदा पहिलो विवाह भयो । त्यसपछि म भारतको केन्द्रिय सरकारको कार्यालयमा वाचमेनको रुपमा काम गर्न लागे । त्यसको वीचमा उनीले छोडेर गए पछि अर्को ३२ वर्षको हुँदा फेरी विवाह गरें । कम्तीमा १६ वर्ष जति काम गरे पछि भारु. १२००० उपादान वि.स.२०२९ सालमा लिएर आएँ । यो पैसा घर खर्चमा नै सकियो । त्यो पैसाले भैसी किनें । त्यस पछि नेपालमा नै बसें । हामी कान्छो छोरा संग बसेको छौ । मेरो ३ वटा छोरा र ३ वटा छोरी छन् । छोराहरूको तिर ५ वटा नाति र २ वटा नातिनी र छोरी तिर ५ वटा नाति र १ नातिनी छन् । जम्मा १० वटा नाति र ३ वटा नातिनी छन् । पलाति ४ वटा छन् । जग्गा करीव खेत १६ रोपनी र बारी २३ रोपनी गरी ३९ रोपनी छ । आफ्नै नाममा बारी ४ रोपनी र ८ रोपनी खेत रहेको छ । वाकी छोराहरूलाई अँशवण्डा गरी दिएँ । छोरीहरूलाई पनि सवैलाई एक एक वटा घडेरी दिएको छु । मेरो मुख्य नगद

आम्दानीको रुपमा सरकारले दिने बृद्धाभत्ता नै हो । वेचविखन गर्ने कुराहरू केही छैन । खेती गर्न सकिदैन । आवश्यक परेको अवस्थामा छोराले नै दिने गर्छन । छोराहरूले दिने पैसा र जमिनवाट उत्पादन हुने धानबाट मात्र खाना पुग्छ ।

ज्येष्ठ नागरिक परिचय पत्र बनाउदा नागरिकताको फोटोकपि र फोटो लगेर दमौलीमा व्यास नगरपालिकामा पेश गरे पछि ज्येष्ठ नागरिक परिचय पत्र बनाए । घर परिवारले पनि सहयोग गरे । नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । कार्ड बनाउदा सजिलै संग बनाएँ । शुरुमा रु.७०० चार महिनाको भत्ता बुझेर घर ल्याइयो । चियापत्ति चिनी, चुरोट नै किनेर खाईयो । यो भत्ता पाउँदा रमाइलो लाग्यो । पहिला आफै गएर बुझ्थे तर यसपालि देखी हिंडन नसकेर वडाकार्यालयले श्रीमति संरक्षक बनाएर कार्ड बनाइदियो त्यसपछि उनैले बुझेर ल्याउछिन । आजकल भत्ता बुझ्ने प्रयोजनका लागि बैकमा खाता खोलेको छ । हाल रु. १२००० "चार महिनाको भत्ता श्रीमति संरक्षक भएर उनैले बुझेर ल्याउँछिन् राख्छिन्"। खर्च चाहि धेरै जसो माछा, मासु, घ्यू, अण्डा किनेर ल्याउने गर्छु । श्रीमतिलाई दम स्याँस्याँ, नशा, घुँडा दुख्ने समस्या छ । औषधी खानालाई पनि सहयोग गरेको छ । कान्छी बुहारी ले मलाई मुटुमा समस्या भएर पोखरा मणिपाल आइसियूमा राखे त्यस पछि थप उपचार काठमाडौमा गरेपछि राम्रो भयो । यसरी पोहोर विरामी भए पछि ३ नै छोराले मिलेर खर्च गरे । अहिले त औषधी खाना परेको छैन । हेरचाह पनि छोराहरूले नै गर्छन् ।

मैले जानेको सीप भनेको घरको, गोठको छाना छाउने, जुवा, दाँदे हलो बनाउने, चोया बाता काट्ने, घरको गाह्रो लगाउने जस्ता काम गर्थे । यस्तो काम घरायसी प्रयोजनको लागि नै गरियो । सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिट वारे थाहा छैन । ज्येष्ठ नागरिकलाई नेपाल सरकारले गर्ने उपचार सहुलियत बारे पनि मलाई थाहा छैन । स्वास्थ्य वीमा गरेको छु । र अस्पतालमा हुने ज्येष्ठ नागरिक वार्डको बारेमा थाहा छैन । मलाई कहिलेकाँही सामान्य रुघाखोकी बाहेक अरु औषधी मैले खानु परेको छैन । अलिअलि औषधी किन्न बृद्धाभत्ताले सहयोग गरेको छ । यहाँ छ पैसा लैजा भनेर पनि किनेर ल्याएको छु । अशक्त भएको बेलामा विशेष गरी श्रीमति र अलि धेरै नसकेको वेलामा छोराबुहारी सबैले नै हेरचाह गर्दछन् । मलाई कुटपिट, गाली गलौज कसैले गरेका छैनन हामीले पनि कसैलाई गरिन्न ।

बृद्धाभत्ता बुझेर आउँदा घरपरिवारमा राम्रो व्यवहार छ । विरामी परेको अवस्थामा पनि राम्रै व्यवहार गर्छन् । खाना खाने बेलामा श्रीमतिले पकाउँछिन दिन्छिन । ज्येष्ठ नागरिकको रुपमा मैले सम्मान पाएँ,सल, सम्मान पत्र र रु.१००० नगद दिए । हामीलाई सित्तैमा सरकारले दिएको वडाले बाँड्यो पाइयो खुशी लाग्यो । छरछिमेकमा पनि बृद्धा भत्ता पाए पछि पनि राम्रै नै व्यवहार छ । बृद्धा भए समूहमा सदस्य भएको छैन । बुहारीहरू नै जान्छिन् समूहमा वैठकमा । तर घरायसी निर्णय भने बुहारीहरूले गर्छन । मैले जानेको सल्लाह दिने सिकाइदिने मात्र गर्छौ । ज्येष्ठ नागरिक भत्ताले परिवारमा मेलमिलाप छ । दिएन भन्ने पनि कोही छैन । छोराहरू सवै बरावर । अलिअलि कहिलेकाँहि दिन्छु । नातीलाइ पनि केही किनेर खाउ भनेर दिन्छु । घरायसी काम केही गर्न सक्दिन । पुरुष भएको हिसावले खाना मन लागेको कुरा किन्न परेमा आफ्नो हातले खर्च गर्न पाएँ र औषधी किन्न पनि बृद्धाभत्ताले सहयोग गऱ्यो ।

हिंड्न पनि सक्दिन मलाई भेटघाट गर्न ज्वाईं छोरी चाडवाडमा आउँछन । ससुरालीबाट सालाहरू र छोराबुहारीहरू नाति नातिनीहरू भेट्न आउँछन् । धेरै जसो छोरा छोरी नै हुन् । छरछिमेकी मौका पर्दा भेटघाट हुन्छ । साथी संगीमा २ जना संग भेट हुन्छ । यसरी भेट्दा खुसी रमाइलो लाग्छ । पैसा अथवा बृद्धाभत्ता भएको बेलामा ढुक्क लाग्छ, यति पैसा भए खान पाईन्छ भन्ने लाग्छ । नभएको वेलामा सकियो भन्यो छोरासंग ल भाई पैसा सकियो ले भन्छु । ल्याउँछु भन्छ । बृद्धा भत्ताले धेरै हिम्मत बढाएको छ । मलाइ चाहिं खाना ढुक्क आनन्द संग बस्छु । बृद्धा भत्ता त हामी दुवै जना बुढाबुढीले पाउँछौं । वडा कार्यालयमा नाच्छौ । "चार महिनामा १२ हजार पाइयो अव मलाई यहाँ भन्दा के चाहियो" भनेर नाच्छौं । पैसा भएको वेलामा मन्दिरमा रु. ५०० देखि

रु.१००० सम्म दिएको छु । यसरी दान गर्दा खुशी लाग्छ । चौरासी वर्ष पूरा भए पछि चौरासीपूजा लगाएँ । छोरी ज्वाई चेलीवेटीलाई दानदक्षिणा गरें । पशुपति, देवघाट पहिल्यै घुम्न पनि गएँ । बृद्धाभत्ताले पूजा आजमा थप सहयोग गरेको छ । भत्ताले के खाउंला के लाउंला भन्ने चिन्ता छैन । सरकारले पालेको छ । चिन्तालाई कम गरेको छ सरकारले पालेको छ, हेरेको छ । मैले भत्ताबाट बचत गरेर राखेको छैन । "बुढाबुढी पाकेको पात भन्छन" साँचेर राखेको छैन । खाना मन लागेको कुरा किनेर खाना सहयोग गरेको छ । जस्तै : माछा, मासु, चिया, खाजा किनेर खाना सहयोग गरेको छ । कसले देला भन्नु परेन । अर्को चोटी सम्मलाई पुऱ्याएर राख्छौं । दुख वा नरमाइलो लाग्ने केही छैन । खान पाईन लाउन पाईन भन्ने छैन रमाईलो लाग्छ । बृद्धाआश्रम भन्ने थाहा छ त्यहाँ गएर नाचियो भजन किर्तन गरियो र आईयो । दान पनि गरियो । त्यहाँ जाँदा मलाई रमाइलो लाग्यो । छोराहरूले हेलां गरे एक्लै पनि यहाँ आउन सक्छौ भने मैले । नेपाल सरकारलाई कोटीकोटी नमस्कार आर्शिवाद धन्यवाद छ । यसरी हाल बुझिरहेको भत्ताबाट भत्ता दिई रहेकोमा म सन्तुष्ट छु ।

## घटना : ९

म वि.स. १९८९ वैशाख २६ गते गते भएको हो । म अहिले ८९ बर्षको भएँ । म स्कूल जाने वेलामा स्कूल नै थिएन । म त निरक्षर हो । हामी तनहूंसुर गाविस चिसापानीवाट वि.स. २०२० सालमा बसाई सरी हालको व्यास ११ (साविक व्यास ४) फराकचउर मा आएको हो । मेरा ४ छोरा र २ छोरीहरू छन् । ठूलो छोराको १ वटा छोरा, माइलो छोराको १ छोरा र १ छोरी, साइलो छोराको १ छोरा र १ छोरी कान्छो छोराको २ वटा छोराहरू र १ छोरी छन् । ठूली छोरीको १ वटा छोरी र २ वटा छोरा र कान्छी छोरीको ४ वटा छोरी छ । मेरा जम्मा ७ वटा नाति र ८ वटा नातिनी गरी १५ जना नाति नातिनी छन् । मेरो जग्गा जमिन १५ रोपनी पाखोबारी र १२ रोपनी जति खेत छ । यो जग्गा मेरो नाममा नै छ । बेचविखन गर्ने केही छैन । मकैहरू त उत्पादन हुन्छ । तर वेचविखन गरेको छैन । खेत अधिया दिइन्छ त्यसैवाट धानहरू आँउछ खाना त त्यसैले बुढाबुढीलाई पुग्छ । परेको वेलामा ठूलो छोराले हेर्दैन वाकी ३ जना दाजुभाईले खाना लगाउन हेर्छन् ।

मेरो आम्दानी भनेको नेपाल सरकारले दिने बृद्धाभत्ता हो । खानालाई पुग नपुग छोराहरूले ख्याल गर्छन् । ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउन का लागि ७० वर्ष पूरा भए पछि नगरपालिकामा गएर नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि कार्ड सजिलै बन्यो । हामीले कार्ड बनाउने वेलामा वडाकार्यालय आएको थिएन । नगरपालिकामा नै जानु पर्थ्यो । यो कार्ड बनाउदा घरमा श्रीमति छोराहरूले जानुस भनेर भने । अनि सहयोग पनि गरे । त्यस्तै गरी नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । पेश गरेको केही महिना पछि कार्ड पनि बन्यो अनि भत्ता पनि आयो । मैले शुरुमा ४ महिनाको कति बुझें बिर्सिए । पहिलो पटक भत्ता बुझ्दा जागिर थिएन सरकारले यसै दिंदा रमाइलो लाग्यो । साउन देखि भत्ता बढेको भन्छन् तर हामीले बुझेको छैनौं त्यो वेलामा हामी पोखरा थियौ ।यो भत्ताले घर व्यवहार गरेर बस्ने मान्छेलाई हुनु सम्म भयो । भत्ता बुझ्न जाँदा अप्ठ्यारो भएको छैन । म आफै नातिलाई संगै लिएर जान्छु यताउती गर्नु पऱ्यो भने हामी जान्दैनौ हामी बुढाबुढी भइयो । मैले भत्ता बुझेर खानेकुरा, मासु, औषधी किनेर खान्छौं । "हामी बुढाबुढी दुवैजनाले भत्ता बुझ्छौं र श्रीमतिले नै राख्छिन्" । मलाई उच्च रक्तचाप छ । औषधी नियमित खान्छु । बृद्धाभत्ताको पैसाले नै प्रेसरको औषधी नियमित खान पुगेको छ । केही पऱ्यो भने यही पैसाले खर्च गर्छौं : बत्तीको विल, पानीको विल, तिर्न पनि छोराहरू संग माग्दैनौ । अहिले त साउनबाट भत्ता बुझेको छैन अव जानुपर्ला । बैकमा भत्ता बुझ्न खाता खोलेको छ खातामा नै जम्मा भएको होला ।

म २४ वर्षको हुँदा १८ वर्षको उमेर घटाएर नागरिकता बनाएर प्रहरीमा भर्ती भएँ । ४ वर्षपछि प्रहरीको नोकरी छोडें । आमालाई छोराहरूले टेरेनन् विग्रने नपढ्ने छाटकाँट आयो । अनि जागिर छोडेर घरमा आएँ । खेती किसानी नै गरेर छोराहरूलाई पढाएँ । मलाई वसमा हुने ज्येष्ठ नागरिक

सिट बारे थाहा छ तर छुटको बारेमा थाहा छैन । ज्येष्ठ नागरिकलाई दिइने औषधी उपचारमा हुने छुटको बारेमा थाहा छ तर केही पनि गरेको छैन ।

मलाई जटिल प्रकारको रोग भनेको प्रेसर उच्च छ अनि ग्यास्ट्रिक पनि छ । औषधी नियमित खान्छु । पैसा भए सम्म आफ्नै पैसाले आफै किन्छु । कहिलेकाँही विरामी भए भने ठूलो छोराले अस्पताल लिएर जान्छ । उपचार पनि उसैले गर्छ । अहिले सम्म झिंझो त कसैले मानेका छैनन । नसकेको वेलामा ठूलो छोराले उतै जाऊँ भन्छ तर हामी यही बस्छौ । जन्मिए देखि यहीँ वसियो, हुर्कियो त्यही भएर यहीँ बस्न मन लाग्छ । यहीँ रमाइलो लाग्छ । हामीलाई सवैले माया गर्छन् । गालीगलौज, र्दुव्यवहार कसैले गरेका छैनन् । मलाई भेटघाट गर्न नाती, छोरा, छोरी, बुहारी नै आउँछन् ।

ज्येष्ठ नागरिक भत्ता बुझेर परिवारमा राम्रो व्यवहार छ । छरछिमेकमा पनि राम्रो व्यवहार छ । श्रीमतिले खाना पकाउँछिन्  अनि संगै हासीखुशी साथ खान्छौ । आफै भाडा माझ्छौ । मलाई वडाकार्यालयले दोसल्ला ओढाएर, रु. १००० सहित फोटो पनि दिएर चिया पान गराएर सम्मान गऱ्यो । यस्तो सम्मान पाउँदा बडो हर्ष खुशी लाग्यो । जागिर भएन पैसा पाउनु सम्मान पाउनु भाग्य हो । म कुनै समूहमा सदस्य छैन । भत्ता बुझ्न थाले पछि घरपरिवारमा पनि मेलमिलाप छ । हामी दुवै जना संगै भत्ता बुझ्न जान्छौ र संगै आउँछौ । पैसा श्रीमतिले नै राख्छिन् मिलेर आवश्यक परेको ठाउँमा खर्च गर्छौं । मेलमिलाप छ । घरायसी काम त केही गर्न सक्दिन बस्ने खाने हो । सरसल्लाह गरेर घरको निर्णत त म आफै गर्छु ।

पुरुष भएको नाताले नोकरी पनि छोडेर बसेको मलाई यो बृद्धाभत्ता अहिले पेन्सन यही भएको छ । आएको पैसा दुवै जना मिलेर खर्च गर्छौं । मलाई भेटघाट गर्न छोरा बुहारी, नाति नै आउँछन् । दशैमा त सवै जना आउँछन् । ठूलो छोरा तिरको नाति बिहान वेलुका जति बेला पनि आइराख्छ । हेरचाह गर्छ । यसरी भेट्न आउँदा खुशी लाग्छ । दुखै नगरी पैसा पाइएको छ पैसा भएको वेलामा खुशी लाग्छ दुख टार भनेर दिनु भएकोले रमाइलो लाग्छ । पैसा नभएको वेलामा भने अलिकति फरक पर्छ भएको वेलामा हिम्मत अर्कै हुन्छ । पैसा हुदा शाहस आउँछ नहुँदा अलि कस्तो कस्तो हुने हुन्छ । पैसा नहुँदा चिन्ता लाग्दो रहेछ केही परी आयो भने के ले समस्या टार्ने भन्ने हुन्छ । आम्दानी आफ्नो केही छैन त्यसैले हिम्मत बढाएको छ ।

कसैसंग पैसा माग्न जानु परेन । छोरालाई पीर नगर खाएका छौ भन्छौं । म बृद्धाभत्ताले सन्तुष्ट छु । बचत त मैले गरेको छैन । ७ महिना जति भयो भत्ता नबुझेको त्यही भयो बचत । हामीलाई खानेकुरामा सवै भन्दा राम्रो दालभात तरकारी नै हो । मलाई बृद्धाश्रम बारे थाहा छैन । मलाई सवैभन्दा रमाइलो सवै घम्माघम्मी भएर, नातीनातिना देख्न पाउँदा लाग्छ । छोराहरू नाति पनि नजिक छैनन, पढ्न जागिर गर्न कोही पोखरा कोही काठमाडौ छन् यो अलि नरमाइलो लाग्छ । बृद्धबृद्धालाई भत्ता दिएकोमा नेपाल सरकारलाई आशीर्वाद दिन चाहन्छु ।

## घटना : १०

मेरो जन्म वि.स. १९९९ भदौ ७ गते भएको हो । म ८३ वर्षको भएँ । म ५ कक्षा सम्म पढें । म ३२ वर्षको हुँदा मेरो विवाह भएको हो । मेरा ४ वटा छोराहरू र २ वटा छोरीहरू छन् । ४वटा छोराहरू तिर २ वटा नाती र ३ वटा नातीनीहरू छन् । २ वटा छोरीहरू तिर १ वटा नाती र २ वटा नातिनी छन् । जम्मा जम्मी मेरा ३ वटा नाती र ५ वटा नातिनीहरू छन् । मेरा २ वटा छोराहरू वैदेशिक रोजगारमा छन् । जेठो छोरा दमौलीमा फेन्सीपसल छ र माइलो छोरा नेपाल वाणिज्य वैक सुन्दरवजारामा कार्यरत छन् । जेठो छोरा विदेश गएर अहिले दमौलीमा व्यावसाय गरेर वसेको छ वैदेशिक रोजगार हुदा उसले यहाँको ५.५ रोपनी जग्गा किनेको हो । र यो जग्गा पनि उसैको नाममा छ । मेरा ३ वटा छोराहरू जागिर १ जना व्यावसायी आम्दानीको श्रोत यही हो । सवै जग्गा पाखोबारी हो । खेत छैन । घरमा आवश्यक परेको वेलामा जेठो छोराले आर्थिक सहयोग गर्छ ।

मलाई आम्दानी नेपाल सरकारले दिने बृद्धाभत्ता हो । शुरुमा मैले व्यास नगरपालिकाको कार्यालय दमौलीमा मेरो नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि त्यसको केही महिना पछि कार्ड बनेर आयो । यसरी कार्ड बनाउने क्रममा मेरो परिवारमा श्रीमति छोराहरूले भत्ता कार्ड बनाउन जानु भनेर म दमौलीमा गएँ । घरपरिवारले सहयोग गरे । मलाई नगरपालिकाका कर्मचारीले पनि भत्ता कार्ड बनाउदा सहयोग गर्नु भयो । फलस्वरुप मैले ४ महिनाको शुरुमा रु.२००० भत्ता पाएँ । मैले भत्ता पाउदा खशी लाग्यो । सरासर ल्याएर घरमा श्रीमतिलाई दिएँ । यसरी नगद पाउदा धेरै नै देखियो लाख पाए जस्तो भयो । श्रीमतिले नुनतेलमा खर्च गरिन् । अहिले मैले ४ महिनाको रु. १२००० भत्ता पाउछु । २० मिनेट जति लाग्छ वडा कार्यालय पुग्न, आफै जान्छु बुझ्छु र सदुपयोग मिलेर गर्छु । भत्ता बुझ्न जान अप्ठ्यारो छैन । सजिलै जान्छु । भत्ता बुझ्ने दिनमा बृद्धबृद्धा धेरै हुन्छन् कार्ड बुझायो पालो कुर्‍यो अनि भत्ता बुझ्यो अनि आयो ।

मेरो सुर्ती खाने बानी छ ५ वण्डल जति सुर्ती एकै चोटी ल्याउँछु भत्ताको पैसाले । अनि स्याउ विस्कुट पनि ल्याउछु । मैले छोराछोरीलाई खासै दिएको छैन । दानदक्षिणा गर्न पर्‍यो भने छोराले दिन्छन् । लत्ताकपडा छोराहरूले किनिदिन्छन् । यो जाडोको समयमा सरकारले कम्मल दिन्छ कि भन्ने आशा लागेको छ । मैले भत्ता बुझ्ने प्रयोजनका लागि कुमारी वैकमा खाता खोलेको छु । कुनै वेलामा वडामा छुटेको वेला बैकमा गएर बुझ्छु । मेरो सीप भनेको किसानी नै हो । नापीमा अस्थायी जागिर खाएँ स्थायी हुन नसकेपछि घर फर्केको हो । त्यसपछि छोराहरूलाई पढाएँ हुर्काएँ । मैले डोरा बाट्न, दाम्ला वरिया बनाउन जानेको छु । दाम्ला वरियाको लागि अहिलेसम्म बजारवाट किन्नु परेको छैन ।

मलाई बसमा ज्येष्ठ नागरिक सीट र छुटबारे थाहा त छैन तर बृद्धा भनेर बस्न त दिन्छन् । उपचारमा अस्पतालमा ज्येष्ठ नागरिक वार्ड र उपचारमा छुट हुन्छ भन्ने थाहा छैन । स्वास्थ्य वीमा पनि गरेको छैन । मलाई एक्कासी केही वर्ष अघि दाहिने खुट्टा नचल्ने भयो पिसाव पनि बन्द हुने रोग लाग्यो । काठमाडौमा गएर उपचार गरे । बाँच्छ कसैले भनेका थिएनन् । औषधी मुलो गरें । घरमा आएर बैतर्णी गरे पछि अहिले खुट्टा पनि चल्छ हिंड्न पनि सक्छु भर्खरै भैसीलाई कुंडो हालेर आएँ । मैले दुख परेकाहरूलाई पनि गाउँमा सहयोग गर्छु । हकी छ भन्छन आफ्नो कुरा स्पष्ट राख्छु । मलाई अहिले जटिलप्रकारको रोग त केही छैन तर पनि नसकेको वेलामा ठूलोछोराले हेरचाह गर्छ । विरामी हुँदा पनि उसैले खर्च गरी उपचार गर्छ ।

आज सम्म कुटपीट गाली गलौज कसैले पनि गरेका छैनन् । ज्येष्ठ नागरिक भत्ता पाएपछि घरमा सवैले राम्रो व्यवहार गर्छन् । टोल छिमेकमा पनि राम्रो व्यवहार छ । म आफू पनि अरुलाई सहयोग गर्छु । भत्ता बुझेको वेलामा म संग पैसा माग्न आएको वेलामा पछि फिर्ता गर्ने गरी सहयाग गरेको छु । छोराहरूले पनि बुवाको पैसा खर्च गर्नु हुदैन भन्छन् म संग ऋण माग्न आए भने दिन्छु । छिमेकीलाई रु.१४००० ऋण दिएको थिएँ गाह्रे पर्‍यो भने दिएँ । मैले रु.२१००० व्याज सहित फिर्ता पाएँ । यही समेत गरेर रु.२५००० जति बचत गरेको छु । विरामी परे भने पनि राम्रो व्यवहार गर्छन । श्रीमतिले खाना पकाउछिन् अनि वोलाउछिन खाना हाँसीखुशी साथ खाइन्छ ।

मलाई संस्थागत रुपमा कुनै संस्थाले पनि ज्येष्ठ नागरिक भनेर सम्मान गरेको छैन । म त बुढो भएँ । समूहमा श्रीमति नै सदस्य छन् उनी नै जान्छिन वैठकमा । घरमा महत्वपूर्ण विषयमा सल्लाह हुन्छ सुझाव दिन्छु तर जेठो छोराले निर्णय गर्छ र कहिलेकांही भनेश्रीमतिले पनि निर्णय गर्छिन् । घरमा बृद्धाभत्ता पाएपछि मेलमिलाप छ । मैले घरायसी काम भैसीलाई कुंडोपानी दिने, घाँसपात दिने, गोवरघसेटो गर्ने गर्छु । म पुरुष भएको हिसावले बृद्धाभत्ताले सुर्ती खाने बानी भएकोले आफैले खर्च गरी आफ्नै तरीकाले खाना पाएको छु । चियाहरू खाना मन लागे चिनी चियापत्ती किनेर ल बनाऊ भनेर खाना पाएको छु । यस्तो गरी खाना पाउँदा खुशी लाग्छ ।

मलाई भेटघाट गर्न छोराबुहारी, छोरी ज्वाई आउनुहुन्छ । ससुराली बाट साला, सासु आउनुहुन्छ । म पनि कहिलेकाँही ससुराली जान्छु । यसरी भेट्न पाउँदा रमाईलो लाग्छ । गाउँठाउँमा सवै जातजाति वर्गका मान्छे छन् सवै जना मिलेर बसेको छन् । अपमान गरेको पनि छैन र अपमानित भएको पनि छैन । सवै अहिले त सनातन छ । पैसा नभएको वेलामा पहिला ऋण काट्न डराइयो अहिले त भत्ता छ पकेटवाट भिकेर खर्च गरिन्छ । अहिले ऋण खोज्न परेको छैन । छोराहरूले पनि बुवाको पैसा खर्च गरिदिने होइन भन्छन् । यसकारणले बृद्धाभत्ताले हिम्मत बढाएको छ ।

चिन्ता लाग्ने कुरा के छ भने भोली थला परेको वेलामा विजोक हुन्छ कि भन्ने तर्कना लाग्छ । म मरे पछि श्रीमतिलाई दुख दिन्छन कि भन्ने चिन्ता लाग्छ । मलाई लोभ छैन कञ्चन छु । मैले पाएको बृद्धाभत्ताबाट म सन्तुष्ट छु । मलाई खाना ईच्छा लाग्ने कुरा भनेको दुध भात र अंगुर हो यी कुराहरू किन्नलाई बृद्धाभत्ताले सहयोग गरेको छ । अहिले त दुख लाग्ने कुरा केही छैन जति दुख भयो केटाकेटी हुर्काउँदा भयो । आफ्ना बच्चाहरूले नातिनातिनाले कहिलेकाँही बावा यस्तो किन्न वा काम परेको अवस्थामा पैसा दिन नसक्दा दुख र पीडा हुन्थ्यो । अहिले सवै छोराहरूले राम्रो गरेको छन् । छोराहरूले नाम चलाए । छोरा छोरीको विवाह गरियो । नाती नातिनी भए यसले मलाई खुशी लाग्छ । मलाई बृद्धाश्रमा बारे थाहा छ । हेला गरे जाने नगरे जाने होइन । आफूले पाएका छोराछोरी छाडेर जाने होईन । यसरी नेपाल सरकारले बृद्धाभत्ता दिएर ठीक गरेको छ । ज्येष्ठ नागरिक भत्ताले म सन्तुष्ट छु । यो साह्रै राम्रो छ । मलाई, श्रीमतिलाई छोराबुहारीले हेला नगरुन यही भन्न चाहन्छु ।

## घटना : ११

म वि.स. १९९८ वैशाख १० गते जन्मेको हो । अहिले ७८ बर्षको भएँ । म सानो छंदा स्कूल पढिन निरक्षर नै छु । मेरा विवाह २१ वर्षको हुँदा भएको थियो । मेरो विवाह हुँदा हाम्रो घर साविक तनहूँसुर गाविस अर्चलचउर भन्ने ठाउँमा थियो । वि.स.२०१९ सालमा हामी सो ठाउँबाट हालको व्यास १० कोलगैरा (साविक व्यास ९) मा बसाई सरी आएको हो । अहिले हामी यहीँ वस्छौं । मेरो माइती तनहूँको पुर्कोट भन्ने ठाऊँ हो । मेरा ४ वटा बच्चाहरूमा २ वटा छोरा र २ वटा छोरीहरू छन् । जेठो छोराको २ वटा छोरा र १ वटी छोरी र कान्छो छोराको ३ वटा छोरी र १ वटा छोरा छन् । जेठी छोरीको ३ वटा छोरी र १ वटा छोरा छन र कान्छी छोरीको १ वटा छोरा र १ वटी छोरी छन् ।

हाम्रो जग्गा जमिन करिव ५ रोपनी १० आना छ । र पूरानो गाऊँको १ रोपनी ८ आना बारी छ । २०६८ सालमा श्रीमान वित्नु भयो । त्यस पछि मेरो नाममा नामसारी गर्ने सल्लाह अनुसार नामसारी गरियो । हाम्रो खेत छैन । पाखो बारीमा मकै, मास, मात्र उत्पादन हुन्छ । बर्ष भरी खाना पुग्दैन । छोरा बुहारीले अधिया गर्छन् । त्यसैवाट खाना पुऱ्याउनु पर्छ । छोराहरू छुट्टिए । आफ्नो गरेर खान्छन् । कान्छी छोरी पनि यहीँ माइतमा नै बस्छिन् बाबा हुँदै १ कोठाको घरवास बनाईदिएको हो । म पनि त्यही बस्छु । खानालाई जहाँ पाक्छ त्यही खान्छु । अरु नगद आम्दानीको श्रोत केही छैन । आम्दानीको मूख्य श्रोत भनेको नै बृद्धा भत्ता हो । म भत्ता बुझ्न जान सक्दिन त्यसैले वडामा गएर कान्छी छोरीलाई संरक्षक बनाए पछि उनैले भत्ता बुझेर ल्याउँछिन् ।

शरुमा ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरेको केही दिन पछि बन्यो । यो कार्ड बनाउँदा मेरा छोरा बुहारी संगै गएनन् अनि कान्छी छोरीले मलाई दमौली लगिन् र बनाएको हो । तर नगरपालिकाका कर्मचारीहरूले सजिलै संग बनाइदिए । मैले शुरुमा रु.४००० भत्ता पाएको थिएँ । यो भत्ता बुझेर सारी मत्रो किने । चुरोट खान्छु । पैसा त छोरीलाई पुग्दैन । तै पनि छोरीले पनि किनेर ल्याइदिन्छिन् । कहिलेकाँही ठूलो नातिले पनि फरिया अनि चुरोट किनेर ल्याइदिन्छ । अहिले त भत्ता बुझ्न जान सक्दिन । संरक्षक छोरी भएकोले उनैले बुझेर ल्याउँछिन् । अहिले ४ महिनामा बुझ्दा रु.१२००० पाउँछु । हाम्रो घरमा म मात्र हो भत्ता बुझ्ने । मैले भत्ता बुझ्न भनेर वैकमा खाता खोलेको छ तर म आफू जानु

पर्दैन । छोरीले नै भत्ता बुझिदिन्छिन् । मलाई नातिनीले कहिलेकाँही चिया बनाएर दिन्छिन तर मेरा लागि नै भनेर पकाउँदैनन् ।मैले जानेको सीपमा नाम्लो बुन्ने, खाना बनाउने, गोठालो जाने नै हो । म एक चोटी बाइसजाँगर जाँदा ज्येष्ठ नागरिक सिट हुन्छ भन्ने थाहा पाएँ । तर भाडा छुट त थाहा भएन । अहिलेसम्म हस्पिटलमा भर्ना गरेर बसेको छैन र ज्येष्ठ नागरिक वार्ड बारे पनि थाहा छैन । मलाई खास जटिल रोग केही छैन । कहिलेकाँही अलिअलि विरामी भएको वेलामा कान्छी छोरीले हेरचाह गर्छिन् । मलाई भत्ताको पैसा छोरीलाई पोस्यो भनेर छोरा बुहारीले गाली गर्छन् । त्यही भएर होला कान्छा कान्छीले खाना लाउन दिन्नन् । यस्तो गर्दा दुख मन लाग्छ । छोरीको घरमा पनि खाना दिए पनि नाति नातिनीले खानेवेलामा बचन लगाउँछन् । तर छोरीले राम्रो व्यवहार गर्छिन् ।

मलाई समाज सेवा समूह भन्ने संस्थाले रु.५०००, स्विटर दिएर दोसल्ला ओढाएर सम्मान गऱ्यो । यसरी सम्मान पाउँदा खुशी लाग्यो । म त अहिले कुनै संघसंस्थमा पनि सदस्य छैन । छोरी, छोरी वुहारी नै जान्छन् । मैले भत्ता बुझे पछि मनमुटाव भएको छ । जेठो छोराले भत्ता खोज्छ । छोरीलाई भत्ता दिई भन्छ । अनि नातिनी बुहारी वोल्दिन । यस्तो गर्दा दुख लाग्छ । तर मलाई जेठो नातिले माया गर्छ । अहिले त घरायसी काम केही गर्न सक्दिन । घरायसी महत्वपूर्ण निर्णय छोरीले नै गर्छिन् । अहिले त मैले भत्ता बुझेर केही पनि ल्याएको छैन । भत्ता बुझेर छोरीले नै किस्ता तिर्न खर्च गर्छिन् । मेरा कपडाहरू मैला भयो भने छोरीले नै धोई दिन्छिन् । तर नातिनीले छुट्टयाछिन् ।

“म सँग बृद्धाभत्ता भएको वेलामा छोरीले नै खर्च चलाउंछिन् उसले दुख पाएकी छे उसले चलाएकोमा म खुशी नै छु” । मलाई भेटघाट गर्न ठूलो छोरी, नातिनी आउँछन् । अनि माइतीवाट कहिलेकाँही भदा आउँछन् । यो भेटघाट हुँदा खुशी लाग्छ । यो भत्ता बुझेर मलाई छोरीले नै खाना दिन्छिन् । किन कि छोरीले नै भत्ता बुझ्ने भएकोले खाना खान चाहिं दिन्छिन् । “यो भत्ता नभएको भए खाना पनि पाउंदिन थिंए होला ।” भत्ताले मलाई खासै केही हिम्मत बढाएको छैन । तर चाडवाड औशी पूर्णिमामा दानदक्षिणा गर्न बृद्धाभत्ताले सहयोग गरेको छ । तर मैले बचत भने गरेको छैन । मलाई बृद्धाभत्ताले चाऊचाऊ, चुरोट, मासु जुन खाना मन लाग्छ त्यही छोरीले किनेर ल्याउंछिन र खाना पाउँछु । मलाई सवैभन्दा दुख लाग्ने भनेको बचन लगाउँछन् । “जाति पनि पैसा हुँदोरहेछ र नजाति पनि पैसा नै हुँदो रहेछ ।” मलाई रमाईलो लाग्ने कुरा केही पनि छैन । मेरा छोरा छोरी पूरा आयुका हुन् । मलाई बृद्धाआश्रमको बारेमा थाहा छैन । मलाई ईच्छा लागेको कुरा भनेको कानमा मारवाडी बनाउन मन लागेको थियो मर्दाखेरी सुनपानी हाल्ने बाटो हुन्थ्यो त्यो पनि पाइएन ।

## घटना : १२

म वि.सं १९९४ बैशाख १ गते व्यास ११ (साविक व्यास न पा ४) दरै गाऊँमा जन्मेको हो । म अहिले ८२ वर्षको भएँ । हाम्रो वेलामा स्कूल जाने चलन नै थिएन । म निरक्षर नै छु । सानै उमेरमा ११ वर्षको हुँदा विवाह भयो । ३ वर्ष जति संगै बस्यौ । अनि श्रीमति पनि वितिन् । बच्चाबच्ची भएनन् । त्यस पछि म १३ वर्षको हुँदा बुवा वित्नु भयो । र फेरी ३ वर्ष पछि आमा वित्नु भयो । मेरो जिन्दगीमा सवै एकै चोटी ठल्ठूला दुखद दुर्घटना भए । त्यस पछि म कहिले कसको घरमा कहिले कसको घरमा काम गर्न बस्न थालें । यो भौतारिएको अवस्थावाट मलाई कान्छो भाईले वि.स.२०५४ सालमा घरमा बोलायो र अहिले म कान्छो भाई बुहारी संग कान्छो भाईको घरमा नै छु । हामी ४ भाई थियौ । जेठो दाई वित्यो । अव हामी तीन भाई छौ, म, साइलो र कान्छो । मेरो भागमा परेको अँश पनि कान्छो भाईलाई सुम्पिदिएँ । अहिले कान्छो भाईको नाममा ४ हल जति जग्गाबारी र ३ हल लाग्ने खेत छ । आम्दानीको श्रोत त त्यही भाई प्रहरीमा थियो द्वन्दकालमा ऊ पनि उपादानमा निस्क्यो अहिले बन्दीपुरमा एउटा कम्पनीमा सुरक्षा गार्डको रुपमा काम गर्छ । मेरो आम्दानी भनेको बृद्धाभत्ता नै हो । अरु आम्दानीको श्रोत मेरो केही छैन ।

कान्छो भाईको छोरा १, छोरी ४ वटा छन् । कान्छी छोरीको विवाह गर्न बाँकी छ अरु सवै छोरीको विवाह भई सक्यो । शुरुमा मैले बृद्धाभत्ताका लागि कागजपत्र बनाउँदा नागरिकता लिएर नगरपालिकामा गएँ बृद्धाभत्ताको कार्ड बनि हाल्यो । घर परिवारमा भाईबुहारीले पनि जान र कार्ड बनाउन सहयोग गरे । र नगरपालिकाका कर्मचारीले पनि सहयोग गर्नु भयो । मैले पहिलो पटक रु.३००० भत्ता बुझें । शुरुमा बुझेको भत्ताले रक्सी, सुर्ती खाएँ । बाँकी घरमा नै दिँए । यसरी भत्ता पाउँदा खुशी लाग्यो । बाखा हेर्न आएको बाखा पनि घरतिर जान लागे उतै गएर कुरा गरौं ।

“अहिले मैले रु १२ हजार भत्ता बुझेपछि रु १० हजारभाईबुहारीलाई दिँए” । बाँकी २ हजार मैले राखें । यो पैसाले मैले रक्सी, सुर्ती खाएको तिर्छु । भत्ता बुझ्दा ३ ठाऊँमा सही छाप लगाउनु पर्छ अनि भत्ता बुझ्न पाइन्छ । भत्ता बुझ्न जाँदा आउँदा अप्ठ्यारो छैन । म आफैले भत्ता बुझ्छु र खर्च चाँहि मिलेर गर्छौं । भत्ताको पैसा भएको वेलामा भाईको छोराले पैसा मागेको वेलामा रु.५० देखि रु.१०० सम्म दिन्छु । र रु.२० देखि रु.३० सम्म छोरीलाई दिन्छु । चाडवाड, औंशी पूर्णिमामा दान दक्षिणा गर्छु । मैले भत्ता बुझ्ने प्रयोजनका लागि बैंकमा खाता खोलेको छ । तर धेरै जसो वडा कार्यालयमा नै नगद नै बुझ्छु । मैले जानेको सीप नाम्लो बुन्ने, कर्खा बुन्ने, छत्री बुन्ने, कोर्का बुन्नु हो । मलाई बसमा ज्येष्ठ नागरिक सिट र छुटको बारेमा थाहा छैन । त्यस्तै गरी ज्येष्ठ नागरिकलाई निशुल्क उपाचार र ज्येष्ठ नागरिक वार्ड बारे थाहा छैन । र स्वास्थ्य वीमा पनि गरेको छैन । मलाई अहिले सम्ममा जटिल प्रकारको रोग देखिएको छैन । औषधी पनि केही पनि खान्न । म कहिलेकाँही विरामी भएं भने भाई बुहारीले नै ख्याल हेरचाह गर्छन् । मेरो घरमा बृद्धा भयो भनेर हिँसा, कुटपिट गाली गलौज कसैले पनि गरेका छैनन । र अशक्त भएँ भने भाई कान्छाले ख्याल गर्छ ।

घरमा निर्णय गर्नु पर्दा बुहारीले गर्छिन् । मैले भत्ता बुझ्दा घरपरिवारमा मलाई राम्रो व्यवहार गर्छन् । टोल छिमेकमा पनि राम्रो नै गर्छन् । हाम्रो सवैसँग राम्रो नै छ । म कुनै समूहमा सदस्य छैन । बुहारी नै सदस्य छन् । आज सम्म मलाई कुनै सँघसंस्थाले पनि सम्मान गरेको छैन । म कहिले बारी कहिले जंगलमा बाखालाई घाँस काट्न अझै पनि जान्छु । दिउँसोमा देख्नु भयो कि बाखा चराउन जान्छु । मेरा कपडाहरू मैला भएमा बुहारीले धोईदिन्छिन् । म आफू पुरुष भएको हिसावले बृद्धाभत्ता बुझेर मैले चुरोट खाना पाएँ, “घरमा मैले भत्ता दिन्छु मलाई खाना दिन्छन् । ” मलाई भेटघाट गर्न छोरी ज्वाई सवैजना आउँछन् । छोरीहरू आएको वेलामा अलिअलि पैसा दिन्छन् । मैले चाहिएको वेलामा खर्च गर्नका लागि रु.४००० जति बचत गरेको छु । आफैले खर्च गर्न बचत गरेको हुँ ।

म संग पैसा भएको वेलामा घरमा दिन्छु र अलिअलि मैले नै राख्छु । पैसा हुँदा खुशी लाग्छ नहुँदा कहिले आउँछ भनेर बस्छु । र बृद्धाभत्ताले मलाई हिम्मत बढाएको छ । बृद्धाभत्ता भएको वेलामा भाई बुहारीलाई नै सहयोग गरेको छु । घरमा कहिलेकाँही बुहारीले पैसा माग्छिन् किन कि मलाई कहिलेकाँही रक्सी सूर्ती खाना मन लाग्छ अनि किनेर ल्याइदिन्छिन् । खाना त मलाई बुहारीले नरिसाईकन दिन्छिन् राम्रै व्यवहार गर्छिन् । पैसा नहुंदा त चिन्ता लाग्छ । अहिले म बृद्धाभत्ताले सन्तुष्ट छु । मलाई नरमाइलो लाग्ने कुरा केही पनि छैन र रमाइलो लाग्ने कुरा पनि केही छैन । मलाई बृद्धाश्रम बारे थाहा छैन ।

## घटना : १३

मेरो जन्म वि.स.१९९३ वैखाख १० गते भएको हो । म निरक्षर नै हो । म ८३ वर्षको भएँ । म १४ वर्षको हुँदा मेरो विवाह भएको हो । मेरा हुन त ५ वटा छोराहरू हुन तर २ वटा विते ३ वटा छन् । म काईलो छोरा को मा बस्छु । मेरा ६ वटा नाति र ६ वटै नातिनी छन् र ४ वटा पलाती छन् । म चाहिं घुमन्ते जस्तै भाछु । जुन छोराले आमा आउनु भनेर बोलाउँछन् जान्छु कहिले ३ महिना कहिले ४ महिना बस्छु आउछु । श्रीमानको मृत्यु पश्चात छोराहरू सवैलाई अँशबण्डा भयो । मेरो नाममा राखेको ३ रोपनी जमीन पनि छोराहरूले सल्लाह अनुसार वाँड्दिएँ । मलाई ३ लाख

राखिदिएका थिए । त्यो पनि सकियो । मेरो आम्दानी भनेको बृद्धाभत्ता हो । कहिलेकाँही छोराहरूले दिन्छन् । घरमा कुखुरा बाखा पालेको छ । कहिलेकाँही बेच्दा हुने आम्दानी पनि यही हो घरमा । मेरा कान्छो र काईलो छोराले नेपाल आर्मीको पेन्सन पाउँछन् र ठूलो छोरो राजनीतिमा छन् । मलाई बृद्धाभत्ताको कार्ड बनाउन छोरालेसंगै गएर बनाइदिएको हो । नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो दिए पछि निदेदन गरेको केही महिना पछि बृद्धाभत्ता कार्ड बन्यो । यो कार्ड बनाउन छोराले नै सहयोग गऱ्यो । मैले नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरेर छोडेको केही महिना पछि ज्येष्ठ नागरिक भत्ता कार्ड बन्यो । यो कार्ड बनाउँदा मेरो छोराले लैजाने र बनाउने कार्यमा सहयोग गऱ्यो । आवश्यक कागजात पेश गरे पछि भत्ता कार्ड बनाउन नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो र सजिलै बनाईदिनु भयो । मैले भत्ता कार्ड बनाएपछि पहिलो पटक रु.२००० पाएँ । यसरी भत्ता पाउँदा खुशी लाग्यो । यो भत्ता बुझ्दा अव घरमा भात खाना दिएनन भने पनि विस्कुट नै विस्कुट खाए पनि पुग्ने भयो जस्तो लाग्यो । भत्ता बुझेर फर्किदा विस्कुट किनेर नै खाएँ । अहिले त मैले रु.२००० बुझे आफै गएर । र आफै सदुपयोग गर्छु ।

मैले भत्ता बुझेर चुरोट किन्छु । औषधी उपचार गर्ने कुरामा खर्च गर्छु । मलाई जटिल प्रकारको रोग भनेको घुँडा दुख्ने र ग्यास्ट्रिकको समस्या छ । नियमित औषधी पनि किनेर भत्ताको पैसाले खान्छु । मैले भत्ता बुझ्ने प्रयोजनको लागि बैकमा खाता खोलेको पनि छु । म घाँस काट्न, मल बोक्ने, भैसीलाई कुँडो हाल्ने, “बर्खा लाग्यो मकैबारी हिउँद लाग्यो साल घारी”, मेरो जागिर नै त्यही थियो । मैले जानेको सीप भनेको नै यही थियो । मलाई ज्येष्ठ नागरिक सिट र छुट बारे थाहा छैन । स्वास्थ्य उपचारमा छुट र ज्येष्ठ नागरिक वार्डबारे थाहा छैन । र मैले स्वास्थ्य वीमा पनि गरेको छैन । तर म अशक्त भएको वेलामा छोराबुहारीले नै हेरचाह गर्छन् । र विरामी भएको वेलामा उपचार पनि गर्छन् । मलाई अहिलेसम्म कसैले पनि र्दुव्यवहार कुटपीट गरेका छैनन् । बृद्धाभत्ता पाएको वेलामा घरपरिवारमा राम्रो नै व्यवहार गर्छन् । मलाई बुहारीले खाना पाकेपछि खाना बोलाउछिन् र खाना दिन्छन् । राम्रै छ खानाखाने बेलामा पनि । आज सम्म म बृद्धा भए पछि कुनै संस्थाले सम्मान गरेको छैन । म त गाउमा हुने कुनै समूहमा पनि सदस्य छैन । बुहारी नै जान्छिन् । घरपरिवारमा निर्णय गर्दा छोराबुहारीले नै गर्छन् । बृद्धाभत्ताले घरपरिवारमा मेलमिलाप छ ।

कहिलेकाँही केही च्वास्स केही भनी हाले भने र रीस उठ्यो । तिमीहरूको के खाको छु र भत्ता बुभेर तिमीहरूलाई दिएको छ त्यही भएर भात खाना दिएको छ । मैले घरायसी काम त म केही गर्न सक्दिन बस्ने खाने मात्र हो । पहिला पहिला खाना नपाएर पनि मरे तर अहिले हामीले खाना पाईयो । म महिला भएको हिसावले धेरै सहयोग गऱ्यो । धेरै धन्यवाद छ । मलाई भेटघाट गर्न सधै जसो बहिनी र कान्छो छोरा आउँछन् । पहिला मैले चुरोट खान्थे । सवैजसो आउँथे । गफ गर्थे । आजकल चुरोट खाना छोंडे । आजकल यसो देखे भने वसिरहिछौ भन्छन् जान्छन् । भेटघाट हुँदा रमाइलो लाग्छ । पैसा भएको वेलामा कहाँ राख्छे भनेर हेर्थे नातीहरूले । कहिलेकाही माग्थे कहिलेकाही झिकिदिन्थे । पैसा भएको वेलामा खुशीलाग्छ । छोराबुहारीले पैसा भएको नभएको दुवै वेलामा राम्रो नै व्यवहार गर्छन् । एउटै व्यवहार छ ठास्सठुस्स गर्दैनन् । बृद्धाभत्ताको पैसा भएको वेलामा स्वतन्त्र रुपमा खर्च गर्न पाउने भएर हिम्मत बढाएको छ । कहीं जान पऱ्यो भने बस भाडा हुन्छ मेरो बाटो खुल्यो । गोजीवाट झिकेर औंशीपूर्णिमामा टीकाटाला, दानदक्षिणा गर्न पाउँदा खुशी लाग्छ । पैसाको दुख पर्छ कि भनेर लिइने चिन्तालाई कम गरेको छ । मैले यो भत्ताले बचत गरेको छैन । र मलाई ग्यास्ट्रिकको समस्या छ जे पायो त्यही खाना मिल्दैन । दुख त लाग्छ तर विर्सन पऱ्यो । छोराहरूलाई नातिलाई हेरेर दुख विर्सिन्छ । नाती नातिनीलाई पाउदा खुशी लाग्छ । मलाई बृद्धाश्रम बारे थाहा छैन । भत्ता दिएर पाल्दिने भगवान नै हुन् । नेपाल सरकारलाई भत्ता दिई रहेकोमा आशीर्वाद तथा धन्यवाद । म बृद्धाभत्ताले सन्तुष्ट छु । किन कि मेरा छोराले नेपाल सरकारको पेन्सन पाउछन् र छोराहरूले मलाई चार महिनामा रु. १२००० लाउ आमा भनेर दिन सक्दैनन् । सरकारले दिएका छन् । त्यसकारण भत्ता पाएकोमा सन्तुष्ट छु ।

## घटना : १४

मेरो जन्म वि.स. १९९६ कार्तिक १० गते भएको हो । म हाल ८४ वर्ष भएँ । म निरक्षर नै हो । म १७ वर्षको हुँदा विवाह भएको थियो । मेरा २ वटा छोरा र १ वटी छोरी छन् । म जेठो छोरा संग छु । कान्छो छोरा हङ्कङ्गको लाहुरे हो । उसका परिवार सबै हङ्कङ्गमा नै बस्छन् । छोरी काठमाडौमा छन् । छोरीका ३ वटा बच्चाहरू छन् । जेठो छोराको ३ वटा छोरी र १ वटा छोरा हुन् । जेठो छोराको छोरा बुहारी (मेरा नाती र नातीनि बुहारी)अमेरिकामा छन् । जेठो छोरा प्रधानाध्यापक बाट पेन्सन भयो । हाम्रो अहिले ४ रोपनी पाखो र ४ रोपनी जति खेत छ । बेचविखन कहिलेकाँही राम्रो उत्पादन भएको वेलामा धान ५ मुरी जति वेचिन्छ । यसैवाट खाना पुग्छ । मेरो आम्दानी भनेको बृद्धाभत्ता जो नेपाल सरकारले दिएको छ । शुरुमा मैले रु. ६०० भत्ता बुझे । अहिले त विर्से । के किनेर खर्च गरियो । अहिले मैले रु.८००० बुझे । पहिला त म आफै गएर भत्ता बुझ्थे म विरामी भए देखि जेठो छोरो नै संरक्षक राखि कार्ड बनाएको छ आजकल छोरो नै गएर भत्ता बुझिदिन्छ । “केही पैसा दिन्छ र वाँकी औषधी उपचारमा खर्च हुने भएकोले राख भन्छु मैले ।”

मलाई भत्ता बुझेर विस्कुट, चियापानी, चुरोट खाना भएको छ । मैले हामीले प्रयोग गर्ने कुवा बनाएँ , स्कूलमा नारेश्वर रुख रोपे अहिले फल्न थालेको छ, कृष्ण मन्दिर बनाएँ, ठाँटी बनाएँ । वारीमा अमला लगाएँ । औशीपूर्णिमा, चाडवाडमा दानदक्षिणा गर्छु । बैक खाता खोलेको छ तर भत्ता वडा कार्यालयमा नगद नै बुझ्छौ । मैले पहिला पहिला घैया मकै घोड्ने खेतीपाती नै गर्थे । अहिले म विरामी पनि भएँ । २ वर्ष भयो क्यान्सर भएको छ । ग्यास्ट्रिकको समस्या पनि छ । बिहान वेलुका औषधी खान्छु । मलाई छोरा बुहारीले नै हेरचाह गर्छन् । मलाई कुटपीट दुर्व्यवहार केही छैन । बृद्धाभत्ता पाए पछि राम्रो व्यावहार छ घरपरिवारमा । टोलछिमेकमा पनि राम्रो व्यवहार छ । म कुनै पनि समूहमा सदस्य छैन । बुहारी नै जान्छिन् । भत्ता पाए पछि घरपरिवारमा मेलमिलाप छ । मैले घरायसी काम केही पनि गर्न सक्दिन । घरमा काम गर्न मान्छे राखेको छ उनैले गर्छिन सवै काम । घरव्यवहारमा जेठो छोराले निर्णय गर्छन् । महिला भएको हैसियतले यो बृद्धाभत्ताले मलाई फुरमास गर्न, दानदक्षिणा गर्न, भेटी चढाउने जस्ता काम गर्न सहयोग भयो । मलाई भेटघाट गर्न नातीनी, नातिनीज्वाईहरू, छोरी ज्वाईहरू पलातिनीहरू आउँछन् । यसरी भट्न आँउदा खुशी लाग्छ । वडा कार्यालयले म आफु त जान सकिन तर पछि घरमा नै आएर रु.१००० सहित दोसल्ला ओढाएर सम्मान गऱ्यो यस्तो सम्मान पाउँदा खुशी लाग्यो । मैले बुहारीलाई नै रु. १००० चलाउन दिएको छु । सहयोग पनि गर्छु । पछि फिर्ता गर्छन् । बचत भनेको यही हो । मलाई यो बृद्धाभत्ताले हिम्मत पनि बढाएको छ । किन कि मलाई औषधी नियमित खानाको लागि थपथाप भयो । त्यसकारण बृद्धाभत्ताले म सन्तुष्ट छु । यसरी भत्ता दिएकोमा नेपाल सरकारलाई धन्यवाद भन्छु ।

## घटना : १५

मेरो जन्म वि.स. २०१४ पुस ७ गते भएको हो । म अहिले ६२ बर्षको भएँ । मैले ४ कक्षा पास गरेको छु । हामी तनहूसुर गाविस अर्चलचउरवाट वि.स. २०२८ सालमा बसाई सरी हालको व्यास ११ (साविक व्यास ४) फेदीफाँट मा आएको हो । बसाई सरी आएको अर्को वर्ष वि.स.२०२९ सालमा चापाघाट बाट मैले विवाह गरें । मेरा २ छोरा र २ छोरीहरू छन् । ठूलो छोराको १ वटा छोरा र कान्छो छोराको २ वटा छोराहरू छन् । ठूली छोरीको ३ वटा छोरी र १ वटा छोरा र कान्छी छोरीको १ वटा छोरा छ । मेरा जम्मा ५ वटा नाति र ३ वटा नातिनी गरी ८ जना नाति नातिनी छन् । मेरो जग्गा जमिन ५ रोपनी अर्चलचउरमा र ९ रोपनी हाल वसिरहेको ठाउ व्यास ११ फेदीफाँटमा छ । यो जग्गा मेरो नाममा नै छ । ९ रोपनी मध्ये २ रोपनी १३ आना खेत छ । र अरु सबै पाखो बारी हो । बेचविखन गर्ने खास केही छैन । मकैहरू त उत्पादन हुन्छ । तर वेचविखन गरेको छैन । मेरो आम्दानी भनेको नेपाल सरकारले दिने बृद्धाभत्ता हो । खानालाई पुग नपुग छोराहरूले ख्याल गर्छन् । ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउनका लागि ६० वर्ष पूरा भए

पछि नगरपालिकामा गएर नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो पेश गरे पछि त्यसको केही महिना पछि कार्ड सजिलै बन्यो । यो कार्ड बनाउदा घरमा श्रीमति छोराहरूले जानुस भनेर भने । अनि सहयोग पनि गरे । त्यस्तै गरी नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गर्नु भयो । पेश गरेको केही महिना पछि कार्ड पनि बन्यो अनि भत्ता पनि आयो । मैले शुरुमा ४ महिनाको रु.४००० भत्ता बुझें । यो रु.४००० बुझ्दा कामै नगरी कमाई भयो भन्या जस्तो लाग्यो । यो भत्ता मैले आफैले वडामा गएर आफैले बुझे । असार देखि भत्ता बढेर रु अहिले रु.८००० बुझ्छु । हामी दुवै जना बुढाबुढीले नै भत्ता बुझ्छौं । यसरी बुझेको भत्ता म आफैले सदुपयोग गर्छु । यसरी भत्ता बुझ्न जाँदा आउँदा सजिलो छ । बृद्धाभत्ताले मैले चामल, मासु, तेल मसलाहरू किन्छु । भत्ता बुझ्नका लागि बैक खाता खोलेको छ । तर आजकल वडामा नै गएर बुझ्छौ । मलाई सार्वजनिक वसमा सिट र छुटको बारेमा थाहा छैन । त्यस्तै गरी उपचारमा सहुलियत हुन्छ र ज्येष्ठ नागरिक वार्ड हुन्छ भन्ने कुरा पनि थाहा छैन । आज सम्म स्वास्थ्य वीमा गरेको छैन ।

मलाई जटिल प्रकारको दम रोग छ । सालमोल ट्यावलेट नियमित रुपमा खान्छु । मासिक रुपमा रु. २४० जति को औषधी लाग्छ । यो औषधी बृद्धाभत्ताको पैसाले नै खर्च गर्छु । यसरी औषधी किन्नको लागि सरकारले दिएको भत्ताले खुशी छु । म अशक्त वा विरामी भएको वेलामा छोरा तथा श्रीमतिले हेरचाह गर्छन् । मेरा दुवै छोराहरूले आ आफ्नै सुन पसल गरेका छन् । छोरीहरूको विहे भई आफ्नै घरमा छन् । अहिले घरमा त बुढाबुढी मात्र हो । म बृद्धाभए पनि आज सम्म कसैले पनि गाली गलौज, हिंसा दुर्व्यवहार गरेका छैनन् । बृद्धाभत्ता बुझेर आएको वेलामा घर परिवारमा राम्रो व्यवहार गर्छन् । टोलछिमेकमा पनि राम्रो नै व्यवहार गर्छन् । त्यस्तै गरी बुढीले खाना बनाउँछिन म यताउताको काम गर्छु अनि खाना खानेवेलामा संगै हाँसीखुसी साथ खान्छौं ।

म टोलको भवन निर्माण समितिको अध्यक्ष छु । वडा, टोल का सवै जना संग मिलेर समन्वय गर्छु । वैठकमा भाग लिन्छु छलफल निर्णय गर्छु । बृद्धाभए पनि जिम्मेवार पाएको छु । बृद्धाभत्ता पाए पछि टोलछिमेकमा पनि राम्रो नै व्यवहार गर्छन् । र घर परिवारमा पनि बृद्धाभत्ता पाए पछि राम्रो नै व्यवहार छ । घर परिवारमा वृद्धाभत्ताले मेलमिलाप छ । मैले खेतवारीमा खन्ने, खोश्रने, गोरु जोत्ने, हेर्ने, दाउरा घाँस काट्ने जस्ता घरायसी काम गर्छु । घरायसी विषयमा निर्णय गर्दा म आफैले गर्छु । म पुरुष भएको नाताले या भत्ताले खाना किन्न, यताउता जाँदा गाडी भाडा तिर्न, नियमित दवाईपानी गर्ने काममा सहयोग गरेको छ । खल्तीमा भत्ताको पैसा भइन्जेल चलाइन्छ सकिए पछि छोराहरू संग माग्नु पऱ्यो ।

मलाई भेटघाट गर्न छोरा बुहारीहरू, छोरी ज्वाईहरू, नाती नातिनीहरू आउँछन् । कहिलेकाँही मीत पनि आउनुहुन्छ । मलाई बृद्धाभत्ता भएको वेलामा ढुक्क हुन्छ । कसै संग माग्नु परेन । बृद्धाभत्ता नहुँदा छोराछोरी संग माग्नु पर्छ । र बैंकमा राखेको पैसा चलाउँछु । मलाई पैसा भएको र नभएको दुवै वेलामा राम्रै व्यवहार छ । मलाई यो वृद्धाभत्ताले हिम्मत बढाएको छ । "त्यत्रो उत्पाद दुख नगरे पनि खाना चाहिं बृद्धाभत्ताले पुगे जस्तो लाग्छ"।मलाई गाऊँघरमा कसैले अप्ठ्यारो पऱ्यो भनेमा सामाजिक तथा आर्थिक सहयोग पनि गरेको छु । मंगल भाईलाई अप्ठ्यारो पऱ्यो भन्यो अनि केही महिनापछि दिन्छु भने पछि रु.१००० दिंए । मलाई चाडवाड औंशी पूर्णिमामा छोरीचेलीलाई दानदक्षिणा गर्न पाउँदा खुशी लाग्छ यो दानदक्षिणा पनि बचाएर राखेको बृद्धाभत्ताले नै दिएको छ । मलाई बृद्धाभत्ताले मेरो चिन्ता पनि कम गरेको छ । उपाय छैन के गरेर खाने होला भन्ने कि भन्ने छैन । मैले हाल बुझिरहेको बृद्धाभत्ताबाट सन्तुष्ट छु । यसवाट मैले रु.२२ हजार जति बचत गरेको छु । मलाई बृद्धाभत्ताले इच्छा लागेको कुरा चामल, तेल नुन चियापत्ति किन्न सहयोग गरेको छ । मलाई सवैभन्दा रमाईलो सपरिवार एकै ठाऊँमा हुँदा लाग्छ र म एक्लै हुँदा नरमाइलो लाग्छ । मलाई बृद्धाआश्रम बारे थाहा छ तर चाहिएला जस्तो लाग्दैन । मलाई नेपाल सरकारले"रु.१०० वाट बृद्धाभत्ता शुरु गर्नेलाई मरेर गए पनि स्वर्गमा भगवान जस्तै वस्न पाउन भन्ने लाग्छ" र नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु ।

# घटना : १६

मेरो जन्म वि.स.१९९४ जेठ ५ गते भएको हो । म अहिले ८२ वर्षको भएँ । मैले स्कूल शुरु गर्ने वित्तिकै छोडे । निरक्षर नै भएँ । स्कूल पढ्न नपढे पछि मेरो विवाह २० वर्षको उमेरमा विवाह भयो । म हाल व्यास नगरपालिका वडा नं १०  लामीडाँडामा बस्छु । मेरो ५ वटा छोरा र १ वटा छोरी गरी जम्मा ६ वटा बच्चाहरू हुन् । मेरो जेठो छोराको १ छोरा, १ छोरी, माइलो छोराको १ छोरा, ४ छोरी, काइलो छोराको १ छोरा, ३ छोरी र कान्छो छोराको १ छोरा गरी जम्मा मेरा ५ वटा नाति र ११ वटा नातिनी गरी १६ वटा नाति नातिनी छन् । र मेरा ५ वटा पलाती र ३ वटा पलातिनी छन् । मेरो श्रीमान ३ वर्ष अघि वित्नु भयो । त्यस पछि छोराहरूको छुट्टभिन्न भए । प्रत्येक छोरालाई २३ आनाको दरले बराबर अंशवण्डा भयो । तर कान्छो छोराले १५ आना जग्गा बेच्यो । । हाम्रो पुर्खा व्यास ११ दरै गाऊँ हो उता पनि जग्गा छ तर  अहिले करिव ७ रोपनी ऐलेनी जग्गामा सानो घर बनाएर बसेका छौ। यो जग्गामा घैया, मकै, वोडी, मसेम उत्पादन हुन्छ । छुट्टभिन्न भए पछि म कान्छो छोरा बुहारी संग बस्ने सल्लाह भयो । अहिले यहीं छु । उसको एउटा छोरा छ र बुहारी विदेश मलेशिया मा वैदेशिक रोजगारमा छ । मैले पहिला पहिले घैया लगाउने, गोड्ने काम गर्थे ।

मैले शुरुमा ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा दमौलीमा गएर बनाएको हो । नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो सहित निवेदन दिए पछि कार्ड बन्यो । ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउँदा नगरपालिकाका कर्मचारीहरूले सहयोग गर्नु भयो । मलाई भत्ता कार्ड बनाउंदा कान्छो छोराले संगै नगरपालिकामा लगेर बनाउन सहयोग गऱ्यो । शुरुमा मैले रु.२००० बृद्धाभत्ता पाएँ । पहिलो पटक बुझेको भत्ताले मैले पसलमा गएर खत्र्याकखुत्रुक र खाजा खाएँ । र बाँकी पैसाले चामल र तरकारी किनेँ । त्यो वेलामा भत्ता पाउँदा रमाइलो लाग्यो । भत्ता बुझ्न पहिला पहिला म आफै जान्थे । तर अहिले म जान सक्दिन । खाटबाट लडेर कम्मर निर जोर्नीको गेडी फूस्कियो । गण्डकी अस्पतालमा गएर भर्ना गरें डाक्टरले शल्यक्रिया गर्दा ठीक हुन पनि सक्छ नहुन पनि सक्छ भने पछि शल्यक्रिया गर्ने कुरा भएन फर्कें । डेढ बर्ष जति भयो थला परेको । थला परे पछि भत्ता बुझ्न जान सक्दिन । वडाकार्यालयले कान्छो छोरालाई संरक्षक बनाएर उसैलाई भत्ता बुझ्न पठाउँछु । उसैले भत्ता बुझेर ल्याउँछ । "छोराले भत्ता बुझेर पैसा ल्याएको बेलामा घरमा चामल, नुन तेल, माछा मासु ल्याउँछ ।" मलाई चुरोट खाना मन लाग्छ चुरोट पनि ल्याइदिन्छ ।

म अस्पतालबाट फर्केपछि थला परें अनि बाहिर नै पाल टांगेर गुन्द्री ओछ्याएर यहीं खाने, सुत्ने, दिशा पिशाव पनि यही गर्ने गर्छु । चाहे जाडो होस या गर्मी बाहिर नै हो बस्ने सुत्ने । खाना चम्चाले खान्छु । दिशा पिशाव कपरामा गरे पछि छोराले सोहोरेर फ्याकिदिन्छ । मलाई मेरो कान्छो छोराले हेरचाह गर्छ । कहिलेकाँही दिक्क लाग्दो हो उसलाई । "असहाय वसेर खान्छे भन्छ" । यस्तो भन्दा कता जाऊँ जाऊँ जस्तो लाग्छ , हिंड्न मन लाग्छ तर हिँड्न सक्दिन । मेरो खुट्टा काँप्छ । मैले मेरो उमेरमा जानेको सीप घरधन्दा, नाचमा चुड्का, घाँटु, जानेको थिंए । तर विवाह गरे पछि यी सवै नाच्न छोडे । मेरो माइत बैरेनी हो । एउटा भाई थियो त्यो पनि वित्यो । मलाई ज्येष्ठ नागरिक सिट र छुटको वारेमा थाहा छैन । ज्येष्ठ नागरिक को उपचार खर्च मा सहुलियतको बारेमा पनि थाहा छैन।  अहिले सम्म वीमा पनि गरेको छैन । बृद्धाभत्ता बुझेर ल्याउने छोराले नै हो । पैसा ल्याउदा पनि राम्रो व्यवहार नै छ । खाना खानेवेलामा छोराले म थलिएको ठाउँ पिढींमा खाना थालमा राखेर चम्चा सहित ल्याइदिन्छ । खान्छु । खाना खाने वेला राम्रो व्यवहार गर्छन् ।

मलाई अहिले सम्म कुनै संस्थाले सम्मान गरेको छैन । म थलिए पछि कुनै संस्थामा सदस्य छैन । बृद्धाभत्ताको पैसा बुझ्दा झैझगडा भएको छैन । मैले घरायसी काम केही गर्न सक्ने कुरा नै भएन । मेरो कपडा धुन पऱ्यो भने कान्छो छोराले नै धुन्छ । कहिलेकाँही बुहारीहरूले धोइदिन्छन् । नुहाई दिने काम पनि माइली बुहारीले गर्छिन् । मलाई यो बृद्धाभत्ताले हाम्रो परिवारमा ठूलो सहयोग गरेको छ किन कि कान्छो छोराको पनि खास राम्रो आम्दानी हुने काम छैन । त्यही ढुँगा

खानी मा काम गर्छ । काम चलेको वेलामा महिनामा १५ हजार जति कमाउछ । तर नियमित भने होइन । जे भए पनि भत्ताले चामल किनेर खाना पुगेको छ । मेरो घरमा घरायसी महत्वपूर्ण निर्णय छोरोले नै गर्छ । मलाई भेटघाट गर्न छोरी ज्वाई, छोराहरू सवै र साथीहरू आउँछन् । कसैले पैसा कसैले विस्कुट ल्याइदिन्छन् । दुई जना साथीहरू त मलाई भेटेर रोए । त्यस्तो मान्छे को अवस्था यस्तो भएछ भन्दै । यसरी भेट्न आउंदा खुशी लाग्यो । भत्ता बुझेर ल्याएको वेलामा राम्रो लाग्छ र नभएको वेलामा गाह्रो हुन्छ कहिले आउला भन्ने जस्तो लाग्छ । मलाई बृद्धाभत्ताले हिम्मत बढाएको छ । यो बृद्धाभत्ताले पैसा दिन्छ । चामल र आवश्यक कुरा किन्न पाइन्छ । भत्ता बुझे पनि यता उता खर्च गऱ्यो ठिक्कै हुन्छ । मैले बचत गरेको छैन । मलाई इच्छा लागेको कुरा किन्न जस्तै चुरोट किन्न पाइएको छ । चामल किनेर घरमा छाक टार्न पाईएको छ । यसरी पाईरहेको रु.१२००० भत्ताले म सन्तुष्ट छु ।

## घटना : १७

मेरो जन्म वि.सं. २००५ मंसीर ६ गते भएको हो । म अहिले ७१ वर्षको भएँ । म २१ बर्षको हुँदा मागी विवाह भएको हो । म निरक्षर नै हुँ । मेरो माईती कलेश्ती हाडी गाऊँ(साविक श्याम्घा गाविस) भन्ने ठाउँ हो । हाल म व्यास नगरपालिका वडा नँ १० लामीडाँडा मा बस्छु । मेरा ३ वटा छोराहरूमा माईलो छोरो वित्यो । कान्छो र जेठो दुवैजना परिवार सहित भारतमा काम गर्छन् । कान्छा छोराको घरमा म वसिरहेको छु । छोरीको छोरो नाति र म बस्छौं । जेठो छोराको २ वटा छोरा, माइलाको २ वटा छोरा र कान्छाको १ छोरा १ छोरी छन् । जम्मा जम्मी गरेर मेरा ५ वटा नाती र १ वटा नातिनी छन् । मेरो श्रीमान पनि बित्नु भयो । मेरो जग्गा जमिन सवै गरेर ७ रोपनी ५ आना जति छ । सवै जग्गा छोराहरूको छुट्टभिन्न भए पछि उनीहरूको नाममा पास गरे । मेरो नाममा पनि ४ आना छ । कान्छाको १.५ रोपनी जति भागमा परेको छ । मैले कहिलेकाँही कुखुरा, खसी, पाठाहरू बेच्छु । भएको पाखो वारीमा मकै पनि हुन्छ जसले मकै खानालाई वर्ष भरी पुग्छ । तर चामल भने किनेर खानु पर्छ । अरु आम्दानी त छोराहरूको हो । मेरो आम्दानीको श्रोत भनेको बृद्धाभत्ता नै हो ।

मलाई ज्येष्ठ नागरिक भत्ता कार्ड बनाउने वेलामा ज्वाईले दमौली नगरपालिकामा लिएर जानु भएको हो । व्यास नगरपालिकाको कार्यलय दमौलीमा नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो सहितको निवेदन दिए पछि कार्ड बन्यो । सो ज्येष्ठ नागरिक कार्ड बनाउँदा नगरपालिकाका कर्मचारीले सहयोग गर्नु भयो । मेरो घरमा छोराहरू नभएकोले ज्वाईले सहयोग गर्नु भयो । मैले शुरुमा रु.१००० विधुवा भत्ताको रुपमा पाएको थिए मैले पाएकोपहिलो भत्ताले नुन तेल किनेर ल्याएको थिएँ । अहिले म ७१ बर्षको हुँदा रु.१२००० भत्ता पाएको छु । यो भत्ता पाउँदा खुशी छु । भत्ता बुझ्न म आफै हिँडेर वडा कार्यालयमा पुग्छु आफैले सही छाप लगाएर आफैले नगद भत्ता बुझेर हिड्दै आउँछु । वडा कार्यालय अलि टाढा नै छ कम्तीमा पनि १ घण्टा जति लाग्छ तर वडा कार्यालयले अहिले सम्म टोलमा नै आएर भत्ता दिएको त छैन । टोलमा आएर भत्ता बाँडिदिए त कति सजिलो हुन्थ्यो । मैले भत्ता बुझेर रासन पानीमा नै खर्च गर्छु । माछा मासु पनि भत्ताको पैसाले खर्च गर्छु । भत्ताको पैसाले चर्चमा रु.१५००० दान गरें । दान गरे पछि मनमा सन्तोष भयो, खुशी लाग्यो । दान गर्दा आशिर्वाद पाउँछु ।

मैले भत्ता बुझ्ने प्रयोजनका लागि बैंकमा खाता खोलेको छु । वडामा नगद बुझेको वेलामा वैक जानु पर्देन । वडामा छुट्यो भने बैंक गएर बुझ्छु । मैले जानेको सीप बाखा कुखुरा पाल्नी र किसानी नै हो । मलाई ज्येष्ठ नागरिक सिटको बारेमा थाहा छैन र मैले ज्येष्ठ नागरिक परिचय पत्र बनाएको छु । जुन कार्डवाट गाडी भाडा मा ५० प्रतिशत र औषधी उपचारमा ५० प्रतिशत छुट को व्यावस्था हुन्छ तर प्रयोग गरेको छैन । मलाई अस्पतालमा ज्येष्ठ नागरिक वार्ड हुन्छ भन्नेकुरा थाहा छैन साथै स्वास्थ्य वीमा पनि गरेको छैन । मलाई ग्याट्रिक र प्रेसर छ । प्रेसरको औषधी त खान्न । खानपीनमा विचार गर्छु । कहिलेकाँही ग्याट्रिकको औषधी खान्छु । औषधी

खानालाई भत्ताको पैसा नै प्रयोग गर्छु । कहिलेकाँही नसकेको वेलामा मलाई माईली छोरी र नातीले हेरचाह गर्छन् । तर मलाई कुटपीट हिंसा र गालीगलौज कसैले पनि गर्दैनन् ।

म भत्ता बुझ्न हिंडेर जान्छु । भत्ता बुझे पछि घरपरिवारमा राम्रो व्यवहार छ । छोराहरूले पनि फोन गरिरहन्छन् । परिवारमा राम्रो छ । जातिगत रुपमा पनि सवैजना मिलेर बसिएको छ । मलाई अहिले सम्म कुनै पनि संस्थाले ज्येष्ठ नागरिक भनेर सम्मान गरेको छैन । म टोलको समूह सदस्य छु । यस समूहमा बसेर छलफल गर्ने, बचत गर्ने गर्छु । कुनै अप्ठ्यारो पऱ्यो र पैसाका आवश्यकता पऱ्यो भने मैले ऋण लिन्छु चलाउँछु र ऋण तिर्न परेको अवस्थामा भत्ताको पैसा आए पछि तिर्छु । यसरी काम चलाउन पनि भत्ताको पैसाले सहयोग गरेको छ । हाम्रो घरपरिवारमा बृद्धाभत्ताको पैसाले मेलमिलाप छ । अहिले मैले गर्न सक्ने काममा खाना बनाउने, खेतीपाती गर्ने नै हो । सवै काम त गर्न सक्तिन मान्छे लगाउन पऱ्यो । यसरी मान्छे लगाएर काम गराएको अवस्थामा लाग्ने ज्यालाको पैसा तिर्न पनि बृद्धाभत्ताको पैसाले सहयोग गरेको छ । बृद्धाभत्ता एउटा महिला भएको ले पनि यसरी नै आफूले गर्न नसक्ने कामको लागि जस्तै मल बोक्न, मकै गोडमेल गर्न, बारी जोत्न र जिलाउन जस्ता कामका लागि बृद्धाभत्ताले मद्दत गरेको छ । यस्ता घरायसी कुरामा निर्णय म आफै गर्छु छोराहरू सवै बाहिर छन् ।

मलाई भेटघाट गर्न मेरा छोराछोरी बुहारी, नाति, छोरी ज्वाई आउनु हुन्छ । रमाईलो लाग्छ भेट्न आउँदा । पैसा भएको वेलामा मलाई ठीकै छ । यसो यसो गर्छु भनेर योजना बनाउन पाउछु । र नभएको वेलामा छैन के गर्ने कसो गर्ने होला भनेर बस्नु पऱ्यो अनि छोरासंग पैसाको लागि माग्नु पऱ्यो । पैसा भएको वेलामा व्यवहार राम्रै छ । खुशी पनि हुन्छु ।  र म अरुलाई पनि राम्रै व्यवहार गर्छु । म संग कोही माग्न आएको वेलामा फिर्ता गर्ने गरी ऋण पनि दिन्छु । मलाई बृद्धाभत्ताले हिम्मत बढाएको छ । मेरो खेत छैन अनि धेरै जग्गा पनि छैन । र छोराहरू भारतमा नोकरी गर्छन् नेपालमा केही जानेका छैनन् र गरेको पनि छैनन् । मैले जान्दा जान्दै छोराहरूलाई बाधा पुऱ्याउन र ऋण लगाउन पनि चाहन्न । त्यसकारण मलाई यसोउसो गर्न गाह्रो टारेको छ । छोरा छोरी पढाउन गाह्रो छ । त्यसकारण मैले छोराहरूलाई बाधा बनाउदिन । यो बाधा हटाउन पनि बृद्धाभत्ताले सहयोग गऱ्यो ।

मैले अलिअलि गरेर जम्मा गरेको पैसाले मर्दा खेरी खाल्डोमा गाड्न वा राख्दा रु.११००० खर्च लाग्छ यो पनि गाह्रो नहोस छोराहरूलाई भन्न चाहन्छु र यो ईच्छा भत्ताले पुऱ्याएको छ । मलाई चिन्ता त लाग्दैन सरकारले पनि सहयोग गरेको छ सन्तुष्ट छु । बचत पनि रु.३०२० गरेको छु । मैले घ्यू, माछा मासु, खाना मन लागेको कुरा खाना पनि सहयोग गरेको छ । मेरो छोराहरूले नेपालमा केही काम जानेको छैनन् कसरी खालान, यही कुरामा नरमाइलो र चिन्ता लाग्छ । अहिले सम्म मैले जसो तसो बाँझो राखेको छैन । म मरे भने बारी बाँझै राख्छन कि भन्ने चिन्ता लाग्छ । माया कति पुगेको जसलाई देख्यो उसैलाई माया लाग्छ । म सवै भन्दा बढी खुशी मण्डलीमा जाँदा हुन्छु । तर मैले बृद्धाश्रम सुनेको छैन । नेपाल सरकारले चार हजार अझै थप गरिदिए हुन्थ्यो झन खुशी बढ्थ्यो । यसरी भत्ता दिएर ठुलो काम गऱ्यो नेपाल सरकारले, धन्यवाद ।

## घटना : १८

म अहिले ७२ बर्षको भएँ । म हालको व्यास नगरपालिका १० (साविक व्यास ३) बराहखोलमा म बस्छु । मेरो माइती तनहूँ जिल्लाको आंवूखैरेनी हो । मेरा ५ वटा दाजूभाई र ३ वटा दिदिबहिनी छन् । म साहिली बहिनी हुँ । म स्कूल नै पढिन । निरक्षर नै हो । ३ वटा दाजूहरू स्वर्गीय भए । म करीव २१ वर्षको हुँदा विवाह भयो । हामी संयुक्त परिवारमा छौं । मेरा ४ भाई छोरा र ३ वटा छोरीहरू छन् । हाम्रो जग्गा जमिन करिव १७ रोपनी जति छ । यो सवै श्रीमानको नाममा नै छ । खेत छैन । पाखो बारीमा मकै, मास, मात्र उत्पादन हुन्छ । चामल त किनेर नै खानु पर्छ । कहिलेकाँही खसी वोक विक्रि गर्छु । अरु नगद आम्दानीको श्रोत केही छैन ।चाडवाड घरवार चलाउन मूख्य श्रोत भनेको नै बृद्धा भत्ता हो । खानै पाइन भने मात्र छोराहरूले सहयोग गर्छन् ।

मैले बृद्धाभत्ता बुझ्न थालेको १० वर्ष जति भयो । भत्ता पाईन्छ भनेर कार्ड बनाउँदा नागरिकताको फोटोकपि र फोटो दिए पछि कार्ड लिन पछि आउनु भने पछि केही महिना पछि विना झमेला ज्येष्ठ नागरिक परिचया पत्र कार्ड बन्यो । नगरपालिकाका कर्मचारीले पनि कार्ड बनाउँदा सहयोग गर्नु भयो । त्यस्तै गरी घरपरिवारले पनि सहयोग गर्नु भयो । शुरुमा मैले रु.४००० भत्ता पाएँ । त्यस पछि को केही वर्ष रु.८००० पाएँ र अहिले ४ महिनाको रु.१२००० बुझ्छु । शुरुमा मैले बृद्धाभत्ता बुझेर चामल किनेर ल्याएँ । शुरुमा भत्ता बुझ्दा खुशी लाग्यो । त्यस्तै गरी चामल किनेर ल्याउँदा झन सपरिवार खुशी भईयो । भत्ता सधैं आफै बुझ्छु र सदुपयोग पनि आफै गर्छु । बृद्धा भत्ता बुझ्न जाँदा सजिलै सँग वडामा गएर बुझ्दै आएको छु । मैले बृद्धा भत्ता बुझेर कहिलेकाँही माछा मासु किनेर खाने गरेको छु । कहीं जान पर्‍यो भने पनि बृद्धाभत्ताको पैसाले जाने गरेको छु । हिंड्न डुल्न पनि भत्ताले काम गरेको छु ।

मलाई ग्यास्ट्रिक र उच्च रक्तचाप (प्रेसर) हुने समस्या भई राख्छ यस्तो अवस्थामा तत्काल अस्पताल गएर उपचार गर्छु । यो खर्च पनि बृद्धा भत्ताले गर्छु । ग्यास्ट्रिकको लागि दिनहुं औषधी खान्छु । कपडाहरू छोराहरूले किनि दिन्छन् । चाडवाडमा टीकाटालो र कहीँ जान बसभाडा भने बृद्धाभत्ताले नै तिर्न पुगेको छ । “माइली छोरी विरामी हुँदा खुट्टाको शल्यक्रिया गर्दा १२ हजार भत्ता बुझेको वेला १० हजार उपचार गर्नका लागि दिंए” । छोराले कहिलेकाँही पैसा पठाउने प्रयोजनका लागि नेपाल वैंकमा खाता खोलेको छु तर भत्ता बुझ्ने प्रयोजनका लागि कुमारी वैक दमौलीमा खाता खोलेको छु । वडामा गएर भत्ता बुझ्न छुटेको वेला वैकमा गएर बुझ्छु । मैले जानेको सीप भनेको टपरी बुन्न, सेल रोटी पकाउन जानेको छु । र मेरो पेशा विशेष गरी त खेती किसानी नै हो । मलाई सार्वजनिक बसमा ज्येष्ठ नागरिक सिट र वस भाडामा आधा हुन्छ भन्ने पनि थाहा छैन । ज्येष्ठ नागरिकलाई नेपाल सरकारले गर्ने उपचार सहुलियत बारे अस्पतालमा गएर सोध्दा सहुलियत छैन भने । मैले स्वास्थ्य वीमा गरेको छैन । र अस्पतालमा हुने ज्येष्ठ नागरिक वार्डको बारेमा पनि थाहा छैन । अशक्त भएको बेलामा विशेष गरी माइली बुहारीले नै हेरचाह तथा सहयोग गर्छिन् ।

मलाई कहिलेकाँही मेरो श्रीमानले गालीगलौज गर्नु हुन्छ । यस्तो व्यवहार गर्दा नरमाइलो लाग्छ । फेरी उहाँ विगत १२ वर्ष देखि प्रेसरको समस्याले दाहिने खुट्टा र हात नचल्ने प्यारालाइसिस भएर अपाङ्ग नै हुनु भएको छ । उहाँले पनि अपाङ्ग भत्ता पाउनु हुन्छ । बृद्धाभत्ता बुझेपछि घर परिवारमा राम्रो छ । सवै जनाले राम्रो व्यवहार गर्छन् । टोल छिमेकमा पनि सवैले राम्रो नै गर्छन् । घरमा खाना पनि आफैले पकाउने गर्छु र सवै जना वसेर खाना खान्छौं । छोराहरू सवै आफ्नै पेशामा दुई छोरा नेपाल सैनिकमा, १ छोरा काठमाडौ र १ छोरा भारतमा सपरिवार छन् । घरमा म र श्रीमान मात्र छौ । माइलो छोरा छुट्टिएर बसेको छ । आफै गरी खाने गरी भान्सा मात्र छुट्टै । गरी खानको लागि बारी भाग दिएका छौँ तर जग्गा मालपोतमा छुट्टाएको छैन । गाउँघरमा सभा वैठक पर्‍यो भने म आफै जान्छु । सहकारी र टोल समूहमा सदस्य छु । सक्रिय रुपमा नै सहभागी र छलफलमा भाग लिन्छु । मन लागेका कुरा प्याच्च भन्छु । प्रत्येक महिनामा हुने वैठकमा बचत गर्छु । हरेक महिनामा सहकारीमा रु.२००, टोलसमूहमा रु.१०० र बाख्रा समूहमा रु.१० निरन्तर बचत गर्छु । घरमा गरिने छलफल सल्लाहमा महत्वपूर्ण निर्णय गर्दा मैले नै गर्छु ।

अहिले पनि म घाँस काट्ने, खाना बनाउने, बाखाहरू चराउने जस्ता घरायसी कामहरू गर्न सक्छु । म महिला भएको दृष्टिकोणले “बृद्धाभत्ता छोरा जस्तै भयो ।” बृद्धाभत्ता पाउनु भन्दा अघि सवै छोराले खर्च गर्थे, खर्च गर्न पैसा पनि दिन्थे अहिले आफैले भत्ता बुझ्छु, आफैले मन लागेका कुराहरूमा खर्च गर्छु । त्यसैले यो बृद्धाभत्ता छोरा जस्तै भएको छ ।मलाई भेटघाट गर्न माइतीवाट दाजुभाई, मेरा छोरीज्वाई, बहिनीहरू नै आउँछन् । साथीहरू पनि आउँछन् र म पनि कहिलेकाँही जान्छु । यसरी भेटघाट हुँदा खुशी लाग्छ । म पैसा हुँदा र नहुँदा दुवै अवस्थामा निराश हुन्न । तर नभएको वेलामा भत्ता आए पछि चलाउँला भन्ने हुन्छ । मैले बृद्धाभत्ता पाउँदा हिम्मत बढेको छ । अवको भत्ताको पैसाबाट तिलहरी बनाउं कि भन्ने सोच र योजना आएको छ । बृद्धाभत्ताले

दानदक्षिणा पनि गर्न पाएको छु । यसरी पैसा र व्यवहार चलाउँदा सरकारले राम्रोसंग हेरविचार गरेको छ भन्ने लाग्छ । म अहिले बुझिरहेको भत्ताबाट सन्तुष्ट छु । अव दिनदिनै काम गर्न नसक्ने वेला आयो यो सम्झंदा दुख लाग्छ । सवैभन्दा खुशी चाँहि छोराहरू जागिर भए पेट पलाऊ बाटो गरेका छन् । मैले बृद्धाश्रम बारे सुनेको छु तर कहिल्यै जान नपरोस भन्छु । म आफ्नै घरमा बस्न चाहन्छु । नेपाल सरकारलाई भत्ता दिएकोमा र हामीले पाएकोमा धेरै धन्यवाद भन्न  चाहान्छु ।

## घटना : १९

मेरो जन्म वि.स. २००६ माघ १८ गते भएको हो । म हाल ७० वर्ष भएँ । म  व्यास नगरपालिका १० (साविक व्या.न.पा. ९) तनहूँ कोलगैरामा बस्छु । सामान्य किसान परिवारमा हुर्किएँ । मेरो बाल्यकाल त्यति रमाईलो भएन किन कि म डेढ वर्षको हुँदा मेरो आमा झाडापखालाबाट अकालमा वित्नु भयो त्यस कारणमलाई आमाको मुहार पनि याद छैन । बुवाको माया ममताबाट हुर्केको म १७ बर्षको हुँदा मागी विवाह भयो । मेरो २ छोरा र २ छोरी(विहे भई सकेको) छन् जेठो छोराको १ छोरा १ छोरी, कान्छो छोराको १ छोरा छ र ठुली छोरीको ३ वटा छोरी र १ वटा छोरा गरी ७ जना नाति नातिनी (छोरीहरूको सहित) हरू छन् । पहिले धेरै दुख गरें । अधिँया खेत कमाई गरी छोरा छोरी हुर्काएँ पढाएँ । पेशाले म किसान नै हो । हामी श्रीमान श्रीमति दुवै जना किसान हौं । मेरा २वटा छोरा र २ वटा बुहारी नै सरकारी स्थायी सेवामा छन् । प्रौढ कक्षा पढेर नाम सहि गर्न मात्र जानेको छु । मैले टपरी बुन्न, गुन्द्री बुन्न, रोटी सेल बनाउन जानेको छु । छिमेकमा वा गाउँमा कुनै उत्सव, ब्रतवन्ध, विवाह परेको अवसरमा मलाई सवैजनाले सहयोगका लागि बोलाउँदा सहर्ष सहयोग गर्छु । यति मात्र नभई मेरी सासुले मलाई सुडेनीका काम पनि सिकाईदिनु भयो ता कि उहाँ नभएको वेला वा उहाँको देहान्त पछि गाउँघरमा महिला सुत्केरी हुँदा सहयोग होस् । यस पछि करिब १५ देखि २० जना महिलालाई सुत्केरी गराएँ । यस्तो सहयोग गर्न पाएकोमा खुशी छु ।

करीव ५ रोपनी पाखो बारीमा खेती गर्दा बर्ष भरी खान पुग्दैन । किसान काममा पोख्त पहिल्यै देखि खेतीपाती गर्थें । आफ्नो बारीमा मकै, मास हुने भएकाले ग्राहक घरमा आएको अवस्थामा मात्र विक्रि गर्ने नभए आफैलाई छोराहरूलाई, कहिले काँही आफन्तलाई समेत केही चाख्न दिन्छु । आम्दानीको श्रोत भनेको नै खेतीपाती । बाख्रापालनबाट प्रत्येक दशैंमा मासुको लागि खसी हुर्काई व्यवस्थापन आफ्नै मिहेनतबाट गर्छु । यो बाख्रा पनि बाख्रा समूहबाट पैंचो को रुपमा ल्याएको र पैंचो पनि तिरिसकें । ५-६ वर्ष जति भयो मंसीर र असारमा बर्षको २ पटक गरी करीव १०-१२ मुरी धान र पराल वार्षिक रुपमा किन्न छोराहरूले पैसा दिने गरेपछि अधिँया गर्नु परेको छैन । यसले नै बर्ष भरी खाना पुग्छ । म पहिलो पटक आज भन्दा १० वर्ष अघि ज्येष्ठ नागरिक परिचय पत्र बनाउँदा खास दुख भएन । त्यति बेला नागरिकताको फोटोकपि र फोटोहरू दिए पछि त्यसको केही महिना पछि ज्येष्ठ नागरिक कार्ड बन्यो । शुरुमा नगद रु.१५०० ज्येष्ठ नागरिक भत्ता बुझ्दा खुशी लाग्यो । सरकारले यो भत्ता काम गर्न नसक्ने अशक्त "ज्येष्ठ नागरिकले खाऊन लाऊन" भनेर सहयोग गरेको जस्तो लाग्छ । हाल मैले रु. ८००० चौमासिक रुपमा भत्ता बुझ्छु । कहिले ढिला खवर पाउँदा वडा कार्यालय जान नपाएको वेलामा कुमारी वैंक दमौलीमा आफ्नै खाताबाट भत्ता बुझ्छु । वडा कार्यालय टाढा भएकोले ढिला पुगिन्छ यसरी त्यहाँ पुग्दा भीडभाड हुने र लामो समय लाईन लागेर आफैले भत्ता बुझ्छु । र भत्ताको सदुपयोग आफ्नै ढंगले गर्छु ।

भत्ता बुझेको वेलामा र पैसा भएको वेलामा तेल मसला, चिनी, चिया, साबुन र कहिलेकाँही मासु पनि किनेर ल्याउछु । मोवाईल छोराले किनिदिए पनि छोरा छोरी आफन्तसंग कुरा गर्नु पर्दा रिर्चाज गर्न बृद्धा भत्ताको पैसा नै प्रयोग गर्ने गरेको छु । पहिले पहिले धेरै दुख गरियो धान रोप्ने, मकै रोप्ने देखि सारा घरायसी काम गरियो । ३-४ वर्ष भयो हड्डी खिईएर दुख पाए कहिले ढाडको हड्डी कहिले घुँडाको । पोखरा सम्म जानको लागि बचाएर राखेको पैसाले गाडी भाडा तिरे पनि उपचार खर्च छोराले नै गरेर उपचार हुन्छ । मनको सन्तोषका लागि भनौं या संयोग झाँक्रीको मा पनि फुक्न पनि गएँ । बुढेसकाल भएर होला कहिलेकाँही औषधी खाए पनि दुख्छ ।

विरामी भएं भनेर छोरालाई खवर गरेपछि तुरुन्त अस्पताल लिएर जान्छ । अनि श्रीमानले घरमा कामकाज गर्न सघाउ गर्नु हुन्छ । बृद्धबृद्धाको लागि बसमा सिट र छुट हुन्छ भन्ने थाहा छैन । तर वसमा हिंड्दा कहिले आफूलाई सिट छाडिदिएका त कहिले उभिएर नै यात्रा गरेको छु । सासु विरामी भएर गण्डकी अस्पतालमा राख्दा बृद्धा वार्ड हुने रहेछ भन्ने थाहा पाएँ । त्यही बेलामा उपचार गर्दा मात्र बृद्धालाई उपचारमा सहुलियत हुने कुराको थाहा पनि पाएँ । कान्छो छोराले स्वास्थ्य वीमा पनि गरिदिएको छ ।

आजका दिन सम्म आफ्नै हातले पकाएर श्रीमानलाई दिन पाएको छु र छोरा, बुहारी, नाति, नातिना आएको वेलामा पकाएर दिने र खान पाएको छु । खाना खाने बेलामा श्रीमान श्रीमति हाँसीखुशी खाना पाएको छु । परिवारमा खुसी साथ बस्न पाएको छु । जातीय रुपमा खासै अरु जातिको घर भित्र बसेर नखाए पनि अपमानित हुनु परेको छैन । सहकारी, बाख्रा समूहमा सदस्य छु तोकेको दिनमा बैठकमा उपस्थित हुने, छलफल गर्छु । सदस्यको रुपमा भए पनि सक्रिय रुपमा सहभागी भई बचत तथा ऋणहरू लिने तिर्ने गर्छु । बृद्धाभत्ता बुझेपछि घरायसी व्यवहारमा झगडा तथा मनमुटावभएको छैन किन कि आवश्यक पर्दा छोरा बुहारीले आर्थिक सहयोग गरिरहेको हुनाले "कहिलेकाँही मैले भत्ता बुझेर ल्याउँदा छोरालाई गाह्रो भएको होला भनेर उसले मागेर होइन आफैले जानेरदिन्छु"। फेरी श्रीमानले पनि बृद्धा भत्ता बुझ्नु हुन्छ ।

घरायसी कुनै महत्वपूर्ण कुराहरूमा निर्णय गर्नु परेमा मैले नै गर्छु । घरायसी आईपर्ने कामहरू खाना बनाउने, कपडा धुने, घाँस काट्ने, कामहरू आफैले गर्छु ।पढ्न नपाए पछि खेती किसानमा जिन्दगी वित्यो जागिर खाने कुरै भएन त्यसो भएको हुनाले मलाई महिला भएको हुनाले होला "पैसाको चलन गर्न पाएकै बृद्धाभत्ताले हो" । पुरुषहरू घरबाट कमाउन जान्छन् तर हामी सँधै घाँस दाउरा खेती किसान गर्ने भएकोले यो भत्ताले नगद चलाउन पाएको छु । पैसा भएको बेलामा कहिलेकाहीं छोरीहरूको घरमा भेटघाट गर्न जान्छु र कहिलेकाँही माइती पनि । कहिलेकाँही छोरीहरू पनि भेट्न आँउछन् । छोरा बुहारी नाती नातिनीहरू पनि भेट्न आउँछन् । यसरी भेटघाट गर्न आँउदा मनमा लागेका कुरा भन्न सुन्न पाउँछु खुशी लाग्छ । साथी संगत संग मन्दिर पनि गएँ । छोरा बुहारी संग मन्दिर पनि गएँ । पैसा भएको अवस्थामा भेटघाट गर्न बाटो खुल्छ, ईच्छा लागेको वेलामा माछा मासु किनेर खान पाईन्छ, फोनमा रिचार्ज गरी छोरा छारी संग कुरा गर्न पाइन्छ, नभएको अवस्थामा उकुसमुकुस हुन्छ । बृद्धाभत्ता आउँछ अनि केही गरौंला भन्नी हिम्मत र मनोवल बढेको छ । बृद्धाभत्ता रकम बचत नगरे पनि नेपाल सरकारले दिएको बृद्धाभत्ताले सन्तुष्ट छु । बृद्धाश्रम वारे सुनेको छु तर जान्नं । र यसरी नेपाल सरकारले ज्येष्ठ नागरिक भत्ता को रुपमा ज्येष्ठ नागरिक भत्ता प्रदान गरेकोमा हार्दिक धन्यवाद दिन्छु ।

## घटना : २०

म हाल ८७ वर्षको भएँ । मेरो जन्म वि.स. १९८९ असार १० गते भएको हो । म निरक्षर नै हो । मेरो विवाह २८ वर्षको उमेरमा भएको हो । हामी व्यास ११(साविक तनहूँसूर गाविस) चिसापानी भन्ने ठाउँवाट व्यास ११(साविक व्यास ४०) वेल्टारी मा बसाई आएको हो । मेरो पेशा घरायसी काम गर्ने गाई भैसी पाल्ने किसान हो । मेरो ३ वटा छोरा र ४ वटा छोरी गरी ७ वटा बच्चाहरू हुन् । जेठो छोराको १ छोरा १ छोरी, माइलो छोराको १ छोरा १ छोरी र कान्छा छोराको १ छोरा १ छोरी छन् । मेरो जेठो छोरा अहिले घरमा किसान काम गर्छ पहिला जिविसमा अस्थायी थियो । माइलो छोरा आर्मी र कान्छो छोरा प्रहरीमा काम गर्छन् । मेरो जग्गा जमिन १० रोपनी खेत, २५ रोपनी पाखो वारी छ । जग्गा जमिन बाँडेको छ ।

मैले शुरुमा नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो सहितको निवेदन पेश गरे पछिको केही महिनामा ज्येष्ठ नागरिक भत्ताको कार्ड बन्यो । कार्ड बनाउन घरपरिवारका सदस्यले अनि नगरपालिकाका कर्मचारीहरूले पनि सहयोग गरे । त्यस पछि मैले भत्ता पाउन थाले । शुरुमा पाएको त विर्सिए । अहिले मैले रु.१२००० चार महिनाको पाएँ । यसरी पाउँदा खाना पाईयो,

कोदालो खेलाउने मान्छेलाई भत्ता दिए भनेर खुशी लाग्यो । भत्ताबुझ्न जाँदा अप्ठ्यारो छैन । नजिक छ । आफै बुझ्न जान्छु । मैले भत्ता बुझेर खानेकुरामा, दानदक्षिणा गर्नमा, सप्ताहमा दान गर्न पाएको छु । सरकारको दया धर्मले दिएको छ आफै किन्ने खाने जस्तै फ्रूटी, विस्कुट, हर्लेक्स, मिश्री, घ्यू । त्यस्तै गरी टीकाटालो, औंशीपूर्णिमा छोरी ज्वाईलाई दक्षिणा गर्न यो बृद्धाभत्ताले पाएको छु । "भत्ताको पैसा बाँकी रह्यो भने श्रीमतिलाई दिन्छु" । मैले बृद्धाभत्ता बुझ्न कुमारी बैंकमा खाता खोलेको छु । तर धेरै जसो वडामा नै गएर नगद नै बुझ्छु ।

म त किसान भएकोले खेती किसान भन्दा अरु जानिन । यही खेती किसान गरेर छोराछोरीलाई पढाएँ । मलाई बसमा ज्येष्ठ नागरिकलाई दिइने सिट र छुटको बारेमा थाहा छैन । स्वास्थ्य वीमा पनि गरेको छैन ।मलाई ग्यास्ट्रिक, गानो गोला पेट दुख्ने हुन्छ यस्तो विरामी भएको वेलामा बृद्धाभत्ताको पैसाले उपचार खर्च गर्छु । म विरामी भएको वेलामा छोरा र श्रीमतिले हेरचाह गर्छन् । मलाई आज सम्म गाली गलौज, हेलाँ गरेका छैनन् । भत्ता बुझेर आएको वेलामा पनि राम्रै व्यवहार गर्छन् । श्रीमतिले पनि भत्ता बुझ्ने भएकाले हामीले मिलेर खर्च गर्छौं । टोल छिमेकमा पनि राम्रै व्यवहार गर्छन् । बृद्धाभत्ताले परिवारमा मेलमिलाप छ । मलाई वडा कार्यालयले दोसल्ला ओढाएर, नगद रु.१००० दिएर, चियापान गराएर सम्मान गऱ्यो । ८४ वर्ष भन्दा माथिका सवै ज्येष्ठ नागरिकलाई वडामा बोलाएर सम्मान गर्दा मलाई खुशी लाग्यो ।

म त अहिले हिंड्न पनि सक्दिन त्यसैले समूहमा सदस्य पनि छैन । घरायसी काम त केही गर्न सक्दिन । दिए खाने नदिए भौकै बस्ने । महत्वपूर्ण काममा निर्णय मेरो श्रीमतिले गर्छिन । बृद्धाभत्ताले म पुरुष भएको हैसियतले धर्म गर्न र पकेट खर्चका लागि अरु संग माग्न परेन । मलाई भेटघाट गर्न बेला मौकामा छोरीहरू, नातिनीहरू, भाईबन्धुहरू, साला जेठान र छोराहरू आउँछन् । यसरी भेट्न पाउँदा खुशी लाग्छ । मलाई पैसा भएको र नभएको वेलामा समान राम्रो व्यवहार गर्छन् । "मलाई यो बृद्धाभत्ताले खान्की बान्कीलाई ढुक्क छ ।" यसले मलाई हिम्मत दिएको छ । म संग खासै कसैले पनि माग्दैनन् किन कि आफै खान्छन सक्छन् भन्छन् । म बृद्धाभत्ता पाएर म सन्तुष्ट छु । तर मैले बचत भने गरेको छैन । मलाई ईच्छा लागेको कुरा किनेर खाना जस्तै हर्लेक्स,घ्यू किनेर खाँदा नै ठीक्क र पुगेको छ । मेरो त्यस्तो दुख लाग्ने कुरा केही छैन । र मलाई सवै परिवार संगै हुँदा रमाईलो लाग्छ ।

नेपाल सरकारले भत्ता बाँचुन्जेल दिईरहोस र खाना पाईरहुँ भन्ने लाग्छ । यसकारण नेपाल सरकारले राम्रो गरेको छ । सघाउ भई रहेको छ । र रमाईलो पनि छ । मलाई दुख लाग्ने कुरा केही छैन, मलाई सन्तानको सुख देख्दा रमाईलो लाग्छ । मैले बृद्धाश्रम सुनेको त छु तर गएको छैन । मठमन्दिर गोर्खाकालिका, मनकामाना गएँ । यस्तो मन्दिरहरूमा जाँदा आत्मा खुशी हुन्छ । खाँचो त थिएन तर धर्मले यसरी भत्ता दिएकोमा धन्यवाद । म यो भत्ता पाएर सन्तुष्ट छु । जसरी पनि खानु पर्थ्यो । बुढाबुढीले पनि पेटभरेर आत्मा पूरा गरेको छ । यो वेला आत्माले मागेको खाना पुगेको छ यो साह्रै राम्रो छ ।

## अनुसुची ख : प्रश्नावली

नमस्कार

### व्यक्तिगत

१. हजूरको नाम भनिदिनुस ।

२. हजूरको जन्म मिति बताई दिनुस ।

३. हजूरको माइती वा कहाँ जन्मनु भएको हो ?

४.कति कक्षा सम्म पढ्नु भयो ?

५. कति वर्षको उमेरमा हजूरको विहे भएको हो ?

६. कति वटा छोरा छोरी हुनु हुन्छ ?

७. कति वटा नाति नातिनी हुनु हुन्छ ?

८. हजूरहरूको साथमा कुन छोरा वा छोरी हुनु हुन्छ ?

९.हजूरहरूको जग्गा जमिन कति छ ?

१०. कति जति अन्नपात, धान उत्पादन हुन्छ ?

११. यो उत्पादनले खाना पुग्छ ?

१२. हजूरको आम्दानीको श्रोत के हो ?

### सामाजिक

१. ज्येष्ठ नागरिक भत्ताको कार्ड कसरी बनाउनु भयो ?

२. शुरुमा कार्ड बनाउँदा कर्मचारीले कसरी सहयोग गर्नु भयो ?

३. घरपरिवारले कार्ड बनाउँदा कसरी सहयोग गर्नु भयो ?

४. सुरुमा कति भत्ता बुझ्नु भयो ?

५. ज्येष्ठ नागरिक भत्ता किन दिएको होला ?

६. ज्येष्ठ नागरिक भत्ता बुझ्न जाँदा अफठ्यारो भयो कि भएन ?

७. ज्येष्ठ नागरिक भत्ता बुझ्न बैक खाता खोल्नु भयो ?

८. हजूरले बुझेको पहिलो भत्ताले के किन्नु भयो ?

९. भत्ताा बुझेर घरमा आए पछि के कुरामा खर्च गर्नु भयो ?

१०. भत्ताले लत्ता कपडाहरू किन्नु भएको छ ?

११. उमेरमा हजूरको सीप अनुभव के थियो ?

१२. ज्येष्ठ नागरिकहरूलाई वसमा सिट हुन्छ भन्ने थाहा छ ?

१३. जटिल प्रकारको रोग के छ ? कुनै किसिमको औषधी सेवन गर्नु हुन्छ ?

१४. स्वास्थ्य वीमा गर्नु भएको छ ?

१५. अस्पतालमा ज्येष्ठ नागरिक वार्ड वारे थाहा छ ?

१६. विरामी हुँदा कसले उपचार तथा हेरचाह गर्छ ?

१७. विरामी हुँदा खर्च गर्न भत्ताले कसरी सहयोग गरेको छ ?

१८ हजुरले कुनै किसिमको गाली तथा दुर्व्यवहार भोग्नु भएको छ ?

१९.ज्येष्ठ नागरिक भत्ता बुझे पछि परिवारमा व्यवहार कस्तो छ ?

२०. ज्येष्ठ नागरिक भत्ता बुझे पछि टोल छिमेकमा व्यवहार कस्तो छ ?

२१. कुनै संस्थाले ज्येष्ठ नागरिक भनेर सम्मान गर्दा कस्तो लाग्यो?

२२. कुनै समूह संस्थामा सदस्य हुनु हुन्छ ?

२३. बैठक बहस वा छलफलमा सहभागी हुनुहुन्छ ?

२४.घरमा निर्णय कसले गर्नु हुन्छ ?

२५. महिला वा पुरुष भएको नाताले भत्ताले कसरी सहयोग गरेको छ ?

२६. भेटघाट गर्न को को आउनु हुन्छ ? भेटघाट पछि कस्तो लाग्छ ?

## आर्थिक

१. बृद्धा भत्ता वा पैसा भएको वेलामा कस्तो महसुस हुन्छ? कस्तो लाग्छ ?

२. बृद्धा भत्ता पाउने कति जना हुनु हुन्छ ?

३. बृद्धा भत्ता वा पैसा भएको वेलामा कस्तो व्यवहार पाउनु भयो ?

४. बृद्धा भत्ता वा पैसाले कसरी हिम्मत बढाएको छ ?

५. नाती नातिनीलाई पैसा दिनु भएको छ ? वा कसलाई दिनु हुन्छ ?

६. हाल पाउदै आउनु भएको भत्ताले सन्तुष्ट हुनु हुन्छ ?

७. बचत गर्नु भएको छ ?

८. बृद्धाभत्ताले इच्छा लागेको कुरा किनेर खाना सहयोग गरेको छ ?

९. कुनै वेलाको समय सम्झेर के कुरामा रमाईलो वा नरमाइलो लाग्छ ?

१०.बृद्धाश्रम बारे थाहा छ ?

११.नेपाल सरकारलाई यसरी भत्ता दिई रहेकोमा केही भन्न मन लागेकोछ ?

धन्यवाद

## अनुसुची ग : अध्ययनका क्रममा लिईएका तस्विरहरू



सन् २०१९ डिसेम्वर २८ मा लिईएको तस्वीर



सन् २०२० जनवरी ४ मा लिईएको तस्वीर



सन् २०२० जनवरी ४ मा लिईएको तस्वीर



सन् २०१९ डिसेम्वर ३१ मा लिईएको तस्विर



सन् २०१९ डिसेम्वर ३१ मा लिईएको तस्विर



सन् २०२० जनवरी ११ मा लिईएको तस्वीर



सन् २०१९ डिसेम्बर १३ मा लिईएको तस्विर



सन् २०१९ डिसेम्वर २१ मा लिईएको तस्विर



सन् २०१९ डिसेम्वर १४मा लिईएको तस्विर



सन् २०१९ डिसेम्वर २१ मा लिईएको तस्विर



सन् २०१९ डिसेम्वर २८ मा लिईएको तस्विर



सन् २०२० जनवरी ४ मा लिईएको तस्विर



सन् २०२० जनवरी २५ मा लिईएको तस्विर



सन् २०२० जनवरी २५ मा लिईएको तस्विर



सन् २०२० जनवरी २५ मा लिईएको तस्विर



सन् २०२० जनवरी २५ मा लिईएको तस्विर

*तालिका २: बैयक्तिक अध्ययन मा सहभागी उत्तरदाताहरू :*

| क.स. | नाम | उमेर |
|---|---|---|
| १. | कृष्ण कुमारी कार्की | ७० वर्ष |
| २. | टुकुना खड्का | ८० वर्ष |
| ३. | शम्शेर बहादुर गर्तौला | ७८ वर्ष |
| ४. | राधा देवी खनाल | ७१ वर्ष |
| ५. | मनी माया वि.क. | ७१ वर्ष |
| ६. | नर बहादुर आछामी | ६४ वर्ष |
| ७. | सन्ती माया दरै | ७३ वर्ष |
| ८. | बल बहादुर अधिकारी क्षेत्री | ९७ वर्ष |
| ९. | हर्क बहादुर अधिकारी | ८९ वर्ष |
| १०. | उमानाथ न्यौपाने | ८३ वर्ष |
| ११. | सुक माया वि.क. | ७८ वर्ष |
| १२. | पञ्च बहादुर दरै | ८२ वर्ष |
| १३. | देउ कुमारी थापा | ८६ वर्ष |
| १४. | सुर्य माया अधिकारी | ८४ वर्ष |
| १५. | दुर्गा बहादुर वि.क. | ६२ वर्ष |
| १६. | सेती माया दरै | ८२ वर्ष |
| १७. | सोम माया दरै | ७१ वर्ष |
| १८. | कालु माया वि.क. | ७२ वर्ष |
| १९. | विष्णु माया वि.क. | ७० वर्ष |
| २०. | बद्री नाथ खनाल | ८७ वर्ष |